# प्रदेश स्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी

(२०८२ वैशाख १५ र १६)

राप्ती उपत्यका (देउखुरी), नेपाल

# प्रतिवेदन

लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

**वन निर्देशनालय**

लुम्बिनी प्रदेश, बुटवल


समितिको बैठक
प्रगति समीक्षा गोष्ठी
योजना तर्जुमा गोष्ठी


PRIME




परियोजनाको संभाग
संभाग ३





# प्रदेश स्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी

(२०८२ वैशाख १५ र १६)

राप्ती उपत्यका (देउखुरी), नेपाल

# प्रतिवेदन

**सल्लाहकार**

प्रभात सापकोटा

नि. महानिर्देशक

**सम्पादक**

यज्ञमूर्ति खनाल

नगेन्द्र प्रकाश रेग्मी

विरेन्द्र कुमार रोका

डिलाराम पौडेल

सन्दिप चौधरी

**प्रकाशक**

वन निर्देशनालय

लुम्बिनी प्रदेश, बुटवल

**प्रदेश स्तरीय वन व्यवस्थापन सम्बन्धि कार्यशाला गोष्ठीको प्रतिवेदन**

**वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल**

<u>प्रकाशक</u>

**वन निर्देशनालय**

लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही

फोन नं. ०७१-५७२९६८

E-mail: forestdirectorate5@gmail.com

Website: https://pfdir.lumbini.gov.np

**प्रकाशन वर्षः** २०८२

**प्रकाशन प्रतिः** ३००

**लेख उद्धरणः** यस प्रतिवेदनमा रहेका लेखहरू उद्धरण गर्दा निम्न अनुसार गर्न सकिनेछ ।

लेखकको नाम, २०८२. लेखको नाम, प्रदेश स्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठीको प्रतिवेदन (वैशाख १५ – १६, २०८२, राप्ती उपत्यका (देउखुरी)), वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल, पेज नं. .... देखी .... सम्म ।

*उत्तरदायीः यस प्रकाशनमा प्रकाशित कार्यपत्र मार्फत् व्यक्त धारणाहरू यसका लेखकहरूले आफ्ना अध्ययन अनुसन्धान वा अनुभवबाट तयार गरेका निजी धारणाहरू हुन् जसमा वन निर्देशनालयको दृष्टिकोण प्रतिबिम्बित नभएको पनि हुन सक्दछ । यी विचारहरू प्रतिको सम्पुर्ण उत्तरदायीत्व लेखकहरू स्वयंमा नै निहित छ ।*

# दुई शब्द

लुम्विनी प्रदेशले कुल नेपालको भूभागको करिव १३ प्रतिशत भुभाग ओगटेकोमा वनको हिसावले भने १६ प्रतिशत भन्दा वढी क्षेत्र ओगटेको छ र प्रदेशमा करिव ५७ प्रतिशत वन क्षेत्र छ । यसैले लुम्बिनी प्रदेश सरकारले यति ठूलो वन क्षेत्रको दिगो व्यवस्थापन मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी उद्यम विकास, रोजगारी अभिवृद्धि गर्दै प्रदेशको सम्वृद्धि हासिल गर्ने एक प्रमूख क्षेत्रको रुपमा लिएको छ । दश लाख हेक्टर भन्दा वढी वन क्षेत्र भएको यस प्रदेशमा कम्तिमा पूर्ण व्यवस्थापन गर्न सकिने करिव ५ लाख हेक्टर क्षेत्र वन व्यवस्थापन हुन सकेमा अहिलेकै दर तथा ऐन नियम वमोजिमको व्यवस्थामा पनि वार्षिक करिव २ अर्व प्रदेश सरकारलाई राजश्व आउन सक्ने र समग्र प्रदेशनै आर्थिक हिसावले चलायमान हुने अपेक्षा रहेको छ । यी उद्धेश्य पुर्ति गर्नका लागि वन क्षेत्रवाट अपेक्षाकृत व्यापक वनजन्य उद्यमको प्रवर्धन, रोजगारी, स्थानिय विकासमा लहर ल्याउन सहजिकरण गर्ने उद्धेश्यले वन क्षेत्र अन्तर्गतका सवै विषयमा रहेर यिनको वर्तमान अवस्था, मूख्य, समस्या, चुनौति तथा अवसर र भावि कार्यदिशा तय गर्ने उद्धेश्यका साथ २०८२ वैशाख १५ र १६ गते प्रदेश स्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी लुम्बिनी प्रदेशको राजधानी दाङको प्रशासनिक परिसरमा अवस्थित लुम्बिनी हलमा सम्पन्न भएको थियो ।

वन आफैंमा बहुआयमिक विषय भएकाले यसवाट भू तथा जलाधार संरक्षण, जैविक विविधता संरक्षण, कार्वन सञ्चिति, पर्या-पर्यटन जस्ता अतिरिक्त लाभको अवसर वढाउनु पनि यस गोष्ठीको उद्धेश्य हो । यी तथ्यहरुलाई मनन गरी सवै प्रकारका वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन, वन विकास र सदुपयोग, वन संरक्षण क्षेत्र व्यवस्थापन, वन प्रशासन अनुसन्धान र शुशासन जस्ता विषयहरु समेटीएको यस गोष्ठीमा विभिन्न २१ गोटा कार्यपत्रहरु प्रस्तुत भएका थिए । जसले वन सम्बर्द्धन राष्ट्रिय गोष्ठी र प्रदेश सरकारलाई दिनु पर्ने प्रष्ट सुझावहरु समेत निक्यौंल गरी गोष्ठी टुङग्याएको थियो । मूख्य त दिगो वन व्यवस्थापनका सवालमा यसका संभावनालाई यथार्थमा उतार्न सकियोस भन्ने चाहनाले सम्बन्धित विभिन्न विज्ञहरुलाई एकै ठाउँमा ल्याई एक निस्कर्षमा पुग्न यो गोष्ठी सफल भएको थियो ।

यस पुस्तकमा उक्त प्रदेशस्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठीका शुरुदेखि अन्तसम्मका सवै विषयवस्तुहरु प्रतिवेदनको रुपमा समेटिएको छ । वन, वातावरण, जलाधार, जैविक विविधता आदि विषयमा रुचि र चासो राख्ने सम्बन्धित क्षेत्रका विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, योजना- परियोजना निर्माण गर्ने व्यक्ति संस्था वा निकाय, वन कर्मचारी, वन समूह तथा सञ्जालहरु एवम् सम्पूर्ण सरोकारवालाहरुलाई यो पुस्तक अत्यन्त उपयोगी हुनेछ भन्ने अपेक्षा राखिएको छ ।

गोष्ठीको तयारी देखि अन्तिमसम्म खटिई सफल पार्ने सम्पूर्ण लेखक तथा प्रस्तुतकर्ताहरु र सहयोगी महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । विशेष गरी यस पुस्तक तयार गर्न गोष्ठीका प्रस्तुतिहरुलाई एकिकृत गरी यो पुस्तकको रुपमा दिन अहोरात्र खटिनु भएका वन निर्देशनालयका उपसचिव (प्रा.) श्री यज्ञमूर्ति खनाल, अनुगमन तथा मुल्यांकन विज्ञ नगेन्द्र प्रकाश रेग्मी, वरिष्ठ वन अधिकृतहरु श्री डिलाराम पौडेल र वीरेन्द्र कुमार रोका, वरिष्ठ भू-संरक्षण अधिकृत सन्दिप चौधरी सहित यस कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । यस पुस्तकलाई परिस्कृत बनाउन यहाँहरूको अमूल्य सहयोग रहिरहनेछ भन्ने अपेक्षा गरेको छु ।

**प्रभात सापकोटा**
**निमित्त महानिर्देशक**

# विषयसूची


| सि.नं. | विवरण | पृष्ठ नं. |
|---|---|---|
| १ | गोष्ठीको परिचय | १ |
| २ | गोष्ठीको घोषणापत्र | १३ |
| ३ | लुम्बिनी प्रदेशमा वन व्यवस्थापनको अवस्थाः अवसर, चुनौती र भावी कार्यदिशा | १६ |
| ४ | सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनः सिकाई, समस्या, चुनौती र आगामी कार्यदिशा | २४ |
| ५ | लुम्विनी प्रदेशमा साझेदारी वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन र काठ दाउराको सदुपयोगः हालसम्मको सिकाई, समस्या, चुनौती र भावी कार्यदिशा | ३० |
| ६ | लुम्बिनी प्रदेशमा चक्ला वन व्यवस्थापनः हाल सम्मको सिकाई, समस्या, चुनौती र भावी कार्यदिशा | ४३ |
| ७ | खोटेसल्लाको वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन र काठ दाउरा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः | ४९ |
| ८ | गरिबीका रेखामुनीका समुदायले व्यवस्थापन गरेको कबुलियती वन र आयआर्जनमा सुधारः हालसम्मको सिकाई, समस्या, चुनौती र आगामी कार्यदिशा | ५९ |
| ९ | खोटो संकलन तथा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौती र आगामी कार्यदिशा | ६५ |
| १० | Sustainable Management of River and Stream Systems in Lumbini Province, Nepal | ७१ |
| ११ | हिमाली क्षेत्रमा जडिबुटी संकलन तथा व्यवस्थापनः हालसम्मको सिकाइ, समस्या, चुनौती र आगामी कार्यदिशा | ७५ |
| १२ | वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौती र भावी कार्यदिशा | ८७ |
| १३ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापनः हालसम्मको सिकाइ, समस्या, चुनौती र आगामी कार्यदिशा | ९३ |

| सि.नं. | विवरण | पृष्ठ नं. |
|---|---|---|
| १४ | जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय र स्थानीय तहको समन्वयमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः | ९७ |
| १५ | पहाडी जिल्लामा सामुदायिक वन व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौती र आगामी कार्यदिशा | १०२ |
| १६ | वन संरक्षण क्षेत्र (संरक्षित वन) व्यवस्थापनः सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशा | १०५ |
| १७ | वन क्षेत्रबाट नजिक र टाढाका उपभोक्ता समावेश भएको (समाबेशी) सामुदायिक वन व्यवस्थापनः हाल सम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशा | ११३ |
| १८ | Status of Seedling Production and Nursery Practice | ११७ |
| १९ | समृद्धिका लागि वन परियोजना कार्यान्वयनमा वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजनाको महत्व र यसको तयारी प्रक्रिया | १२० |
| २० | समृद्धिका लागि वन परियोजनाको हालसम्मको उपलव्धि तथा सिकाई | १२५ |
| २१ | समृद्धिका लागि वन परियोजनामा वन उद्यम विकासको आयाम | १३० |
| २२ | वन व्यवस्थापन कार्यमा वातावरणीय तथा सामाजिक व्यवस्थापन र पेशागत स्वास्थ्य र सुरक्षाको सवालः समृद्धिका लागि वन परियोजनाको प्रयास रसिकाई, | १३६ |
| २३ | अनुसुची १ः कार्यक्रमका सहभागीहरू | १४५ |
| २४ | अनुसुची २ कार्यशाला गोष्ठीको तालिका | १४८ |

# गोष्ठीको परिचय

## १. विषय प्रवेश

नेपालको कुल वन तथा अन्य वन वुट्यान क्षेत्रको १६.१ प्रतिशत क्षेत्र यस लम्बिनी प्रदेशमा रहेको छ । वन तथा अन्य वन क्षेत्रले लुम्बिनी प्रदेशको कुल क्षेत्रको ५७.०२ प्रतिशत भू भाग ढाकेको छ । लुम्बिनी प्रदेशको वन क्षेत्रको उचित व्यवस्थापनबाट उत्पादन र उत्पादकत्वमा वृद्धि भै वन पैदावारको सहज आपूर्ति, हरित रोजगारी सिर्जना तथा स्थानीय एवं राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउने प्रसस्त संभावना रहेको देखिन्छ । वन व्यवस्थापनको सन्दर्भमा नीतिगत रूपमा वन नीति २०७५ र राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना २०८१—२१०० स्विकृत भै कार्यान्वयनमा रहेको छ भने कानुनी रूपमा वन ऐन २०७६ र वन नियमावली २०७९ तथा लुम्बिनी प्रदेशको वन ऐन २०७८ तथा प्रदेश वन नियमावली २०७९ जारी भै कार्यान्वयनमा रहेको छ । यसैगरी लुम्बिनी प्रदेश सरकारले २०७९ सालमा नै वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड स्विकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसै सन्दर्भमा, लुम्बिनी प्रदेशमा वन व्यवस्थापन (वन संरक्षण, वन विकास, वन पैदावर सदुपयोग) का क्रममा प्राप्त सिकाई, उपलब्धीका साथै भोगेका समस्या र चुनौति एवं आगामी कार्यदिशाका सम्बन्धमा छलफल अन्तर्कृया गरी प्रदेश तथा संघिय सरकारका निकायहरूलाई नीतिगत सुधारका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले प्रदेश स्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी मिति २०८२ वैशाख १५ र १६ गते प्रदेश राजधानी, राप्ती उपत्यका (देउखुरी) को प्रशासनिक परिसर स्थित लुम्बिनी हलमा सञ्चालन गरिएको थियो । यो गोष्ठी लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालयको समृद्धिका लागि वन कार्यक्रम तर्फको स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेको प्रदेश स्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गर्ने कृयाकलाप अनुरूप वन निर्देशनालय, समृद्धिका लागि वन परियोजना, प्रादेशिक परियोजना व्यवस्थापन इकाईको आयोजनामा सञ्चालन गरिएको थियो । यस कार्यक्रममा लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालय र मातहतका वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र १४ वटै डिभिजन वन कार्यालयहरूका प्रमुख एवं प्रतिनिधीहरूको सहभागीता रहेको थियो ।

## २. गोष्ठीको उद्देश्य तथा आशातित उपलब्धीहरू

### २.१ कार्यशाला गोष्ठीका उद्देश्यहरू

- लुम्बिनी प्रदेशको वन व्यवस्थापनका सम्बन्धमा सबै वन अधिकृतहरूको विचमा सिकाई आदान प्रदान गर्ने ।
- प्रदेशको वन व्यवस्थापन सम्बन्धि समीक्षा गरी भावि कार्य दिशा तय गर्ने ।

- बदलिंदो परिवेशमा राष्ट्रिय स्तरमा हुन गैरहेको वन सम्बर्द्धन सम्बन्धी दोश्रो राष्ट्रिय कार्यशाला गोष्ठी र डिभिजनल वन अधिकृतहरूको राष्ट्रिय गोष्ठीका लागि प्रदेशको तर्फबाट पेश गर्नुपर्ने विषय वस्तुहरू पहिचान गर्ने ।

## २.२ कार्यशाला गोष्ठीको आशातित उपलव्धिहरु

- वन सम्बर्द्धन प्रणालीलाई थप व्यवस्थित गर्दै यसका अवसरहरुलाई यथार्थमा प्राप्त गर्ने अवस्था सिर्जना गर्ने
- वन क्षेत्रमा प्रविधि विस्तार, वन पैदावार सदुपयोग तथा स्थानीय उपभोक्ताहरूको जिविकोपार्जन सुधारमा थप टेवा पुर्‍याउन मद्दत गर्ने
- वन संरक्षण र व्यवस्थापनमा थप अनुभव आदान प्रदान भै क्षमता अभिवृद्धि हुने
- वन क्षेत्रमा सुशासन कायम गर्दै यसलाई थप मर्यादित बनाउन मार्गदर्शन गर्ने
- वन क्षेत्रमा हाल देखिएका विभिन्न सवालहरूलाई सम्बोधन गरी मार्गनिर्देशन गर्ने

## ३. कार्यशाला गोष्ठी सञ्चालनको विधि

यो कार्यशाला गोष्ठीको कार्यक्रमलाई व्यवस्थित बनाउनको लागि विभिन्न तिनवटा सत्रमा विभाजन गरी सञ्चालन गरिएको थियो । कार्यक्रममा मुख्य रूपमा उद्घाटन सत्र, प्राविधिक सत्र र समापन सत्र रहेका थिए । गोष्ठीको मुख्य सत्र प्राविधिक सत्रलाई विभिन्न विषयगत क्षेत्रहरूमा बाँडफाँट गरि सञ्चालन गरिएको थियो । सत्र सञ्चालनलाई व्यवस्थित गर्न विभिन्न सत्रका लागि छुट्टाछुट्टै सत्राध्यक्ष तोकी कार्यक्रम सञ्चालन गरिएको थियो । उद्घाटन सत्र र समापन सत्रको अध्यक्षता वन निर्देशनालयका निमित्त महानिर्देशक प्रभात सापकोटाले गर्नुभएको थियो भने प्राविधिक सत्रका विभिन्न विषयगत सत्रहरूको अध्यक्षता सचिव मोहनराज काफ्ले, नि. महानिर्देशक प्रभात सापकोटा, महाशाखा प्रमुख वेसिन्द्रराज सुवेदी, उपसचिव प्रा. यज्ञमूर्ति खनाल र सि.डि.व.अ. इश्वरी प्रसाद पौडेलले गर्नुभएको थियो । प्राविधिक सत्रमा सहभागी तथा अतिथिहरूले प्रस्तुति उपर जिज्ञासा, सुझाव, प्रतिकृया एवं प्रस्तुतकर्ताहरूलाई थप प्रष्टिकरणको लागि समय उपलव्ध गराईएको थियो ।

### क) उद्घाटन सत्र

यो कार्यशाला गोष्ठीको उद्घाटन सत्र वन निर्देशनालयका निमित्त महानिर्देशक प्रभात सापकोटाको अध्यक्षता, माननीय मन्त्री देवकरण प्रसाद कलवारको प्रमुख आतिथ्यता र श्रीमान् सचिव मोहनराज काफ्लेको विशिष्ट आतिथ्यतामा सञ्चालन भएको थियो । कार्यक्रमको सञ्चालन वन तथा वातावरण मन्त्रालयका योजना शाखाका बरिष्ठ वन अधिकृत टोलकराज चापागाईले गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन प्रमुख अतिथि एवं विशिष्ट अतिथिले संयुक्त रुपमा गमलामा रहेको विरुवामा पानी सिंचित गरी कार्यक्रमको सुरुवात भएको थियो । कार्यक्रममा वन निर्देशनालयका उपसचिव (प्रा.) यज्ञमूर्ति खनालले कार्यक्रमका प्रमुख अतिथि, विशिष्ट अतिथि

एवं सहभागीहरूलाई स्वागत मन्तव्यका साथ स्वागत एवं कार्यक्रमको उद्देश्य र कार्यशाला गोष्ठीको अपेक्षित उपलब्धीको बारेमा प्रकाश पार्नुभएको थियो ।

गोष्ठीको उद्घाटन सत्रमा गोष्ठीको मूख्य कार्यपत्रको रूपमा वन निर्देशनालयको तर्फबाट वन निर्देशनालयका उपसचिव (प्रा.) श्री यज्ञमूर्ति खनालले लुम्विनी प्रदेशको समग्र वन व्यवस्थापनः अवस्था, अवसर, चुनौति र भावि कार्यदिशा विषयक प्रस्तुति गर्नु भएको थियो । वहाँले लुम्बिनी प्रदेशमा ५७ प्रतिशत अर्थात् करिब ११ लाख हेक्टर भन्दा बढी वन क्षेत्र रहेको र संरक्षित क्षेत्र बाहेक करीव ५ लाख हेक्टर वन क्षेत्रमा सम्वर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन गर्न सकिने र यसको पुर्ण कार्यान्वयनबाट करीव २५ करोड घन फीट काठ उत्पादन गर्न सकिने संभावना रहेको बताउनु भएको थियो । त्यसैगरी उपयुक्त कार्य वातावरणको कमी, नयाँ प्रविधि र आधुनिक उपकरणको कमी, स्वीकृत दरवन्दी अनुसारको प्राविधिक कर्मचारीको न्यून पदपुर्ति जस्ता कारणले सम्वर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापनलाई पूर्ण क्षमतामा कार्यान्वयन गर्न नसकिएको वताउनु भएको थियो । प्रस्तुत गरिएको मूख्य कार्यपत्र यसै प्रतिवेदनमा संलग्न राखिएको छ ।

उक्त प्रस्तुति पश्चात उद्घाटन सत्रमा मन्तव्यका कार्यक्रम राखिएको थियो । सो क्रममा कार्यक्रमका विशिष्ट अतिथि एवं वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्लेले लुम्बिनी प्रदेशमा वन व्यवस्थापनको क्रममा हामीले सञ्चालन गरेका कृयाकलापहरूलाई लिपिवद्ध गरी यसका सिकाई एवं सफल कार्य, कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या, चुनौति र आगामी कार्यदिशाका सन्दर्भमा अवका २ दिन गहन छलफल भै पृष्ठपोषण प्राप्त हुने आशा राख्दै कार्यक्रमको पुर्ण सफलताको कामना गर्नु भएको थियो ।

यसैगरी कार्यक्रमका प्रमुख अतिथि माननीय वन तथा वातावरण मन्त्री देवकरण प्रसाद कलवार (सन्तु) ज्यूले यस प्रदेशको वन व्यवस्थापन गरेर जनताको आय आर्जन बृद्धि गर्ने, खाली ठाउँहरूमा वृक्षरोपण गर्ने, वन क्षेत्र हुँदै बहने खोला खोल्सीहरूमा बाँध बाँधी जलाशय निर्माण गरी जमिनमुनी पानी जाने वातावरण वनाउने, ठाउँ ठाउँमा रिचार्ज पोखरी निर्माण गरि जलवायु परिवर्तनका असरहरूसँग जुध्ने एवं अनुकुलनका कृयाकलापहरूको महत्वको बारेमा चर्चा गर्दै सो सम्बन्धमा थप अवसरहरूको सृजना गर्ने सम्बन्धमा थप उपायहरुको बारेमा छलफल हुने आशा राख्दै कार्यशाला गोष्ठीको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

समापन सत्रको अध्यक्षता गर्नुभएका निमित्त महानिर्देशक प्रभात सापकोटाले कार्यक्रमको प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि एवं सहभागीहरूलाई धन्यवाद दिंदै कार्यक्रम अवधिभर सम्पुर्ण सहभागीहरूलाई सकृय सहभागिता जनाउन एवं कार्यशाला गोष्ठीले राखेका अपेक्षित उपलव्धीहरू हासिल हुने आशा व्यक्त गर्नुभएको थियो ।

**ख) प्राविधिक सत्र**

यो कार्यशाला गोष्ठीमा प्राविधिक सत्रहरूलाई विभिन्न पाँच विषयगत खण्डमा विभाजन गरी सञ्चालन गरिएको थियो । जस अनुसार, वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनसँग सम्बन्धित विषय, वन विकास तथा

सदुपयोगसँग सम्बन्धित विषय, वन संरक्षण र व्यवस्थापनसँग सम्बन्धित विषय, वन प्रशासन, अनुसन्धान र शुसासनसँग सम्बन्धित विषयहरू समेटी सोही अनुसार कार्यपत्रहरु प्रस्तुत भएका थिए भने अन्तिम प्राविधिक सत्रलाई खुला सत्रको रूपमा राखी उक्त सत्रमा दोश्रो राष्ट्रिय वन सम्बर्द्धन गोष्ठी र डिभिजनल वन अधिकृतहरूको सातौं राष्ट्रिय गोष्ठीमा लुम्बिनी प्रदेशको तर्फबाट प्रस्तुत गर्नुपर्ने विषयहरूको सम्बन्धमा खुला छलफल गरिएको थियो ।

यस कार्यशाला गोष्ठीमा वन सम्बर्द्धन प्रणालीमा विभिन्न वन व्यवस्थापन पद्धति (सामुदायिक वन, साझेदारी वन, चक्ला वन) बमोजिम वन सम्वर्द्धन प्रणालीको कार्यान्वयन, चुनौती, भावी कार्यदिशा; जडिवुटी व्यवस्थापनको अवस्था, खोटो संकलन र व्यवस्थापनको अवस्था, चुनौती तथा भावी कार्यदिशा, वन डढेलो लगायत वन क्षेत्रबाट सिर्जित हुन सक्ने विपद व्यवस्थापनमा सरोकारवालाहरुको सहभागिताको अवस्था, नर्सरी सञ्चालन तथा विरुवा उत्पादनको अवस्था र हाल सम्मको सिकाई, चुनौती र भावि कार्यदिशा र समृद्धिको लागि वन कार्याक्रमको अभ्यास हाल सम्मको प्रगति, सिकाई तथा अवलम्वन गरेका प्रयासरुको वारेमा प्रस्तुति गरिएको थियो । प्रस्तुतीहरुलाई यसै प्रतिवेदनमा समावेश गरिएको छ । यस कार्यक्रमको बिस्तृत तालिका अनुसुची १ मा समावेश गरिएको छ ।

सामुदायिक वन क्षेत्रमा सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापनको हालको अभ्यास, चुनौती, सिकाई तथा भावि दिशाको बारेमा सिनियर डिभिजनल वन अधिकृत श्री विजयराज सुवेदीले प्रस्तुतीकरण गर्नु भएको थियो । सो क्रममा हालसम्म १०% सामुदायिक वन र कुल सम्भाव्य वन क्षेत्रको करीव २२% मात्र वन सम्वर्द्धन प्रणालीमा वन व्यवस्थापन गर्न सकिएको वताउनु भएको थियो । सम्बर्द्धन प्रणाली अनुरूप वन व्यवस्थापन गर्न अधिकांश सामुदायिक वन उपभोक्ता समूहहरुले निकै नै रुचाए पनि यसलाई विस्तार गर्न सकिएको छैन । यस सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापनलाई थप विस्तार गर्न कार्ययोजना कार्यान्वयनको लागि नियमित अनुगमन र जनशक्तिको व्यवस्था स्वीकृत दरवन्दी अनुसार हुनुपर्ने, कार्यव्यस्तताको कारणले कर्मचारीहरुले मात्र कार्ययोजना निर्माण गर्न नसकिने भएकोले गुणस्तरीय कार्ययोजना निर्माणको लागि दक्ष जनशक्ति प्राप्त गर्न वन प्राविधिक परिषदको व्यवस्था हुनुपर्ने । स साना क्षेत्रफलमा रहेका सामुदायिक वनहरुलाई एकत्रित गरेर एक सामुदायिक वन वनाई कार्यान्वयन गर्दा प्रभावकारी हुने, वन पैदावार नापजाँच तथा विक्री वितरणको लागि प्रविधिको उपयोग सहि किसिमले गरिनुपर्ने तथा उपयुक्त कार्य वातावरण सृजना गर्ने र डिभिजनल वन अधिकृतहरुको दरवन्दी संघमा राखी प्रदेशमा परिचालन गरेमा प्रभावकारी हुने विषय प्रस्तुत गर्नुभएको थियो ।

साझेदारी वन व्यवस्थापनको अभ्यास चुनौती सिकाई तथा भावी कार्यदिशाको बारेमा सिनियर डिभिजनल वन अधिकृत श्री ईश्वरी प्रसाद पौडेलले कार्यपत्र प्रस्तुति गर्नु भएको थियो । उहाँले २०६३ सालदेखि साझेदारी वन समुह गठन र हस्तनान्तरण शूरु भएता पनि हालसम्म ३३ वटा मात्र वन हस्तान्तरण भएको र लुम्विनी प्रदेशमा ८ वटा साझेदारी वनले २२५८१ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिरहेको र करिव १३६३८९ घरधुरीलाई समावेश गरेको, साझेदारी वन व्यवस्थापनमा कार्ययोजना कार्यान्वयनमा कमी देखिएको र नयाँ प्रविधिहरु जस्तै

अनुगमनको लागि ड्रोन, फायरलाईन सफाईमा व्लोअर आदिको प्रयोगको शुरूवात भएको बारेमा प्रस्तुत गर्नु भएको थियो ।

बाँके जिल्लाका सिनियर डिभिजनल वन अधिकृत श्री शंकर प्रसाद गुप्ताले चक्ला वन व्यवस्थापनको अभ्यास, उपलव्धी, सम्भावना, चुनौती, सिकाई तथा भावी कार्यदिशा वारेमा प्रस्तुती गर्नुभएको थियो । हालसम्म यस लुम्बिनी प्रदेशमा जम्मा २ वटा चक्ला वनको रुपमा व्यवस्थापन भएको जसले ३१२४ हेक्टर वन क्षेत्र व्यवस्थापन भैरहेको र स्थानीय जनताको पहुँच भन्दा टाढा रहेका वन क्षेत्रलाई चक्लावनको रुपमा व्यवस्थापन गर्न उपयुक्त देखिने र यसवाट राजश्व संकलन पनि हुने प्रस्तूती गर्नु भएको थियो तर आवस्यक जनशक्ति तथा बजेटको कमीको कारणले वन व्यवस्थापन कार्यमा समस्या देखिएको छ । यस वनबाट धेरै नरम प्रजातिको काठ उत्पादन हुने भएकोले विक्रिवितरणमा ढिलाई भएमा गुणस्तर तथा हैसियत विग्रने भएकोले चाँडो विक्री वितरण गर्ने प्रणालीको विकास गर्नु पर्ने सुझाव राखुभएको थियो।

त्यस्तै गरि डिभिजन वन कार्यालय पाल्पाका सिनियर डिभिजनल वन अधिकृत नारायणदेव भट्टराईले समग्र कवुलियति वन व्यवस्थापनको वारेमा प्रस्तुती गर्नुभएको थियो । आ.व. ०४९/५० देखि २०% भन्दा कम छत्र घनत्व भएका वनलाई Silvi-pastoral system अपनाई विपन्न समुदायलाई कवुलियति वन व्यवस्थापनको रूपमा हस्तान्तरण गर्न सुरु भएता पनि हालसम्म लुम्बिनी प्रदेशका पाल्पा, गुल्मी, प्यूठान, रोल्पा र रुकुम पूर्व गरि ५ जिल्लामा ४१५ वटा बवुलियति वनको रुपमा व्यवस्थापन भएको छ । वहाँले समूहलाई आम्दानीसँग जोडीएको, समूहमा राम्रो उपलव्धी हाँसिल गर्न सकिएको तर कवुलियती वनमा उत्पादित वस्तुलाई विक्री वितरण गर्न नसकेको खण्डमा समूहको निस्कृयता बढ्न सक्ने खतरा देखिने जानकारी गराउनुभयो । हाल पाल्पाका उपभोक्ताले अम्रीसो र दालचिनी मार्फत् आम्दानी बृद्धि गर्न सकेको तर संघिय तथा प्रदेश सरकारले कवुलियती वन कार्यक्रमलाई नियमित रुपमा वजेट नछुटयानुले चुनौती खडा गरेको विषय प्रस्तुतिमा राखुभएको थियो ।

त्यसैगरी खोटे सल्लाको वन व्यवस्थापनका अभ्यास तथा चुनौती सम्वन्धमा डिभिजन वन कार्यालय अर्घाखाँचीका सिनियर डिभिजनल वन अधिकृत मोहन प्रसाद श्रेष्ठले प्रस्तुति गर्नुभएको थियो । लुम्विनी प्रदेशमा ९% प्रतिशत वन क्षेत्र खोटे सल्लाको वनले ओगटेको छ । धेरैजसो भूभाग सामुदायिक वन मार्फत् व्यवस्थापन भएको छ । समूहको निस्कृयता, आवश्यक वजेट तथा स्रोतको कमीले सम्वर्द्धन प्रणालीको व्यवस्थापनको लागि उपयुक्त क्षेत्रफलको वन नहुनु, वन पैदावार संकलन खर्च र बिक्री मुल्यको तादाम्यता नहुनु आदि कारणले खोटे सल्लाका वन व्यवस्थापनका समस्याहरु रहेको विषय प्रस्तुतिमा आएको थियो । त्यसैगरी नेपालमा खोटो संकलन ४० हजार ५ सय रुखमा गर्न सकिने एक अध्ययनले देखाएको छ र खोटो संकलनको क्रममा उपयुक्त ज्ञानको उपयोग नगरी धेरै मात्रामा खोटो संकलन गर्ने तथा धेरै अम्लको प्रयोग गर्दा भुईंमा पोखिने कार्यले माटोको उर्वरा शक्तिको ह्रास र अन्य नकरात्मक असर देखिने विषय उठेको थियो। त्यस्तै पहाडी जिल्लाहरुमा जडीबुटी संकलन तथा व्यवस्थापन ग्रामिण अर्थतन्त्रको विकास तथा जिविकोपार्जनको आधार भएको, पहाडी जिल्लामा जडिबुटी संकलन र व्यवस्थापन सिकाई चुनौती र भावि कार्यदिशा विषयक प्रस्तुतिमा छलफल भएको

थियो । उक्त प्रस्तुति डिभिजन वन कार्यालय रूकुम पुर्वका नि. डिभिजनल वन अधिकृत गणेश खड्काले गर्नुभएको थियो । उक्त प्रस्तुतिमा ३० प्रकारका जडीवुटिलाई सरकारले प्राथमिकतामा राखेको र लुम्विनी प्रदेश सरकारले पनि ओखर र टिमुरलाई प्राथमिकतामा राखेर कार्यक्रमहरु अगाडी बढाएको जानकारी गराउनुभएको थियो । जडीवुटिको पारिस्थितिक क्षेत्रको ज्ञानको कमी हुनु र जडीबुटीको उत्पादन क्षमता र परिमाण बारे ज्ञान नहुनु मुख्य समस्याको रुपमा रहेका छन् भने जडिवुटि विकासको लागि एक छुट्टै वैज्ञानिक रणनितिक योजना निर्माण गर्नुपर्ने सुझाव दिनुभएको थियो ।

डिभिजन वन कार्यालय रूपन्देहीका सिनियर डिभिजनल वन अधिकृत प्रविण विडारीले लुम्बिनी प्रदेशमा हालसम्म १४६५३ हेक्टर वन क्षेत्र अतिक्रमित भैसकेको छ, जसमा वन क्षेत्रको स्पष्ट सिमाङ्कन नहुनु, बसाई सराई, गरिबी, एक आपसमा बाझीएका नीति नियमले अतिक्रमण नियन्त्रणमा अप्ठेरो परेको विषय अतिक्रमणको समस्या चुनौती र भावि कार्यदिशा विषयको प्रस्तुतिमा छलफल भएको थियो । यसक्रममा स्पष्ट सिमाङ्कन, सरकारी निकाय समुदाय स्थानीय निकाय र वातावरण संरक्षणका क्षेत्रमा कार्यरत सस्थाहरुको संलग्नता रहेको बहुसरोकारवाला संयन्त्र निर्माण गरि अतिक्रमण नियन्त्रणको व्यवस्था मिलाउनुपर्ने सुझाव प्राप्त भएको थियो ।

आगलागी नियन्त्रणको प्रयास र भावी रणनिति विषयक प्रस्तुतिमा नेपालमा धेरैजसो मानव सिर्जित आगजनी हुने गरेको र स्थानीय जनताको चेतनाको कमी तथा जलवायु परिवर्तनको कारण तापक्रममा बृद्धिले सिर्जित खडेरीको समस्याले आगलागीको समस्या बढेको छ । डढेलो नियन्त्रणको लागि एक सशक्त योजना निर्माण, प्रविधि मैत्री र सहभागीतामुलक तरीकावाट नियन्त्रणको प्रयास गरिनु पर्नेमा छलफल भएको थियो ।

लुम्विनी प्रदेशका खोला खोल्सी व्यवस्थापन विषयक प्रस्तुतिमा हाल ३५ वटा खोला खोल्सीमा व्यवस्थापनको काम सुरुवात भए पनि स्थानीय तहहरुसँगको क्षेत्राधिकारको विवाद, नियमित अनुगमन र नियमनको कमी तथा वातावरणीय अध्ययनको समय सीमा तथा ढिलाईले आशातित उपलव्धी हाँसिल गर्न नसकिएको विषय प्रस्तुतिको क्रममा उठेको थियो।

विपद व्यवस्थापन समिति मार्फत् डढेलो व्यवस्थापनको अभ्यास तथा भावि कार्यदिशा विषयक प्रस्तुतिमा ७७ वटै जिल्लामा विपद व्यवस्थापन समिति तथा ७५३ वटै स्थानीय तहमा स्थानीय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति गठन भएको छ । एक अध्ययनले ३२ प्रतिशत दुर्घटनावस र ६४ प्रतिशत नियतवस आगलागी हुने तथ्यांकले बताउँछ । डढेलो पहिचान अनुगमन तथा एकिकृत सुचना प्रणालीको उपयोग गरि डढेलो नियमित अनुगमन तथा नियन्त्रणको अभ्यास गरिनु पर्ने र स्थानीय कार्यदललाई आवस्यक सुविधाको व्यवस्था गरिनु पर्ने छलफल भएको थियो।

पहाडी जिल्लामा सामुदायिक वनको व्यवस्थापन समस्या चुनौती र भावि कार्यदिशा विषयक प्रस्तुतिमा पहाडी भौगोलिक परिस्थिति तथा आवस्यक जनशक्तिको कमी, समूहको निस्कृयता, समुदायलाई वनको आम्दानीसँग जोड्न नसकिएकोले वन व्यवस्थापनमा समस्या देखिएको विषय प्रस्तुतिको क्रममा उठेको थियो । साना

समूहहरुलाई एकिकृत गरि एक समूह निर्माण गर्ने र समुहका हरेक पदाधिकारीहरुलाई तालीमको व्यवस्था गर्न सके पहाडी सामुदायिक वन व्यवस्थापनलाई सकृय वनाउन सकिन्छ भन्ने सुझाव प्राप्त भएको थियो ।

लुम्विनी प्रदेशमा वन संरक्षण क्षेत्र व्यवस्थापन चुनौती र भावि कार्यदिशा विषयक प्रस्तुतिमा लुम्बिनी प्रदेशमा ४ वटा वन संरक्षण क्षेत्र रहेको र नीतिगत विषय खासगरी लाभांश वितरणमा अन्यौलता रहेको जसले स्थानीय जनतालाई जिविकोपार्जन कार्यक्रममा सहभागी गराउनमा चुनौती देखिएको छ । वन संरक्षण क्षेत्र (संरक्षित वन)को निर्देशिका तयार गरि लाभांस वितरण, कोष संचालन तथा परिचालन विधि लगायतका कानूनी शुनिस्चितता हुनुपर्ने सुझाव आएको थियो ।

लुम्विनी प्रदेशमा वन अनुसन्धान तथा प्रचार प्रसार र हाल सम्मको सिकाई र भावि कार्यदिशा बारेको छलफलमा प्रदेशको लागि प्रचार प्रसार कार्य मूख्य प्राथमिकतामा नपर्नु, सिमित स्रोत साधन तथा प्रचार प्रसार कार्य एकद्वार प्रणालीमा नहुनुले वन अनुसन्धान तथा प्रचार प्रसार कार्यले प्रगति देखाउन नसकिएको । स्पष्ट कार्य जिम्मेवारी सहित तोकिएको कार्यविवरण, स्पष्ट कार्यक्रम कार्यान्वयन कार्यविधि, उपयुक्त बजेट तथा जनशक्तिको व्यवस्थापन गरिनुपर्ने जसले वन अनुसन्धान, सर्वेक्षण, तालिम तथा प्रचार प्रसार सम्बन्धी कार्य गर्न वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र सक्षम हुने सुझाव प्राप्त भएको थियो ।

वन क्षेत्रबाट नजिक र टाढा रहेका उपभोक्ता समावेश गरिएको सामुदायिक वन व्यवस्थापनको अभ्यास, समस्या, चुनौती र भावी कार्यदिशाको बारेमा डिभिजन वन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को प्रस्तुतिमा नजिकका उपभोक्ताको बाहुल्यता रहे पनि टाढाका उपभोक्ताहरु पनि समावेश गरिएको जसले वन संरक्षणमा देखिने चोरि निकासीको समस्या कम भएको तर टाढाका उपभोक्ताहरुको निर्णय प्रक्रिया तथा अन्य महत्वपूर्ण काममा सहभागीताको कमी देखिएको र लाभ वितरणलाई पारदर्शी बनाउने, सा.व.उ.स.को संस्थागत क्षमताको सुदृढीकरणमा वन कार्यालय तथा साझेदार संस्थाबाट सहयोग प्रदान गर्ने, वन पैदावार आपुर्ति समितिले उपयुक्त स्थानहरुमा दाउराको डिपो राखी बिक्री वितरण गर्ने तथा घुम्ती बैठक तथा आमभेला स्थल तोकेमा सहभागिता बढ्न सक्ने देखिन्छ तर नितिगत अप्ठेराहरुलाई पनि समाधान गर्नुपर्ने सुझाव छलफलको क्रममा प्राप्त भएको थियो ।

लुम्विनी प्रदेशको विरुवा उत्पादनको अभ्यास, समस्या, चुनौती तथा भावी कार्यदिशाको वारेमा छलफल गर्दा यस प्रदेशमा २२ वटा अस्थायी र ५० वटा स्थायी नर्सरी रहेको र ती नर्सरीहरुबाट बर्षेनी बहुबर्षे र एक वर्षे गरेर २८ लाख विरुवा उत्पादन हुने गरेको र अधिकांश विरुवाहरु सामुदायिक वन, साझेदारी वन तथा निजी क्षेत्र तथा अन्य संघ संस्थालाई वितरण गरिने गरेको विषय प्रस्तुत भएको थियो । क्षमतावान नर्सरी नाईकेको कमी, विरुवा ढुवानीको लागि उपयुक्त साधन उपलव्ध नहुनु र विरुवा उत्पादनको नीति स्पष्ट नहुनुले चुनौतीहरु सृजना गरेको छ । यस क्रममा वितरण गरेको तथा वृक्षरोपण गरेको स्थान तथा त्यसको सफलता पनि जोड्नु पर्ने सुझाव प्राप्त भएको थियो ।

समृद्धिका लागि वन परियोजनाले अभ्यास गरेको वातावरणीय तथा सामाजिक सुरक्षा मुलप्रवाहीकरण, सिकाई र भावि कार्यदिशा विषयक छलफलमा वार्षिक स्वीकृत कृयाकलापहरु गर्दा सामाजिक तथा वातावरणीय जोखिम सृजना हुन सक्ने र न्यूनिकरणको लागि वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना तयार गर्नु पर्ने सोही अनुरुप क्रियाकलापहरु सञ्चालन गर्दै जानु पर्ने तर तदनुरुप कार्यान्वयन गर्न परियोजनाको सहयोग पश्चात् श्रोतको अभाव रहन सक्ने सम्भावना रहेको र सामाजिक तथा वातावरणीय व्यवस्थापन योजनाको कार्यान्वयन परियोजनाको अवधि सम्म मात्र प्रयोगमा रहने हो कि ? भन्ने जोखिम देखिएको तर वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना निर्माण र नकारात्मक वातावरणीय तथा सामाजिक प्रभावहरुलाई न्यूनीकरणका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितताको लागी बार्षिक योजनामा समावेस गर्ने र आवश्यक बजेटको व्यवस्था गर्ने परियोजनाको सहयोगमा संचालित क्रियाकलापहरुको कार्यान्वयनमा मात्र सुरुवात गरिएको र यो कार्यलाई अन्य क्रियाकलापहरुको कार्यान्वयनमा समेत उपयोग गर्दा दिगोपना हुने देखिन्छ ।

अनुगमन मुल्याङ्कन कार्य सिकाई र भावि कार्यदिशा बारेमा छलफल गर्दा तथ्यांक व्यवस्थापनमा नयाँ प्रयोग गरीयता पनि आवस्यक जनशक्तिको कमी तथा कर्मचारीको अभावले अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन । सरोकारवालाहरुमा वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्डबारे क्षमता विकास गर्ने कार्यले वातावरणीय तथा सामाजिक मापदण्डहरु पालना गर्न गराउन सहज भएको, यस प्रदेशमा रहेका राम्रा अभ्यासहरुको दस्तावेजिकरण गर्ने तथा यस प्रदेशका सिकाईहरुलाई अन्य प्रदेशमा प्रसार गर्ने कार्य जरूरी देखिएको, तथ्यांक व्यवस्थापनमा जनशक्तिको कमी, कर्मचारीहरुको फेरवदल तथा विभिन्न कारणले स्थान रिक्त रहने र समयमानै जनशक्ति व्यवस्थापन नहुने कारणले कार्यक्रम कार्यान्वयनमा ढिलाई तथा तथ्यांक व्यवस्थापन गर्न अप्ठेरो परिरहेको विषय उठेको थियो ।

समृद्धिका लागि वन परियोजनाले अवलम्वन गरेको वनमा आधारीत उद्यम विकास सिकाई समस्या र आगामी कार्यदिशा बारेको छलफल गर्दा उद्यमी छनौट तथा उद्यमशिलताको विकास, व्यवसायिक योजना तर्जुमा सम्वन्धी क्षमता विकास र नयाँ उद्यम सृजना तथा स्तरोन्नतीको रणनिति अवलम्वन गरेको छ । बजारमा बैंकहरुको विगत वर्ष देखिको औषत व्याजदरको तुलनामा कृषि विकास बैंक मार्फत परिचालन हुने यस परियोजनाको ऋणको व्याजदर कम भए पनि आशातित सफलता हाँसिल गर्न नसकेको र हाल व्यवसाय विकास सेवा प्रदायकको प्रारम्भिक नतिजा राम्रो देखिएको र भविष्यमा यसबाट अपेक्षित नतिजा ल्याउन सक्ने संभावना देखिन्छ ।

### ग) प्राविधिक सत्रमा छलफलको क्रममा उठेका सवाल तथा सुझावहरू

यस कार्यशाला गोष्ठीको अवसरमा उठेका सवालहरुलाई प्रदेश स्तरमा नै समाधान गर्न सकिने खालका र राष्ट्रिय स्तरवाट समाधान गर्नुपर्ने कुन कुन सवाल हुन् छुट्याउनु पर्ने देखिन्छ । हामीले अहिले गरेको कामको आधारमा केन्द्रित भएर प्रस्तुतिहरू भयो तर उपभोक्ता समूहको वन व्यवस्थापनबाट निस्केको काठ दाउराको संरक्षण,

उपयोग र व्यवस्थापनको अवस्था, समुहले गर्ने आम्दानीको बाँडफाँट तथा उपभोक्ता समुहको आर्थिक पारदर्शिता र सुशासनको बारेमा प्रस्तुतिमा चर्चा भएन । स्विकृत कार्ययोजनामा देखिएका त्रुटिहरु कसरी समाधान गर्ने, कुनै एक जना व्यक्तिलाई तोकि कार्ययोजनाको त्रुटिहरू सच्याउन सकिन्छ कि ? वन प्राविधिक परिषद गठन हुने हो भने सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाउन सकिन्थ्यो कि ? साना साना वन क्षेत्र रहेका समूहहरुलाई कसरी एकीकृत गरेर वन व्यवस्थापन कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ ? साझेदारी वनको वन पैदावरको लाभांश बाँडफाँट सम्बन्धी व्यवस्था संघिय कानुन र प्रादेशिक कानुनमा फरक फरक रहेकाले सो सम्बन्धमा केही छलफल गर्न सकिन्छ कि? वन व्यवस्थापनको उद्देश्यहरु माथि उचित किसिमले छलफल गरि निर्दिष्ट गर्न सकेमा कार्यान्वयन गर्न पनि सहज हुन्थ्यो ।

खोटेसल्लाको वन क्षेत्रबाट खोटो संकलन तथा बिक्री वितरणबाट समुहको आम्दानीको राम्रो स्रोत भएकोले खोटो निकाल्ने र सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई कसरी सँगसँगै लैजान सकिन्छ ? त्यो वारे बहस गरौं । जडिवुटी संकलन र व्यवस्थापनबाट आशातित उपलव्धि हाँसिल गर्न सकिएको छैन? कसरी परिवर्तन ल्याउन सकिन्छ ? त्यसतर्फ थप छलफल गर्न सुझाव प्राप्त भएको । वन अतिक्रमण नियन्त्रण गर्न नापी विभाग वा नापी कार्यालयबाट राष्ट्रिय वनको सिमा छुट्याउने वा Demarcation गर्नु पर्ने हो कि ? समय समयमा वन निर्देशनालय, वन तथा वातावरण मन्त्रालय वा अन्य निकायहरूबाट विभिन्न विषयहरूमा तथ्यांक माग गर्दा विभिन्न समयमा एउटै विषयमा समेत फरक फरक तथ्यांक प्राप्त हुने गरेको पाइएको छ । तसर्थ हामी तथ्यांक व्यवस्थापनमा पनि सकृय भएर लाग्नुपर्ने छ, सो कामलाई समेत प्राथमिकता दिई कार्यान्वयन गर्न समेत जरूरी रहेको विषयमा समेत सुझाव एवं निर्देशन प्राप्त भएका थिए ।

तराई र पहाडको वनको प्रकृति र भुगोल फरक भएकोले आगलागी तथा वन डढेलो नियन्त्रणको लागि फरक फरक रणनिति अपनाउनु पर्दछ । वन ऐनले डिभिजन वन कार्यालयहरूलाई वन अतिक्रमण नियन्त्रण र वन व्यवस्थापन कार्यको जिम्मेवार निकाय तोकेकाले अतिक्रमण नियन्त्रणतर्फ प्रभावकारी कार्य सञ्चालन गर्न र वन व्यवस्थापन कार्यमा समेत सकृय भै लाग्नुपर्ने सुझाव प्राप्त भएको थियो । पहाडी क्षेत्रमा पनि बुढा रुखहरु भएका स्थानमा Uniform Shelterwood System प्रयोग गर्न सकिन्छ, कार्ययोजना निर्माणको क्रममा त्यसतर्फ समेत ध्यान दिनुपर्ने । वन क्षेत्र भित्रका खोला खोल्सी व्यवस्थापन गर्दा Debris trapping or siltation dam निर्माण एक उपयुक्त विकल्प हो, यस वारे पनि सोच्नुपर्ने देखिन्छ ।

उत्पादनशिल वन क्षेत्रलाई मात्रै व्यवस्थापन भएको तर निस्कृय समूह र कम उत्पादनशिल वन क्षेत्रलाई व्यवस्थापन गर्न नसकिएको । हाम्रा सिकाईहरुलाई पनि व्यवस्थित गर्दै जाउँ ताकि हामी Knowledge bank को रुपमा विकास गर्न सकियोस् ।

मानव र वन स्रोतको सम्वन्ध त्यस्तो साह्रै कम भैसकेको छैन, त्यसैले भौगोलिक अवस्था अनुसार वन व्यवस्थापन गरिनुपर्छ नत्र पहाडका वनहरु अनुत्पादक र नासिँदै जान्छन् । नर्सरीमा विरूवा उत्पादनको लागि स्वच्छ विउ

आवश्यक पर्ने यसको लागि हाम्रै वन क्षेत्रहरूमा Seed stand को पहिचान र व्यवस्थापन गर्नुपर्ने । Short Term र Long Term Rotation भएका प्रजातिहरुको अनुसन्धान गरिनु पर्ने ताकि भविष्यमा कुन प्रजातिको कुन ठाउँमा कस्तो व्यवस्थापन गर्न सकिन्छ सो निक्यौंल हुन सकोस् ।

बहुवर्षिय विरुवाहरुको उत्पादन बढ्दै जानु पर्नेमा एक वर्षिय विरुवाहरुको उत्पादन बढ्दै गएको छ, यसको लागि विरूवा उत्पादन र नर्सरी सञ्चालनको न्यूनतम मापदण्ड सहितको निर्देशिका विकास गर्नुपर्ने हो कि ? अब नर्सरीहरु थोरै संख्यामा तर उच्च गुणस्तरको वनाउन सके राम्रो हुने थियो र लुम्बिनी प्रदेश जस्तो सुविधायुक्त स्थानमा पहुँच पुर्याउन गाह्रो हुँदैन। किसानको रुचि अनुसारको विरुवा उत्पादन गर्दै जानुपर्ने देखिन्छ । उद्योगको माग कुन कुन प्रजातिमा रहेको छ ? नीजि जग्गामा वृक्षरोपणको अवस्था कस्तो छ ? सो को अनुगमन गर्नु उपयुक्त हुन्छ कि ? नर्सरीमा विरुवा वितरणको रजिस्टर पनि Maintain गरि राख्नु पर्छ । हामिले कतिपय विरुवा रोपेको ठाउँमा सिंचाईको कमीको कारणले विरूवा मर्ने गरेको छ, तसर्थ वृक्षरोपण गर्दा सिंचाईको पनि व्यवस्था गरिनु पर्ने, वृक्षरोपण पश्चात विरूवाको बाँच्ने दर तथा वृद्धि सम्बन्धमा अनुगमनको कार्य बृद्धि गरिनु पर्ने देखिन्छ ।

कार्यालयहरूमा राखिएका गुनासो पेटिका समय समयमा खोलिनु पर्ने र गुनासो सम्बोधन गरेको रेकर्ड पनि अद्यावधिक गरी राख्नुपर्ने छ । हामीले सञ्चालन गरेका कृयाकलापहरूको सुशासन सम्बन्धी कानुन बमोजिम नियमित सार्वजनिक सुनुवाई गरिनुपर्ने व्यवस्था रहेको र सो को लागि योजना तर्जुमाको क्रममा बजेट नै विनियोजन गर्नुपर्ने देखिन्छ ।

डिभिजन वन कार्यालयले अर्धन्यायिक तहको रुपमा काम गर्न नसक्नु नै वन संगठन कमजोर बनाउने चुरो कुरो हो । Forestry Council ले काम गरेको खण्डमा कार्ययोजना निर्माण गर्ने आधिकारीक व्यक्तिहरुको खोजि गर्न सहज हुने थियो । वन व्यवस्थापन, वन मापन, वन संरक्षण कार्यहरुमा नयाँ प्रविधिको उपयोग गरिनु पर्दछ ताकि कार्यबोझ कम गर्न सकिन्छ । हाम्रो मापन विधि अलिक झन्झटिलो रहेको छ । गोलिया काठ विचमा नाप्न गाह्रो छ, दुई छेऊको नापेर औषत निकालेर काम गर्न मिल्नु पर्दछ । यस्को लागि कुनै आधुनिक उपकरणको पनि उपयोग गर्न सकिन्छ । अर्को तर्फ दरवन्दि अनुसारको पदपूर्ति नभएको कारणले पनि कार्यसम्पादनमा कमी देखिएको छ । संघिय वन नियमावलीमा राष्ट्रिय वन क्षेत्रबाट बग्ने नदिबाट नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकेको मापदण्ड र समायावधी भित्र नदीजन्य पदार्थ संकलन गर्ने विषय उल्लेख रहेकाले सो राजपत्रमा सुचना निकाल्नु पर्ने विषयमा संशोधन गरिनु पर्ने । भू तथा तथा जलाधार संरक्षण ऐन नभएको भएर कार्य सञ्चालन गाह्रो भएको विषय पनि छलफलमा उठेको थियो ।

### घ) समापन सत्र

यस गोष्ठीको कार्यक्रमको समापन सत्रको अध्यक्षता निमित्त महानिर्देशक प्रभात सापकोटाले गर्नुभएको थियो भने प्रमुख अतिथि माननिय वन तथा वातावरण मन्त्री, विशिष्ट अतिथि लुम्बिनी प्रदेशका प्रमुख सचिव बाबुराम

अधिकारी, अतिथि वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्ले रहुनु भएको थियो । सो अवसरमा नि. महानिर्देशक प्रभात सापकोटाबाट समग्र कार्यक्रमको सारांश तथा यस प्रदेशको वनको अवस्थाको वारेमा जानाकारी गराउनु भएको थियो ।

यस अवसरमा प्रमुख सचिव बाबुराम अधिकारीले वन क्षेत्र भनेको लुम्बिनी प्रदेशको राजश्वको प्रमुख स्रोत मानिएको तर खासमा सोचे अनुसार आम्दानी गर्न नसकेको बताउनु भएको थियो । साथै लुम्बिनी प्रदेशले आगामी वर्षमा विषादी रहित प्रदेश बनाउने लक्ष्य रहेकोले वनबाट प्राङ्गारीक मल उत्पादन गर्न सकिने भएकोले सो बारेमा काम गर्नको लागि निर्देशन दिनु भएको थियो । संघिय वन ऐन र हाम्रो प्रदेशको वन ऐन सँग बाझिएको बुँदाहरु अध्ययन गरि नबाझिने बनाउन सकेमा काम गर्न सजिलो हुन्थ्यो कि? मौजुदा प्रदेश तथा संघिय ऐन तथा नियमावलीहरुसँग कहाँ के बाझिएको हो सो को सम्वन्धित मन्त्रालयबाट आएमा सोही अनुसार कानून बनाउन सकिन्थ्यो । वहाँले वन अतिक्रमण नियन्त्रणको लागि प्रभावकारी काम गर्न निर्देशन दिनुभएको थियो । साथै अतिक्रमण बढ्न नदिन कडा भएर लाग्न र हाम्रो सहयोग के, कहाँ, कस्तो चाहिन्छ सो को बारेमा जानकारी गराउन निर्देशन दिनुभएको थियो र आफ्नो तर्फबाट सहयोग गर्न पुर्ण प्रतिबद्धता जनाउँदै हौसला प्रदान गर्नु भएको थियो ।

## ४. गोष्ठीको निस्कर्ष तथा सिकाई

यस गोष्ठीमा २ दिनसम्म चलेको छलफलबाट प्रदेश भित्रका वन संरक्षण, सम्वर्द्धन, खोल्साखोल्सी व्यवस्थापन, भू तथा जलाधार व्यवस्थापन लगायतका विभिन्न क्रियाकलापहरु सम्पादन गर्नका लागि पर्याप्त श्रोत साधनको अभाव रहेकोले श्रोत साधन थप गर्न, बाझिएका ऐन, नियमावली र मापदण्ड तथा कार्यविधिमा समयानुकुल शंसोधन तथा भू तथा जलाधार व्यवस्थापन सम्वन्धि ऐन कानुनहरु तर्जुमा, प्रदेश भित्रका सरकारी भवन निर्माण तथा फर्निचर निर्माण गर्दा स्वदेशी काठ दाउरा अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउन, प्रदेश भित्रका नागरिकहरुलाई सहज र सरल रुपमा काठ दाउरा उपलव्ध गराउन आवश्यक कानुनी व्यवस्था मिलाउन र विरूवा उत्पादन, नर्सरी व्यवस्थापन तथा वृक्षरोपण सम्बन्धित मार्गदर्शन तयार गर्न प्रदेश सरकारलाई अनुरोध गर्न वन तथा वातावरण मन्त्रालयमा पेश गर्नुपर्ने निस्कर्ष निकालेको पाइन्छ।

त्यसैगरी सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई देशव्यापी रुपमा कार्यान्वयन गर्ने, संघिय वन ऐन २०७६ को प्रभावकारी कार्यान्वयन गर्न डिभिजनल वन अधिकृत संघिय दरबन्दीमा रहने गरी वन संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, वन पैदावारको E bidding बाट लिलाम बिक्री तथा काठ दाउरा लिलाम विक्रीको सुचना वेभ साइटमा अपलोड गर्ने अवधिमा सुधार गर्ने, वन व्यवस्थापन कार्यमा नयाँ प्रविधि र उपकरणको प्रयोग, वन क्षेत्र भित्रका खोल्साखोल्सी व्यवस्थापन डिभिजन वन कार्यालयबाट गर्नुपर्ने, वन संरक्षण क्षेत्र, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सुदृढीकरण, वन डढेलोजन्य विपद जोखिम र त्यसको प्रभावकारी व्यवस्थापन, खडा रुख लिलाम बिक्री, वन परिषद स्थापना, स्वदेशी काठ दाउराको विदेश निकासी तथा आयात

निरुत्साहन, पुराना काठ दाउराको पुनःमुल्याङ्कन गर्ने अवधि, वन सेवालाई अत्यावश्यक सेवामा समावेश गर्ने, शसस्त्र वन रक्षकको पदपुर्ति तथा हातहतियार व्यवस्थापन, मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा राहत र राष्ट्रिय वन क्षेत्रको सिमाङ्कन सम्बन्धी विषयमा डिभिजनल वन अधिकृतहरूको सातौ राष्ट्रिय गोष्ठीको अवसरमा थप छलफल गर्नुपर्ने निस्कर्ष निकालेको थियो ।

यस गोष्ठि मार्फत् विभिन्न भौगोलिक क्षेत्रहरुको वन व्यवस्थापन पद्दति, समस्या, चुनौती र अपनाउनुपर्ने रणनितिहरुको बिषयमा छलफल गर्न सकिएको र भावि रणनिति विकासका बारेमा साझा बुझाई विकास गर्न यस्ता छलफल तथा अन्तर्क्रिया महत्वपूर्ण भूमिका खेल्ने सिकाई प्राप्त भएको थियो । त्यसैगरी नीति निर्माण तहमा विकास भैरहेको वन क्षेत्रप्रतिको धारणा र अंगाल्नु पर्ने रणनितिको बारेमा साझा बुझाई विकास गर्न कार्यान्वयनकर्ता र नीतिनिर्माणकर्ताको संयुक्त छलफलको जरुरी रहेछ । प्रदेश भित्र भैरहेका वन व्यवस्थापन, डढेलो नियन्त्रण, खोलाखोल्सी व्यवस्थापन, जडिवुटी संकलन तथा व्यवस्थापन र समृद्धिका लागि वन परियोजनाले अँगालेका कार्यनीति र प्रकृयाहरुको वारेमा विषयगत प्रस्तुतिहरु तथा छलफल मार्फत् कार्यान्वयन तहमा रहेका कार्यालय प्रमुख र प्रतिनिधिहरुलाई कार्यगत एकता विकास गर्न सकिएको र दैनिक गर्नुपर्ने कार्यहरुमा सिकाई आदान प्रदान हुने र स्पष्ट दिशानिर्देश दिने रहेछ । विषयगत छलफल र स्थानीय स्तरमा भएका प्रयासहरुलाई सवै सामु साझा गर्ने अवसर सृजना गर्ने र समस्या तथा चुनौतीहरुको समाधानका उपायहरुको सृजना गर्ने रहेछ तथा भविष्यमा लिनुपर्ने नीति निर्माणका विषयलाई स्पष्टता प्रदान गर्ने रहेछ ।

# गोष्ठीको घोषणापत्र

**प्रदेशस्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी**

**(डिभिजनल वन अधिकृत र वन अधिकृत समेतको)**

*(मितिः २०८२।१।१५ र १६ गते)*

लुम्बिनी प्रदेशमा कार्यान्वयन भैरहेका वन व्यवस्थापन र संरक्षण, भू तथा जलाधार व्यवस्थापन, समृद्धिका लागि वन कार्यक्रम लगायत विविध सवालहरुमा गरिएको २१ वटा कार्यपत्रहरुको प्रस्तुतिमा उल्लेखित सवाल, चुनौती र समाधानका उपायहरु सम्वन्धमा प्राप्त सुझावहरुलाई लिपीवद्ध गरी प्रदेश स्तरबाट समाधान हुन सक्ने सवालहरुको लागि वन तथा वातावरण मन्त्रालय लुम्विनी प्रदेशमा पेश गर्ने र संघिय सरकारबाट संवोधन हुनुपर्ने तपसिलका विषयहरुमा डि.व.अ.हरुको राष्ट्रिय कार्यशाला गोष्ठीमा छलफलको लागि प्रस्तुत गर्ने निर्णय गरियो ।

क) प्रदेश वन तथा वातावरण मन्त्रालयमा प्रस्तुत गर्ने

१) प्रदेश भित्रका वन संरक्षण, सम्वर्द्धन, खोल्साखोल्सी व्यवस्थापन, भू तथा जलाधार व्यवस्थापन लगायतका विभिन्न क्रियाकलापहरु सम्पादन गर्नका लागि पर्याप्त श्रोत साधनको अभाव रहेकोले श्रोत साधन थप गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने ।

२) बाझिएका ऐन, नियमावली र मापदण्ड तथा कार्यविधिमा समयानुकुल शंसोधन तथा भू तथा जलाधार व्यवस्थापन सम्वन्धि ऐन कानुनहरु तर्जुमाका लागि अनुरोध गर्ने ।

३) प्रदेश भित्रका सरकारी भवन निर्माण तथा फर्निचर निर्माण गर्दा स्वदेशी काठ दाउरा अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउने ।

४) प्रदेश भित्रका नागरिकहरुलाई सहज र सरल रुपमा काठ दाउरा उपलव्ध गराउन आवश्यक कानुनी व्यवस्था मिलाउने ।

५) विरूवा उत्पादन, नर्सरी व्यवस्थापन तथा वृक्षारोपण सम्बन्धी मार्गदर्शन तयारी गर्ने।

ख) डि.व.अ. हरुको राष्ट्रिय कार्यशाला गोष्ठीमा पेश गर्ने सवालहरु

१) सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई देशव्यापी रुपमा कार्यान्वयन ।

२) वन संगठन तथा संघिय/प्रादेशिक वन ऐनको कार्यान्वयन (डि.व.अ. संघिय दरवन्दीमा रहने गरी वन ऐन २०७६ को प्रभावकारी कार्यान्वयन) ।

३) वन पैदावारको E bidding बाट लिलाम विक्री तथा काठ दाउरा लिलाम विक्री सुचना वेभ साइटमा अपलोड गर्ने अवधि ।

४) वन व्यवस्थापन कार्यमा नयाँ प्रविधि र उपकरणको प्रयोग (वन पैदावारको एकिकृत तथ्यांक, वन मापन, वन अनुगमन (ड्रोन समेतको प्रयोग) लगायत ।
५) वन क्षेत्र भित्रका खोल्साखोल्सी व्यवस्थापन डिभिजन वन कार्यालयबाट गर्ने ।
६) वन संरक्षण क्षेत्र, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सुदृढीकरण ।
७) वन डढेलोजन्य विपद जोखिम र त्यसको प्रभावकारी व्यवस्थापन ।
८) खडा रुख लिलाम विक्री ।
९) वन परिषद स्थापना ।
१०) स्वदेशी काठ दाउराको विदेश निकासी तथा आयात निरुत्साहन ।
११) पुराना काठ दाउराको पुनःमुल्याङ्कन गर्ने अवधि ।
१२) वन सेवालाई अत्यावश्यक सेवामा समावेश गर्ने ।
१३) शसस्त्र वन रक्षकको पदपूर्ति तथा हातहतियार व्यवस्थापन ।
१४) मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा राहत ।
१५) राष्ट्रिय वन क्षेत्रको सिमाङ्कन ।

# गोष्ठीमा प्रस्तुत भएका कार्यपत्रहरू

# लुम्बिनी प्रदेशमा वन व्यवस्थापनको अवस्थाः अवसर, चुनौती र भावी कार्यदिशा

*यज्ञमूर्ति खनाल [1], प्रभात सापकोटा [2]*

## १. पृष्ठभूमी

लुम्बिनी प्रदेश वनका हिसावले नेपालकै एक सम्वृद्ध प्रदेश हो । यस प्रदेशको उत्तरमा पुथा हिमालदेखि दक्षिणमा मर्चवारसम्म, पूर्वमा पाल्पाको रामपुर देखि पश्चिममा बर्दियाको राजापुरसम्म जम्मा १९,१९,४१७ हेक्टर भू-भागमा फैलिएर रहेको छ ।यस मध्ये वनले ५७.०२% ओगटेको छ र यो वन देशको हिसावले १६.१% हो । यस प्रदेशका १२ जिल्लामध्ये रूकुमपूर्व हिमाली जिल्ला र भित्री मधेशको जिल्लाको रूपमा दाङ जिल्ला रहेको छ भने पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान गरी पाँच जिल्ला पहाडमा र बाँकी अन्य ६ जिल्ला तराईमा रहेका छन् । चारवटा उप-महानगरपालिका सहित ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कूल १०९ वटा स्थानीय तहहरु र ९८३ वटा वडाहरू यस प्रदेशमा रहेका छन् । साथै, यस प्रदेशले नेपालको कूल क्षेत्रफलको १३.०१ प्रतिशत हिस्सा ओगटेको छ । वि.सं. २०७८ मा प्रकाशित जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस प्रदेशमा कूल ५१,२४,२२५ जनसंख्या रहेको छ जसमा पुरुष २४,५७,४८४ र महिला २६,६६,७४१ छन् । यहाँका १०,०६,४५० घरधुरीमा ११,५५,५२३ परिवार बसोबास गर्दै आएका छन् ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सन् २०१८ मा प्रकाशन गरेको स्थानीय तह अनुसारको वन क्षेत्र सम्बन्धी प्रतिवेदन अनुसार यस प्रदेशका १८ वटा स्थानीय तहमा १००० हे. भन्दा कम वन क्षेत्र रहेको छ भने ९ वटा स्थानीय तहमा वन क्षेत्र शुन्य रहेको छ (FRTC, 2018) ।

## २. लुम्बिनी प्रदेशमा वनको अवस्था

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सन् २०२४ मा प्रकाशन गरेको पछिल्लो प्रतिवेदन अनुसार सन् २०२२ मा लुम्बिनी प्रदेशमा १०,४९,४०८ हे. वन क्षेत्र तथा अन्य काष्ठ क्षेत्र (Other wooded land) ४५,०६९ हे. गरी कुल जम्मा १०,९४,४७७ हेक्टर रहेको देखिन्छ (FRTC, 2024) । यस प्रदेशमा बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्षको केही भागको अलावा बाँके र बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र र चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र (केहि भाग नवलपरासी ब.सु.प.मा पर्ने) गरी कुल २,७९,४५८ हे. क्षेत्र संरक्षित क्षेत्रले ओगटेको छ । जसमध्ये संरक्षित क्षेत्रमा १,८५,१०२

---

[1] उपसचिव (प्रा.) वन निर्देशनालय, रूपन्देही

[2] नि. महानिर्देशक, वन निर्देशनालय, रूपन्देही

हे. वन क्षेत्र रहेको पाइन्छ । संरक्षित क्षेत्र बाहिर प्रदेश सरकार मातहतको डिभिजन वन कार्यालयको कार्य क्षेत्रमा ९,०९,३७५ हे. वन क्षेत्र रहेको पाइन्छ ।

लुम्बिनी प्रदेशको वन क्षेत्रलाई प्रजातिको आधारमा विश्लेषण गर्दा यस प्रदेशको कुल वन क्षेत्रमध्ये सबैभन्दा बढी तराई मिश्रित चौडापाते वन (Terai Mixed Hardwood Forest) ४३.०५ प्रतिशत, साल वन *(Shorea robusta Forest)* २३.२७ प्रतिशत, तल्लो मिश्रित चौडापाते वन (Lower Mixed Hardwood Forest) ११.७९ प्रतिशत, खोटेसल्लाको वन *(Pinus roxburghii Forest)* ८.६९ प्रतिशत, माथिल्लो मिश्रित चौडापाते वन (Uppper Mixed Hardwood Forest) ५.१२ प्रतिशत, बाँझ वन *(Quercus Forest)* ४.६५ प्रतिशत, खयर शिसौ वन (Khair-Sissoo Forest) २ प्रतिशत, अन्य १.४३ प्रतिशत रहेको पाइन्छ (DFRS, 2015)।

## ३. लुम्बिनी प्रदेशमा वन व्यवस्थापनको अवस्था

### ३.१ वन व्यवस्थापन सम्बन्धी नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था

नीतिगत हिसाबले वन क्षेत्रको समग्र व्यवस्थापनलाई राष्ट्रिय वन नीति २०७५ ले मार्गदर्शन गरेको छ भने कानुनी हिसावले वन ऐन २०७६ र वन नियमावली २०७९ जारी गरी कार्यान्वयन गरेको पाइन्छ । नेपाल सरकारले सन् २०४५ सम्ममा जिरो कार्वन उत्सर्जन गर्ने भनी संयुक्त राष्ट्र संघिय जलवायु परिवर्तन सम्बन्धी खाका महासन्धीको सचिवालयमा पेश गरेको प्रतिवद्धतामा समेत वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन गर्ने उल्लेख गरेको पाइन्छ । नेपाल सरकारले वन ऐन २०७६ कार्यान्वयनको लागि राष्ट्रिय वन व्यवस्थापनको रणनीतिक योजना २०८१-२१०० समेत ल्याएको छ । त्यसैगरी संघ तथा प्रदेशका योजना आयोग मार्फत् जारी हुने आवधिक योजना एवं लुम्बिनी प्रदेशले जारी गरेको प्रदेश वन ऐन २०७८, प्रदेश वन नियमावली २०७९, वनसँग सम्बन्धित विभिन्न मापदण्ड तथा निर्देशिकाहरू (जस्तैः सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९, वन पैदावर आपूर्ति समितिको निर्देशिका २०७९, वन क्षेत्र भित्रका खोलाखोल्सी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१) लगायतले समग्रतामा प्रदेशको वन व्यवस्थापनलाई दिशानिर्देश गरेको पाइन्छ ।

संरचनागत हिसाबले हेर्दा प्रदेशमा वन क्षेत्रको संरक्षण, विकास र व्यवस्थापन गर्न वन तथा वातावरण मन्त्रालय र मातहतमा वन निर्देशनालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र रहेको छ । प्रदेशको १२ वटा जिल्लामा वन निर्देशनालय मातहत १४ वटा डिभिजन वन कार्यालय र सो मातहत ८६ वटा सव डिभिजन वन कार्यालय कृयाशिल रहेका छन् । त्यसैगरी निर्देशनालय मातहत नै ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू रहेका छन् । वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सेवा प्रवाह गर्न प्रशासनिक कर्मचारी ८३ जना, प्राविधिक कर्मचारी ८५४ जना र वन सुरक्षाको लागि शसस्त्र वन रक्षकतर्फ १९४ जना र सहयोगी

कर्मचारीहरू (हलुका सवारीचालक, कार्यालय सहायक र चौकिदार) १०४ जना गरी कुल जम्मा १२३५ कर्मचारीको दरवन्दी स्विकृत भएको छ ।

### ३.२ वन व्यवस्थापन पद्दति अनुरूप वनको व्यवस्थापन

वन ऐन २०७६ अनुसार वनक्षेत्र भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसेमैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र बुझिन्छ। यस प्रदेशमा वनलाई व्यवस्थापनको आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ ।

### ३.२.१ राष्ट्रिय वन

#### क. सरकारद्वारा व्यवस्थित वन

सरकारद्वारा व्यवस्थित वन भन्नाले वन विकास लगायत अन्य क्रियाकलाप गर्नको लागि स्वीकृत कार्ययोजना अनुसार सरकारले व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँछ । सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन सम्बन्धित डिभिजन वन कार्यालय गर्ने गर्दछ । यस प्रदेशमा हाल दुई वटा चक्ला वन सरकारद्वारा व्यवस्थित वनको रूपमा छुट्टै कार्ययोजना तयार गरी कार्यान्वयनमा रहेका छन् । दाङ जिल्लामा अवस्थित दाङ (घोराही) डिभिजन वन कार्यालय अन्तर्गत कालापानी खोला चक्ला वनको रूपमा ५४६ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिएको छ भने बाँके जिल्लामा शमशेरगंज माथेवास चक्ला वनको रूपमा २५७८ हेक्टर क्षेत्रफलको राष्ट्रिय वन सरकारद्वारा व्यवस्थित चक्ला वनको रूपमा व्यवस्थापन गरिएको छ । आर्थिक वर्ष २०८२/८३ देखि लागू हुने गरी अर्घाखाँची जिल्लामा १ वटा र बाँके जिल्लामा थप १ वटा चक्ला वनको कार्ययोजना तयार गर्ने कार्य आर्थिक वर्ष २०८१/८२ मा शुरु भएको छ ।

#### ख. वन संरक्षण क्षेत्र

वन संरक्षण क्षेत्र सामाजिक, आर्थिक एवं वातावरणीय हिसावले महत्वपूर्ण क्षेत्र हो । राष्ट्रिय वनको कुनै भाग वा भूपरिधी क्षेत्र जुन, राष्ट्रिय वा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, बैज्ञानिक वा सांस्कृतिक महत्वको वन क्षेत्र, वा जलाधार संरक्षणको हिसाबले संवेदनशील वन क्षेत्र, वा संरक्षित क्षेत्र बाहिर रहेको वन, वनस्पति, वन्यजन्तु संरक्षणको लागि व्यवस्थापन गर्न आवश्यक रहेको, वा पर्यापर्यटन विकास गर्न उपयुक्त देखिएको वन क्षेत्र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्ने व्यवस्था रहेको छ । यस प्रदेशमा हालसम्म बर्दिया जिल्लाको खाता, गुल्मी जिल्लाको मदाने, रेसुङ्गा र थाप्ले सत्यवती सालिमेदह

गरी ४ वटा वन संरक्षण क्षेत्र (साविकको संरक्षित वन) घोषणा भइसकेका छन् जसले ७६,६२७ हे. क्षेत्रफल ओगटेको छ । त्यसैगरी प्युठानको गौमुखी, रोल्पाको जलजला र कपिलवस्तुको शिवगढी सुरनाइका गरी ३ वटा प्रस्तावित वन संरक्षण क्षेत्र (संरक्षित वन) का रूपमा रहेका छन् ।

### ग. साझेदारी वन

यो सरकार र स्थानीय समुदायको साझेदारीमा व्यवस्थित राष्ट्रिय वन हो । सरकारद्वारा व्यवस्थित वनको कुनै भागको वन विकास र दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पुर्याउन, वन क्षेत्रको नजिकै वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावारको आपूर्ति व्यवस्था गर्न, वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न र उपभोक्ताको जिविकोपार्जनमा सुधार ल्याउने उद्देश्य राखी डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा गरिने वन व्यवस्थापन नै साझेदारी वन व्यवस्थापन हो । लुम्बिनी प्रदेशमा कपिलवस्तुको तिलौराकोट, गौतमबुद्ध, कपिलवस्तु, मायादेवी र शिवराज गरी पाँच वटा, रुपन्देहीमा लुम्बिनी र देवदह गरी दुई वटा र नवलपरासीमा बुद्धशान्ति गरी जम्मा आठ वटा साझेदारी वन रहेका छन्। लुम्बिनी प्रदेशमा साझेदारी वनले २१७४७ हे. क्षेत्र ओगटेको छ भने १,४९,६२१ घरधुरीका ९,१८,८९२ जनसंख्या लाभन्वित भएका छन् ।

### घ. सामुदायिक वन

वनको नजिक रहेका, उक्त वन नभै नहुने, वनको संरक्षण र सदुपयोग पनि गर्न सक्ने समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वन नै सामुदायिक वन हो । सामुहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गरी वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले उपभोक्ता समुह गठन गरी वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गरी वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा कार्ययोजना तयार गरी व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेको छ ।

यस प्रदेशमा २०८१ असार मसान्तसम्म डिभिजन वन कार्यालयहरूबाट प्राप्त तथ्यांक अनुसार ४०४९ वन उपभोक्ता समूहलाई ४४२२४९.६ हेक्टर राष्ट्रिय वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको छ । सामुदायिक वन उपभोक्ता समूहमा ९,३७,८२६ घरधुरी समावेश भएका छन् ।

### ङ. कवुलियती वन

डिभिजन वन कार्यालयले राष्ट्रिय वनको कुनै भाग गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरणको लागि कार्ययोजना वनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालन गर्न त्यस्ता जनताको समुहलाई कवुलियती वनको रूपमा सुम्पन सक्ने प्रावधान अनुरुप यस प्रदेशमा गरिबीको रेखामुनि रहेका ४१६ समूहका ४५२० घरधुरीहरुलाई २४६९ हेक्टर वन क्षेत्र हस्तान्तरण भैसकेको छ।

### च. धार्मिक वन

डिभिजनल वन अधिकृतले परापूर्व काल देखीको धार्मिकस्थल र त्यसको वरिपरीको वनको संरक्षणको लागि प्रचलित कानुन बमोजिम स्थापित कुनै धार्मिक निकाय, समुह वा समुदायलाई उक्त क्षेत्र वरपरको राष्ट्रिय वन धार्मिक वनको रूपमा संरक्षणको लागि हस्तान्तरण गर्न सक्ने प्रावधान अनुरूप हालसम्म यस प्रदेशमा ९४० हेक्टर वन क्षेत्र ३० वटा धार्मिक निकाय/समूह/समुदायलाई हस्तान्तरण गरिएको छ।

### ३.२.२ निजी वन

कुनै व्यक्ति वा संस्थाले आफ्नो निजी स्वामित्वमा रहेको हक भोगको दर्ता नम्बरी जग्गामा रूख विरूवा हुर्काई सम्बन्धित डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयको सिफारिसमा निजी वन दर्ता गर्न स्थानीय तहमा निवेदन दिन सक्ने प्रावधान रहेको छ । साविकमा डिभिजन वन कार्यालयमा निजी वन दर्ता गर्ने प्रावधान रहेकोमा हाल वन ऐन २०७६ पश्चात् स्थानीय तहमा दर्ता गर्ने व्यवस्था रहेको छ । हाल सम्म यस प्रदेशमा १०१९ वटा निजी वनहरु दर्ता भएका छन् जसको क्षेत्रफल ७३७.७४ हेक्टर रहेको छ।

## ४. लुम्बिनी प्रदेशमा वन व्यवस्थापनको अवसर र चुनौति

### ४.१ अवसर

लुम्बिनी प्रदेशमा रहेको संरक्षित क्षेत्र बाहिर वन तथा बुट्यानले ढाकेको ९,०९,३७५ हे. क्षेत्र मध्ये तराई मिश्रित चौडापाते वन, साल वन, तल्लो मिश्रित चौडापाते वन, खोटेसल्लाको वनले ढाकेको करिव ५ लाख हेक्टर उत्पादनशिल वन क्षेत्रमा संम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्न सकिने अवस्था रहेको छ । वन ऐन २०७६ वन नियमावली २०७९ तथा लुम्बिनी प्रदेशको वन ऐन २०७८,प्रदेश वन नियमावली २०७९ मा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्ने प्रावधान भएको र यसलाई लागू गर्न लुम्बिनी प्रदेशले वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ लागू भए पश्चात वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरु तयार गर्ने काममा तिब्रता आएको देखिन्छ । आ.व. २०८१।८२ सम्ममा कार्यान्वयनमा रहेका ३७५ वटा वन व्यवस्थापन कार्ययोजनाको १ लाख १५ हजार हे. वन क्षेत्रमा ढलापडा संकलन र पुनरोत्पादन कटानका कृयाकलापहरू मात्र कार्यान्वयन गर्दा २५ लाख ३८ हजार घनफिट काठ र ६००० चट्टा दाउरा उत्पादन हुने गरी छपान तथा मुल्यांकन भएको देखिन्छ । यही अनुपातमा समेत

५ लाख हेक्टर वन क्षेत्रमा व्यवस्थापन गर्दा करिब १ करोड १० लाख ३४ हजार घ.फि. काठ र २६ हजार चट्टा दाउरा उत्पादन हुने देखिन्छ ।

यस तथ्यांकले वन सम्वर्द्धन प्रणालीमा आधारित वनमा औषतमा काठ प्रति हेक्टर प्रतिवर्ष २२.०७ घनफिट र दाउरा ०.०५२ चट्टा उत्पादन भैरहेको देखाएको छ । अहिलेको औषत राजश्व दर काठको रु ७०० प्रति घनफिट र दाउराको रु.१० हजार प्रति चट्टा मान्दा जम्मा ५ लाख हे. वन क्षेत्र मात्रै व्यवस्थापन गर्न सकेमा यसवाट उत्पादन हुने काठ र दाउरावाट मात्र वार्षिक रु ८ अर्व आम्दानी हुने देखिन्छ । जसमध्ये यसको करिव २५ प्रतिशत अर्थात २ अर्व राजश्व प्राप्त हुने देखिन्छ ।

यसै गरी उत्पादनशील वनक्षेत्रलाई पूर्ण क्षमतामा लगी कार्ययोजनाको पूर्ण रूपमा कार्यान्वयन एवम् व्यवस्थापन गर्न सकेको खण्डमा यो आम्दानीलाई साढे २ गुणासम्म वढाउन सकिने देखिन्छ । किनकी राम्रो वनवाट प्रति हेक्टर प्रति वर्ष ५५ घनफिट सम्म काठ आउँछ र सोही अनुपातमा दाउराको पनि आम्दानी वढ्ने देखिन्छ ।

वन व्यवस्थापनलाई हाम्रो विकास र समृद्धिको एक आधार वनाउने ठुलो अवसर यसमा लुकेको छ । वन पैदावारका आपूर्ति वढाई काठको मूल्य धेरै सुलभ वनाई वजारमा आउने प्लाष्टिक र फलाम भन्दा सस्तो गराई काठमा आधारित उद्योगहरु व्यापक प्रवर्धन गरी देशमै मनग्य रोजगारी सृजना गर्दै विदेशीने युवाहरुको सङ्ख्या समेत न्यूनीकरण गर्न सकिने ठूलो संभावना यसमा रहेको छ । प्रत्येक समूहको आम्दानी वढ्दै जाँदा वन विकास तथा स्थानीय विकासका क्रियाकलाप संचालनमा समेत धेरै टेवा पुग्ने देखिन्छ । चोरी निकासी, वन डढेलो र अतिक्रमण नियन्त्रण पनि यस अवस्थामा आँफै नियन्त्रणमा रहने देखिन्छ ।

यसका अलावा वन सम्बर्द्धन प्रणालीको अभिन्न अङ्ग रहेको वन क्षेत्रका खोलाखोल्सी व्यवस्थापन गर्दै जोखीमयुक्त खोलाखोल्सी क्षेत्रबाट ढुंङ्गा, गिटी, वालुवा जस्ता नदिजन्य पदार्थको निकासीवाट वन र वस्तीको जोखिम समेत न्युनीकरण, शहरी क्षेत्रका यस्ता वस्तुहरुको आवश्यकता परिपूर्ति र थप राजश्व समेत प्राप्त गर्न सक्ने अवसर छ ।

यस प्रकारको दिगो वन व्यवस्थापनवाट अतिरिक्त वातावरणीय सेवा जस्ता लाभका विषयहरु पनि थुप्रै रहेका छन् । वन्यजन्तुहरुको कोरीडोर र कनेक्टीभिटी एवं जैविक विविधताको संरक्षण र प्रवर्द्धन, जलाधार एवं पानीका स्रोतहरु संरक्षण, पर्यापर्यटन विकास, कार्वन सञ्चिति अभिवृद्धि र कार्वन ब्यापार जस्ता सभावनाहरु झन् वढ्दै जाने देखिन्छ । यिनै अवसरहरुले गर्दा नै समृद्धिका लागि वन पनि भन्ने गरिएको हो ।

## ४.२ चुनौति

वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको प्रमूख चुनौति भनेकै अझै पनि यसमा रहेका भ्रमहरुलाई चिर्नु हो । वेला वेलामा हुने राजनैतिक अवरोधहरु, यसप्रति कार्यान्वयन तहदेखि नीतिगत तहसम्म वुझाईमा एकरुपता नहुनु सँधै गंभिर विषय देखिन्छ । ठुला रुखहरु छानी छानी काटियो, साना विरुवा पनि रित्ताइयो,

सर्पट कटान गरियो, कार्ययोजना धेरै खर्चिलो वनाइयो भन्ने किसिमका भाष्यहरु प्रयोग गरिन्छन् । वास्तवमा पाकेका रुखहरु माउ रुख राखेर बाँकी रुखहरू संकलन गर्ने, उक्त ठाउँमा नयाँ विरुवा उमार्ने वातावरण वनाइएको, मकै गोडे झै गरी वाक्ला विरुवा हटाइ वाँकी विरुवाको स्वास्थ्य र गुणस्तरिय उत्पादनका लागि पत्ल्याइएको, पारदर्शिता, जवाफदेहिता र शुसासन कायम गर्नका लागि रुख गणना, नक्शांकन कार्य गरिएको उपभोक्ता समुहले सर्व सम्मत कार्ययोजना पारित गर्नुपर्ने प्रावधानका कारण सुरुमा केही खर्चिलो हुने र पछि यो सस्तो हुने कुराहरु अझै धेरै वुझाउनु पर्ने देखिन्छ । हालसम्म जम्मा १० प्रतिशत सामुदायिक वनमा र २२ प्रतिशत क्षेत्रफलमा मात्र यस्तो व्यवस्थापन भएकाले यसलाई सर्वेतिर विस्तार गर्नुपर्ने छ । यसका अलावा यो वन व्यवस्थापनको उच्च प्रविधि भएकाले सबै कर्मचारीहरुलाई प्रशिक्षण गर्नुपर्ने, प्रविधिको विकास भए पनि पहुँचका लागि उन्नत र सुरुमा खर्चिला उपकरण खरिद, व्यवस्थापन तथा परिचालन गर्नुपर्ने, डिजिटल तथ्यांक व्यवस्थापन गर्नुपर्ने जसको लागि सफ्टवेयर तथा प्राविधिक क्षमता थप विस्तार गर्नु अनिवार्य देखिन्छ ।

## ५. भावि कार्यदिशा

प्रदेशको सम्पुर्ण उत्पादनशिल वन क्षेत्रलाई वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्य निर्वाद रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यसको लागि प्राथमिकताको आधारमा तराईको वन (तराई मिश्रित चौडापाते वन तथा साल वन), पहाडको खोटेसल्लाको वन र पहाडको चौडापाते वन (तल्लो मिश्रित चौडापाते वन र माथिल्लो मिश्रित चौडापाते वन) लाई प्राथमिकता दिने, अन्य वनलाई क्रमिक रुपमा वन सम्वर्द्धन प्रणालीमा व्यवस्थापन गर्दै लैजानुपर्ने देखिन्छ । त्यसैगरी उत्पादित वन पैदावार लामो सयमसम्म विक्री वितरणको लागि घाटगद्दी गरीराखु भन्दा खडा रूख नै लिलाम बिक्री गर्न कानुनमै व्यवस्था गर्न सकेमा वन उद्यमीले वजार माग अनुरूपको साइजमा गोलिया कटान गरी प्रयोग गर्न सक्ने देखिन्छ । नरम प्रजातिका रूखहरू भएका पहाडी क्षेत्रका वन क्षेत्र, जहाँ उपभोक्ताको वन पैदावरको माग न्यून रहेको, निष्कृय समुह रहेका वा सकृय उमेर समुहका व्यक्तिहरू समुदायमा नै न्यून रहेका स्थानमा स्विकृत वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि कम्तीमा पाँचवर्ष अवधिको लागि टेण्डर मार्फत नै नीजि क्षेत्र छनौट गरी स्विकृत कार्ययोजना नै कार्यान्वयन गर्न पाइलटिङको रूपमा दिने र समुदाय र नियमनकारी निकायबाट अनुगमन गरी व्यवस्थापन गर्न सकिने नयाँ मोडेलको संभाव्यता अध्ययन वा अभ्यास गर्नुपर्ने देखिन्छ । त्यसैगरी काठ दाउरा बिक्री वितरण सम्बन्धी प्रावधानलाई थप प्रभावकारी बनाउन ई-बिडिङको संभाव्यता अध्ययन गरी सो अनुसार अगाडि बढ्नुपर्ने देखिन्छ । अनुसन्धानको आधारमा नीतिगत सुधारमा जोड दिन वन अनुसन्धानको लागि आवश्यक बजेट व्यवस्था गर्ने र वन व्यवस्थापन सम्वन्धि भएका कार्यहरु वा गर्नुपर्ने कार्यहरूको अध्ययन अनुसन्धान गरी दस्तावेजीकरण गर्न जोड दिनुपर्ने देखिन्छ ।

यसका अलावा नियमित प्रचार प्रसार क्षमता विकास जस्ता क्रियाकलापहरूलाई निरन्तरता दिनु पर्दछ । अत्यधिक श्रम लाग्ने भएकाले उच्च प्रविधिलाई प्रयोगमा ल्याउनु पर्ने वन संगठनका मात्र कर्मचारीले काम गर्न नभ्याउने भएकाले वन परिषद गठन गरी काम अगाडि वढाउनुपर्ने र कामलाई छिटो छरितो र तथ्यांक प्राप्तिलाई सरलिकृत गर्नका लागि डिजिटल डाटावेसमा जानै पर्ने र सवैलाई आवस्यक डाटा प्रविस्ट गर्न मिल्ने र प्रयोगकर्ताले यहि डाटावाट आवस्यक रिपोर्ट समेत पाउने किसिमको सफ्टवेयर समेत अत्यावस्यक छ ।

**सन्दर्भ सामाग्रीहरू**

DFRS (2015). State of Nepal’s Forests. Forest Resource Assessment (FRA) Nepal, Department of Forest Research and Survey (DFRS). Kathmandu, Nepal.

DFRS (2018). Forest Cover Maps of Local Levels (753) of Nepal. Department of Forest Research and Survey (DFRS), Kathmandu, Nepal.

FRTC (2024). National Land Cover Monitoring System of Nepal, 2020 — 2022. Forest Research and Training Centre (FRTC). Babarmahal, Kathmandu, Nepal.

वन निर्देशनालय, लुम्बिनी प्रदेशका वार्षिक प्रतिवेदनहरू

डिभिजन वन कार्यालयहरूबाट प्रगति विवरणहरू

# सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनः सिकाई, समस्या, चुनौती र आगामी कार्यदिशा

*विजयराज सुबेदी*[1]

## १.परिचय

वन व्यवस्थापनका लागि नीतिगत तथा कानुनी व्यवस्था स्पष्टरुपमा तयार गरेकोले यस प्रदेश कानुनी रुपमा सवल रहेको छ । वन व्यवस्थापनको लागि आवस्यक राष्ट्रिय वन नीति २०७५,वन क्षेत्रको रणनीति २०७२ -२०८२, वन ऐन २०७६, वन नियमावली २०७९, प्रदेश वन ऐन २०७८, प्रदेश वन नियमावली २०७९, वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ तथा दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड २०८१ तयार भएकोले कानुनी रुपले वन व्यवस्थापनलाई स्पष्ट दिशा निर्देश गरेको छ । लुम्विनी प्रदेशका जम्मा ४०२९ वटा सामुदायिक वन छन् भने सामुदायिक वनको क्षेत्रफल ४३२९८२ हेक्टर रहेको छ । हालसम्म ३९८ वटा अर्थात् कुल सामुदायिक वन संख्याको ९.८९ प्रतिशत सामुदायिक वनमा वन सम्वर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन भईरहेको छ भने सवै भन्दा बढी बर्दियामा ८९ वटा सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन भैरहेको छ । क्षेत्रफलको हिसावले लुम्बिनी प्रदेशको कुल सामुदायिक वनक्षेत्रको २२ प्रतिशत वन क्षेत्रमा वन सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन लागू भएको छ । विस्तृत बिवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| डिभिजन वन कार्यालय | जम्मा सामुदायिक वन संख्या | वन सम्वर्द्धन प्रणालीमा बनेका कार्ययोजना संख्या | कार्यान्वयन भएका कार्ययोजना संख्या | व्यवस्थापन भएको क्षेत्रफल हे. |
|---|---|---|---|---|
| नवलपरासी | ५९ | २३ | २३ | ८३२६.५७ |
| रुपन्देही | ११० | ३१ | ३१ | ७४१८.६ |
| कपिलवस्तु (कपिलवस्तु) | ७३ | ६८ | ६८ | १२५६५.७३ |
| कपिलवस्तु (गौतमबुद्ध) | ५५ | २० | २० | ६६३२.८२ |
| दाङ देउखुरी | १४५ | ४८ | ४५ | २२४५८.१ |
| दाङ घोराही | ३७४ | ३१ | ३१ | ११२७४.५९ |
| बाँके | ११७ | २४ | २३ | ५९२७ |
| बर्दिया | २७९ | ८९ | ८७ | १०७५७.५३ |

[1] सिनियर डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय बर्दिया

| डिभिजन वन कार्यालय | जम्मा सामुदायिक वन संख्या | वन सम्वर्द्धन प्रणालीमा बनेका कार्ययोजना संख्या | कार्यान्वयन भएका कार्ययोजना संख्या | व्यवस्थापन भएको क्षेत्रफल हे. |
|---|---|---|---|---|
| पाल्पा | ७०४ | ७ | ४ | ९८५.५६ |
| अर्घाखाँची | ४४६ | ४० | ३२ | ६५९७.३३ |
| गुल्मी | ४५८ | ७ | १ | ६५० |
| प्युठान | ४५१ | १० | १० | २७७८.२१ |
| रोल्पा पूर्व | ६०५ | ० | ० | ० |
| रुकुम | १५३ | ० | ० | ० |
| जम्मा | ४०२९ (४३२९८२ हे.) | ३९८ (९.८८%) | ३७५ (९.३१%) | ९६३७२.०४ (२२.२६%) |

## २. वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यान्वयनको अवस्था

सामुदायिक वन **संख्याको करिव १०%** समूह र सामुदायिक वनको **कुल क्षेत्रफलको करिव २२%** क्षेत्रफलमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन लागू भएको देखियो । तर वन सम्बर्द्धनका कृयाकलाप जस्तै पुनरुत्पादन कटान, पुनरुत्पादन तयारी कटान, पत्ल्याउने तथा तथा सुधार कटान कार्ययोजना बमोजिम पूर्ण रुपमा कार्यान्वयन भएको पाईएन । प्रायःसबै समूहमा कार्यान्वयन भएको पुनरुत्पादन कटान पनि १० बर्षको अवधिमा १० पटक कटान हुनुपर्नेमा औषतमा आधा वा सो भन्दा कम (५ पटक वा कम) भएको पाईयो । यस्तै पुनरुत्पादन तयारी कटान र पत्ल्याउने तथा सुधार कटान नगन्य रुपमा बाहेक कार्यान्वयन भएको पाइएन । यसका साथै अन्य वन व्यवस्थापनका कृयाकलाप त झन् कार्यान्वयन गर्ने प्राथमिकतामा नै परेको देखिदैन । तसर्थ समग्रमा वन सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यान्वयनको अवस्था नाजुक रहेको देखिन्छ । कार्ययोजनामा उल्लेख भएका सम्पूर्ण वन सम्बर्द्धनका कृयाकलापहरु तोकिएकै बर्षमा सम्पादन गर्ने किसिमले वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनमा प्राथमिकता दिनु आवश्यक देखिन्छ ।

## ३. सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनका सिकाई

वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्य सामुदायिक वन उपभोक्ता समूहहरुबाट निकै नै रुचाईएको पाईएको छ । समुदाय स्तरमा नियमित रुपमा जनचेतना मुलक कार्यक्रम गर्ने र वन व्यवस्थापनको उद्देश्यको वारेमा जानकारी गराउने गर्दा वन व्यवस्थापन कार्यक्रम अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न मद्दत पुग्ने देखिन्छ । वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन अपनाए पछि वन संरक्षण प्रभावकारी भएको, वन अतिक्रमण हटाउने जस्तो चुनौतिपूर्ण कार्य समेत समूहको पहल तथा सहभागितामा गर्न सकिने

देखिएको, कतिपय स्थानमा वन अतिक्रमण हटाई पुनः वनको रुपमा विकास गर्न सकिएको अवस्था छ । यसले उपभोक्ताहरुको सहभागितामा अतिक्रमण नियन्त्रण तथा पुरानो अतिक्रमण समेत हटाउन सकिने संभावना देखाएको छ।

वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनले गर्दा वन समूहहरु वन संगठन प्रति सकारात्मक हुँदै गएका छन् । वनको अवस्थामा सुधार हुँदै गएको छ । यस्ता क्रियाकलापहरुले वन प्रशासनले सम्पादन गर्नुपर्ने नियमनको कार्यमा समेत सहज भएको छ । वन प्रशासनको प्रत्यक्ष निगरानीमा वन व्यवस्थापन कार्य हुने भएकोले सुशासन अभिवृद्धिमा समेत योगदान पुगेको छ ।

यसका साथै कार्यभार बढेको हुँदा समयमै कार्य सम्पादन गर्न उचित प्रविधिको प्रयोग अनिवार्य जस्तै देखिएको छ भने यस्ता कार्यका लागि नियमित रुपमा जनशक्तिको क्षमता विकासका काम गर्नुपर्ने आवश्यकता महशुस भएको छ । यसका साथै समूह स्तरमा संचालन गरिने एक दिने सचेतनामूलक कार्यक्रम प्रभावकारी देखिएको छ।

## ४.समस्या तथा चुनौति

### ४.१ कार्ययोजना बमोजिमका सम्पूर्ण वन सम्बर्द्धनका कृयाकलाप कार्यान्वयन नहुनु

समूह (साधारण सभा, लेखापरिक्षण, समिति चयन, विवाद आदि), कार्यशैली (मागको आधारमा गर्नु पर्छ नत्र मैले के गर्ने भन्ने सोच, भ्याइएन त के गर्ने भन्ने सोंच), सहजिकरण गर्ने जनशक्तिको क्षमता, अनविज्ञता (कुन समूहमा के काम गर्नु पर्नेछ भन्ने जानकारी प्राप्त गर्न नसक्नु), स्थलगत अवस्थाको बारेमा कम जानकारी हुनु (अन्य वन व्यवस्थापनका कृयाकलाप कार्यान्वयन गर्न स्थलगत जानकारी आवश्यक पर्ने हुँदा सो कार्यान्वयन कम भएको) र प्राथमिकता (पुनरुत्पादन कटान बाहेक अन्य वन सम्बर्द्धनका कृयाकलाप कार्यान्वयनमा कम महत्व) को कारणले गर्दा कार्ययोजना बमोजिमका सम्पूर्ण वन सम्बर्द्धनका कृयाकलाप कार्यान्वयन हुन सकेको देखिदैन ।

### ४.२ गुणस्तरिय कार्ययोजना निर्माणको सुनिश्चितता

डिभिजन वन कार्यालयले सबै सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना निर्माण गर्न समय नहुने भएकोले यस्ता कार्य सेवा प्रदायकबाट गर्ने गरिएको छ तर नयाँ अनुभव कम भएका वा भर्खरै कलेजबाट निस्किएका जनशक्तिले समेत कार्ययोजना बनाउने गरेकोले कामको गुणस्तर हुन नसकेको देखिन्छ । यसै गरी सेवा प्रदायकको कामको प्रभावकारी अनुगमन हुन नसकेको र सामान्यतया सेवा प्रदायकले जे-जस्तो कार्ययोजना बनाउँछन् त्यही स्विकृत हुने गरेको अवस्था छ । जस्ले गर्दा वन सम्बर्द्धन प्रणाली छनौट तथा वन सम्बर्द्धनका कृयाकलाप (Silviculture Operations) छनौटमा त्रुटि हुने गरेको देखिएको छ । यस्ता कम अनुभव भएका वा प्राविधिकबाट कार्ययोजना तयार गर्दा कहिलेकाँही मापनमा समेत लापर्वाही वा नियतले नै त्रुटि हुने गरेको र असान्दर्भिक कुराहरु समेत कार्ययोजनामा समावेश हुने गरेको पाईएको छ ।

### ४.३ स-साना क्षेत्रफलका धेरै सामुदायिक वन समूहहरु

थोरै क्षेत्रफल रहेका साना सामुदायिक वन उपभोक्ता समुहका वन कार्ययोजना बनाउन कठिनाई भएको र यस्ता वनले सामुदायिक वनको संख्या वढी हुन जाँदा वन कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्न कठिन भएको देखिन्छ । समूहको बजेट तथा कार्यक्रम तयार गर्न सहजिकरण गर्ने र कोषको रकम प्रभावकारी रुपमा उचित तरिकाले खर्च गर्न सहजिकरण र अनुगमन गर्न कठिनाई भएको छ । यस्तै प्रचलित वन ऐन तथा नियमावलीमा भएका व्यवस्था जस्तै बजेट खर्च (४०% वन संरक्षण र व्यवस्थापन, ३०% गरिबी न्युनीकरण, महिला सशक्तिकरण र वन उद्यम र ३०% समुदायको हित सम्बन्धी कार्यक्रममा) प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि सहजिकरण गर्न नसकिएको अवस्था छ । यसका साथै अन्य सामुदायिक वन प्रकृयामा सहजिकरण गर्न समेत कठिनाई भएको छ । स-साना क्षेत्रफलका सामुदायिक वनहरु आर्थिक हिसावले समेत चल्न कठिन भएको अवस्था छ । थुप्रै सामुदायिक वन उपभोक्ता समूहहरु आधारभूत संस्थागत गतिविधि समेत नगरी बर्षौ देखि निष्कृय अवस्थामा रहेका छन् ।

### ४.४ वनपैदावार नापजाँच तथा बिक्री वितरण

परम्परागत रुपले गोलिया काठ नापी कटान रजिष्टर, घाटगद्दी रजिष्टर र लिलामको लागि लट रजिष्टर तयार गरी वनपैदावार बिक्री वितरण गर्न निकै नै समय लाग्ने भएकोले समयमै नापजाँच र बिक्री सहमति दिन नसक्दा काठदाउराको गुणस्तरमा ह्रास आई बिक्रीमा समस्या आउने गरेको पाइएको छ । अघिल्लो आर्थिक वर्षमा कटान भई उत्पादन भएको वनपैदावार (काठ दाउरा) को लगत भदौ असोज सम्म पनि नआउने अवस्था छ । वनपैदावार लिलामको सूचना प्रकाशन भएको अर्को दिन भित्र सम्वन्धित कार्यालय, निर्देशनालय र मन्त्रालयको वेभसाईटमा अपलोड गर्नु पर्ने व्यवस्था अव्यवहारिक रहेको देखिन्छ । अहिलेको कागजी टेण्डर फाराम बेच्ने र खामबन्दी टेण्डर फाराम दाखिला गर्ने वन पैदावार लिलाम बिक्री प्रकृया निकै नै झन्झटिलो, बोझिलो र विवादित हुदै गएकोले विकल्प खोज्नुपर्ने अवस्था छ ।

### ४.५ तथ्यांक व्यवस्थापन

हालसम्ममा पनि आधुनिक तथ्यांक व्यवस्थापन प्रणाली नरहेको र तथ्यांक व्यवस्थापन प्रणाली नभएकोले हरेक पटक तथ्याँक चाहिदा खोज्नु पर्ने भएकोले झन्झटिलो भएको छ । हरेक पटक तथ्यांक प्रतिवेदन तयार गर्दा फरक पर्ने गरेको (Data inconsistency) पाईएको छ । तथ्यांकको लागि कागजी फाईलिङमा भर पर्नुपर्ने भएकोले कागज गलत स्थानमा राखिन गई (misplace) समस्या आउने गरेको छ । तथ्यांक खोज्ने कुरा व्यक्तिगत जानकारीमा भरपर्ने हुँदा कर्मचारी सरुवा भई नयाँ आउँदा केहि थाहा नहुने र केहि नभेटिने जटिल समस्या देखिएको छ ।

### ४.६ सक्षम कार्य वातावरण

अझैपनि समय समयमा वन व्यवस्थापन गर्दा फडानी भयो भनी बिवाद आउने गरेको छ । वन व्यवस्थापन सम्बन्धी कम बुझाई र व्यक्तिगत चासोलाई लिएर वन व्यवस्थापनको क्रममा हुने कटानीलाई वन फँडानी भयो भनी अफवाह फैलाउने गरिएको पाईएको छ । कानुन बमोजिम गर्नु पर्ने र गरिएको कामलाई उपभोक्ताको चाहना बिपरित जबर्जस्ती गरिएको भनी अफवाह फैलाउने पनि गरिएको पाईन्छ। उजुरी तथा मुद्दा मामिलाको त्रासले कुनै कुनै समूहले वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन नगर्ने भनी निर्णय समेत गरेका छन् ।

## ५. आगामी कार्यदिशा

### ५.१ कार्ययोजना बमोजिमका सम्पूर्ण वन सम्बर्द्धनका कृयाकलाप कार्यान्वयन गर्दै जाने

कार्ययोजना बमोजिमका सम्पूर्ण वन सम्बर्द्धनका कृयाकलाप कार्यान्वयन गर्नको लागि हरेक समूहको कार्ययोजना बमोजिमका गर्नु पर्ने वन सम्बर्द्धनका कृयाकलाप र कार्यान्वयन भएका वन सम्बर्द्धनका कृयाकलाप देखिने गरी समूह तथा सव-डिभिजनमा रजिष्टर राख्न आवश्यक छ । यसले कुन वर्ष कुन-कुन समूहमा के-के वन सम्बर्द्धनका कृयाकलापहरु कार्यान्वयन गर्नु पर्नेछ भन्ने जानकारी प्रदान गरी कार्यान्वयनमा सहजिकरण गर्न टेवा पुग्दछ । यसका साथै समूह तथा वन कर्मचारीहरुलाई समय समयमा अभिमुखिकरण गर्नु आवश्यक छ । कार्ययोजना मन लागे जति कार्यान्वयन गर्ने नभई अनिवार्य रुपमा पूर्ण कार्यान्वयन गर्नु पर्ने बिषय हो भन्ने सचेतना समूह तथा वन कर्मचारीमा जागरण गर्न पर्नेछ । यसका साथै वन कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम पनि नियमित रुपमा सञ्चालन गर्न जरुरी छ ।कार्ययोजना कार्यान्वयन सहजिकरणको कार्ययोजना (Action plan) हरेक सब-डिभिजनले तयार गरी सो बमोजिम सहजीकरण गर्दा कार्ययोजना कार्यान्वयनको सुनिश्चितता बढाउन सकिन्छ । कार्ययोजना कार्यान्वयनको विषय अनुगमन गर्ने निकायले उपलव्धीको रुपमा लिई विश्लेषण गर्ने अभ्यास गर्ने हो भने कार्ययोजना कार्यान्वयनको लागि उत्प्रेरणा मिल्ने देखिन्छ ।

**५.२ स-साना क्षेत्रफलका धेरै सामुदायिक वन समूहहरु रहेकोले यस्ता साना साना समूहहरुलाई एकत्रित गराएर वा मिलाएर** एउटा सामुदायिक वन बनाउने।कार्ययोजना नविकरण गर्दा यस कुरालाई ध्यान दिइयो भने दुई वा दुई भन्दा बढी समूह गाभी एउटा समूह बनाउन सकिन्छ । स-साना सामुदायिक वनहरु नियमन, वन व्यवस्थापन आदिका हिसावले मात्र हैन आर्थिक हिसावले समेत समस्या हुने हुँदा अर्को समूहमा गाभ्ने (Merge) एउटा उत्तम बिकल्प हो ।

**५.३ वनपैदावार नापजाँच तथा बिक्री वितरणको** लागि प्रविधिको प्रयोग गर्ने,रुख छपान तथा कटानको लगत (छपान विवरण र गोलिया काठको विवरण) काम भएकै स्थानमा सबै नापपैमाईस गरी मुढामा लेख्ने कार्यका साथै कम्प्युटरमा डाटा इन्ट्री गर्ने काम त्यही सम्पन्न गर्ने, ठुलाठुला मुढाको हकमा बीच भागमा गोलाई नाप्न ४-५ जना मान्छेले मुढा पल्टाई नाप्ने टेप छिराउनु पर्ने हुँदा यो कुरा त्यति व्यवहारिक तथा छरितो नभएकोले

गोलाई नाप्ने बैकल्पिक तरिका खोज्ने, खडा रुख लिलाम गर्ने नीति अवलँवन गर्ने र वन पैदावार संकलन तथा बिक्रीबितरणको लागि बिद्युतिय प्रणाली (E-bidding) लागू गर्नु पर्ने देखिन्छ । हाल संघीय वन नियमावलीमा वन पैदावारको लिलाम बिक्रीको सूचना, सूचना प्रकाशन भएको भोलीपल्टसम्म सम्बन्धित कार्यालय, वन निर्देशनालय र मन्त्रालयको वेभसाईटमा अपलोड गर्नु पर्ने व्यवस्था अव्यवहारिक भएकोले यसलाई ७ दिन भित्र गर्नु पर्ने गरी नियमावली संशोधन गर्नु अति जरुरी छ ।

**५.४ तथ्यांक व्यवस्थापनको लागि** डिजिटल डाटाबेश प्रणाली लागू गर्ने, सो नहुँदासम्म एकरुप फाईलिङ प्रणाली विकास गर्ने, यसको लागि फाईलिङ कोड तयार गर्ने र यस संवन्धी वन कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम गर्ने ।

**५.५ उपयुक्त कार्य वातावरण (Enabling Environment)** सृजना गर्न डिभिजन वन कार्यालयहरुले गरेका कामहरुको मन्त्रालय तथा निर्देशनालयबाट गरिने अनुगमन अझै बढाई स्थलगत रुपमा भएगरेका कामहरुको बारेमा अध्यावधिक रहने र संस्थागत सुदृढीकरणमा जोड दिने, नियमित रुपमा अन्तरक्षेत्र संवाद, अनुगमन/अवलोकन भ्रमण, सञ्चारक्षेत्र संवाद, राजनैतिक तहमा संवाद जस्ता कार्यक्रमहरु गर्ने । वन क्षेत्रसँग सम्बन्धित कुनै सवाल उठेमा तत्काल ती सवालहरुको बारेमा सम्वन्धित सबैबाट निरुपण तथा स्पष्ट पार्ने ।

## ६. संस्थागत आधारस्तम्भ (Institutional Milestones)

### पहिलेनै स्थापित गरिएका आधारस्तम्भहरु (Institutional milestones already established)

समुदायमा आधारित वन व्यवस्थापन र वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पहिला नै स्थापित महत्वपूर्ण संस्थागत आधार स्तम्भहरु (Institutional Milestones) हुन् । यी आधारस्तम्भहरुलाई थप सुदृढ गर्दै जानुपर्ने आवश्यकता छ ।

### अव स्थापना गर्नु पर्ने आधारस्तम्भहरु (Institutional milestones that need to be established now)

माथि उल्लेखित दुई संस्थागत आधारस्तम्भ बाहेक अव निम्न पाँच वटा आधारस्तम्भ खडा गर्नुपर्ने देखिन्छ । यी आधारस्तम्भहरु खडा गर्न सकिएमा दिर्घकालिन रुपमा वन क्षेत्रको संस्थागत कार्यसम्पादनमा ठूलो सकारात्मक परिवर्तन आउने छ ।

- डिभिजनल वन अधिकृतहरुलाई संघको दरबन्दीमा राख्नु पर्ने र फरक सोचका साथ संघीय संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) तयार गर्ने,
- नेपाल वन परिषद गठन (Establishment of Nepal Forestry Council) गर्ने,
- वनपैदावार बिक्री बितरणमा विद्युतिय (e-bidding) प्रणाली लागू गर्ने,
- तथ्यांक व्यवस्थापनका लागि डिजिटल डाटाबेश (Digital online database) तयार गरी लागू गर्ने र प्रविधिको प्रयोगमा प्राथमिकता दिने- खास गरी वन संरक्षण (वन डढेलो अनुगमन, वन अतिक्रमण, चोरी निकासी, चोरी शिकारी आदि), वन सर्भेक्षण तथा वन पैदावार मापन, वन स्रोत सर्वेक्षण र विश्लेषण आदिलाई प्रविधि मैत्री वनाउँदै जाने ।

# लुम्विनी प्रदेशमा साझेदारी वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन र काठ दाउराको सदुपयोगः हालसम्मको सिकाई, समस्या, चुनौती र भावी कार्यदिशा

*इश्वरी प्रसाद पौडेल [1], सन्त वहादुर थीङ [2]*

## पृष्ठभूमी

नेपालमा सन् २०२४ को सरकारी तथ्यांक अनुसार देशको कुल भू-भागको ४६.०७ प्रतिशत (करिव ६६ लाख हेक्टर) वनक्षेत्र रहेको छ, जसमध्ये ४८ प्रतिशत भन्दा बढी वनक्षेत्र देशभर रहेका ३१ हजार भन्दा बढी वन समुह/समितिहरुले व्यवस्थापन गरिरहेका छन् । यो वनक्षेत्रलाई खासगरी सरकारद्वारा व्यवस्थित वन र समुदायमा आधारित व्यवस्थित वनको रुपमा संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन हुँदै आएको छ । समुदायमा आधारित वन व्यवस्थापनमा सामुदायिक वन (२३००० भन्दा वढी साना ठूला सामुदायिक वन उपभोक्ता समुहहरु, कूल वनक्षेत्र मध्ये ३५ प्रतिशत भन्दा बढी) को उल्लेख्य योगदान छ, ३३ वटा साझेदारी वन उपभोक्ता समुह र ७६०७ भन्दा बढी कवुलियती वन (गरिबीको रेखामूनिका लागि), १० भन्दा बढी वन संरक्षण समुह र १७९ भन्दा बढी धार्मिक वनहरु रहेका छन् । संरक्षित क्षेत्र संजाल (Protected Areas and Buffer zones), चक्ला वन र सरकारद्वारा संरक्षित राष्ट्रिय वन पनि जैविक विविधता र वन्यजन्तु संरक्षणमा महत्वपूर्ण रहेका छन् । देश संघीयतामा गएपछि संरक्षित क्षेत्रहरु मुख्य रुपमा संघीय सरकार र प्रदेश भित्रको राष्ट्रिय वन प्रदेश सरकारको एकल अधिकारमा रहेको देखिन्छ । वन स्रोतको उपलव्धता र व्यवस्थापनमा लुम्विनी प्रदेश देशकै अग्रणी स्थानमा रहेको छ । यहाँको कुल १९,१९,४१७ हे.भू-भाग मध्ये १०,९४,४७७ हे. वनक्षेत्रले ढाकेको छ । वर्दिया र बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र र ढोरपाटन शिकार आरक्षले करिव १९ प्रतिशत (१८५१०२ हेक्टर) क्षेत्र समेट्दछन् । खासगरी तराई मधेशका नवलपरासी, रुपन्देही, कपिलवस्तु र वांके जिल्लाका दक्षिणी भेगका ९ वटा स्थानीय तहमा राष्ट्रिय वनक्षेत्र शुन्य देखिन्छ, भने १००० हेक्टर भन्दा कम वनक्षेत्र भएका स्थानीय तह १८ वटा रहेका छन् । यसरी वनक्षेत्र भन्दा टाढा रहेका जनताहरु माझ वन पैदावरको पहुँच पुर्याउने एकमात्र व्यवस्थापन प्रणाली साझेदारी वन व्यवस्थापन भएको हुँदा प्रस्तुत आलेखमा लुम्विनी प्रदेशमा साझेदारी वनको व्यवस्थापनको सेरोफेरोमा केन्द्रित रहेर विवेचना गर्न खोजिएको छ ।

---

[1] सि.डि.व.अ, कपिलवस्तु (कपिलवस्तु)

[2] व.व.अ., कपिलवस्तु (कपिलवस्तु)

## साझेदारी वनको कानूनी आधार तथा व्यवस्थाहरु

नेपालमा वन ऐन २०१९ पछि २०३० को दशकतिर खासगरी मध्ये पहाडवाट समुदायमा आधारित वन व्यवस्थापनको शुरुवात भएपनि वन ऐन २०४९ र वन नियमावली २०५१ ले सामुदायिक वनलाई संस्थागत गरेपनि खासगरी तराई मधेशमा भएका चक्ला वनहरुको दिगो व्यवस्थापनलाई सम्बोधन गर्न नसकिएको देखिन्छ । बढ्दो वसाई सराई, वन अतिक्रमणको चरम अवस्थाले तराई मधेशको वनको संरक्षणमा जटिलता देखिएको र वनक्षेत्र भन्दा टाढा रहेका (Distance Users) तराईका आदिवासी थारु, मधेशी लगायतको समुदायलाई वन स्रोतमा पहुंच स्थापना गर्न तत्कालीन वन नीति २०५७ (Forest policy, 2000) महत्वपूर्ण कोशेढुंगा साावित भएको छ । यसै नीति अनुरुप वन नियमावली २०५१ संशोधन भई वन (दोस्रो संशोधन) नियमावली, २०५९ ले साझेदारी वनलाई कानूनी मान्यता दियो । साथै वनक्षेत्रको पहुँच भन्दा टाढा रहेका उपभोक्तालाई वनको संरक्षण, सम्वर्द्धन तथा वन पैदावरको उपयोगमा पहुंच पुराउने मुख्य उद्धेश्यले जिल्ला वनक्षेत्र समन्वय समिति २०६३ (परिमार्जित २०६८) मार्फत शुरुमा जैविक विविधता क्षेत्रगत कार्यक्रम शिवालिक तराई (BISEP-ST) को आर्थिक र प्राविधिक सहयोगमा तराई मधेशका वारा, पर्सा, रौतहट, धनुषा लगायतका जिल्लावाट शुरुवात भै हाल कोशी प्रदेशको मोरङ, मधेश प्रदेशका प्रायः सवै जिल्लाहरु (सिराहा र सप्तरी बाहेक), लुम्विनी प्रदेशको नवलपरासी, रुपन्देही, कपिलवस्तु र सुदुर पश्चिम प्रदेशको कैलाली गरी कूल जम्मा ३३ वटा साझेदारी वनहरु व्यवस्थापन भैरहेका छन् । साविकको वन ऐन २०४९ (परिमार्जन समेत), हालको संघीय वन ऐन २०७६ को परिच्छेद ६ को दफा २३, वन नियमावली २०७९ को परिच्छेद ७ को नियम ५६ मा साझेदारी वन व्यवस्थापनको कानूनी आधार उल्लेख गरिएको छ । त्यसै गरी लुम्विनी प्रदेशको वन ऐन २०७८ को परिच्छेद ५ को दफा १६ तथा प्रदेश वन नियमावली २०७९ को परिच्छेद ५ को नियम ११ मा समेत साझेदारी वनको व्यवस्थापन सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था रहेको छ ।


साझेदारी वन व्यवस्थापनको शरुवाती चरणमा आम्दानी बाँडफाँटमा तीन वटा साझेदारहरु (व्यवस्थापन समिति, नेपाल सरकार र स्थानीय निकाय) वीच ५०, ४० र १० प्रतिशत हिस्सा (विशेष गरी काठ, दाउरा) कायम गरिएकोमा वन नियमावली, २०७९ को नियम ६४ को उपनियम (१) र उपनियम (२) बमोजिम साझेदारी वनबाट उत्पादित वन पैदावारमध्ये काठ, दाउराको हकमा ७० प्रतिशत साझेदारी वन उपभोक्ता समुहको र बाँकी ३० प्रतिशत सरकारको हुने व्यवस्था रहेको छ भने काठ दाउरा बाहेकका सम्पूर्ण वन पैदावार (बल्लाबल्ली, जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार) समुहको हुने व्यवस्था रहेको छ । लुम्विनी प्रदेशको वन ऐन, २०७८ को दफा १९ को उप-दफा (१) बमोजिम साझेदारी वनबाट उत्पादित काठ दाउराको हकमा सबै गुणस्तर (ग्रेडिङ्ग) को आधारमा ५० प्रतिशत प्रदेश सरकारको र ५० प्रतिशत साझेदारी वन उपभोक्ता समुहको हुने व्यवस्था छ भने लुम्बिनी प्रदेश वन नियमावली, २०७९ को नियम १८ को उपनियम (१)

बमोजिम साझेदारी वनबाट उत्पादित गैहृकाष्ठ वन पैदावारको बाँडफाँट ४० प्रतिशत साझेदारी वन उपभोक्ता समुहको र ६० प्रतिशत प्रदेश सरकारको हुने व्यवस्था रहेको छ । समुहको कोष परिचालनको सन्दर्भमा पनि संघीय र प्रदेश वन ऐन तथा नियमावलीमा एकरुपता भएको देखिँदैन । वन नियमावली, २०७९ बमोजिम समुहको कोषको खाता अध्यक्ष र साझेदारी वन व्यवस्थापन समितिको सदस्य मध्येबाट सो समितिले छनौट गरेको व्यक्तिको संयुक्त दस्तखतबाट सन्चालन हुन्छ भने प्रदेश वन नियमावली, २०७९ अनुसार डिभिजन वन कार्यालयको प्रमूख र समुहको अध्यक्षको संयुक्त दस्तखतबाट सन्चालन हुने व्यवस्था रहेको छ । साथै समुहको कोषको रकम खर्च गर्दा उपभोक्ता समुहलाई प्राप्त हुने वन पैदावार विक्रिवितरणबाट प्राप्त रकम मध्ये कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा प्रदेश वन ऐन अनुसार उपभोक्ता समुहलाई प्राप्त हुने वन पैदावार विक्रिवितरणबाट प्राप्त रकम मध्ये कम्तीमा ५० प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्ने प्रावधान रहेको छ । स्वीकृत गरेको कार्यक्रम र योजनामा मात्र खर्च गर्नु पर्ने र त्यसरी गर्दा डिभिजन वन कार्यालयबाट कार्यक्रम स्वीकृत गराएर मात्र गर्नुपर्ने व्यवस्था रहेको छ ।


**साझेदारी वन सम्वन्धि अन्य विवरणहरु**

वन तथा भू-संरक्षण विभागको पछिल्लो तथ्यांक अनुसार देशभरिमा कुल ३३ वटा साझेदारी वन (८३,३५९ हे.) रहेकोमा लुम्विनी प्रदेशमा ८ वटा साझेदारी वनहरु रहेका छन्, जसको कुल क्षेत्रफल २१७४७.१२ हेक्टर रहेको देखिन्छ, यद्यपी वन व्यवस्थापन कार्ययोजना नवीकरण गर्दाको वखत कुनै वनक्षेत्रको क्षेक्रफल केही घटवढ हुन सक्दछ । सवै भन्दा वढी साझेदारी वन मधेश प्रदेशमा पर्ने त्यसपछि क्रमशः लुम्विनी, कोशी, सुदूरपश्चिम र गण्डकी प्रदेश रहेको छ भने कर्णाली प्रदेशमा साझेदारी समुह शून्य रहेको छ । वन व्यवस्थापन पद्धति (Forest Management Regime) अनुसार लुम्बिनी प्रदेशमा रहेका सामुदायिक वन उपभोक्ता समुहहरु (४००० भन्दा वढी) को तुलनामा साझेदारी वनको संख्या ८ वटा (०.२ प्रतिशत) मात्र भएतापनि क्षेत्रफलको हिसावले (सा.व.को क्षेत्रफल ४४२२४९ हेक्टर) साझेदारी वनको क्षेत्र ५.०५ प्रतिशत (साझेदारी वनको क्षेत्रफल २१७४७.१२ हे.) रहेको छ ।


देशभरीमा करिव ८ लाख घरधुरीका ४० लाख भन्दा वढी जनसंख्या साझेदारी वनको पहुँच बाहिर रहेको देखिन्छ । लुम्विनी प्रदेशको हकमा साझेदारी वनको संख्या तथा प्रदेशगत विवरण तलको चित्रमा देखाइएको छ ।




*चित्र नं.१: साझेदारी वनको प्रदेशगत संख्या*




*चित्र नं.२: साझेदारी वनको प्रदेशगत क्षेत्रफल (हे.)*




*चित्र नं.३: लुम्बिनी प्रदेशको साझेदारी वनको क्षेत्रफल (हे.)*

**वन सम्वर्द्धन प्रणाली तथा साझेदारी वनको सम्बन्ध**

बढ्दो वन पैदावारको माग आपूर्ति गर्न, वनको हैसियतमा सुधार गरी वनको उत्पादकत्व र उत्पादन वृद्धि गर्न वनबाट उचित वातावरणीय लाभ प्राप्त गर्न, उल्लेख्य रोजगारी सिर्जना गर्न, स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा वनक्षेत्रको योगदान उल्लेखनीय रूपमा बढाई राष्ट्रिय समृद्धिमा योगदान गर्न र वनक्षेत्रको सुशासन अभिवृद्धि गर्न दिगो वन व्यवस्थापन अपरिहार्य छ । दिगो वन व्यवस्थापनको मुख्य आधार भनेको वन सम्वर्द्धन प्रणाली अवलम्बन गर्नु हो । नेपालको वनक्षेत्रको सही ढंगबाट व्यवस्थापन गर्न सकेमा जनताको काठ-दाउराको माग सम्बोधन हुने मात्र होइन यसले वनको उत्पादकत्व र उत्पादन बढाउन अहम् भूमिका खेल्नेमा दुईमत हुन सक्दैन । समयसापेक्ष ऐन-नियम, दक्ष प्राविधिक जनशक्ति तथा तल्लो स्तरसम्मको वन संगठन संरचना र सहभागितामूलक वन विकास कार्यक्रममा ठूलो सफलताका बाबजुद वनको दिगो व्यवस्थापन गर्न आशातीत सफलता प्राप्त हुन सकेन । खासगरी लामो प्रक्रियागत पद्धति, वनक्षेत्रमा अनावश्यक राजनीतिक हस्तक्षेप, समयानुकूलको प्रविधि भित्र्याउन नसक्नु र वन सम्वर्द्धन प्रणालीमा आधारित भएर वन व्यवस्थापन कार्ययोजना तयारी र कार्यान्वयन नहुनुजस्ता कारणले वन संगठनले आशातीत सफलता प्राप्त गर्न सकेन । यसले एकातिर वार्षिक स्वीकार्य कटान निर्धारण गर्दा वनस्रोतको यथार्थमा आधारित नहुनु, कुनै एकाध घटनामा वार्षिक स्वीकार्य कटानभन्दा बढी परिमाण काठ-दाउरा उत्पादन भएकोमा वन कर्मचारी र उपभोक्ता समूहका पदाधिकारीले मुद्दा र कारबाहीको सामना गरिरहनुपर्ने, कहिले छानबिनका नाममा वर्षौंसम्म काठ कटान ओसारपसार रोक्का हुनुजस्ता घटनाले बितेका केही वर्ष वनक्षेत्रका लागि अप्रिय समय रह्यो । वन विज्ञान अध्ययन गरेका प्राविधिक कर्मचारीले आफूले सिकेको प्राविधिक विषयमा भन्दा बढी प्रशासनिक र वनक्षेत्र बाहेकका काममा व्यस्त रहनुपर्ने लगायतका समस्या समेतलाई ध्यानमा राखी आ.व. ०६६/०६७ मा तत्कालीन जिल्ला वन कार्यालय कपिलवस्तुमा कार्यरत सहायक वन अधिकृत विजयराज सुवेदी तथा सो साझेदारी वनका संयोजक जय प्रकाश पाण्डे समेतको टिमबाट तिलौराकोट साझेदारी वनको वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयार गरी वन विभागवाट स्वीकृत गराई कार्यान्वयनमा ल्याएको देखिन्छ ।

साविक वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ (हाल खारेज भैसकेको) अनुसार प्रमुख वन सम्वर्द्धन प्रणाली ३ वटा छन्: १) सरपट कटान प्रणाली, २) सेल्टरउड प्रणाली र ३) छनोट प्रणाली । अतिक्रमित वनक्षेत्र वा खाली स्थानमा वन सिर्जना गरी व्यवस्थापन गर्न सरपटकटान प्रणाली उपयुक्त हुन्छ भने प्राकृतिक वनको व्यवस्थापनका लागि सेल्टरउड प्रणाली उपयुक्त हुन्छ । छनोट प्रणालीले संरक्षणलाई जोड दिने भए पनि व्यवहारमा लागू गर्न कठिन छ । यो प्रणाली नेपालको परिप्रेक्ष्यमा उपयुक्त (विवाद रहित) इल्डरेगुलेसन विधि तथा वन सम्वर्द्धनका क्रियाकलाप कार्यान्वयन गर्ने खाका नरहेको र यसमा अनुभवसमेत कम नरहेको हुँदा व्यवहारमा ल्याउन कठिन देखिएको छ । साथै सेल्टरउड प्रणाली अवलम्बन गर्दा सरल पनि हुने र छनोट

प्रणालीका फाइदासमेत पाइने हुँदा प्राकृतिक वनमा सेल्टरउड प्रणाली नै उपयुक्त हुने देखिन्छ । यद्यपि छनोट प्रणाली हुँदै नहुने भन्ने होइन । नेपालको सबै व्यवस्थापन पद्धतिमा रहेका वनलाई वन सम्वर्द्धन प्रणालीमा आधारित रहेर व्यवस्थापन गर्दै जानु अपरिहार्य भइसकेको छ । यसै यर्थाथतालाई आत्मसात गर्दै लुम्विनी प्रदेश सरकारले वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यस्थापन मापदण्ड २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ र प्रदेश भरका साझेदारी वनहरुमा समेत सोही मापदण्ड अनुसार वन व्यवस्थापन क्रियाकलाप संचालन भैरहेका छन् ।

**साझेदारी वन व्यवस्थापन र वन सम्वर्द्धनका क्रियाकलापहरु**

वन स्रोतको उचित व्यवस्थापन अन्तरगत वनमा संचालित क्रियाकलापहरु जस्तै पुनरुत्पादन कटान, पुनरुत्पादन तयारी कटान, थिनिङ तथा सुधार कटान, अग्निरेखा मर्मत तथा संभार, ढलापडा रुख संकलन जस्ता क्रियाकलापहरु व्यवस्थित रुपमा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार संचालन गर्नुपर्ने हुन्छ । त्यस वाहेक समग्र वनक्षेत्र व्यवस्थापन अन्तरगत खोलाखोल्सी व्यवस्थापन, घाटगद्धी व्यवस्थापन, खालीक्षेत्रमा वृक्षारोपण, पानी मुहान तथा सिमसार संरक्षण र व्यवस्थापन, भूक्षय नियन्त्रण, वन्यजन्तु कोरिडोर र कनेक्टीभिटी, मानव वन्यजन्तु सहअस्तित्व कायम, वन संरक्षणका कार्यहरु जस्तै अतिक्रमण र चोरी निकासी नियन्त्रण, वन डढेलो नियन्त्रण लगायतका क्रिकयाकलापहरु, पर्यापर्यटन अभिवृद्धि लगायतका क्रियालापहरु समेत संगसंगै संचालन गर्नुपर्ने हुन्छ । त्यसैगरी सामाजिक विकास र संस्थागत क्षमता विकास समेत उतिकै विचारणीय हुन्छन् ।

लुम्विनी प्रदेशमा सवै भन्दा पहिला आर्थिक वर्ष २०६७।०६८ मा तिलौराकोट, गौतमवुद्ध र लुम्विनी साझेदारी वनहरुको वन व्यवस्थापन कार्ययोजना साविक वन विभागवाट स्वीकृत भै हस्तान्तरण भएका र पछिल्लो पटक आर्थिक वर्ष २०७३।०७४ मा शिवराज तथा देवदह साझेदारी वनहरुको कार्ययोजना स्वीकृत भएको देखिन्छ । तिलौराकोट साझेदारी वनमा पहिलो पटक वन सम्वर्द्धन प्रणालीमा आधारित रही कार्ययोजना कार्यान्वयन भएको र यसको शिकाईवाट क्रमश अन्य वनहरुमा वन सम्वर्द्धन क्रियाकलापहरु संचालन गरिएको कुरा काम शुरुवात गर्ने तत्कालीन सहायक वन अधिकृत (वन विज्ञ) विजय राज सुवेदी द्वारा प्रकाशित लेख रचना र प्रस्तुतीकरणवाट छर्लङ हुन्छ । खासगरी इरेगुलर छत्र प्रणाली (Irregular Shelterwood System) अपनाइएको सवै वनहरुको वाली चक्र ८० वर्ष (गौतमवुद्ध र कपिलवस्तुको हकमा शुरुमा १०० वर्ष र नवीकरणमा ८० वर्ष), पुनरुत्पादन अवधि १० वर्ष रहेको र पहिलो चरणको १० वर्षे कार्ययोजनाको अवधि समाप्त भै सवै वनहरुको थप १० वर्षको लागी व्यवस्थापन कार्ययोजना नवीकरण भै सकेको देखिन्छ (तालिका नं १) ।

साझेदारी वनहरुमा वन सम्वर्द्धन प्रणाली कार्यान्वयनको क्रममा व्लक, कम्पार्टमेन्ट तथा सव कम्पार्टमेन्ट छुट्टाउन अग्नि रेखा तथा पहुंच सडक निर्माण गर्नु आवश्यक हुन्छ । खासगरी व्लक र कम्पार्टमेन्ट छुट्टाउन


संभव भएसम्म दुवै तर्फ ५०/५० से.मी. का नाली सहित ६ मिटर (वीचमा ५ मी.) को अग्नीरेखा, पहुँच सडक वनाउने र सव कम्पार्टमेन्ट छुट्टाउन ३ मिटरको अग्निरेखा निर्माण गरिने हुँदा वन संरक्षण र वन पैदावर संकलन तथा ढुवानीमा सहज हुन्छ । पहिलो चरणको १० वर्षे कार्ययोजनाको अवधिमा अग्निरेखा निर्माणको कार्य तिलौराकोट, लुम्विनी तथा देवदह साझेदारी वनहरुमा सन्तोषजनक देखिन्छ भने अन्य साझेदारी वनहरुमा अपेक्षाकृत कम प्रगति भएको देखियो ।

*तालिका नं. १: लुम्विनी प्रदेशका साझेदारी वनमा वन सम्वर्द्धन प्रणालीको अवस्था*

| क.सं. | साझेदारी वनको नाम | हस्तान्तरण वर्ष | पुनरावलोकन वर्ष | क्षेत्रफल हे. | वालीचक्र (वर्ष) | पुनरुत्पादन अवधि | वन सम्वर्धन प्रणाली | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | तिलौराकोट | २०६७/०६८ | २०७९/०८० | ६६१२.६२ | ८० | १० | छत्र | |
| २ | गौतमबुद्ध | २०६७/०६८ | २०८०/०८१ | ३५७२.५१० | ८० | १० | छत्र | पहिले १०० |
| ३ | कपिलवस्तु | २०६८/०६९ | २०८१/०८२ | ५०३४.७१० | ८० | १० | छत्र | पहिले १०० |
| ४ | मायादेवी | २०७०/०७१ | २०८०/०८१ | १७१९.२६ | ८० | १० | छत्र | |
| ५ | शिवराज | २०७३/०७४ | २०८०/०८१ | १५०९.५०० | ८० | १० | छत्र | |
| ६ | लुम्बिनी | २०६७/०६८ | २०८१/०८२ | १३३०.१०० | ८० | १० | छत्र | |
| ७ | देवदह | २०७३/०७४ | २०७९/०८० | ७६४.२४० | ८० | १० | छत्र | |
| ८ | बुद्धशान्ति | २०७१/०७२ | २०८०/०८१ | १२०४.१०० | ८० | १० | छत्र | |
| | जम्मा | | | २१,७४२.१२ | | | | |

*तालिका नं. २: लुम्विनी प्रदेशका साझेदारी वनमा निर्माण भएका/हुन बाँकी अग्निरेखाको अवस्था*

| सि.नं. | समुहको नाम | निर्माण भएको फायरलाईन | | निर्माण हुन बाँकी | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | लम्बाई | संख्या | लम्बाई | संख्या | लम्बाई | |
| १ | तिलौराकोट साझेदारी वन | ७२.०० | १४३.३४ | ७३.०० | ६६.५० | १४५.०० | २०९.८४ | उत्तरी ब्लकः ८ र दक्षिणी व्लकः ६५ |
| २ | मायादेवी साझेदारी वन | ६.०० | ५.०६ | ११.०० | ११.४० | १७.०० | १६.४६ | पटना व्लकः ११ |
| ३ | बुद्ध शान्ति साझेदारी वन | २.०० | ९.५० | ७.०० | २०.१० | ९.०० | २९.६० | |
| ४ | देवदह साझेदारी वन | २.०० | २.५० | २.०० | १.४५ | ४.०० | ३.९५ | |
| ५ | कपिलवस्तु साझेदारी वन | १.०० | ११.७५ | १४.०० | ३७.५६ | १५.०० | ४९.३१ | |
| ६ | गौतमबुद्ध साझेदारी वन | २.०० | ६.९२ | ५१.०० | ४८.७६ | ५३.०० | ५५.६८ | |
| ७ | शिवराज साझेदारी वन | २.०० | ४.५० | ६.०० | १३.५० | ८.०० | १८.०० | |
| ८ | लुम्बिनी साझेदारी वन | ७.०० | १५.४८ | ३.०० | ५.१६ | १०.०० | २०.६४ | |
| | जम्मा | ९४.०० | १९९.०५ | १६७.०० | २०४.४३ | २६१.०० | ४०३.४८ | |






*चित्र नं. ४: साझेदारी वनहरुमा अग्निरेखा निर्माणको अवस्था*

### वन संरक्षण तथा प्रत्यक्ष रोजगारी

साझेदारी वन व्यवस्थापन मार्फत काठ दाउरा उत्पादन तथा बिक्री वितरण, अग्निरेखा निर्माण तथा मर्मत, पुनरुत्पादन अभिवृद्धि, कार्यालय संचालन, सवारी साधन संचालन लगायतका कामहरुमा उल्लेख्य मात्रामा प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सृजना भएको देखिन्छ । सबै साझेदारी वन समितिको कार्यालय संचालन गर्न व्यवस्थापक, लेखापाल, कार्यालय सहयोगी, हलुका सवारी चालक, नियमित वन हेरालु, सिजनल अग्नि हेरालु तथा तिलौराकोट साझेदारी वनको आफनै स:मिल समेत भएकोले थप दक्ष/अदक्ष कर्मचारी खटाइएको हुँदा वन संरक्षण, गस्ती परिचालन, आगलागी तथा चोरी निकासी नियन्त्रणमा विगतको तुलनामा निकै सहज भएको प्रत्यक्ष रुपमा देखिएको छ । त्यसै गरी संरक्षण पोखरी निर्माण, भू-क्षय नियन्त्रण तथा सामाजिक विकास तथा शसक्तिकरण लगायतका क्रियाकलापहरुवाट समेत थप प्रत्यक्ष रोजगारी सृजना भएको छ । कुल ८१ नियमित तथा सिजनल वन हेरालु कार्यरत रहेकोमा महिलाको संख्या भने ५ प्रतिशत भन्दा कमै रहेको देखियो । तसर्थ लैंङ्गिक तथा सामाजिक समावेशिकरणमा थप जोड दिनुपर्ने देखिन्छ ।

| सि.नं. | साझेदारी वनको नाम | महिला | पुरुष | जम्मा वन हेरालु/अग्नि हेरालु संख्या |
|---|---|---|---|---|
| १ | बुद्ध शान्ति | १ | ५ | ६ |
| २ | देवदह | १ | ३ | ४ |
| ३ | लुम्बिनी | ० | ६ | ६ |
| ४ | मायादेवी | ० | १७ | १७ |
| ५ | तिलौराकोट | ० | ३० | ३० |
| ६ | कपिलवस्तु | ० | ० | ० |
| ७ | गौतमबुद्ध | ० | ९ | ९ |
| ८ | शिवराज | २ | ७ | ९ |
| जम्मा | | ४ | ७७ | ८१ |








*चित्र नं. ५: साझेदारी वनमा वन हेरालुको संख्या*


## वन पैदावर (काठ दाउरा) उत्पादन तथा बिक्री वितरण

साझेदारी वनको रुपमा हस्तान्तरण हुनु अघि यी वनक्षेत्रहरु सरकारद्वारा व्यवस्थित वनको रुपमा संरक्षण हुदैं आइरहेको भएतापनि वन सम्वर्द्धन प्रणाली लागू नभएका कारण ढलापडा रुखहरु मात्र संकलन हुने कारणले काठ दाउरा उत्पादन परिमाण नगन्य र पूर्व अनुमान योग्य थिएन । साझेदारी वन हस्तान्तरण भैसकेपछि वन सम्वर्द्धन क्रियाकलापहरु संचालन गर्दा वनको हैसियतमा सुधार भैरहेको भएतापनि स्वीकृत कार्ययोजना अनुसार पुनरुत्पादन कटान, पुनरुत्पादन तयारी कटान, थिनिङ तथा सुधार कटान, पुनरुत्पादन अभिवृद्धिका कार्यहरु पुर्ण रुपमा संचालन नभएका कारणले नियमित रुपमा सम्पन्न गर्नुपर्ने वन सम्वर्द्धनका कृयाकलापहरु थुप्रै व्याकलगको रुपमा रहेका छन् । यद्यपी यी साझेदारी वनहरुवाट आर्थिक वर्ष २०७५।०७६ देखि वार्षिक रुपमा करिव ४५ हजार देखि ३ लाख ४० हजारसम्म घन फिट गोलिया काठ र ११८ देखि ८९० चट्टा सम्म दाउरा उत्पादन भएको देखिन्छ ।

विभिन्न सामाजिक, राजनैतिक तथा कोरोना महामारीका कारणले स्वीकृत वन व्यवस्थापन कार्ययोजना पूर्णरुपमा कार्य संचालनमा वाधा पुगेका कारण वन पैदावर उत्पादनमा भिन्नता र अपेक्षाकृत प्रगति हासिल गर्न नसकेको देखियो । विगत ६ वर्षका काठ दाउरा उत्पादनको विवरण तल चित्रमा उल्लेख गरिएको छ ।





*चित्र नं ६: साझेदारी वनहरुमा काठ उत्पादन विवरण (काठ घन फिटमा)*




*चित्र नं ७: साझेदारी वनहरुमा दाउरा उत्पादन विवरण (दाउरा चट्टामा)*

माथिको तथ्यांकवाट विगत ६ वर्षमा लुम्विनी प्रदेशका साझेदारी वनहरुवाट करिव १० लाख घनफिट काठ र १९०० चट्टा दाउरा संकलन भएको छ । यस परिमाणको आधा काठ दाउराको हिस्सा प्रत्यक्ष रुपमा उपभोक्ताहरुमा पुगेको छ । यसवाट सरकारलाई प्रत्यक्ष रुपमा ५० करोड भन्दा वढी राजस्व प्राप्त भएको छ । करिव त्यति नै परिमाणमा साझेदारी वनहरुमा रकम प्राप्त भएको छ र यो पैसाको कम्तिमा ४० प्रतिशत हिस्सा वनक्षेत्रको संरक्षण र विकासमा खर्च भएको अनुमान गरिएको छ ।




*चित्र नं ८: साझेदारी वनहरु मार्फत सरकारलाई प्राप्त राजस्व विवरण*

**सवल पक्षहरु तथा चुनौतीहरु**

साझेदारी वन व्यवस्थापन समिति मार्फत तराईका चक्ला वनहरु व्यवस्थापनको कार्य वन नीति २०५७ ले निर्दिष्ट गरेपछि शुरुवात भएको र तराई मधेशका वनक्षेत्र भन्दा टाढा रहेका जनताहरुलाई वन पैदावारमा सहज पहुँच पुराउन एक महत्वपूर्ण माध्यम वनेको छ । लुम्विनी प्रदेशमा ८ वटा साझेदारी वनहरुमा करिव १ लाख ४० हजार घरधुरी आवद्ध छन् । वनको माध्यमवाट हरित रोजगारी, सामाजिक विकास तथा वन सम्वर्द्धन र संरक्षणमा राज्यको एकल प्रयासवाट गर्ने भन्दा वढी प्रभावकारी देखिएको छ । वन सम्वर्द्धन प्रणालीको अवलम्वन गर्ने हुँदा वन प्राविधिकहरुलाई समेत पेशागत सिप र क्षमता अभिवृद्धिमा थप सहज वनेको छ । साझेदारी वनमा हुने आम्दानीको कम्तिमा ४० प्रतिशत रकम वन संरक्षण र सम्वर्द्धनमा खर्च गर्न सक्ने हुँदा नव प्रवर्द्धन र नवीनतम प्रविधि प्रयोग गर्न सरकारको सिमित साधन स्रोतमा मात्र भरपर्न नपर्ने वातावरण वनेको छ । विगतको तुलनमा कार्य वातावरण अलिक सहज वनेको छ । संघीय वन नियमावली, लुम्विनी प्रदेशको वन ऐन, नियमावली तथा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ ले कानूनी र प्रकृयागत रुपमा स्पष्ट मार्गदर्शन गरेका छन् । स्वीकृत वन व्यवस्थापन कार्ययोजना पूर्णरुपमा कार्यान्वयन गर्न

सकेमा समग्र तराई मधेशको चक्ला वन व्यवस्थापन नमुना बनाउन र वन पैदावर उत्पादन र उपयोग गर्ने सन्दर्भमा एक कोशेढुगा सााबित हुन सक्दछ ।

माथि उल्लेखित सम्भावनाहरु प्राप्त गर्न उपयुक्त कार्य वातावरण (Enabling Environment) आवश्यक छ । कार्ययोजना कार्यान्वयनको पहिलो चरणमा नै गर्नुपर्ने धेरै कामहरु जस्तै अग्नि रेखा निर्माण, पुनरुत्पादन तयारी कटान, थिनिङ तथा सुधार कटान लगायतका वन सम्वर्द्धनका क्रियाकलापहरु सवै साझेदारी वनहरुमा व्याकलग छन् । अन्यको तुलनामा तिलौराकोट साझेदारी वनको राजमार्ग दक्षिणमा फायरलाइन निर्माण र थिनिङ तथा सुधार कटानको कार्य वढी भएको छ, यद्यपि यसको उत्तरी खण्डमा थुप्रै काम गर्न बाँकी छ । नेपाल सरकारले नै २०७७ सालमा साविकको वैज्ञानिक वन व्यवस्थापन कार्यविधी, २०७१ को खारेजी र वन सम्वर्द्धन प्रणाली लागू गर्न निरुत्साहित गरेको र कोरोना महामारीको कारणले समेत यसमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । वन व्यवस्थापनमा आधुनिक प्रविधि तथा उपकरणको प्रयोग न्यून छ । साविकमा प्रयोग गर्दै आएको रुख मापन, मुल्यांकन, गोलिया मापन तथा रजिस्टरमा लेख्ने काम, पैदल वनगस्ती जस्ता परम्परागत विधिहरु यथावत छन् । क्षमतावान जनशक्ति, उपकरण तथा उन्नत प्रविधिको प्रयोगलाई बढवा दिन आवश्यक छ ।

साझेदारी वन व्यवस्थापन समितिको संरचना अलिक ठुलो र भद्दा प्रकृतिको भएको र धेरै घरधुरी र भौगोलिक क्षेत्र समेत विशाल भएकाले समितिवाट हुनुपर्ने निर्णय प्रक्रियामा ढिलाई हुँदा कतिपय कामहरु समयमै सम्पन्न हुन सकेका छैनन् । साथै वन व्यवस्थापनका क्रियाकलाप भन्दा सामाजिक विकासमा चासो वढी हुने, तालीम गोष्ठी जस्ता सफ्ट प्रकृतिका काममा वढी रकम खर्च भएको देखिन्छ । स्रोतको बाँडफाँट लगायतका कतिपय विषयमा संघीय र प्रदेश वन ऐन तथा नियमावली एक आपसमा वाझिएको छ । साथै प्रदेश तथा संघीय सरकारवाट वन व्यवस्थापनको लागी विनियोजित वजेट र कार्यक्रमहरु क्रमश घटाउँदै गएको हुँदा स्वीकृत कार्ययोजना अनुसारका क्रियाकलाप संचालन गर्न कठिनाइ भैरहेको देखियो ।

**भावी कार्यदिशा**

लुम्विनी प्रदेशमा रहेका साझेदारी वनहरुको अध्ययन गर्दा हाल हस्तान्तरण भएका वनहरुको व्यवस्थापनमा सुधार गर्दै जान सकेमा वनको हैसियत सुधार गर्न तथा काठ दाउरा उत्पादन गर्न प्रचुर संभावना देखिन्छ । तसर्थ तल उल्लेखित सुझावहरुको यथोचित संवोधन गर्न सकिएमा देश भरीका साझेदारी वनहरु मध्ये उत्कृष्ट वनाउन सकिन्छ ।

क) वन सम्वर्द्धन प्रणालीमा अधारित वन व्यवस्थापनलाई निर्वाध रुपमा कार्यान्वयन गर्ने,

ख) वन सम्वर्द्धनका क्रियाकलापहरु जस्तैः पुनरुत्पादन कटान, थिनिङ तथा सुधार कटान, पुनरुत्पादन तयारी कटान, पुनरुत्पादन अभिवृद्धि लगायतका कामहरुलाई व्याकलग नहुने योजना अनुरुप सम्पन्न गर्नुपर्ने,

ग) वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन गर्दै वनक्षेत्रको उत्पादनशील क्षेत्र वढाउनु पर्ने,

घ) पुनरुत्पादन कटानक्षेत्रमा आएका नयाँ पुनरुत्पादनहरु योजना अनुरुप वृद्धि भैरहेको छ/छैन भन्ने कुरा आवधिक रुपमा अध्ययन अनुसन्धान गर्ने,

ङ) पुनरुत्पादन अवधि पुरा भएका प्लटहरुको माउ रुख हटाउनुपर्ने सम्बन्धि प्रावधान वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९ मा थप गर्नुपर्ने,

च) वन व्यवस्थापनको स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गर्न क्षमता विकास तथा प्रविधिमा जोड दिनु पर्ने,

छ) वन अनुसन्धानको लागी वजेट व्यवस्था गर्ने र वन व्यवस्थापन सम्बन्धि भएका कार्यहरु वा गर्नुपर्ने कार्यको अध्ययन गरी दस्तावेजीकरण गर्ने,

ज) साझेदारी वन उपभोक्ता समुहको लेखा व्यवस्थापनलाई क्रमिक रुपमा डिजिटल प्रणालीमा लैजाने,

झ) रुख कटान तथा काठ दाउरा बिक्री वितरणको प्रक्रियालाई सरलीकृत गर्ने प्रयोजनको लागी खडा रुख लिलामी प्रकृया अवलम्वन गर्न सक्ने कानूनी व्यवस्था गर्ने ।

**सन्दर्भ-सामग्री**


१. वन तथा भू-संरक्षण मन्त्रालय, २०७१ः वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१, वन तथा भू-संरक्षण मन्त्रालय

२. वन ऐन, २०७६ तथा वन नियमावली, २०७९

३. लुम्विनी प्रदेश वन ऐन, २०७८ तथा लुम्बिनी प्रदेश वन नियमावली, २०७९

४. वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९

५. सामुदायिक वनको मार्गदर्शन, २०८१

६. लुम्विनी प्रदेश अन्तरगतका ८ वटा साझेदारी वन सम्बन्धि सम्बन्धित डिभिजन वन कार्यालयहरुवाट प्राप्त तथ्यांकहरु

७. DoF, 2004. Community Forest Inventory Guidelines. 2nd Edition. Department of Forests, Ministry of Forests and Soil Conservation, Kathmandu, Nepal.

८. DoF, 2015. State of forest. Department of Forests, Ministry of Forests and Soil Conservation, Kathmandu, Nepal.

९. MFSC, 2000. Revised Forestry Sector Policy 2000. Ministry of Forest and Soil Conservation. Kathmandu, Nepal.

१०. MFSC, 2003. Collaborative Forest Management Guidelines. Ministry of Forest and Soil Conservation (MFSC). Kathmandu, Nepal.

११. MoFE, 2020. Current Status of Community Based Forest Management Models in Nepal. Ministry of Forests and Environment, Singhadurbar, Kathmandu.

१२. Dhungana *et al.*, 2017: Collaborative Forest Management in Nepal: Tenure, Governance and Contestations.

# लुम्बिनी प्रदेशमा चक्ला वन व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौती र भावी कार्यदिशा

*शंकर प्रसाद गुप्ता [1], बाबुराम पोखेल [2]*

## पृष्ठभूमी

तराई तथा सिवालिकका उत्पादनशिल वनलाई ब्लकको रुपमा दिगो उपयोग र व्यवस्थापन गरी वनको उत्पादन र उत्पादकत्व बढाई रोजगारी प्रवर्द्धन गर्ने र राष्ट्रिय अर्थत्रन्त्रमा योगदान पुर्याउने उद्देश्य अनुरुप चक्ला वन व्यवस्थापन कार्यक्रमको सुरुवात भएको छ । यस्तो वन व्यवस्थापन कार्य वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ को स्वीकृति पश्चात् वन सम्बर्द्धन प्रणालीमा आधारित चक्ला वन व्यवस्थापन कार्ययोजना स्विकृत भएको थियो । यी चक्ला वनहरुमा Irregular Shelterwood System मा आधारित वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन भएको छ । हाल लुम्बिनी प्रदेश अन्तर्गत दाङ र बाँकेमा २ वटा सरकारद्वारा व्यवस्थित चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन भैरहेको छ । नेपालमा रहेका चक्लावनहरुको विवरण तल तालिकामा रहेको छ ।


| हालसम्म लागू भएका चक्ला वन व्यवस्थापन भएका जिल्लाहरु | |
|---|---|
| रौतहट | १०५९ हे |
| बाँके | २५७८ हे |
| दाङ | ५४५ हे |
| नवलपरासी (ब.सु.पू.) | ४००० हे |
| सुनसरी | ३७७५ हे |
| धनकुटा | ५० हे |

## परिचय

लुम्बिनी प्रदेश अन्तर्गतको संरक्षित क्षेत्र बाहेकको कुल वन क्षेत्र ९,०९,३७५ हे वन रहेकोमा सरकारद्वारा व्यवस्थित चक्ला वनको कुल क्षेत्रफल ३,१२४ हे. मात्र रहेको (०.३४३%) छ । यस्ता चक्ला वनहरुबाट

[1] सिनियर डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय बाँके

[2] वरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय बाँके




उत्पादित वन पैदावार अर्थात् काठ दाउराको सम्पुर्ण राजस्व सरकारको संचित कोषमा जम्मा हुन्छ । बाँके जिल्लामा २५७८ हे. तथा दाङमा ५४५.६३ हे. को चक्ला वनको कार्ययोजना स्विकृत भइ व्यवस्थापन भैरहेको छ । बाँके, नवलपरासी, दाङको देउखुरी र अर्घाखाँची जिल्लामा थप चक्ला वन व्यवस्थापनको लागि व्यवस्थापन गर्न सकिने अवस्था रहेको छ । बाँके र अर्घाखाँची जिल्लामा चक्ला वन व्यवस्थापनको कार्ययोजना तयारीको कार्य भैरहेको छ ।

चक्ला वनलाई विभिन्न कम्पार्टमेन्टमा विभाजन गरि तिनीहरुलाई वनमा पाईने प्रमुख प्रजातिको वाली चक्रको आधारमा वनाएको र सोही वमोजिम कटान चक्र प्रणालीको तरीका अपनाई व्यवस्थापन गरिएको छ । यस्ता वनहरुमा Irregular Shelterwood System अपनाईएको छ । नक्सामा देखाईए अनुसार कम्पार्टमेन्टलाई पनि विभिन्न सव कम्पार्टमेन्टमा विभाजन गरि कुन वर्ष कुन क्षेत्रमा पुनारोत्पादन कटान गर्ने भनि निर्दिष्ट गर्ने भएकोले सोही अनुसार व्यवस्थापन गर्ने गरेको छ ।

बाँके जिल्लाको सम्शेरगंज माथेवास चक्ला वनमा व्यवस्थापन गरिएको चालु आ.व. २०८१/८२ पुनरुत्पादन कटान/ढलापडा संकलन सातवटा कम्पार्टमेन्टका ७ वटै सव कम्पार्टमेन्ट मार्फत अनुमानित काठदाउरा उत्पादन तल तालिकामा प्रस्तुत गरिएको छ । जस अनुसार ढलापडा र पुनरुत्पादन कटान बाट ८३३८७.१९ घन फिट र १६५.६७ चट्टा उत्पादन हुने देखिएको छ ।

| Compartment | Sub Compartment | पुनरुत्पादन कटान | | | | ढलापडा | | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | FT | MT | Timber Vol. (Cft) | Fuelwood (Chatta) | No. | Timber Vol. (Cft) | Fuelwood (Chatta) | Timber Vol. (Cft) | Fuelwood (Chatta) |
| C1 | S2 | 303 | 105 | 7115.98 | 15.91 | 56.00 | 1827.12 | 3.66 | 8943.10 | 19.56 |
| C2 | S2 | 308 | 87 | 8562.29 | 17.08 | 49.00 | 1412.19 | 2.52 | 9974.48 | 19.60 |
| C3 | S1 | 240 | 80 | 6246.62 | 13.90 | 33.00 | 1186.90 | 1.91 | 7433.52 | 15.81 |
| C4 | S6 | 249 | 87 | 10653.14 | 25.10 | 69.00 | 1601.06 | 1.75 | 12254.20 | 26.85 |
| C5 | S2 | 367 | 110 | 15554.57 | 30.49 | 59.00 | 1469.23 | 2.04 | 17023.80 | 32.53 |
| C6 | S2 | 339 | 100 | 11566.94 | 21.35 | 60.00 | 1595.48 | 2.48 | 13162.42 | 23.83 |
| C7 | S1 | 347 | 102 | 13239.33 | 24.47 | 81.00 | 1356.34 | 3.03 | 14595.67 | 27.50 |
| **Grand Total** | | **2153** | **671** | **72938.87** | **148.30** | **407.00** | **10448.31** | **17.38** | **83387.19** | **165.67** |

**शमशेरगञ्ज माथेवास चक्ला वनको योजना अवधिमा वन व्यवस्थापनबाट प्राप्त हुने अनुमानित राजश्व**

| सि.नं. | बिवरण | योजना अवधिमा संकलन हुने परिमाण (क्यू फी.) | दर (रु) | प्राप्त हुने कुल राजश्व (रु) |
|---|---|---|---|---|
| १.० | आय | | | |
| १.१ | काठ बिक्रीबाट | | | |
| | साल | ३४५२७१.२३ | ११५० | ३९,७०,६१,९१३ |
| | अन्य | २४५१७३.१० | ४८१ | ११,८०,३८,४६८ |
| १.२ | दाउरा विक्रिबाट | १७७५ | २५५६ | ४,५३,७५,४३१ |
| | जम्मा | | | **५६,०४,७५,८१९** |
| | जम्मा आम्दानीको वर्तमान मूल्य | १० % ब्याजदरमा | | २८,७६,१२,७१७ |

**शमशेरगञ्ज माथेवास चक्ला वनबाट वार्षिक रुपमा उत्पादित वन पैदावार र राजश्व विवरण**

| क्र.सं. | आ.व. | जम्मा उत्पादन काठ(घ.फि.) | दाउरा (चट्टा) | राजश्व रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७६/७७ | ३९,६९४.०२ | ७२.७० | २,६३,०३,७३२.०० | |
| २ | ०७७/७८ | ९,९२४.७९ | ३४.०० | ७,१०,९०५.०० | |
| ३ | ०७८/७९ | ४१,०९६.४० | १३१.०० | ६,२१,१३,०७८.५६ | |
| ४ | ०८०/०८१ | ७१,१११.०० | २७७.२५ | | ४,२१८३,४०४.३७ |
| ५ | ०८१/८२ | ८३३५७ | १७०.०० | | |

**रोजगारी सिर्जनाको अवस्था**

| रोजगारी सृजना हुने कार्यहरु | गरिने कार्यको परिमाण | प्रति इकाई कार्य गर्दा सृजना हुने रोजगार (श्रम दिन ) | जम्मा सृजना हुने रोजगार (श्रमदिन) |
|---|---|---|---|
| काठ संकलन (घ. फिट.) | ५९०४४४.२३ | ०.१ | ५८८१०.३१४ |
| दाउरा संकलन (चट्टा) | १७७५ | २५ | ४४३७५ |
| अग्नी रेखा तथा पहुँच सडक निर्माण (कम्पार्टमेन्ट र सब-कम्पार्टमेन्ट वरिपरी ) कि.मि. | १८.१४ | १५.७१ | २८५ |
| अग्नी रेखा मर्मत संभार (कि.मि.) | ४८.५५ | १२.१५ | ५९० |


| रोजगारी सृजना हुने कार्यहरु | गरिने कार्यको परिमाण | प्रति इकाई कार्य गर्दा सृजना हुने रोजगार (श्रम दिन ) | जम्मा सृजना हुने रोजगार (श्रमदिन) |
|---|---|---|---|
| वन सम्वर्द्धन कार्य (हेक्टरमा) | २८४.७१ | २५ | ७११७.७५ |
| पुनरुत्पादन अभिबृद्धि कार्यक्रम (हेक्टरमा) | २८४.७१ | ५० | १४२३५.५ |
| वन हेरालु ८ जना बर्षभरी (हेरालु नाईके समेत) | ८ | ३६५ | २९२० |
| बन प्राविधिक दुई जना बर्षभरी | २ | ३६५ | ७३० |
| घाटगद्दी हेरालु २ जना बर्षभरी | २ | ३६५ | ७३० |
| अन्य | | | १३५९.९४ |
| जम्मा सृजना हुने रोजगारी श्रमदिन | | | १३११५३.५० |
| बर्षभरी कामदिने हिसावले काम पाउने मान्छे संख्या प्रति बर्ष (ब्यक्ति-बर्ष) | | | ३५९.३२ |


कालापानी चक्ला वन २०७२/७३ देखि हाल सम्म ५१२९५.६ घन फिट काठ र ११७.२ चट्टा दाउरा उत्पादन भएको छ । आ व २०७६/७७ पश्चात विभिन्न कारणले कार्ययोजना कार्यान्वयन गर्न नसकिए पनि २०८१/८२ देखि पुनः सुचारु भए पश्चात काठ तथा दाउराको उत्पादन भएको थियो । यस मार्फत् २७१८५८५३ अर्थात् दुई करोड एकहत्तर लाख पचासी हजार आठ सय त्रिपन्न रुपैया राजश्व संकलन भएको छ । कालापानी चक्लावन वाट उत्पादित काठ दाउरा र राजश्वको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।


**कालापानी चक्ला वनबाट उत्पादित वन पैदावार र राजश्व विवरण**

| आ.व. | काठ (क्यू.फिट) | दाउरा (चट्टा) | राजश्व रु. | कैफियत |
|---|---|---|---|---|
| ०७२/७३ | ९७०८.८४ | १४ | ० | पहिलो अवधि |
| ०७३/७४ | ८५८४.२६ | १८ | ० | |
| ०७४/७५ | ० | | ० | |
| ०७५/७६ | १००८७.३२ | २९ | १३२४७९०४.०० | |
| ०७६/७७ | १००८९.२६ | २८ | २२३५८५९१.६८ | |
| जम्मा | ३८४६९.६८ | ८९ | | |
| ०८०/८१ | ६७३१.१ | १८.५ | ४८२७२६१.५ | दोस्रो अवधि |
| ०८१/८२ | ६०९४.८३ | ९.६५ | ० | |
| जम्मा | १२८२५.९ | २८.२ | ४८२७२६१.५ | |
| कुल जम्मा | ५१२९५.६ | ११७.२ | २७१८५८५३.१ | |

## सिकाई




समग्रमा २०००/२५०० हे वन क्षेत्रको व्यवस्थापनबाट वार्षिक ८०-९० हजार क्यू.फिट काठ र २०० चट्टा दाउरा उत्पादन हुने र वार्षिक रु. ६ करोड भन्दा बढी राजश्व आम्दानी हुने देखिन्छ । जस्ले वार्षिक ३५० जनालाई वर्षै भरी रोजगारी दिने रहेछ । यसको साथसाथै वनको हैसियतमा सुधार (गुणस्तर र उत्पादकत्व) र चक्ला वनको कार्यक्रम खर्चबाट कर्मचारी नियुक्त गरी चक्ला वन व्यवस्थापन गर्न सकिने देखिन्छ । यसरी बाँके जिल्लालाई चक्ला वन व्यवस्थापनका रूपमा चिनाउन सकिने सम्भावना रहेको छ ।

## समस्या

बार्षिक बजेट अति न्यून विनियोजन गर्ने जसले गर्दा वन व्यवस्थापन तथा वन पैदावार संकलनका लागि जम्मा ५०-६० लाख मात्र बजेट हुने र उपलव्ध बजेटले काठ दाउरा संकलनको लागि मात्र पनि अपुग हुने तर राजश्व संकलन सम्पुर्ण सरकारी खातामा आउने भएता पनि कार्ययोजना अनुसारका वन विकास तथा वन

व्यवस्थापनका अन्य कामहरू गर्न नसकिएको अवस्था रहेको छ । यसरी एक-दुई करोड लगानीमा छ सात करोड राजश्व संकलन हुने काममा बजेटको विनियोजन कम हुने गरेको देखिन्छ ।

चक्ला वनमा अधिकांश रुपमा साल प्रजातिको भन्दा नरम प्रजातिको काठ उउत्पादन हुने भएकोले यदि लिलाम बिक्री हुँदा ढिलाई भएमा लिलाम विक्री हुँदासम्म काठको हैसियत धेरै कमजोर भएर जाने भएकोले नरम प्रजातिको काठ खडा लिलाम गर्न सकिएमा काठको गुणस्तर कम हुँदैन र काठ संकलन गर्ने खर्च समेत वचत हुने देखिन्छ । तर यस्तो नियम कहिँ कतै उल्लेख नभएकोले कार्य सम्पन्न गर्न कठिनाई रहेको छ । यस्ता नरम काठको बजार माग पनि कम हुने लिलाम बिक्रीमा न्यून प्रतिस्पर्धा हुने तथा आपूर्ति समितिमा समेत माग कम आउने भएकोले लिलामी गर्दा अन्य प्रजातिहरुसँग मिसाएर लट वनाई बिक्री गर्नु पर्ने बाध्यता रहेको छ।

डिभिजन वन कार्यालयको संरचना अनुसारको कर्मचारी कार्यालयमा नभएकोले पनि यस्ताखालका काम गर्नको लागि कार्यबोझ अनुसार कर्मचारी दरबन्दी कम रहेको; जसले गर्दा चक्ला वन व्यवस्थापनको लागि आवस्यक कर्मचारी र गस्तीको काम गर्न समस्या भएको ।

## चुनौति

चक्ला वन व्यवस्थापनको लागि कर्मचारी थप गर्ने र कुनै एक सवडिभिजन वन कार्यालयलाई चक्ला वन व्यवस्थापन गर्नको लागि तोकिएमा थप ३० हजार हेक्टर वस्ती भन्दा धेरै टाढा र सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गर्न अनुपयुक्त राष्ट्रिय वन क्षेत्रलाई चक्ला वनको रुपमा व्यवस्थापन गर्ने तथा आम्दानी बढाउन सकिने देखिन्छ । तर कार्यक्रमको निरन्तरता दिई रहनको लागि बजेट तथा जनशक्तिको व्यवस्था हुनु जरुरी रहेको ।

## आगामी कार्यदिशा

यस बर्ष नयाँ चक्लावनको कार्ययोजना तयारी भई रहेको र आगामी वर्षहरुमा पनि नयाँ चक्ला वनको थप व्यवस्थापन गर्ने र जिल्लामा थप ३/४ वटा सम्म चक्ला वन वनाई वन व्यवस्थापन गर्ने । राष्ट्रिय वन क्षेत्रलाई चक्ला वनको रुपमा व्यवस्थापन गरेर जिल्लामा वार्षिक कम्तीमा ६ लाख क्यू.फिट काठ र १५०० चट्टा दाउरा उत्पादन हुनसक्ने जसबाट बार्षिक घटीमा ५० करोड राजश्व आम्दानि हुने र २००० जनालाई बर्षभरीको रोजगारी सृजना हुने ।

बाँके जिल्लाको प्रस्तावित चक्ला वनलाई विस्तृत कार्ययोजना वनाएर व्यवस्थापन गर्ने । बाँके जिल्लाको राप्ती सोनारी गाउँपलिका वडा नम्वर १ र ४ मा रहेको राष्ट्रिय वन क्षेत्रको कार्ययोजना तयार भैरहेको जस्को क्षेत्रफल २२८९ हेक्टर रहेको छ । यस आर्थिक वर्षमा कार्ययोजना तयारी तथा स्वीकृति हुने अवस्थामा रहेको छ ।

चक्ला वनमा व्यवस्थापन भएका वनमा प्राकृतिक पुनरुत्पादनलाई प्रोत्साहन गर्दै विस्तारै साल वन तथा अन्य महत्वपूर्ण वनको रुपमा विस्तार गर्ने ।

# खोटेसल्लाको वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन र काठ दाउरा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशा

*मोहनप्रसाद श्रेष्ठ* [1], *गणेश कुमार थारु* [2], *केशर खड्का* [3]

## परिचय

खोटेसल्ला (Pinus roxburghii) नेपालमा पूर्वको मध्य पहाडी जिल्ला देखि पूर्वी पहाडी जिल्लाको दक्षीणी मोहडातर्फ र सिवालीक क्षेत्रमा उत्तरी मोहडामा **१,२०० मिटरदेखि २,१०० मिटर उचाइ**मा फैलिएको देखीन्छ। लुम्विनी प्रदेशमा ९ प्रतिशत खोटेसल्लाको वन रहेको छ र अर्घाखाँची जिल्ला लगायत लुम्बिनी प्रदेशका धेरैजसो पहाडी क्षेत्रमा यसको प्रचुरता पाइन्छ। यो प्रजाति सुकेको सल्लेपिर र रेजिनका कारण खोटेसल्ला आगलागीको जोखिम बढी हुने प्रजाति हो । यो प्रजातिको काठ घर, फर्निचर, ढोकाजस्ता संरचना निर्माणमा उपयोगी मानिन्छ र यसको आकर्षक बुट्टाको कारण आन्तरिक डिजाइनहरु प्रयोगमा वढ्दो छ । खोटेसल्लाबाट उत्पादित खोटोबाट टरपेन्टाइन, रोजिन र अन्य रासायनिक तत्वहरु निकालिन्छ ।

## जिल्लामा खोटे सल्लाको वनको स्थिति

यस जिल्लामा साल वन, खोटे सल्लाको वन, गोब्रे सल्लाको वन, वाँझको वन, भावर आसपासको समथर स्थानमा रहेको कडा प्रजातिको मिश्रीत वन तथा तालिस पत्रको वन गरि ६ प्रकारको वन रहेको छ ।

वन अनुसन्धान तथा सर्भेक्षण विभागले सन् २०१५ मा प्रकाशन गरेको तथ्यांक अनुसार खोटेसल्ला *(Pinus roxburghii)* को बाहुल्यता रहेको र यस किसिमको वनले जिल्लाको वन क्षेत्रको १६.१७ प्रतिशत अर्थात् करिब (११६१३ हेक्टर) क्षेत्रफल ओगटेको छ । यस प्रकारको वन शितगंगा नगरपालिकाको माथिल्लो क्षेत्रमा दक्षिणी तर्फको मोहडा तथा सन्धिखर्क न.पा., भुमिकास्थान न.पा., पाणिनी गा.पा., छत्रदेव गा.पा. र मालारानी गा.पा. को सुख्खा तथा तल्लो क्षेत्रमा यस प्रकारको वनको फैलावट रहेको छ । कहिंकहिं पहाडी सालसँग सल्ला मिसिएर हुर्किएका पाइन्छन् । करिब ३५ बर्ष अगाडि जिल्लाको उत्तरी क्षेत्रमा सामुदायिक वन योजना तथा व्यवस्थापन कार्यक्रमबाट बृक्षारोपण गरिएको खोटे सल्ला अहिले वनको रुपमा विस्तार भएको छ । हाल कुल सामुदायिक वन उपभोक्ता समुहमध्ये १८७ वटा समूहमा खोटे सल्लाको वन रहेको पाईन्छ ।

[1] सिनियर डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, अर्घाखाँची

[2] बरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय, अर्घाखाँची

[3] सहायक वन अधिकृत, डिभिजन वन कार्यालय, अर्घाखाँची

**तालिका १ अर्घाखाँची जिल्लामा सव डिभिजन वन कार्यालय अनुसार सल्ला वनको वितरण अवस्था**

| सि.नं. | सव-डिभिजन | खोटेसल्लाको वन समुह | |
|---|---|---|---|
| | | Pure Pine Forest | Pine with Mixed Broadleaf |
| १ | पाणिनि | २३ | ९ |
| २ | मालारानी छत्रदेव | ३६ | २० |
| ३ | सन्धिखर्क | २९ | १४ |
| ४ | भुमिकास्थन | ३३ | ११ |
| ५ | शितगंगा | ० | ७ |
| ६ | बाणगंगा | ० | ५ |
| | **जम्मा** | **१२१** | **६६** |

**डिभिजन वन कार्यालयको भूमिका**

डिभिजन वन कार्यालय अर्घाखाँचीले जिल्लाको वन स्रोत संरक्षण, व्यवस्थापन र उपयोगलाई नियमन गर्ने प्रमुख निकायको रूपमा काम गरिरहेको छ। खोटेसल्ला वनसम्बन्धी कार्यालयको भूमिका यस प्रकार छः

१. वन व्यवस्थापन योजना (Operational Forest Management Plan) बनाउने र कार्यान्वयन गराउने।
२. सिल्भीकल्चरल क्रियाकलापहरू जस्तैः Thinning, pruning, cleaning, regeneration felling लगायत कार्य सञ्चालन गर्ने।
३. काठ र दाउराको उत्पादन र वितरणमा सहजीकरण गर्ने।
४. सामुदायिक वन उपभोक्ता समूहहरूको समन्वय र प्राविधिक सहयोग प्रदान गर्ने।
५. वन डढेलो नियन्त्रण, जोखिम न्यूनीकरणमा काम गर्ने।
६. प्रशिक्षण, जनचेतना तथा अनुगमन कार्यहरू सञ्चालन

**खोटे सल्लाको वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको औचित्य**

खोटेसल्ला वन जस्ता प्राकृतिक वनहरूलाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न र वातावरणीय, सामाजिक तथा आर्थिक लाभ प्राप्त गर्न सम्बर्द्धन प्रणाली (Silvicultural system) को प्रयोग अत्यावश्यक छ।

१. दीर्घकालीन वन उत्पादन सुनिश्चितता

- वैज्ञानिक ढंगले Thinning, pruning, regeneration felling लगायत क्रियाकलाप गर्नु Forest stand लाई स्वस्थ राख्न सहयोगी हुन्छ।
- काठ तथा दाउराको गुणस्तरीय र नियमित उत्पादन सम्भव हुन्छ।

२. प्राकृतिक पुनरुउत्पादन प्रोत्साहन

३. वनको स्वास्थ्य सुधार

- रोग/कीरा लागेको वा कमजोर रूख हटाइने हुँदा बाँकी रूखको वृद्धि राम्रो हुन्छ।
- आगलागीको जोखिम कम हुन्छ।

४. समुदायमुखी वन व्यवस्थापन

- वन पैदावारको आपूर्ति नियमित हुने भएकाले स्थानीय उपभोक्ता समूहहरूको आवश्यकतामा पुर्ति हुन्छ
- सामुदायिक संलग्नता बढ्ने

५. वन व्यवस्थापनलाई प्रणालीगत बनाउने कार्यहरू चरणबद्ध, मापनयोग्य र पुनरावलोकनयोग्य हुने हुँदा कार्यान्वयन सजिलो र प्रभावकारी हुन्छ

- सुरुवाति चरणमा नै छौ
- सिकाई तथा अनुभवको कमी छ ।
- वन सम्बर्द्धन प्रणालीमा जानुपर्छ भन्ने धारणा बढ्दो छ ।
- सल्ला प्रजाति प्रतिको धारणामा परिवर्तन गर्ने अवसर रहेको छ ।

**हालसम्मको सिकाइ (Achievements/Best Practices)**

जम्मा कार्ययोजना र कार्यान्वयनमा रहेका जिल्लामा १६ वटा सल्ला प्रजातिको वनक्षेत्रमा वन सम्बर्द्धन प्रणालीका कार्ययोजना तयार भएको, ६ वटा वनक्षेत्रमा वन सम्बर्द्धन प्रणाली कार्यान्वयन रहेको, गुल्मी जिल्लामा १ वटा समूहमा कार्यान्वयन, दाङ (घोराही) डिभिजन अन्तर्गत १ वटा कम्पार्टमेन्ट, रोल्पामा स्वर्गद्वारी महाप्रभु सा.व.उ.स र प्यूठान, पाल्पा, रोल्पा, अर्घाखांची जिल्लामा प्रचुर संभावना रहेको छ ।

**सम्बर्द्धन क्रियाकलापको अनुभव — खोटेसल्ला वनमा**

१. **क्रियाकलापको अवस्थाः** हालसम्म धेरैजसो सामुदायिक वनहरूमा Thinning (घनत्व कम गर्ने), Pruning (हागा काट्ने), र Regeneration अभिबृद्धि जस्ता सम्बर्द्धन कार्यहरू पर्याप्त रूपमा गरिएका छैनन् र केही वन उपभोक्ता समूहहरूले प्रारम्भिक चरणमा यस्ता काम थालनी गरे पनि, नियमित र निरन्तरता पाउन सकेका छैनन्।

२. खोटेसल्ला वनहरूमा अत्यधिक घना बोटबिरुवा भएकोले Light penetration कम हुन्छ, जसले regeneration मा बाधा पुऱ्याउँछ तथा Pruning र Thinning नगर्दा काठको गुणस्तर घट्ने, वनक्षेत्रमा

पातहरु थुप्रन गई आगलागीको जोखिम पनि उच्च हुने देखिन्छ जसको कारण सम्बर्द्धन क्रियाकलाप गर्नु आवश्यक रहेको छ ।

३. सामुदायिक माग र चासो धेरै वन उपभोक्ता समूहहरूबाट Thinning र pruning सम्बन्धी तालिम र प्राविधिक सहयोगको माग हुँदै आएको छ । उपभोक्ताहरूले काठको गुणस्तर सुधार र वन व्यवस्थापनमा वैज्ञानिक उपायहरूको आवश्यकताको महसुस गरिरहेका छन् । सल्लाका रुख बिस्थापनको माग समेत अत्यधिक रहेको छ ।

४. **व्यवहारिक समस्या-उपभोक्ताको स्थानान्तरण र समूह निष्क्रियताः** धेरै समूहहरूमा उपभोक्ता परिवारहरूको स्थानान्तरण (Migration) भइसकेको छ, जसका कारण समूहहरू पूर्णरूपमा सक्रिय छैनन्, श्रम, समय, आर्थिक स्रोतको अभाव तथा नेतृत्व परिवर्तनले गर्दा पनि यस्ता कार्यहरूमा नियमितता र निरन्तरता कायम राख्न सकिएको छैन, सामुदायिक वन उपभोक्ता समूहको भूमिका निस्कृय रहेको सिकाइ, काठ र दाउराको उत्पादन तथा वितरण प्रणाली तथा आन्तरिक खपत छैन । बाहिर बिक्रीमा नीजिका सल्लाका कारणले समुहको उत्पादन बिक्रीमा समस्या रहेको छ ।

### खोटे सल्लाको रुखबाट खोटो संकलन

अर्घाखाँची जिल्लामा रहेको खोटेसल्लाको वनबाट खोटो संकलन कार्य बिगतबाट हुदै आएको छ । यस डिभिजन वन कार्यालय अन्तर्गत रहेका खोटे सल्लाको वनमध्ये पहुँचयोग्य तथा परिपक्व अवस्थाको २८ गोटा वन समुहमा खोटो संकलन कार्य हुँदै आएको छ । उक्त २८ वटा सामुदायिक वनको क्षेत्रफल १५३० हेक्टर रहेको र उक्त सामुदायिक वनमा ७७,०१० गोटा रुखबाट खोटो संकलन हुँदै गरेको छ । चालु आ. ब. २०८१।०८२ मा १,५३,५८३ के.जी. खोटो संकलन भएको थियो । त्यसैगरी यस जिल्लामा माउण्ट रोजिन तथा गणपति रोजिन गरी २ वटा खोटो कम्पनीबाट खोटो संकलन कार्य भईरहेको छ । खोटो संकलनबाट भएको आम्दानीको विवरण तालिका २ मा रहेको छ ।

**तालिका २ अर्घाखाँची जिल्लाबाट संकलन भएको खोटोको परिमाण र आम्दानी सम्बन्धी विवरण**

| सि. नं. | खोटो संकलन गर्ने समुह संख्या | जम्मा वन क्षेत्र | अधिकतम संकलन योग्य परिमाण | खुद संकलन भएको परिमाण | आम्दानी सम्बन्धि विवरण (रू.) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | समुहको खातामा जम्मा | प्रदेश संचित कोष | मु.अ.कर | अ.आ.कर |
| १ | २८ | १५३० हेक्टर | ३८३१९९ के.जी. | २०३०१० के.जी. | १८२७१३४ | ६१००६३ | ३१६७६८ | ३६६१९ |

**तालिका ३ सव डिभिजन वन कार्यालय अनुसार वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना**

| सि.नं. | सा.व. रहेको क्षेत्र | पुरानो | | २०८०।०८१ मा तयारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल |
| १. | शितगगा सव-डि.व.का. | ७ | १९५३.४२ | ३ | ४६२.७७ | १० | २४१६.१९ |
| २. | बाणगंगा सव-डि.व.का. | ६ | ११६६.२४ | ६ | १३३९.६४ | १२ | २५०५.८८ |
| ३. | सन्धिखर्क सव-डि.व.का. | २ | १५१.३२ | १ | ५६ | ३ | २०७.३२ |
| ४. | भुमिकास्थान सव-डि.व.का. | ७ | ६६०.६२ | ३ | ३५९.८१ | १० | १०२०.४३ |
| ५. | मालारानी छत्रदेब सव-डि.व.का. | १ | ५९.३५ | ० | ० | १ | ५९.३५ |
| ६. | पाणिनी सव-डि.व.का. | ३ | २५३.६२ | १ | १३४.५४ | ४ | ३८८.१६ |
| | **जम्मा** | **२६** | **४२४४.५७** | **१४** | **२३५२.७६** | **४०** | **६५९७.३३** |

**तालिका ४ अर्घाखाँची जिल्लामा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धि विवरण**

| सि. नं. | वनको किसिम | कुन वन समुह संख्या | हालसम्म वन सम्बर्द्धन प्रणालिमा आधारित कार्ययोजना कार्यान्वयन भएको संख्या | | यस अवधीमा वन सम्बर्द्धन प्रणालिमा आधारित कार्ययोजना कार्यान्वयन भएको संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल | |
| १ | सामुदायिक वन | ४० | ४० | ६५९७.३३ | ३१ | ५८८०.८० | |
| २ | चक्ला वन | यस डिभिजन वन कार्यालय अन्तर्गत शितगंगा न.पा.११ मा करिव २०८.३४ हे. को चक्ला वनको कार्ययोजना तयारी, स्वीकृति भइ कार्यान्वयनको चरणमा रहेको छ । | | | | | |

**तालिका ५ वन सम्बर्द्धन प्रणाली लागु भएका सा.ब.उ.स.बाट काठदाउरा उत्पादन तथा बिक्री बितरण विवरण**

| सि. नं. | जम्मा सा.व.उ.स. संख्या | मुल्यांकन परिमाण | | उत्पादन परिमाण (११ सा.ब.) | | लिलाम बिक्री सहमति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | काठ (क्यु.फि.) | दाउरा (चट्टा) | काठ (क्यु.फि) | दाउरा (चट्टा) | काठ (क्यु.फि) | दाउरा (चट्टा) | |
| १ | ३१ | १६१६७९ | ३०१ | १४१६३८.१७ | ४११.९३ | ५६९७१ | १७२.७५ | |

**नोटः** क) ३१ वटा सा.व.उ.स. मध्ये १७ वटा सा.व.उ.स. ले कटान मुछान कार्य सम्पन्न गरी बिक्री बितरण कार्य सम्पन्न गरेको

ख) बाकी १४ वटा सा.व.उ.स. बाट काठदाउरा उत्पादन भइ बिक्री वितरणको प्रकृयामा रहेको ।

## तालिका ६ आ.व.२०८१/०८२ मा वन सम्बर्द्धन प्रणालीमा आधारित खोटे सल्लाको वन व्यवस्थापन

| सि. नं. | सा.व.उ.स. को नाम,ठेगाना | वनको क्षेत्रफल (हे.) | व्यवस्थापन गरिएको क्षेत्रफल (हे.) | संकलन गरिएको रुख संख्या | मुल्यांकन परिमाण | | उत्पादन परिमाण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | काठ (क्यु.फि.) | दाउरा (चट्टा) | काठ (क्यु.फि) | दाउरा (चट्टा) | |
| १. | जुकेपाटा काफलखोला, सन्धिखर्क-४ | ५३.८६ | ०.६० | ४६ | १७१०.३३ | २.३४ | १४५४.८३ | २.५० | लिलाम |
| २. | ढोडेनी आपपाँटा रिपाहा, सन्धिखर्क-४ | १२८.९९ | १.३५ | ५१ | १८३९.१९ | ३.८८ | २३७१.८४ | १.५१ | लिलाम |
| ३. | अमलडाँडा, सन्धिखर्क-४ | ५६.१३ | ०.६५ | २८ | ६५८.१८ | ०.७५ | ६८२.४६ | ०.५० | लिलाम |
| ४. | रानी, भुमिकास्थान- ६ | ९४.५६ | १.१२५ | ८३ | २५१२.१८ | १.७० | १९४७.८९ | २.०५ | लिलाम |
| ५. | बेलपोखरी, भुमिकास्थान- ६ | १११.४४ | १.२० | २५ | ७८१.५६ | १.०२ | ६२१.५८ | १.०५ | लिलाम |
| ६. | सिमलघाट, भुमिकास्थान- ४ | ५९.३५ | ०.७५ | ४९ | २४५५.९८ | २.९१ | १८२७.०२ | ४.०१ | लिलाम |
| | **जम्मा** | **५०४.३३** | **५.६७५** | **२८२** | **९९५७.४२** | **१२.६** | **८९०५.६२** | **११.६२** | |

## तालिका ७ खोटे सल्लाको वनमा वन सम्बर्द्धन प्रणालीबाट उत्पादित काठ दाउराको लिलाम बिक्रीबाट प्राप्त आम्दानी तथा सिर्जित रोजगारी सम्बन्धी विवरण

| सि. नं. | सा.व.को नाम | ठेगाना | लिलाम बिक्री बितरण | | लिलाम सहमति भई प्राप्त आम्दानी बिवरण | | | रोजगारी सृजना (श्रमदिन) |
|---|---|---|---|---|---|---|---|---|
| | | | काठ क्यु.फि. | दाउरा चट्टा | समुह कोष | प्रदेश संचित कोष | संघीय कोष | |
| १ | जुकेपाटा काफलखोला | स.न.पा. ४ | १४५४.८३ | ०.०० | ३९३७६९ | ५८५१५ | ६५५८२ | ७३५ |
| २ | बेलपोखरी | भुमकिास्थान ६ | ६२१.५८ | ०.०० | १६९८१२ | २५५२५ | २८३२४ | ६९२ |
| ३ | रानी | भुमकिास्थान ६ | १९४७.८९ | ०.०० | १०६६९०१ | २४१८४८ | १८९७६८ | ७६८ |

| सि. नं. | सा.व.को नाम | ठेगाना | लिलाम बिक्री बितरण | | लिलाम सहमति भई प्राप्त आम्दानी बिवरण | | | रोजगारी सृजना (श्रमदिन) |
|---|---|---|---|---|---|---|---|---|
| | | | काठ क्यु.फि. | दाउरा चट्टा | समुह कोष | प्रदेश संचित कोष | संघीय कोष | |
| ४ | अमलडाँडा | सन्धिखर्क ४ | ६८२.४६ | 0.00 | १८०८७१ | २६२६७ | ३००३५ | ८०३ |
| ५ | ढोडेनी आँपपाटा रिपाहा | सन्धिखर्क ४ | २३७१.८४ | 0.00 | ११२०५१९ | २२५६६१ | १९५१९६ | १३०८ |
| ६ | सिमलघाट | भुमिकास्थान ४ | १८२७.०२ | 0.00 | ५८०३७५ | ७९५७३ | ९५६९२ | ८९४ |
| | **कुल जम्मा** | | **८९०५.६** | **०** | **३५१२२४५.९** | **६५७३८९** | **६०४५९७** | **५२००** |

**नोट:** उत्पादित सम्पुर्ण दाउरा समुहमा खपत भएको ।

### तालिका ८ निजि वन र सामुदायिक वन उपभोक्ता समुहको प्रति क्यूफिट लागत विवरण

| बिबरण | नीजि आवादी (प्रति क्यूफिट अधिकतम) | सामुदायिक वन (प्रति घ. फि.) | जम्मा लागत (प्रति क्यू फी) | कैफियत | |
|---|---|---|---|---|---|
| काठको मुल्य | १७२ | २२९ | ३८६ | निजि काठ | प्रति क्यू फी रु १६८ भेनियरमा र रु ५७ काठमा फरक |
| भेनियर संकलन | १०३ | २१४ | २७५ | निजि भेनियर | |
| काठ संकलन | २१४ | | ४४३ | सामुदायिक | |

## समस्या (Problems)

खोटे सल्लाको वनमा सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक जनशक्तिको अभाव, सम्वर्द्धनका लागि उपयुक्त क्षेत्रफलको वन नहुनु, समुहको निस्कृयता, बजेट तथा स्रोत अभाव, उत्पादित वन पैदावर बिक्री वितरणमा समस्या तथा खोटो संकलन भइरहेका समुहहरुमा कार्यान्वयनमा समस्या जस्ता विविध कारणहरुले व्यवस्थापन कार्यलाई समस्या परिरहेको छ ।

## चुनौती

व्यवस्थापन कार्यमा खर्च र आम्दानीको असमानता, कार्यन्वयनयोग्य योजना नहुनु, वन डढेलोको जोखिम, जलवायु परिवर्तनको प्रभाव र संस्थागत क्षमताको कमी जस्ता चुनौती रहेका छन् ।

## आगामी कार्यदिशा (Way Forward)


### १. खोटेसल्ला प्रजाति-केन्द्रित विशिष्टीकृत योजना

- खोटेसल्ला वनको संरचना, घनत्व, उमेर वर्ग, स्वास्थ्य स्थिति आदिको विस्तृत विवरणसहित कार्ययोजनाको आवश्यकता





### २. Conversion योजना (Pine forest to Broadleaf forest)

- Unmanaged, irregular natural forest लाई thinning, cleaning, pruning मार्फत व्यवस्थित, उत्पादनशील वनमा रूपान्तरण गर्ने योजना समावेश गर्नु।
- Canopy adjustment, spacing सुधार र पुनरोत्पादन अभिवृद्धि केन्द्रित क्रियाकलापहरू।




## ३. Thinning योजना कार्यान्वयन गरिनु पर्ने




- प्राथमिक thinning (young stand thinning), माध्यमिक thinning (commercial thinning) आदिको तालिका निर्धारण thinning interval, thinning intensity (percent of removal), र thinning method (low thinning, crown thinning आदि) को स्पष्ट कार्यान्वयन ढाँचा।

## ४. पुनरोत्पादन योजना

- प्राकृतिक पुनरुत्पादन सँगसँगै वृक्षरोपण कार्यलाइ समेत जोड दिने
- सल्लाको वनलाई व्यवस्थित वनाउन र स्थानियहरुको मागलाई थप प्रभावकारी बनाउन हार्भेष्टिङ सँगै पुनरउत्पादन योजना समेत आवश्यक रहेको।
- Sub Compartment-wise कार्य विभाजन/ व्यवस्थापन

**५. पुरै वन क्षेत्रलाई विभिन्न खण्डमा विभाजन गरी प्रत्येक खण्डमा फरक कार्य कार्यान्वयन गर्ने (compartment-wise management)**

- खण्डहरूमा Regeneration felling, Preparatory felling, Improvement felling र Thinning
- Thinning Guideline preparation
- Species Conversion VS Pine/Khote Sallato Broadleaf- Guideline and implementation
- संभावित सबै सल्लाको वन क्षेत्रलाई वन सम्वर्धन प्रणालीमा व्यवस्थापन गर्नुपर्ने
- व्यवस्थापन कार्यमा स्थानीय तह र समुदायको बिशेष सहभागिता (थिनिङ योजना कन्भर्सन योजना आदिमा)
- प्रविधिको प्रयोग (GPS, GIS)
- क्षमता अभिवृद्धि: वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
- सल्लाको वन व्यवस्थापनमा प्रदेश सरकारको लगानी: कार्यक्रम अनुदान
- राजश्वमा पुनर्बिचार
- खडारुख लिलाम प्रकृयाको थालनी
- प्रदेश सरकार, स्थानिय तह, समुह र निजी क्षेत्रको सहभागितामा भेनियर, पारकेटिङ एवं लिष्टि वीट निर्माण, प्राङ्गरिक मल जस्ता उद्योगहरुको स्थापना

**६. काठ दाउरा व्यवस्थापन**


- भिरालोपन
- काठ दाउरा संकलनको कार्य गर्न कठिन तथा वढी जोखिमपूर्ण
- प्रचलित जिल्ला दर रेटमा कटान मुछान गर्न अपुग
- बिक्री मूल्य vs संकलन खर्च
- व्यवसायिक रुपमा काठ दाउरा संकलनको कार्य नभएका कारण स्थायी व्यवस्थित घाटगद्दी नभएको
- संकलन खर्च वढी लाग्ने हुँदा घाटगद्दी स्थलमा गोलीया काठहरुको व्यवस्थित पाइलिगं गर्न आनाकानी गर्ने
- दाउराको माग र संकलन खर्च vs बिक्री
- साना फर्निचर उद्योगहरु लिलाम प्रकृयामा सहभागी हुन नपाउनु
- बजार तथा माग

# गरिबीका रेखामुनीका समुदायले व्यवस्थापन गरेको कबुलियती वन र आयआर्जनमा सुधारः हालसम्मको सिकाई, समस्या, चुनौती र आगामी कार्यदिशा

*नारायण देव भट्टराई* [1]

## पृष्ठभूमी

वन ऐन २०७६ को दफा २६ अनुसार हैसियत बिग्रिएको वन (२० प्रतिशत भन्दा कम छत्र घनत्व भएको वन) क्षेत्र कबुलियती वनको रूपमा उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ । डिभिजन वन कार्यालयहरुले गरिबीको रेखामुनि रहेका समुदायको आयआर्जनमा सुधारका लागि कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आयआर्जन हुने कार्यक्रम संचालन गर्न त्यस्ता जनताको समुहलाई कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउन सकिने व्यवस्था रहेको  छ । यस्ता वनहरु हैसियत विग्रेको वनहरु भएकोले विपन्न परिवारका सदस्यहरुलाई वनको विकास पनि गर्ने र उनीहरुको आय आर्जनको बृद्धि हुने गरि Silvi-pastural System अपनाई व्यवस्थापन कार्ययोजना निर्माण गरि कबुलियति वनको रुपमा कार्यान्वयन भैरहेको छ ।





सुरुवाती अवस्थामा पहाडी कबुलियती वन तथा चरण विकास आयोजना (०४९/५०-०५७/५८) IFAD को Loan मार्फत् अगाडी बढेको र कवुलियती वनको गठन र हस्तान्तरणको काम भएको । यसैलाई निरन्तरताको लागि आ.व. ०५८/५९-०६१/६२ no cost extension of first phase - IFAD loan बाट थप विस्तार भएको थियो । फेरी IFAD loan बाट नै कबुलियती वन तथा पशु विकास कार्यक्रम (०६२/६३-०७०/७१) कार्यक्रम कार्यान्वयन भएको र पछि कबुलियती वन विकाश कार्यक्रम (आ.व. ०७१/७२ देखि हाल सम्म) नेपाल सरकार र प्रदेश सरकारबाट निरन्तरता दिएको छ ।

---

[1] डिभिजन वन कार्यालय, पाल्पा

आफ्नो दैनिक जिविका पुरा गर्नका लागि आम्दानी पर्याप्त नभएको अवस्थालाई तथा प्रतिव्यक्ति १९,२६२ रुपैयाँ भन्दा कम आम्दानी भएका व्यक्तिलाई गरीव भनेर राष्ट्रीय तथ्यांक विभाग २०१२ ले परिभाषित गरेको छ ।





## गरिबी र कबुलियती वन


- गरिबी दरः २०.२७% (NLSS-IV, २०२२-२३) -
- ग्रामीण क्षेत्रः २४.६६%, विशेष गरी पहाड र तराई -
- चुनौतिः सीमित/अतिनै न्यून रोजगारी, कमजोर पूर्वाधार, जलवायु जोखिम -
- कबुलियती वनको सम्बन्धः गरिब परिवारलाई आयआर्जनको अवसर-
- परिभाषाः गरिब परिवारलाई ४० वर्ष सम्मका लागि हैसियत बिग्रेको वन कबुलियतनामा गरि दिने
- योग्यताः ०.५ हेक्टर भन्दा कम जमिन र गरिबीको रेखा मुनिको परिवार -
- नेपालमाः ३९ जिल्ला, ४३,९९४ हेक्टर, १,७२९ LFUGs (२०१८) -
- उद्देश्यः आयआर्जनमा वृद्धि र हैसियत बिग्रेको वनको पुनर्स्थापना

## नेपालमा कबुलियती वनको अवस्था

नेपालमा ७६०७ वटा कबुलियति वनहरु र ४४०२८ हेक्टर वन क्षेत्र हस्तान्तरण भैसकेका छन् भने सबै भन्दा धैरै बागमती प्रदेशमा ३३०१ वटा र १६६४१ हेक्टर वन कवुलियति वनको रुपमा व्यवस्थापन भएको छ । त्यस्तै लुम्विनी प्रदेशमा हाल सम्म ४४३ वटा कवुलियति वन बाट २४९५ हेक्टर वन क्षेत्र हस्तान्तरण गरिएको छ ।




चित्र २.१ : कबुलियती वन (गरिबीको रेखामुनिका लागि) समूहहरुको प्रदेशगत विवरण




चित्र २.११ : कबुलियती वन क्षेत्रको (गरिबीको रेखामुनिका लागि) प्रदेशगत विवरण

लुम्विनी प्रदेशका पाँच जिल्ला पाल्पा, गुल्मी, प्यूठान, रोल्पा र रुकुम पूर्वमा यस प्रकारको कवुलियती वनको अभ्यास भैरहेको छ । यस मध्ये प्यूठान जिल्लामा १८४ सवैभन्दा धेरै र गुल्मीमा ८ वटा हस्तान्तरण भएको छ । यसको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

| सि. न | जिल्ला | कबुलियती वन संख्या | हस्तान्तरित क्षेत्रफल (हे.) | लाभान्वित घरधुरी | प्रति घरधुरी क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|
| १ | पाल्पा | २०६ | १६६०.२३ | २२२४ | ०.७५ |
| २ | गुल्मी | ८ | ४३.३ | ८४ | ०.५१ |
| ३ | प्यूठान | १८४ | ८०६ | १७३९ | ०.४६ |
| ४ | रोल्पा | ५५ | १६७.१७ | ६३० | ०.२६ |
| ५ | रूकुम पू. | १५ | ५०.४९ | १८१ | ०.३३ |
| | जम्मा | ४१५ | २७६६ | ४५५३ | |

### अध्ययनको औचित्य

कबुलियती वनमा अम्रिसो, टिम्मुर नेपियर घाँस खेतीलाई प्राथमिकतामा राखी कबुलियती वन विकास कार्यक्रम लागू गरिरहेको र लुम्विनी प्रदेश सरकारले समेत त्यसको निरन्तरता दिइरहेकोमा उक्त कार्यक्रमको प्रभावकारिताको वारेमा यथेष्ठ अध्ययनहरू भएका छैनन् । अतः उक्त कार्यक्रम कार्यान्वयनले आयआर्जन सुधार के कस्तो प्रभाव पारेको छ ? हाल सम्मको सिकाई के छ ? के समस्या र चुनौती छन् ? एवं भावी कार्यदिशा के हुन्छ भनि विश्लेषण र आगामी दिनका लागि रणनीति तय गर्न यो अध्ययन गरिएको हो ।

### अध्ययनको सिमितता

अतिनै छोटो अवधिको अध्ययन, छलफल र अनुभव विश्लेषण मात्र र Scientific Experimental बिना नै नतिजा प्राप्त गरिएको जसले गर्दा यो प्रतिवेदनलाई सिकाई, चुनौती र भावि कार्यदेशा तय गर्नको लागि मात्र उपयुक्त हुने देखिन्छ ।

### हाल सम्मका सिकाईहरु

कवुलियती वन समूहको आकार सानो हुने भएकोले सबै सदस्य नियमित भेटघाट र सक्रियता बढेको र जुन कबुलियती वन उत्पादनशील छ त्यसमा अझै पनि सक्रियता भएको देखिएको । सक्रिय समूह सहयोगी भएको

ठाउँमा बचत संकलन तथा परिचालन पनि राम्रो रहँदो रहेछ । कबुलियती वन समुहको नियमित र अनिवार्य बचत गर्ने बानीको विकाशले गर्दा गरिव परिवारको पनि राम्रो बचत भएको पाईयो ।

घाँस उत्पादन भएको क्षेत्रमा पशुपालन उन्नत र राम्रो छ (अम्रिसो-झिरुवास र अर्चले पाल्पा एवम् खर-खुंग/पकला र बेल्बास स्वर्गद्वारी-चुत्रो मात्र प्युठान र खर-हवामा, उवा रोल्पाको,) अर्थात् छोटो अवधिमा नै आयआर्जन हुने प्रजातिका रोपणबाट प्राप्त आम्दानीले गर्दा सदस्यहरुमा काम गर्ने उर्जा विकास भएको पाइयो कबुलियती वन क्षेत्रमा अम्रिसो, नेपियर तथा स्थानीय घाँस बढी सफल भएको छ भने समुहको निजी जग्गामा टिमुर, किवी लगायतका कृषिमुलक विरुवा सफल देखिएको छ।

खोरिया फडानी (Shifting cultivation) भएको क्षेत्रलाई पनि यस कबुलियति वन कार्यक्रम मार्फत् पुनः वनको रुपमा पुनस्थापना गर्न सकिएको छ । विना तारवार/बारबंदेज पनि कबुलियती वनको संरक्षण राम्रो गरेको पाइयो ।

आयआर्जनको लागि आम्दानीका विभिन्न श्रोत मध्ये कबुलियती वनको आम्दानी पनि मुख्य स्रोत रहेको जसको लागि तलको उदाहरणमा कवुलियती वनको अम्रिसो उत्पादनले घरधुरीको आम्दानीको हिस्सा ओगटेको पाईएको छ । सन् २०१० को आम्दानीलाई ८ प्रतिशत चक्रिय व्याजमा हिसाव गरि हाल २०२२ मा तुलना गर्दा अम्रिसो रोपण गर्ने समूह र अन्य समूहमा आम्दानीको अन्तर फरक रहेको छ ।

**औषत वार्षिक पारिवारिक आम्दानी प्रति घरघुरी (रू हजारमा)- झिरुबास, पाल्पा**

| वर्ष | खेती | पशुपालन | ज्याला | स्थानिय विकास | बैदेशिक आम्दानी | अदुवा खेती | अम्रिसो खेती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 2010 | 14.82(16%) | 7.24(8%) | 13.69 (5%) | 7.50 (8% ) | 39. (42%) | 10.11 (7%) | 0 0% | |
| 2022 | 14.93 (11%) | 10.00 (8%) | 7.22 (5%) | 7.42 (6%) | 34.73 (27%) | 9.16 (7%) | 46.22 (36%) | |
| Change | 0.11 (-5%) | 2.76 (0%) | -6.48 (-10%) | -0.09 (-2%) | -4.28 (-15%) | -0.94 (-4%) | 46.22 (36%) | |

## समस्या र चुनौतीहरु

- धेरैजसो हैसियत बिग्रेको वन क्षेत्र हुनुपर्ने (हैसियत बिग्रेको वन तर उत्पादनशिल वन क्षेत्र)
- बजार पहुँचः NTFPs (अम्रिसो, तेजपात, टिमुर आदि)को सीमित, एकाधिकार/अनिश्चित बजार र मुल्य)
- स्वामित्वः स्वामित्व अधिकार अस्पष्ट (कबुलियती वनको अवधि ४०,३०,२५,१०/१५ बर्ष)
- मुल्य शृंखला, प्रशोधन, प्याकेजिंग लगायतको प्राविधिकः सीप र ज्ञानको कमि
- उत्पादनः Holding in storage गर्ने चाहना र क्षमताको कमि
- कम उत्पादनको कारणले Bargaining power को कमि

- सामुदायिक वन कार्यक्रमसँग प्रतिस्पर्धा भैरहेको (सबैका लागि सामुदायिक वन कार्यक्रम अनुदान तर गरिवको लागि कबुलियती वन कार्यक्रम IFAD को ऋण मार्फत गरिएको
- बसाई सराईका कारण समुहमा आवद्ध घरधुरी सदस्यको कमि (कम्तिमा ५ हुनु पर्नेमा ४,३ हुने) हुँदै गएको ।
- गरिबी निवारण कोषले बनाएका क.व.स.हरु प्रचलित कानुन अनुकुल नहुनु (घुरधुरी र क्षेत्रफल)
- रोल्पाका कबुलियती वनबाट आम्दानी नहुँदा समुहको निश्कृयता बढ्दो ।
- कबुलियती वन समूहलाई कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुखको संरक्षण गरे बापत त्यस्ता रूख विक्री गर्दा प्राप्त हुने रकमको पचास प्रतिसत मात्र रकम सम्बन्धित कबुलियती वन समूहलाई दिने कानुनी व्यवस्था
- अनुत्पादक क्षेत्र जहाँ कुनै प्रविधि लगाए पनि उत्पादन गर्न नसकिने भएकोले समुह संख्या मात्र धेरै देखिने

**अवसर**

कृषि-वन उद्यमहरूको विकास गर्ने साथ साथै पारिस्थितिकिय पर्यापर्यटन (Eco-Tourism) (झिरुवास र जल्पा-पाल्पामा) गर्ने अवसरहरुको सृजना गर्ने, स्थानीय समुदायको क्षमता अभिवृद्धि तथा शसक्तिकरण,वित्तीय श्रोतमा पहुँच र वन क्षेत्रको पुनर्स्थापना गर्ने अवसरहरु यस कवुलियति वनले गरेको छ ।

**भावी कार्यदिशा**

नीतिगत तथा कानूनी व्यवस्था सरलीकरण गर्नु पर्ने,प्रकृतिमा आधारित पर्यापर्यटन प्रबर्द्धन गर्नु पर्ने, आयआर्जनको विविधिकरण हुनु पर्ने, वित्तीय श्रोतमा पहुँच बढाउँदै लैजानु पर्ने, नियमित अध्ययन अनुसन्धान हुनु पर्ने, उत्पादित पैदावारको बजार पहुँचमा सहजीकरण हुनु पर्ने, मुल्य अभिवृद्धि तथा ब्रान्डको लागि क्षमता अभिवृद्धि र कार्यक्रमको निरन्तरता हुनु पर्ने जस्ता भावी कार्यदिशा तय गरिएको छ ।

**निस्कर्ष**

गरिवका लागि कबुलियती वनमा अम्रिसो खेती प्रवर्द्धनबाट वनको हैसियतमा सुधार हुनुको साथ साथै स्थानियलाई आर्थिक, सामाजिक, मानविय, भौतिक तथा प्राकृतिक लाभहरू प्राप्त भएको छ । जस्तैः अम्रिसो रोपण गर्ने उपभोक्ताहरूलाई आर्थिक रूपमा लाभदायक रहेको देखिएको छ । यस कार्यक्रमबाट ग्रामिण घरधुरीको आम्दानीको मुख्य श्रोतको रूपमा स्थापित भई आम्दानी वृद्धि गर्नुको साथसाथै बचत क्षमतामा सुधार ल्याएको छ र यसबाट समग्र उपभोक्तालाई गरिबीको रेखा भन्दा माथी उक्लन सहयोग पुगेको छ । कबुलितयी वनमा रोपण भएको अम्रिसो लगायत घास खेतिले विद्यार्थी शिक्षाको गुणस्तर बृद्धिमा समेत उल्लेख्य सहयोग पुर्याएको देखिन्छ ।

**सुझावहरू**

कवुलियती वन समुहहरूको आयआर्जन सम्बन्धमा संघिय सरकार तथा प्रदेश सरकारले अध्ययन अनुसन्धानको कार्य निरन्तर गर्नु पर्ने । कवुलियति वनका उपभोक्ताहरूले कबुलियती वनको अम्रिसो, टिमुर, घाँस खेतीबाट प्राप्त आम्दानीबाट निजी जग्गामा समेत यस्तै आयआर्जनका क्रियाकलापमा लगानी गरी आफ्नो आर्थिक स्थिती लाइ थप बृद्धि गर्नुपर्ने ।

अम्रिसोबाट उत्पादन हुने कुचोको बजारीकरण र डांठको पल्प उद्योगमा प्रयोग वृद्धिका लागि सरकारी निकायबाट विशेष सहजीकरण हुनुपर्ने, अम्रिसोको फोरेज केक, साइलेजमा प्रयोग, पर्यापर्यटन लगायतका क्षेत्रमा सरकारले लगानी बढाउनु पर्ने, सबै ठाँउको कबुलियती वनमा अम्रिसो मात्र रोपणको सट्टा कुन उपयुक्त हुन्छ सरकारी तवरवाट अध्ययन हुनुपर्ने र कार्यक्रमको निरन्तरता दिई रहनु पर्ने ।

**थप अध्ययन अनुसन्धानका लागि सुझाव**

कबुलियती वनमा अम्रिसो खेतीको भू संरक्षण (झिरूवास काउलेमा अम्रिसो रोपण भन्दा अगाडीको ३ वटा Rill Erosion पुर्ण रूपमा निदान भएको), जलाधार व्यवस्थापन, पानी मुहान संरक्षण, कार्वन संचितीकरण लगायतका वातावरणीय सेवाका सन्दर्भमा थप अध्ययन अनुसन्धान गरि भुक्तानी प्रणालीको विकास गरिनु पर्ने।

कबुलियती वनमा अम्रिसो खेतीको क्षेत्रफलको अनुपातमा प्रतिफलहरू सन्दर्भमा थप अध्ययन अनुसन्धान गरि यस सम्वन्धी सम्वन्धहरू विकास गर्न सकिन्छ । तथा बदलिएको सामाजिक परिबेश र सुधारिएको आर्थिक अवस्थामा कबुलियती वनको विकासका सन्दर्भमा नीतिगत रूपमै समेटेर लैजानु पर्ने ।

**सन्दर्भ सामग्रीहरू**


- Alam. M. J, Ali, M.R, Sarmin1 N.S, Miah M.M.U, &Shahjahan M., (2013). Existing marketing system and economic analysis of Broom grass. Journal of agro-forestry and Environment. 7 (1): 81-84, 2013, Chittagaun, Bangladesh.
- Bhattarai, N.D.,(2016). Cultivation of *Broom Grass* of Leasehold Forests in Poverty Reduction at Jhirubas,Palpa,Master's Thesis,Pokhara University.
- CBS, (2012 & 2022). National Living Standard Survey 2022. Kathmandu, Nepal: Central Bureau of Statistics (CBS), National Planning Commission; Nepal.
- Kafley, G.P.,(2014).Economical analysis of income generation activities especially *broom grass* of leasehold forest of Nepal. (TA-LFLP/FAO).
- Kafley G.P. & Bhattarai,N.D., (2014). Potentials of Leasehold Forestry for Poverty Alleviation: An analysis of piloting area; Workshop Proceedings of Regional Workshop on Pro-poor Leasehold Forestry, Kathmandu, June 2014.

# खोटो संकलन तथा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौती र आगामी कार्यदिशा

*टेकन प्रसाद आचार्य[1] वेसिन्द्रराज सुवेदी[2]*

## १ खोटो संकलन गरिने सल्लोको जात :

सबै भन्दा पहिले खोटो संकलन गर्ने प्रविधिको विकास सन् १९५० को दशकमा Pierre Hugues गरेका थिए भने त्यसपछि सन् १९५० मा Mazek Fialla ले हिजो आज नेपाल भारतमा धेरै प्रयोग भई रहेको रिल प्रविधीको विकास गरेका हुन् । खोटो संकलन सल्लो प्रजातिको रूखबाट गरिन्छ । संसारमा सल्लोका बिभिन्न १३४ प्रजातिहरू (Cunningham, 2012) रहेका छन् भने नेपालमा ९ प्रजातिका सल्लोको जातहरु पाईन्छन् (Dendrological Society of Nepal)। सल्लोको विभिन्न जातबाट खोटो संकलन गरीन्छ, जसलाई ओलियो रेजिन पनि भनिन्छ । खोटो संकलन (कार्यबिधी) निर्देशिका, २०६४ अनुसार सल्लो भन्नाले खोटेसल्ला *(Pinus roxburghii)*, पाटे सल्ला *(Pinus patula)* र गोब्रे सल्ला *(Pinus wallichiana)* लाई सम्झिनु पर्छ भनि उल्लेख गरिएको छ भने खोटो भन्नाले यी तिन जातको सल्लाको खोटो सम्झिनु पर्छ भनि परिभाषित गरिएको छ । नेपालमा खोटो संकलन मुख्य गरि खोटे सल्लो *(Pinus roxburghii)* को रुखबाट संकलन गरिन्छ ।

खोटे सल्लो प्रजातिको सल्लो हिमाली क्षेत्रका अरू सल्लाहरू भन्दा कम उचाइ भएका भूभागहरूमा खास गरि पश्चिम नेपालको दक्षिणी मोहडामा ५०० देखी २,००० मिटर (१,६०० देखी ६,६०० फिट) र बिरलै मात्र २,३०० मिटर (७,५०० फिट) उचाइसम्म  पाईन्छ । खोटे सल्लो एक ठूलो आकारको वृक्ष हो। यसको उचाई ३० देखी ५० मिटर (९८ देखी १६० फिट) सम्म हुन्छ र वृक्षको फेदको व्यास २ मिटर सम्म हुने गर्छ र अपवादको रूपमा ३ मिटरको समेत पनि भेटिएको छ।

सन् २०१० मा ११ लाख १४ हजार मेट्रिक टन खोटो उत्पादन भएकोमा चीन, म्यानमार र ईन्डोनेसिया गरी तीन देशको उत्पादन कूल उत्पादनको ९० % रहेको थियो (Cunningham,2012) खोटो संकलन (कार्यबिधी) निर्देशिका, २०६४ अनुसार प्रतिरुख प्रति वर्ष ३.५ देखि ५ किलोग्राम (खोटेसल्ला) खोटो उत्पादन हुन सक्छ सरदर खोटेसल्लाको रुखबाट ३ देखि ७ किलोग्रामसम्म खोटो संकलन हुने (https://newsofnepal.com) गर्दछ। नेपालमा उत्पादित खोटो १० प्रतिशत आन्तरिक खपत बाँकी ९० प्रतिशत भारत निकासी हुँदै आएको छ (https://nilkamalonline.com/archives/)। नेपालमा १३ करोड ५० लाख सल्लोको रूखहरूबाट वार्षिक

1 वरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय दाङ, (दाङ)

2 सिनियर डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय दाङ, (दाङ)

४० हजार ५ सय मेट्रिक टन खोटो संकलन गर्न सकिने संभावना रहेको छ (वन विभाग, सन् २००७) भने एक अर्को अध्ययनले नेपालमा प्रति वर्ष ६० हजार मेट्रिक टन खोटो संकलन गरी १.५९ बिलियन नेपाली रूपैया बराबरको खोटो निकासी गर्न सकिने देखाएको छ (सुवेदी, सन् २०१०) ।

**२ खोटो संकलनको लागी रूखको छनौटः**

खोटो संकलनको लागी रुखहरुको छनौट गर्दा जमीनको सतहबाट १ मिटर ३० से.मी. (छातिको उचाई) मा ३० से.मी. वा सो भन्दा बढी ब्यास भएका रुखहरूको छनौट गरी गणना गर्ने कार्य गर्नुपर्ने छ । तर चोटपटक लागेको, टुप्पो भाँचिएको रुख र भूः क्षय हुनसक्ने स्थानमा रहेका रुख खोटो संकलनको लागि छनौट गर्न गरिदैन र रुख छनौट गर्दा सल्लाको पुनरुत्पादनमा असर नपरोस र भविष्यमा कुनै किसिमको रोग, कीराको आक्रमण वा दैवी प्रकोप वा अन्य कुनै कारणबाट सल्लाको वनमा पर्न सक्ने उल्लेखनीय प्रतिकूल प्रभाव न्यून गरी त्यस प्रजातिको अस्तित्व कायम राखी दिगो संरक्षण र सदुपयोगलाई सुनिश्चित गर्न खोटो सङ्कलन गर्न योग्य रुखहरुमध्येबाट प्रति हेक्टर ५ वटा स्वस्थ रुखहरू खोटो सङ्कलन नगरी छोडने गरिन्छ । यसरी रुखहरु छोडदा वनको घनत्व, अवस्थिति र दूरी समेतलाई आधार मानी सबै स्थानको प्रतिनिधित्व हुने गरी रुख छोडनु पर्ने हुन्छ ।

कुनै एउटै वन क्षेत्रमा ३०,००० भन्दा बढी खोटो निकाल्न सकिने योग्य रुखहरु भएमा कामदारहरुलाई निरीक्षण तथा अभिलेख राख्न सजिलो हुने गरी वनको प्रकृति हेरी सरदर १०,००० सम्म रुखहरु पर्ने गरी सो क्षेत्रलाई कुपमा विभाजन गर्नुपर्नेछ । कुप विभाजन कार्य सम्पन्न भैसकेपछि बार्षिक कार्य सञ्चालन तथा एकजना कामदारको कार्य क्षेत्रको ईकाइको हिसावले कुपलाई सबकुपमा विभाजन गर्नुपर्नेछ । यसरी सबकुप बनाउँदा प्रति सबकुपमा ५००-१,५०० सम्म रुखहरु पर्ने गरी छुट्ट्याएर उद्योग वा निकायद्धारा रिल बनाउन, सङ्कलनकार्य गर्न एकजना कूप कामदार नियुक्त गरी जिम्मा लगाउनु पर्छ ।

**३ खोटो संकलन तरिका र समय ः**

खोटो संकलनका लागि गरिने रुख छनौट लगायतका तयारीका सबै कार्यहरु प्रत्येक वर्ष फाल्गुण महिना सम्ममा गरि सक्नु पर्छ। रूखबाट खोटो सङ्कलन गर्न खोटो सङ्कलन गर्नु भन्दा करीब ७ देखि १० दिन अगाडि रिल बनाउने कार्य शुरु गर्नु पर्नेछ । रिल निर्माण गर्न छानिएका रुखको फेदबाट १५ से.मी. माथि मूल काण्डको ४५ से.मी. ३० से.मी. बराबरको क्षेत्रबाट बोक्रा ताछ्ने औजार (बार्क सेभर) को सहायताबाट सुकेका बोक्रा ताछी सफा गर्नु पर्छ र सफा गरिएको ठाउँमा ३२ से.मी. लम्बाई र १६ से.मी. चौडाई साइजको ब्लेज फ्रेमको मद्दतबाट मार्किङ गेजद्वारा चिनो लगाई ब्लेजको साइज तयार गर्नु पर्छ । सो को ठीक बीचमा एउटा लामो ४ मि.मि. गहिरो र ७ देखी ९ मि.मि. चौडा खाँच सेन्ट्रल ग्रुभ कटर प्रयोग गरी बनाउनु पर्छ । खाँचको दुवैतिर

४५° को कोण बनाई चक्कु (फ्रेसनिङ्ग नाईफ) को सहायताबाट २ मि.मि. गहिरो रिल बनाउनु पर्छ । खाँचको फेदमा ७ से. मी. लम्बाइ र ६.५ से. मी. चौडाईको टिनको पत्ती (लिप) बोक्रामा घुसारी टिनको पत्तीको २.५ से.मी. तल एक मसिनो ल्वाङ किलाको सहायताबाट टिनकै कुपी रिलबाट खाँच भएर खोटो सङ्कलन हुन सक्ने गरी झुन्डयाउनु पर्छ । पहिलो पल्ट रिल बनाई खोटो सङ्कलन गरेको तीन दिन बिते पछि पूनः त्यसमाथि ५ मि.मि.को फरकमा एक पटकमा एकातिर र अर्को  तीन दिन पछि अर्को तिर एक रिल बनाउँदै जाने र सोही रीतले प्रत्येक सातामा दुबै तर्फ १ र १ नयाँ रिल थप्दै जानु पर्छ । नयाँ रिल बनाई सकेपछि स्प्रे बोटल (Spray Bottle) बाट रिलमा  पर्ने गरी बढीमा २० प्रतिशतको अम्लको मिश्रण (Sulphuric Acid + Nitric Acid) को झोल रुखलाई उल्लेखनीय प्रतिकुल प्रभाव नपर्ने गरी छर्किनु पर्छ । आठ महीनाको एक सिजनमा (चैत्रदेखि कार्तिकसम्म) बढीमा ३२ र ३२ वटा रिलहरू बनाउन सकिने र एक रिल देखि अर्को रिलको दूरी वीच समानता र गहिराईमा एकरुपता ल्याउन फ्रेसनिङ्ग नाइफको गाईडको प्रयोग गर्नु पर्नेछ ।  पहिले बनाइएको ब्लेजमा एकमाथि अर्को थप्दै ५ बर्षसम्म खोटो सङ्कलन गर्नु पर्छ । सो अवधि पछि पनि खोटो सङ्कलन गर्नु पर्ने अवस्था भएमा पहिलो ठाउँमा बनाइएको ब्लेजको लाइनबाट एकातर्फ ७.५ से.मी. छोडी अर्को ठाउँमा ब्लेज तयार गरी पूनः सोही प्रक्रियाबाट रिल निर्माण गरी खोटो सङ्कलन गर्नु पर्छ।

**४ खोटोको उत्पादनः**

खोटो संकलन (कार्यबिधी) निर्देशिका, २०६४ अनुसार प्रति रुख प्रति वर्ष ३.५ देखि ५ किलोग्राम (खोटेसल्लाको हकमा मात्र)  खोटो उत्पादन हुन सक्छ भने केही स्थानमा  एउटा सल्लाको रुखबाट ३ किलो देखि ७ किलो सम्म खोटो संकलन हुने गर्दछ (https://newsofnepal.com)। नेपालमा उत्पादित खोटो १० प्रतिशत देश भित्रै प्रयोग हुन्छ भने ९० प्रतिशत भारत निकासी हुँदै आएको छ । https://nilkamalonline.com/archives/

**५ खोटोको प्रयोगः**

खोटोको आसवन (Distillation) पछि शीघ्र वाष्पशील सुगन्धित तेल निस्कन्छ जसलाई टरपेन्टाइन भनिन्छ र यसको साथै शीघ्र वाष्प नहुने रोजिन उत्पादन हुन्छ। खोटे सल्लाको खोटोमा रोजिन र टरपेन्टाइन को मात्र करिब क्रमश ७५% र २२% हुनुको साथै ३% क्षय हुन्छ । टरपेन्टाइन विशेष गरी औषधि उत्पादन, अत्तर उद्योग, सल्लाको सिन्थेटिक तेल, किटनाशक औषधि, पदार्थहरूको प्रकृति परिवर्तन सामग्री आदि कार्यमा घोलकको रूपमा प्रयोग गरिन्छ । टरपेन्टाइन रसायनिक पदार्थहरूको सिंथेसिस उत्पादनमा प्रयोग हुने एउटा सबभन्दा महत्त्वपूर्ण आधारभुत कच्चा पदार्थ हो । टरपेन्टाइन धेरै औद्योगिक प्रकृयाहरूमा प्रयोग गरिन्छ, जस्तैः टाँस्ने पदार्थ, कागज, रबर आदिको उत्पादन । खोटे सल्लाको रोजिन कागज, साबुन, श्रृङ्गारका सामग्री, रङ्ग रोगन, रबर पोलिस आदिको उत्पादनमा प्रयोग गरिन्छ । यस बाहेक अन्य पदार्थको उत्पादनको प्रकृयामा पनि

रोजिनको प्रयोग जस्तैः- लिनोलियम, बिस्फोटक पदार्थहरू, किटनासक, मादक पदार्थ उत्पादन, खनीज उत्पादन, इलेक्ट्रोनिक्सको सोल्डर गर्दा प्रयोग गरिने सहयोगी लेदो आदिमा प्रयोग गरिन्छ।

## ६ खोटो संकलन हुने वनको व्यवस्थापनः

खोटोको दिगो संकलन तथा व्यवस्थापनको लागी संकलन हुने वन क्षेत्रको व्यवस्थापन र संकलित खोटोको उचित बजारीकरण गर्नुपर्ने हुन्छ । खोटो संकलन हुने सल्लाको वनमा खोटो संकलन कार्यमा संलग्न जनशक्तिलाई तालिमको साथै सरसफाई र सुरक्षाको उचित व्यस्था गरी वनमा खोटो संकलन कार्यमा खटाउनु पर्छ। खोटो संकलन गरिएको वन क्षेत्रमा सम्बन्धित खोटो संकलक उद्योगले सम्बन्धित निकायसँग समन्वय गरि खोटो संकलन (कार्यबिधी) निर्देशिका, २०६४ मा उल्लेखीत देहाय अनुसारका पुर्नस्थापना र अनुगमन सम्बन्धी मुख्य कार्यहरुको प्रभावकारी कार्यान्वयन गर्नु पर्छ ।

- खोटो सङ्कलन गर्ने निकायले वन कार्यालयले तोकिदिएको स्थानमा हरेक ५ वर्षमा तपशील बमोजिमको क्षेत्रफलमा वृक्षारोपण गर्नुपर्ने छ :
- १,००० मेट्रिक टन वा सो भन्दा कम परिमाणमा खोटो सङ्कलनगर्ने उद्योगले न्यूनतम पाँच हेक्टर क्षेत्रफलमा खोटे सल्लाको वृक्षारोपण गर्नुपर्ने ।
- १,००० मेट्रिक टन भन्दा बढी परिमाणमा खोटो सङ्कलन गर्दा प्रति १,००० मेट्रिक टनका लागि थप ३.५ हेक्टरको दरले खोटे सल्लाको वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण समेत गर्नु पर्ने ।
- उद्योग वा खोटो सङ्कलन गर्ने निकायले सङ्कलन ईजाजत पाएको तेस्रो वर्षसम्ममा वृक्षरोपण गर्ने कार्य सम्पन्न गरी सक्नुपर्ने ।
- वृक्षारोपण गर्दा लाग्ने सम्पुर्ण खर्च तथा सो वृक्षारोपण क्षेत्रको पाँच वर्षसम्म संरक्षण गर्नुपन दायित्व सम्बन्धित उद्योग वा निकायको हुनेछ ।
- जिम्मेवारीपूर्वक काम नगरेको कारणबाट वृक्षारोपण सफल हुन नसकेको देखिएमा सो को दायित्व सम्बन्धित उद्योग वा खोटो सङ्कलन गर्ने निकाय र वन कार्यालयको पनि हुनेछ ।
- वन कार्यालयले वृक्षारोपण सम्पन्न क्षेत्रको नाप, नक्शा र प्रारम्भिक अवस्था चित्रण अभिलेखको साथै तोकिए बमोजिम प्रगतिको जानकारीहरु सम्बन्धित वन निर्देशनालय र वन विभागमा दिनुपर्ने छ ।
- डिभिजल वन अधिकृत स्वयंले अनिवार्य रुपले शतप्रतिशत क्षेत्र वृक्षरोपण, ऱ्यान्डम स्याम्पलिङ्गको माध्यमबाट रयान्डम नम्वर प्रयोग गरी कम्तिमा १० प्रतिशत खोटो सङ्कलन नगरी छाडेको रुखहरु, सोहि रयान्डम तालीकाको प्रयोगवाट खोटो सङ्कलन गरेको रुखहरुमध्ये कम्तिमा एक प्रतिशत स्थलगत निरीक्षण

गरी समग्र अवस्था, निरीक्षण गरेका रुखको नम्बर लगायतका वन क्षेत्रमा परेको समग्र प्रभाव समेतको वास्तविकता खुलेको स्पष्ट र तथ्यपरक स्थलगत प्रतिवेदन तयार गरी सम्बन्धित वन निर्देशनालय र वन विभागमा एक एक प्रति पठाउनु पर्नेछ । साथै क्षेत्रीय वन निर्देशकले वा निजले खटाएको कर्मचारीबाट खोटो सङ्कलन गरिएका रुखहरु मध्ये कम्तिमा ०.१ प्रतिशत रुखहरु र्‍यान्डम तालिकाको प्रयोग गरी वार्षिक रुपले स्थलगत निरीक्षण गर्नु पर्नेछ ।

**७ हालसम्मको सिकाई, समस्या, चुनौती र आगामी कार्यदिशाः**

हाल सम्मको खोटो संकलन अभ्यासको आधारमा खोटो संकलन कार्यबाट स्थानिय स्तरमा रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना भएका छन् । खोटो संकलनबाट यसरी सृजना हुने आय र रोजगारीको कारण स्थानिय समुदाय खोटे सल्लाको वनको संरक्षण तथा दिगो व्यवस्थापनप्रति सचेत भएका छन् भने जसले गर्दा खोटे सल्लोको वन व्यवस्थापनमा प्रभावकारिता बढेको छ ।यसरी दिगो रूपमा खोटे सल्लोको वन व्यवस्थापनलाई निरन्तरता दिदै स्थानिय समुदायमा आय र रोजगारीका अवसरको श्रृजनाको साथै प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा वन क्षेत्रको योगदान बढाउन खोटे सल्लाको वनमा वर्षेनी लाग्ने वन डढेलो नियन्त्रण गर्ने, मिचाहा प्रजातिलाई फैलिन नदिने, अनियन्त्रित चरिचरण नियन्त्रण गर्नुको साथै वातावरणीय दृष्टिकोणबाट संवेदनशिल स्थान, धार्मिक तथा सांस्कृतिक महत्वका स्थानहरुमा खोटो संकलन गर्न नहुने र बीउ दिने स्वस्थ रूखहरु प्रति हेक्टर ५ वटा छोडनु पर्ने कानूनी व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्नु पर्ने लगायतका प्रमुख सिकाइहरु प्राप्त भएका छन ।

खोटो संकलन तथा व्यवस्थापनका सिकाईहरुबाट खोटो संकलन कार्यबाट स्थानिय समुदायमा आय र रोजगारीका अवसर सृजनाको साथै स्थानिय, प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्दै आएको भएता पनि यसमा बिभिन्न समस्याहरू समेत रहेका छन् ।कतिपय अवस्थामा कामदारहरूले वढी खोटो संकलन गरी बढी पैसा कमाउने लोभले तोकेको भन्दा बढी गाढा (२०% भन्दा बढी) अम्लको प्रयोग गर्छन् र यसरी बढी भएको अम्ल बर्षातमा पानी र माटोमा मिसिदा माटोको उर्बराशक्ती र पानीको शुध्दतामा असर पर्ने गरेको । निर्देशिकाले तोकेको भन्दा बढी ठूलो खाँच वा घाउ बनाउने गर्दा खोटो संकलन गरिएका कतिपय रूखहरु सुक्ने सम्मको अवस्था देखिएको ।खोटो संकलन गरिएको रूखबाट कम गुणस्तरको काठ उत्पादन हुने सोचाइ समेत रहेको र सन २०२५ मा गरिएको एउटा अध्ययनले खोटो संकलन गरिएको भन्दा नगरिएको रूखको बेसल एरियाको बृध्दी बढी हुने गरेको देखिएको (Bhattari et al., 2025)।त्यसैगरी दक्ष कामदारको अभाव, खोटे सल्लो वनको दिगो व्यवस्थापनको लागी समुदायस्तरमा प्राविधिक ज्ञानको कमि, स्थानिय समुदायमा वन डढेलो नियन्त्रणा घट्दो चासो र सहभागिता त्यस्ता प्रमूख समस्याहरु रहेका छन्।

खोटो संकलन तथा व्यवस्थापनका यस्ता समस्याहरुसँगै विभिन्न चुनौतीहरु रहेका छन् । खोटो संकलन तथा व्यवस्थापनको नियमित अनुगमन तथा मुल्यांकन र प्राप्त पृष्ठपोषण अवलम्बनमा प्रतिबद्धता सहित कार्यान्वयन गर्नु, बिभिन्न सरोकारवालाको बिचमा प्रभावकारी समन्वय र सहकार्य बढाउदै खोटो संकलन तथा व्यवस्थापन कार्यमा दिगोपना सुनिश्चित गर्नु प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

खोटो संकलन तथा व्यवस्थापनमा प्राप्त भएका सकरात्मक सिकाईलाई अपनाउदै, देखिएका समस्याहरुको यथासिघ्र समाधानका उपायहरु पत्ता लगाई त्यसको कार्यान्वयनमा सरोकारवालाहरु सबैको सक्रिय सहभागिता, समन्वय र सहकार्यको वातावरणलाई बलियो बनाउदै आईपरेका चुनौतीहरूको सामना गरी खोटो संकलन कार्यलाई वातावरण संरक्षण, जलवायू परिवर्तन अनुकुलन, रोजगारी र आयआर्जनको शृजना र स्थानिय, प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा वन क्षेत्रको योगदान बढाउन आधुनिक प्रविधीको प्रयोगलाई बढाउदै दिगो खोटो संकलन तथा व्यवस्थापन सुनिश्चित गर्नु नै प्रमुख कार्यदिशा भएको देखिन्छ ।

**सन्दर्भ सामाग्रीः**

खोटो संकलन (कार्यविधी) निर्देशिका, २०६४, नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, सिंहदरबार काठमाडौं

Gotame, Bharat (2013), Sustainable resin collection and trade practices in mid hills of Nepal.

Acharya, G.R, et al.(2009), Livelihood Option from Minor Forest Produce: Context of Non Timber Forest Product and Poverty Reduction in Mid Hills of Nepal.

Awasthi, R. et al.(2020), Impact of Resin Tapping on Income Generation and Forest Condition in Janajagirti Community Forest, Sahajpur-3, Kailali District, Nepal. DOI: 10.36346/sarjbab.2020.v02i02.001

Bhattarai, B. et al. (2025), Impact of resin tapping on the radial growth and climate sensitivity of naturally- regenerated Pinus roxburghii (Chir pine) in Western Nepal. http://hdl.handle.net/10138/594219 10.1016/j.tfp.2025.100795

Cunningham,A, (2012), Pine resin tapping techniques used around the world

# Sustainable Management of River and Stream Systems in Lumbini Province, Nepal

*Mahendra Raj Wagle [1], Bhawana Rijal [2], Upendra Aryal [3]*

## 1. Introduction

Lumbini Province, located in the western region of Nepal, is celebrated not only for its historical and cultural significance but also for its diverse ecological landscape. It encompasses a complex network of rivers, streams, and seasonal water flows that traverse hills, valleys, and plains. These natural waterways are critical to supporting agriculture, replenishing groundwater, maintaining biodiversity, and safeguarding settlements from environmental hazards like floods and landslides (DFO Dang, 2025a).

The province is experiencing increased anthropogenic pressure due to population growth, urban expansion, and infrastructural development. As a result, river and stream corridors are increasingly threatened by sediment accumulation, illegal extraction of riverbed materials, encroachment, and pollution. These developments not only jeopardize the ecological integrity of the watershed but also endanger local livelihoods and infrastructure (DFO Dang, 2025b).

Recognizing these issues, the Lumbini Provincial Government, through its Ministry of Forests and Environment and District Forest Offices (DFOs), has initiated various interventions aimed at managing river and stream systems systematically. These efforts are supported by frameworks such as the Environment Protection Act (2076 B.S.), Environment Protection Rules (2077 B.S.), and forest operational guidelines issued in 2080 B.S. and revised in 2081 B.S. The main focus has been on conducting Initial Environmental Examinations (IEEs), preparing short-term operational plans, and engaging local stakeholders, especially Community Forest User Groups (CFUGs), in sustainable resource management (MoFE, 2023).

Lumbini's terrain varies from the Chure hills to the Terai plains, making stream behavior highly seasonal. During monsoons, the sediment load increases significantly. Streams like Arjun Khola, Chyau Khola, and Chimchime Khola have been known to deposit large volumes of boulders, gravel, and sand—changing river courses and affecting forest and farmland. The management strategy, therefore, emphasizes controlling these geomorphological shifts while enabling sustainable extraction that contributes to both local economies and provincial revenues (DFO Dang, 2025a; DFO Dang, 2025b).

In practice, these programs are carried out by forming working groups that include local municipalities, CFUGs, and technical personnel from the DFOs. Plans are subject to IEE approval and are published for public feedback. Once approved, materials are extracted, monitored, and

[1] Senior Divisional Forest Officer, Division Forest Office, Dang (Deukhuri).
[2] Senior Divisional Forest Officer, Division Forest Office, Dang (Deukhuri).
[3]

sold in accordance with provincial regulations. Revenue sharing between the provincial government and CFUGs ensures benefits are distributed fairly. A central Google Sheet platform has been developed to allow real-time data entry and sharing among DFOs, significantly improving project oversight (DFO Dang, 2025a).

While these steps represent significant progress, the management of streams remains complex. Issues such as overlapping jurisdiction among different levels of government, security lapses, and technical manpower shortages continue to affect implementation. Despite these, the province has laid a solid foundation for integrated watershed management. This paper presents a comprehensive review of these initiatives, identifies persistent gaps, and offers a set of recommendations for future planning and management.

## 2. Objectives

**The main objectives of this study are:**

- To review the river and stream management programs implemented across Lumbini Province.
- To identify challenges encountered during the planning and implementation phases.
- To propose long-term, sustainable strategies to improve future stream management.
- To document key lessons learned from community-based management experiences.

## 3. Methodology

The study covered seven districts in Lumbini Province, focusing on 35 streams. A comprehensive mixed-method approach was employed to evaluate the river and stream management programs:

- Document Review: Examined IEE reports, operational plans, and regulatory guidelines.
- Field Observations: On-site inspections of critical streams like Arjun, Chyau, and Chimchime.
- Stakeholder Engagement: Meetings and interviews with CFUGs, local governments, and provincial officials.
- Data Analysis: Reviewed monitoring reports and updates from each District Forest Office.
- Digital Coordination: A shared Google Sheet was used among all DFOs in Lumbini to collect and share data on stream volume, extraction status, challenges, and updates in real time. This facilitated transparency, reduced duplication, and improved decision-making.

### 4. Study Area and Implementation Status

The table below presents the number of streams, estimated volume of materials to be managed, and their current implementation status per district.

| District | No. of Streams | Estimated Volume (m³) | Status |
|---|---|---|---|
| Deukhuri | 3 | 17,428.8 | 2 operational, 1 under public notice |
| Dang | 2 | 41,033 | Under preparation |
| Arghakhanchi | 4 | 36,107.5 | 3 operational, 1 under preparation |
| Nawalparasi | 5 | 8,806 | 3 operational, 2 under preparation |
| Kapilvastu | 2 | 53,483 | 2 fully operational |
| Gautambuddha | 8 | 362,986.8 | Public notice stage |
| Rupandehi | 11 | 4,320 | Final stage of preparation |
| Total | 35 | 524,165.1 | - |

These results show varied progress across districts, reflecting differences in administrative capacity, stakeholder cooperation, and technical readiness.

### 5. Key Learnings

- Projects initiated early in the fiscal year show better planning and efficiency.
- In-house technical personnel accelerate approval and oversight processes.
- Protected areas provide administrative advantages for implementation.
- Orientation and training for CFUGs improves accountability and effectiveness.
- IEE updates every two years are essential for adaptive management.
- Five-year IEE validity supports strategic long-term planning.

### 6. Problems Identified

- Non-cooperation from local levels and political disputes delayed activities.
- Security issues led to illegal extraction of resources.
- Budgetary limitations and unclear jurisdiction among government levels caused legal hurdles.
- Insufficient skilled human resources delayed project completion.
- Forced contract issuance by some municipalities disrupted planned processes.

### 7. Challenges

- Weak inter-governmental coordination.
- Time-consuming synchronization of IEE and tendering processes.
- Monitoring challenges in government-managed forest zones.
- Low CFUG engagement and irregular monitoring.
- Overemphasis on extraction versus ecosystem conservation.

**8. Recommendations**

- Foster collaboration between DFOs, CFUGs, and local governments.
- Begin IEE processes at the start of each fiscal year.
- Train CFUGs in sustainable management and environmental compliance.
- Allocate adequate budgets and recruit technical staff.
- Adopt real-time monitoring systems and digital tools.
- Maximize the 5-year IEE period for multi-year planning.
- Prepare detailed, time-bound, and outcome-oriented proposals.
- Strengthen monitoring committees to enhance transparency.

**9. Conclusion**

The efforts in river and stream management across Lumbini Province have laid a strong foundation for sustainable watershed governance. Despite challenges related to policy coordination, technical manpower, and implementation delays, the projects provide valuable insights. Leveraging digital platforms like Google Sheets and strengthening local stakeholder capacity will be vital to improving the future of stream management. Continued monitoring, adequate funding, and inclusive planning will support environmental and socio-economic resilience in the region.

**References**

DFO Dang. (2025a). Khola-Kholsi Management Presentation. Division Forest Office, Dang (Deukhuri). [PowerPoint Slides], Officer's workshop, Lumbini province 2025.

DFO Dang. (2025b). Preliminary Environmental Assessment and Stream Management in Lumbini Province: Annual Review Report 2082. Division Forest Office, Dang.

(MoFE, 2023). Forest area's river stream management guideline 2023. MOFE, Lumbini province, Nepal.

# हिमाली क्षेत्रमा जडिबुटी संकलन तथा व्यवस्थापनः हालसम्मको सिकाइ, समस्या, चुनौती र आगामी कार्यदिशा

*गणेश बहादुर खड्का* [1]

## १. परिचय

नेपालका हिमाली क्षेत्रहरू जैविक दृष्टिले अत्यन्त समृद्ध छन्। यी क्षेत्रहरू बहुमूल्य जडिबुटी तथा दुर्लभ औषधिजन्य वनस्पतिहरूको स्रोतस्थलका रूपमा चिनिन्छन्। यार्सागुम्बा, पाँचऔंले, कुटकी, जटामसी, बोक्रा, नागबेली जस्ता प्रजातिहरू यिनै क्षेत्रमा पाइन्छन् । स्थानीय समुदाय परम्परादेखि नै यस्ता जडिबुटीहरूको संकलन, प्रयोग तथा व्यापारमा संलग्न रहँदै आएका छन् । जडिबुटीहरूले ग्रामीण अर्थतन्त्रमा योगदान पुर्‍याउनुका साथै जीविकोपार्जनको प्रमुख आधारका रूपमा समेत काम गरिरहेका छन् । साथै, तिनको निर्यातबाट राष्ट्रको विदेशी मुद्रा आर्जनमा समेत उल्लेखनीय योगदान भएको छ। यिनको वैज्ञानिक संकलन, संरक्षण तथा दिगो व्यवस्थापनले स्थानीयको आम्दानी वृद्धिमा टेवा पुर्‍याउनुका साथै औषधीय तथा व्यवसायिक मूल्यवृद्धि पनि गरेको छ। यसै सन्दर्भमा, लुम्बिनी प्रदेश सरकारले ओखर *(Juglans regia)* र टिमुर *(Zanthoxylum armatum)* लाई तीन जिल्लाहरू रुकुम (पूर्वी भाग), रोल्पा र प्यूठानमा व्यावसायिक रूपमा प्रवर्द्धन गर्न थालेको छ, जसले स्थानीय समुदायको आम्दानी र रोजगारको नयाँ सम्भावना सिर्जना गरेको छ। यस कार्यक्रमबाट आर्थिक अवसरहरू सिर्जना हुनुका साथै वातावरणीय संरक्षण र वन व्यवस्थापनमा समेत सकारात्मक प्रभाव देखिएको छ । तापनी यस क्षेत्रको समुचित व्यवस्थापन, संरक्षण तथा उपयोगको विषयमा अझै पनि थुप्रै चुनौतीहरू छन् । यस लेखमा हिमाली क्षेत्रमा जडिबुटी संकलन तथा व्यवस्थापन सम्बन्धमा भएका नितिगत तथा संस्थागत प्रयासहरु, हालसम्मको सिकाइ, समस्या, चुनौती र आगामी कार्यदिशा लाइ प्रस्तुत गरिएको छ ।

## २. नीतिगत तथा संस्थागत प्रयासहरू

नेपालमा वन व्यवस्थापन, जैविक विविधता संरक्षण, जडिबुटी तथा गैरकाष्ठ संरक्षण तथा व्यवस्थापनका लागी भएका विभिन्न नीतिगत तथा कानुनी व्यवस्थाहरूले जडिबुटी संरक्षण र व्यवस्थापनलाई व्यवस्थित गरेको छ । यिनिहरुमा मुख्य गरेर राष्ट्रिय वन नीति, २०७५, वन ऐन २०७६ तथा वन नियमावली २०७९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ तथा नियमावली २०३०, वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७, जडिवुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१ पर्दछन् । यी कानूनी संयन्त्रहरूका अतिरिक्त नेपालले थुप्रै अन्तर्राष्ट्रिय महासन्धिहरू जस्तै, जैविक विविधता सम्बन्धी सम्झौता (CBD)


[1] नि. डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, रुकुम (पूर्वी भाग)

तथा संकटापन्न वनस्पति र जीवजन्तुहरूको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी सम्झौता (CITES), सिमसारसम्बन्धी महासन्धि, आदिमा हस्ताक्षर गरी जैविक विविधता संरक्षण र प्राकृतिक श्रोत व्यवस्थापनमा अन्तर्राष्ट्रियस्तरमा कटिबद्धता जनाएको छ।

वन नियमावली २०७९ को अनुसूची-७ अन्तर्गत रोयल्टी निर्धारणका लागि ८ समूहमा २३७ ओटा गैरकाष्ठ वन पैदावार (NTFPs) हरुलाइ वर्गीकृत गरेको छ। वन ऐन २०७६ को दफा ७७ अन्तर्गत १२ वटा प्रजातिहरूको निर्यातमा नियमन तथा प्रतिबन्ध गरेको छ । नेपाल सरकारले १२ प्रजातिका जडीबुटीलाई व्यावसायिक खेतीका लागि सिफारिस गरेको छ । ३० प्रजातिका जडीबुटीलाई नेपालको आर्थिक विकासका लागि सरकारले प्राथमिकतामा राखेको छ DoPR (2009) । अन्य अन्तर्राष्ट्रिय संरक्षण संस्थाहरू, जस्तै IUCN ले कुल ९ वटा समूहका प्रजातिहरूलाई चारवटा फरक-फरक श्रेणीहरूमा सूचीबद्ध गरेको छ MoFSC (2014), CITES ले नेपालमा पाइने थुप्रै प्रजातिहरूलाई विभिन्न परिशिष्टहरूमा समावेश गरेको छ; MoFE (2018a) । वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरु, सामुदायिक वन उपभोक्ता समूह, जडिबुटी किसान, सहकारी संस्था र विभिन्न गैरसरकारी संस्थाहरू सक्रिय छन् । सरकारी तथा गैरसरकारी स्तरबाट प्रसस्तै प्रयास भएका छ । पछिल्ला वर्षहरू देखी लुम्बिनी प्रदेश सरकारले ओखर र टिमुरलाई व्यावसायिक रूपमा प्रवर्द्धन गर्न उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम तथा पहाडी क्षेत्रमा टिमुर विकास कार्यक्रम संचालनमा रहेको छ, जसले स्थानीय समुदायको जीविकोपार्जनमा नयाँ सम्भावना देखाएको छ ।


## ३. उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम

लुम्बिनी प्रदेश सरकारले ओखर (Juglans regia) लाई व्यावसायिक रूपमा प्रवर्द्धन गरेको छ, जसले स्थानीय समुदायको जीविकोपार्जनमा नयाँ सम्भावना देखाएको छ। ओखर कार्यक्रम रोल्पा जिल्लामा आ.व. २०७६/२०७७ देखि कार्यान्वनमा रहे पनि आ.व. २०७८/२०७९ देखि प्रदेश सरकारबाट रुकुम (पूर्वी भाग) र प्यूठान जिल्ला समेतमा विशेष कार्यक्रमको रुपमा कार्यान्वयनमा आएको छ । रुकुम (पूर्वी




चित्र १ ओखर कार्यक्रम विकास कार्यक्रम संचालन भएका जिल्लाहरु

भाग)मा डिभिजन वन कार्यालयबाट टर्कीबाट आयात गरीएको फर्नोर/फरनेट (Fernor/Fernett) र जुम्लाबाट ल्याइएका हार्टली/पेयन (Hartley/Payne) जातको ओखर रोपण गरिएका थिए । जसमा बिरुवा सङ्ख्या आ.व. २०७८/२०७९ मा १०,३०० रोपण भएकोमा आ.व. २०७९/२०८० मा १६,००० थप रोपण गरिएको थियो, र आ.व. २०८०/२०८१ मा १,७३६ मा रोपण भएको थियो। सिस्ने गाउँपालिकामा आ.व. २०७९/२०८० मा लाभान्वित घरधुरीहरूको उल्लेखनीय वृद्धि भएको थियो । रोपण गरिएका विरुवा अझै उत्पादन दिने अवस्थामा पुगिसकेका छैनन् ।




चित्र २ विभिन्न वर्षहरुमा रोल्पा रुकुम (पूर्वी भाग) र प्यूठान जिल्लामा गरिएको ओखर वितरण

## ३.१ लुम्बिनी प्रदेशमा ओखर उत्पादनको अवस्था

कृषि तथा पशुपन्छी विकास मन्त्रालय (२०८०) द्वारा प्रकाशित 'नेपाली कृषिसम्बन्धी तथ्यांक २०८०/०८१ का अनुसार नेपालमा ओखर खेती क्षेत्रफल कुल ५,९८८ हेक्टर रहेको छ र उत्पादनशिल क्षेत्रफल २,४४२ हेक्टर रहेको छ । लुम्बिनी प्रदेशमा ओखर खेती क्षेत्रफल ९८२ हेक्टर मध्ये उत्पादनशिल क्षेत्रफल ५३८ हेक्टर कुल उत्पादन २,२७० मेट्रिक टन हुने गरेको र औसत उत्पादन दर प्रति हेक्टर ४.२२ मेट्रिक टन रहेको छ । लुम्बिनी प्रदेशमा सबैभन्दा बढी ओखर उत्पादन भएका जिल्ला क्रमशः रुकुम (पूर्वी भाग) (१,३९८ मेट्रिक टन), रोल्पा (५०४ मेट्रिक टन) र प्युठान (१२ मेट्रिक टन) रहेका छन् ।

| District | Area(ha) | Productive Area(ha) | Production (MT) | Yield (MT/ha) |
|---|---|---|---|---|
| Pyuthan | 5 | 3 | 12 | 4.10 |
| Rolpa | 267 | 96 | 504 | 5.25 |
| Rukum East | 502 | 355 | 1,398 | 3.94 |
| Lumbini Province Total | 982 | 538 | 2,270 | 4.22 |
| Nepal Total | 5988 | 2442 | 10,895 | 4.46 |
| **Date Source:** Data Source: Ministry of Agriculture and Livestock Development, 2023. | | | | |


तालिका १ लुम्बिनी प्रदेशमा ओखर उत्पादन क्षेत्रको विवरण

## ३.२ लुम्बिनी प्रदेशमा पाइएका ओखरका जातहरू र तिनको अवस्था

लुम्बिनी प्रदेशमा विभिन्न ओखरका जातहरूको वन क्षेत्र तथा निजी क्षेत्रमा वितरण रहेको पाइन्छ । त्यसमा मुख्यत : टर्कीबाट आयात गरीएको च्याण्डलर (Chandler) र फर्नोर/फरनेट (Fernor/Fernett), जुम्लाबाट ल्याइएका हार्टली/पेयन (Hartley/Payne) जातको ओखर, त्यस्तै स्थानीय रुपमा उत्पादन गरिएका जातमध्ये प्रत्येक जिल्लामा विकसित दाते (Daate) ओखर रहेको छ । बैतडीमा उत्पादन गरिएको बिजु (Biju), र स्थानीय उत्पादन कश्मीरी (Kashmiri) जातहरूको वितरण पनि देखिएका छन् ।

वन तथा वातावरण मंत्रालय राप्ति उपत्यका (देउखुरी) बाट २०८१ मा गराइएको अध्ययनबाट लुम्बिनी प्रदेशमा खेती विस्तार गरीएका ओखरको सरभाइभल रेट ५६.१९% रहेको पाइएको छ । त्यस मध्ये कर्णाली प्रदेश (जुम्ला) को सबैभन्दा उच्च ८०.७७%, लुम्बिनीमा ५१.७९%, टर्कीको ४८.३२% रहेको छ । जुम्लाबाट उत्पादन गरिएको हार्टली/पेयन (Hartley/Payne) को सरभाइभल तथा वृद्धि दर उच्च देखिएको छ । जुम्लाबाट उत्पादन गरिएको हार्टली/पेयन (Hartley/Payne) सबैभन्दा उत्कृष्ट देखिएको छ । त्यस्तै स्थानीय रुपमा उत्पादन गरिएका जातमध्ये प्रत्येक जिल्लामा विकसित दाते (Daate) जात परेको छ । बैतडीमा उत्पादन गरिएको बिजु (Biju), टर्कीबाट ल्याइएका च्याण्डलर (Chandler), फर्नोर/फरनेट (Fernor/Fernett) र स्थानीय उत्पादन कश्मीरी (Kashmiri) जातहरू पनि उपयुक्त देखिएका छन् ।

**चित्र ३ लुम्बिनी प्रदेशमा पाइने ओखरका जातहरू र तिनीहरुको सरभाइभल रेट**




### ३.३ रुकुम (पूर्वी भाग) जिल्लामा संचालित ओखर विकास कार्यक्रम


लुम्बिनी प्रदेशको रुकुम (पूर्वी भाग)मा २०७८/७९ देखि ओखर विकास कार्यक्रम संचालनमा रहेको छ । यस जिल्लाका तीन गाउँपालिका भूमे, सिस्ने र पुथा उत्तरगंगामा २०७८/७९ देखि २०८१/८२ सम्म विभिन्न ओखर जातहरूको वितरणक्रम र त्यसको प्रवृत्ति विश्लेषण गर्दा सुरुमा टर्कीबाट आयात गरिएका **Fernor/Fernett** र जुम्लाबाट ल्याइएका **Hartley/Payne** दुवै जातको समान वितरण गरिएको पाइन्छ। २०७८/७९ मा तीनै गाउँपालिकामा दुवै जातको समान रूपमा वितरण गरिएको थियो । **भूमेमा ११४६, सिस्नेमा १४५९ र पुथा उत्तरगंगामा ७६९५**। कुल वितरण संख्यामा हेर्दा उक्त वर्षमा **१०,३०० बिरुवा** प्रत्येक जातबाट वितरण गरिएको थियो।

**तालिका २: आर्थिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्म रुकुम (पूर्वी भाग)मा ओखर वितरण सम्बन्धी विवरण**

| गाउँपालिका | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | २०८१/८२ | जम्मा (Total) |
|---|---|---|---|---|---|---|---|
| | Fernor/ Fernett | Hartley/ Payne | Fernor/ Fernett | Hartley/ Payne | Hartley/ Payne | Hartley/ Payne | |
| भूमे | ११४६ | ११४६ | २१३० | ३९२ | ११०३ | ८६५ | ६७८२ |
| सिस्ने | १४५९ | १४५९ | ७६३६ | ८३० | २०३७ | ११५५ | १२५७६ |
| पुथा उत्तरगंगा | ७६९५ | ७६९५ | ६२४६ | ५२१ | १७९१ | १४८० | १८४२८ |
| **जम्मा** | **१०३००** | **१०३००** | **१६०१२** | **१७४३** | **४९४५** | **३५००** | **३७७८६** |

तर २०७९/८० मा **Fernor/Fernett** जातको वितरण एक्कासि वृद्धि भई कुल **१६,०१२ बिरुवा** पुगेको देखिन्छ, जसमा सिस्नेमा ७६३६ बिरुवा वितरण गरिएको थियो । जुन उक्त जातमा अहिलेसम्मकै सबैभन्दा उच्च वितरण हो। यसै वर्षमा **Hartley/Payne** जातको वितरण भने घटेर **१७४३ बिरुवा** मा झरेको पाइन्छ।

२०८०/८१ र २०८१/८२ मा भने **Hartley/Payne** जातकै मात्र वितरण भएको देखिन्छ। **२०८०/८१ मा कुल ४९४५** र **२०८१/८२ मा ३५०० बिरुवा** वितरण गरिएको छ। यस अवधिमा Fernor/Fernett जातको वितरण पूर्ण रूपमा रोकिएको छ।





**चित्र ४ रुकुम पुर्वमा वितरण गरीएका ओखरका जातहरु**

यस प्रवृत्तिले देखाउँछ कि जुम्लाबाट ल्याइएको **Hartley/Payne** जातको सरभाइभल दर **८०.७७%** र वृद्धि दर अन्य जातको तुलनामा राम्रो देखिएकाले रुकुम पुर्वमा यसलाई नै प्राथमिकता दिइएको हो। **Fernor/Fernett** को सरभाइभल दर तुलनात्मक रूपमा कम (४८.३२%) देखिएको र वातावरणीय अनुकूलता कमजोर भएकाले वितरण बन्द गरिएको छ।

गाउँपालिकागत रूपमा हेर्दा, **पुथा उत्तरगंगा** मा सबैभन्दा धेरै ओखर वितरण भएको पाइन्छ, विशेष गरी प्रारम्भिक वर्षहरूमा। **सिस्ने गाउँपालिका** मा भने २०७९/८० मा Fernor/Fernett को अत्यधिक वितरण (७६३६ बिरुवा) गरिएको छ, तर सो प्रजातिको असफलता देखिएपछि क्रमशः Hartley/Payne मा रूपान्तरण गरिएको छ।

ओखर वितरणको रणनीति क्रमशः **अनुभव र तथ्यमा आधारित पुनःसमायोजनतर्फ** उन्मुख देखिन्छ। दीर्घकालीन उत्पादन, वातावरणीय स्थायित्व र किसानको सहभागिता सुनिश्चित गर्न अब **Hartley/Payne जात** को प्रवर्द्धन र स्थानीय स्तरमा बीउ उत्पादन र नर्सरी सुदृढीकरणमा जोड दिनु आवश्यक देखिन्छ।




**चित्र ५ : रुकुम पुर्वमा दाँते ओखर वितरण गरिएको घरधुरी संख्या विवरण**

रुकुम (पूर्वी भाग)मा आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरिएको ओखर विकास कार्यक्रमले ओखर खेतीको व्यावसायिक विस्तार, जात सुधार र कृषक सशक्तीकरणमा उल्लेखनीय प्रगति गरेको छ। कार्यक्रमअन्तर्गत करिब १४,००० पुराना ओखरका root stock को स्याहार–सम्भार गरिएको छ, जसबाट दीर्घकालीन उत्पादन क्षमतालाई संरक्षण गर्न मद्दत पुगेको छ। साथै, भविष्यमा grafting प्रयोजनका लागि १०,००० वटा नयाँ root stock उत्पादन गरिएको छ। उन्नत र गुणस्तरीय जातको प्रवर्द्धन गर्न ३,५०० वटा scion खरिद गरिई तिनैका आधारमा ३,५०० वटा दाँते जातका कलमी बिरुवा तयार पारिएको छ। व्यावसायिक रूपमा उत्पादन विस्तारका लागि ३५,००० वटा दाँते ओखरका कलमी बिरुवा खरिद गरी कृषकहरू तथा सरोकारवाला संस्थाहरूलाई वितरण गरिएको छ। यस्तै, स्थानीय ज्ञान र अनुभव आदान–प्रदान गर्न उत्कृष्ठ कृषकबाट सिकाइ आदान–प्रदान कार्यक्रम पनि सञ्चालन गरिएको छ, जसले अन्य कृषकहरूलाई पनि प्रेरित र सक्षम बनाएको छ। यी कार्यक्रमहरूले ओखर खेतीलाई दिगो, उन्नत र किसानमुखी बनाउने दिशातर्फ सकारात्मक प्रभाव पारेका छन्।


### ४. पहाडी क्षेत्रमा टिमुर विकास कार्यक्रम

लुम्बिनी प्रदेश सरकारले टिमुर *(Zanthoxylum armatum)* लाई पहाडी क्षेत्रमा टिमुर विकास कार्यक्रम मार्फत व्यावसायिक रूपमा प्रवर्द्धन गर्न थालेको छ। यसले विशेष गरी पहाडी भेगका ग्रामीण समुदायहरूका लागि जीविकोपार्जनको नयाँ सम्भावना खोलिदिएको छ। कृषि, औषधि र मसला उद्योगमा यसको प्रयोग उच्च भएकाले बजारमा समेत यसको माग बढ्दो छ। प्रदेशका तीन जिल्लाहरू रुकुम (पूर्वी भाग), रोल्पा र प्यूठानमा आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्म कुल २,६३,४०६ वटा टिमुरका बिरुवाहरू उत्पादन तथा वितरण गरिएको तथ्यांकले देखाउँछ।

**तालिका ३ लुम्बिनी प्रदेशमा टिमुर विरुवा उत्पादन तथा वितरण**

| जिल्ला/आ.व. | टिमुर विरुवा उत्पादन तथा वितरण | | |
|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| रूकुम पुर्वि भाग | २३९२३ | २१५७० | २३२५० |
| रोल्पा | ६५२०० | ४९५२२ | ३०००० |
| प्युठान | १३१४३ | १६७९८ | २०००० |
| कुल जम्मा | १०२२६६ | ८७८९० | ७३२५० |

रुकुम (पूर्वी भाग)मा तीन वर्षको अवधिमा २,३२,२३३, २१,५६०,र २३,२५० बिरुवा वितरण गरिएको छ। रोल्पामा क्रमशः ६५,२००, ४५,५२२, र ३०,००० बिरुवा, र प्यूठानमा १,३१,४७३, १६,८५८, र २०,००० बिरुवा वितरण गरिएको छ। यी कार्यक्रमहरूबाट स्थानीय स्तरमा आम्दानीका विकल्पहरू सिर्जना हुनुका साथै वातावरणीय संरक्षण र वन व्यवस्थापनमा पनि सकारात्मक प्रभाव परेको छ।




**चित्र ५ जिल्लाअनुसार टिमुर विरुवा उत्पादन तथा वितरण**

## ५. हालसम्मको सिकाई

- **सामुदायिक वन उपभोक्ता समूहहरूको संलग्नताः** जडिबुटी संकलन र व्यवस्थापनमा सामुदायिक संलग्नता अत्यन्तै प्रभावकारी देखिएको छ। स्थानीय बासिन्दा स्वयं संलग्न हुँदा संरक्षण र दिगोपनामा सुधार आएको छ।
- **स्थानीय ज्ञान र अनुभवः** स्थानिय बासिन्दाहरूमा जडिबुटीको पहिचान, उपयोग र संरक्षणसम्बन्धी ज्ञान रहेको छ जसलाई व्यवस्थापनमा समेट्नु सकारात्मक परिणामदायी हुन्छ। स्थानीय जडिबुटीको जानकारीलाई अभिलेख गर्ने र पुस्तान्तरण गर्ने अभ्यास सुरु भएको छ।

- **जडिबुटीको व्यावसायीकरणमा वृद्धिः** यार्सागुम्बा, पाँचऔले, जटामसीजस्ता बहुमूल्य जडिबुटीको व्यापारले स्थानिय अर्थतन्त्रमा ठुलो प्रभाव पारेको छ।
- **सरकारी तथा गैरसरकारी संस्थाको सहकार्यः** विभिन्न निकायको सहकार्यबाट जडिबुटी व्यवस्थापनमा केही संरचनागत सुधारहरू देखिएका छन्।
- **समयमै संकलन र वैज्ञानिक तरिका अपनाउने अभ्यास** :जडिबुटी संकलनको उचित मौसम, तरिका र मात्राको जानकारीले उत्पादनमा सुधार र स्रोत संरक्षणमा मद्दत पुऱ्याएको छ। अति संकलन (overharvesting) बाट स्रोत खतरामा पर्न सक्ने अनुभव प्राप्त भएको छ।
- **प्रशोधन र मूल्य श्रृंखला विकासको आवश्यकता :** कच्चा रूपमा मात्र बेच्नुको सट्टा स्थानीय प्रशोधन केन्द्रहरू स्थापना गर्दा मूल्यवृद्धि भएको छ। प्रशोधन तथा मूल्यवर्धनमा रुचि बढ्दै गएको छ । केही जिल्लामा स्थानीय प्रशोधन संयन्त्र स्थापना गर्न थालिएको छ। मूल्य श्रृंखला (Value Chain) विकासमा ध्यान केन्द्रित गर्नुपर्ने सिकाई भएको छ।
- **जलवायु परिवर्तनसँगको सम्बन्ध बुझ्नुपर्ने :** जलवायु परिवर्तनले जडिबुटीको वितरण र उत्पादनमा असर पारिरहेको छ भन्ने अनुभव प्राप्त भएको छ। अनुकूलन रणनीति विकासको खाँचो महसुस गरिएको छ।
- **ओखर र टिमुर विकास कार्यक्रम :** लुम्बिनी प्रदेश सरकारले प्रबर्द्धन गरेको ओखर र टिमुर वातावरणमैत्री नगदे बालीको रूपमा सम्भावना देखिएको छ । ओखर र टिमुर दुबै स्थानीय हावापानी अनुकूल छन्, कम संरक्षण लागतमा दिगो उत्पादन सम्भव छ। यो क्षेत्रमा रोपाईँका लागि उपयुक्त भूमि उपलब्ध भएकाले रुकुम (पूर्वी भाग)मा सबैभन्दा बढी, त्यसपछि रोल्पा र प्युठानमा थप खेती विस्तार गर्न सकिन्छ। जुम्ला जिल्लाबाट उत्पादित हार्टली र पेयन जातका ओखर रोपाईँका लागि उपयुक्त देखिएका छन । ओखर खेती बाँझो र प्रयोगमा नभएको जमिनमा गर्नुपर्छ, किनभने ओखरले फल दिन लामो समय लाग्छ र यसले पारिस्थितिक लाभ पनि प्रदान गर्छ भन्ने सिकाइ भएको छ ।

## ६. प्रमुख समस्या र चुनौतीहरूः

### ६.१ जडिबुटीको वास्तविक परिमाण र अवस्थाबारे जानकारीको अभाव

हिमाली क्षेत्रमा जडिबुटी संकलन तथा व्यवस्थापन सम्बन्धी प्रमुख समस्यामध्ये एक महत्त्वपूर्ण चुनौती जडिबुटीको वास्तविक परिमाण र अवस्थाबारे एकिन जानकारीको अभाव हो । हालसम्म के कति प्रकारका जडिबुटी छन्, तिनीहरूको परिमाण कति छ भन्ने स्पष्ट तथ्यांक उपलब्ध छैन । साथै, ती जडिबुटीहरूको पारिस्थितिक क्षेत्र (ecological niche) कस्तो छ, तिनीहरू कुन अवस्थाको छन्-घट्दै छन् कि प्रशस्त छन् भन्ने मूल्याङ्कन समेत न्यून रहेको छ। उदाहरणका लागि, करोडौं डलर बराबरको व्यापार हुने बताइने यार्सागुम्बा *(Ophiocordyceps sinensis)* को वास्तविक उपलब्धता कति छ भन्नेबारे ठोस अध्ययन नभएकोले त्यसको दिगो व्यवस्थापनमा गम्भीर चुनौती खडा भएको छ । यस्तो अपूर्ण जानकारीले जडिबुटीको दीर्घकालीन संरक्षण र वैज्ञानिक रूपमा आधारित व्यवस्थापन रणनीति निर्माणमा बाधा पुऱ्याएको छ ।

## ६.२ जडिबुटीको अव्यवस्थित संकलन र व्यवस्थापन प्रणाली

हिमाली क्षेत्रमा जडिबुटी संकलनको अभ्यासमा देखिएको अर्को प्रमुख समस्या भनेको असंवेदनशील संकलन विधि र प्रतिस्पर्धात्मक संकलन प्रवृत्ति हो। संकलनकर्ताहरूले आफूलाई सहज हुने तरिका अपनाउने, समयअगावै संकलन गर्ने र पुनःउत्पादनका लागि आवश्यक न्यूनतम भाग समेत नछोडी अत्यधिक संकलन (Overharvesting) गर्ने प्रवृत्तिले धेरै प्रजातिहरू संकटग्रस्त अवस्थामा पुगेका छन्। अझ अव्यवस्थित व्यापार प्रणालीले समेत यो समस्यालाई थप जटिल बनाएको छ। संकलनकर्ताहरूमा जडिबुटीको संवेदनशीलता, जैविक पुनःउत्पादनको चक्र, र बजारको यथार्थ जानकारीको कमीले दीर्घकालीन प्रभाव पारिरहेको छ । यस्ता समस्याहरू समाधान गर्न दिगो व्यवस्थापन रणनीति-जस्तै वन क्षेत्रमै उत्पादन वृद्धिका उपायहरू, खेति विस्तार (Domestication) प्रविधिको विकास, वैज्ञानिक तरिकाले संकलन गर्ने प्रविधि सुधार, संकलनपछि हुने नोक्सानी (Post-harvest loss) न्यूनीकरण, र संस्थागत व्यवस्थापन प्रणालीको विकास अत्यावश्यक देखिन्छ ।

## ६.३ प्रशोधन तथा मूल्य अभिवृद्धि

जडिबुटी व्यवस्थापनको सन्दर्भमा अर्को गम्भीर चुनौती भनेको प्रशोधन र मूल्य अभिवृद्धिको कमी हो। नेपालका धेरै जडिबुटीहरू भारतलगायतका मुलुकहरूमा प्रायः कच्चा रूपमा निर्यात हुने गरेका छन्, जसले गर्दा त्यसबाट सिर्जना हुन सक्ने रोजगारी, आम्दानी र क्षेत्रीय आर्थिक विकासको सम्भावना न्यून हुँदै आएको छ। स्थानीय तहमै कच्चा सामग्रीको गुणस्तरीय सुधार, प्राथमिक प्रशोधन, प्याकेजिङ वा अन्य मूल्य अभिवृद्धि प्रक्रियाहरू गरिएमा यस क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन सक्ने सम्भावना उच्च छ। तर वर्तमान अवस्थामा यस्तो संरचना र सीपको अभावले गर्दा स्थानीय संकलनकर्ताहरू वा उत्पादकहरू बजार मूल्यको न्यूनतम हिस्सा मात्र पाउने र अन्ततः शोषित तथा वञ्चित हुने स्थिति कायम छ। मूल्य अभिवृद्धिका माध्यमबाट नाफा वृद्धि मात्र होइन, स्थानीय स्वामित्व र दीर्घकालीन दिगोपनलाई समेत प्रोत्साहन गर्न सकिन्छ।

## ६.४ व्यवसायिक जडिबुटी खेती

नेपाल सरकारद्वारा आर्थिक विकासको सम्भावनालाई मध्यनजर गर्दै ३० प्रजातिका जडिबुटीलाई प्राथमिकतामा राखिएको र तीमध्ये १२ प्रजातिलाई व्यावसायिक खेतीका लागि सिफारिस गरिएको भए तापनि, यसको कार्यान्वयनको गति अझै सुस्त र सीमित देखिएको छ। खेतीयोग्य जमिनमा किसानहरू जडिबुटी खेती गर्न खासै इच्छुक नहुनु र आवश्यक प्राविधिक सहयोग तथा वैज्ञानिक प्रक्रिया नअपनाइनु यसको प्रमुख कारण हुन्। जडिबुटी खेतीलाई दिगो र प्रभावकारी बनाउने वैज्ञानिक चरणहरू जस्तै प्रजातिको वर्णन (Characterization), बीउको स्रोतको खोज (Germplasm Exploration), भौतिक प्रवर्धन (Vegetative Propagation), आनुवंशिक छनोट (Genetic Selection) तथा भूमि उपयोग प्रणालीमा समावेश प्रायः उपेक्षित हुने गरेका छन्।

परिणामस्वरूप, व्यावसायिक जडिबुटी खेतीको प्रयास अपेक्षित परिणाम दिन असफल भएको छ, जसले राष्ट्रिय उत्पादनमा उल्लेखनीय योगदान दिन सक्ने सम्भावनालाई कमजोर बनाएको छ।

**७. आगामी कार्यदिशा :**

हिमाली क्षेत्रमा जडिबुटी संकलन, व्यवस्थापन र व्यावसायिक खेतीलाई दिगो, वैज्ञानिक र आर्थिकरूपमा लाभदायक बनाउने उद्देश्यले निम्न कार्यदिशाहरूमा अग्रसर हुन आवश्यक छः

**स्रोत सर्भेक्षण र अनुसन्धानः** जडिबुटीको विस्तृत स्रोत सर्भेक्षण तथा वैज्ञानिक अध्ययन अनुसन्धान गरिनु जरुरी छ, जसले दीर्घकालीन योजना निर्माणमा मार्गदर्शन पुऱ्याउँछ।

**उच्च मूल्यका जडिबुटी प्रवर्द्धनः** ओखर, टिमुरजस्ता उच्च मूल्यका, वातावरणमैत्री र आर्थिक दृष्टिले सम्भावनायुक्त प्रजातिहरूको दीर्घकालीन कार्यक्रमलाई सुदृढ र प्रभावकारी बनाइनुपर्छ।

**खेती विस्तारको क्षेत्र पहिचान र उपयोगः** निजी बाँझो जमिन, कृषि–वन प्रणाली (Agroforestry), सामुदायिक वन र लिजमा दिइएका वन भूमिहरूमा जडिबुटी खेती विस्तार गर्न नीतिगत र प्राविधिक पहल आवश्यक छ।

**उत्पादन, संकलन र भण्डारण व्यवस्थापनः** उत्पादनपछि संकलन, ग्रेडिङ, सुकाउने, भण्डारण र ढुवानीसम्मको सम्पूर्ण श्रृंखलालाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्नुपर्छ।

**नीति निर्माणमा सहभागिताः** हिमाली जडिबुटी व्यवस्थापनका लागि स्थानीय समुदायको सहभागिता रहने नीति निर्माण प्रक्रिया अपनाइनुपर्छ।

**प्रविधि र उन्नत जात प्रवर्द्धनः** उन्नत जातको विकास, नर्सरी सुदृढीकरण, छाँट्ने र संकलन प्रविधिका तालिमहरूको विस्तार आवश्यक छ।

**मूल्य श्रृंखला र बजार पहुँच विकासः** प्रशोधन केन्द्रको स्थापना, सहकारी प्रणालीमार्फत उत्पादक र उपभोक्ता जोड्ने वितरण प्रणाली विकास गर्नुपर्छ।

**सार्वजनिक–निजी साझेदारी (PPP) प्रवर्द्धनः** निजी क्षेत्र, सहकारी संस्था र सरकारी निकायबीच सहकार्यद्वारा व्यवसायिक दृष्टिकोणमा आधारित योजना कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ।

**जलवायु परिवर्तन अनुकूलन रणनीतिः** संवेदनशील र संकटग्रस्त प्रजातिको संरक्षण, वातावरणीय अनुकूलन तथा जैविक विविधताको दीर्घकालीन व्यवस्थापन गर्न रणनीति विकास गर्नुपर्छ।

यी कार्यदिशाहरू अपनाउन सकेमा हिमाली जडिबुटी क्षेत्रको दिगो उपयोग, ग्रामीण आयस्रोत वृद्धि र राष्ट्रिय अर्थतन्त्रमा योगदान सुनिश्चित गर्न सकिनेछ।

## ८. सन्दर्भ सामाग्री :

DoPR (2009). Prioritized NTFPs for Economic Development of Nepal. Ministry of Forests and Soil Conservation, Department of Plant Resources, Thapathali, Kathmandu

MoFE. (2018a). *CITES listed threatened animals and plants of Nepal*. Ministry of Forests and Environment (MoFE), Department of National Parks and Wildlife Conservation, Babarmahal, Kathmandu.

MoFE. (2018b). *Nepal's sixth national report to the Convention on Biological Diversity*. Ministry of Forests and Environment, Kathmandu, Nepal.

MoFSC. (2009). *The future of Nepal's forests: Outlook for 2020*. Ministry of Forests and Soil Conservation (MoFSC), Singha Durbar, Kathmandu.

MoFSC. (2012). *Non-Timber Forest Product resource inventory guideline*. Ministry of Forests and Soil Conservation (MoFSC), Department of Forest, Kathmandu.

MoFSC. (2014). *Nepal biodiversity strategy and action plan: 2014–2020*. Ministry of Forests and Soil Conservation (MoFSC), Singha Durbar, Kathmandu.

Ghimire, P., Pudasaini, N., & Lamichhane, U. (2021). Nepal's biodiversity, forest management and livelihoods: A review. *Grassroots Journal of Natural Resources*, 4(1), 1–16. https://doi.org/10.33002/nr2581.6853.040101

आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश सरकार. (२०७८/७९–२०८१/८२)। *बजेट वक्तव्य*। राप्ती उपत्यका (देउखुरी), नेपाल।

लुम्बिनी प्रदेश सरकार, (२०७८/७९–२०८१/८२). *नीति तथा कार्यक्रम।*

वनस्पति विभाग। (२०६३), *नेपालको आर्थिक विकासका लागि प्राथमिकता प्राप्त जडिबुटीहरू*। नेपाल सरकार, वन तथा भू–संरक्षण मन्त्रालय, वनस्पति विभाग, थापाथली, काठमाडौं, नेपाल।

*वन नीति २०७१*, वन तथा भू–संरक्षण मन्त्रालय (२०७१), सिंहदरबार, काठमाडौं, नेपाल।

*वन क्षेत्रको रणनीति २०७२*, वन तथा भू–संरक्षण मन्त्रालय, काठमाडौं, नेपाल।

*हाम्रो वन २०७०/७१* वन विभाग, वबरमहल, काठमाडौं, नेपाल।

*वन ऐन २०७६ तथा वन नियमावली २०७९*, नेपाल सरकार वन तथा भू–संरक्षण मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल।

*प्रदेश वन ऐन २०७८ तथा प्रदेश वन नियमावली २०७९*, लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, रासि उपत्यका (देउखुरी)

*नेपाली कृषिसम्बन्धी तथ्यांक २०७८/७९ (२०२१/२२)*, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल।

NRH. (2024). *Study of Okhar Development Programme in High Mountain Region in Lumbini Province.*

# वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौती र भावी कार्यदिशा


*प्रवीण विडारी [1], सुजन धिमाल [2], गोकुल पौडेल [3]*

## पृष्ठभूमि

वन अतिक्रमण भनेको वनको क्षेत्राधिकार भित्र खेतीयोग्य भूमि र बसोबासको अवैध विस्तार हो । नेपालको तराईका वन क्षेत्र वरपर अस्थिर राजनीतिक परिस्थिती, मुक्त कमैया, बसाई सराई, सुकुम्वासी, भुमिहिन, दैवि प्रकोप पीडित लगायत कारणले निम्त्याएको बढ्दो वन अतिक्रमणले वनको दिगो व्यवस्थापनमा समस्या सृजना गरेको छ । वन विभागद्धारा गरिएको एक अध्ययन अनुसार सन् १९९२ देखि २०१४ सम्म तराईको कुल वन क्षेत्र मध्ये करिव ९४,५७२ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेको र सो क्रम अझै बढ्दै गइरहेको छ ।

वन अतिक्रमणका अन्य कारणहरुमा वन क्षेत्रको स्थायि सिमाङ्कन नहुनु, बसाईसराई/गरिबी, बाझिएका ऐन नियम, जनसंख्याको वृद्दी, राजनैतिक अस्थिरता/संरक्षण तथा कमजोर संगठन लगायत रहेका छन् ।

लुम्बिनी प्रदेशमा हालसम्म कुल १४,६५३.२ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ। यसमध्ये सबैभन्दा धेरै अतिक्रमण रुपन्देही जिल्लामा भएको देखिन्छ, जहाँ ८,३४७ हेक्टर वन क्षेत्र अतिक्रमित गरिएको छ।




---


[1] सिनियर डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, रूपन्देही

[2] वरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय, रूपन्देही

[3] वरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय, रूपन्देही

रुकुम पूर्व जिल्लामा भने कुनै पनि वन अतिक्रमण नभएको देखिन्छ। समग्र रूपमा हेर्दा, कपिलवस्तु, दाङ र रुपन्देही जिल्लाहरूमा वन अतिक्रमणको समस्या तुलनात्मक रूपमा बढी देखिएको छ।

**रुपन्देही जिल्लामा वन अतिक्रमणको अवस्था**




**नीतिगत व्यवस्था**

नेपाल सरकारले देशको कुल भूमि क्षेत्रफलको ४०.५% वनले ढाक्ने लक्ष्य राखेको सन्दर्भमा, अतिक्रमित वन क्षेत्र खाली गरी पुनः वनक्षेत्रको रूपमा कायम गर्नु अत्यन्त आवश्यक भएकोले नेपाल सरकारले वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ र राष्ट्रिय वन रणनीतिक योजना, २०८१ जारी गरेको छ।

वन स्रोतहरूको अत्यधिक दोहनबाट जैविक विविधतामा पर्ने नकारात्मक असरहरू न्यूनीकरण गर्न नेपालले जैविक विविधता रणनीति, २०५९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। साथै, वन ऐन र वन नियमावली मार्फत वन अतिक्रमण रोकथाम तथा श्रोतको संरक्षण र व्यवस्थापनका लागि स्पष्ट निर्देशनहरू प्रदान गरिएको छ।

**वन अतिक्रमण सम्वन्धी कसुर तथा सजायसम्वन्धी व्यवस्था :**

**<u>वन ऐन २०७६</u>**

- कसुर (दफा ४९(ग)):

राष्ट्रिय वन फाँड्ने वा वनक्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज पदार्थ उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अतिक्रमण गर्ने काम गरे वा गराएमा:

- सजाय (दफा ५०(३)):

पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ । त्यस्तो कसुर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुने व्यवस्था रहेको छ ।

**वन अतिक्रमण नियन्त्रण समिति**

**वन नियमावली, २०७९ (नियम ११९)**: वन अतिक्रमण नियन्त्रण सम्बन्धी व्यवस्था:

वन अतिक्रमण नियन्त्रणमा डिभिजनल वन अधिकृतलाई सहजीकरण तथा सहयोग गर्नका लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक वन अतिक्रमण नियन्त्रण समिति रहने :-

| (क) | **प्रमुख जिल्ला अधिकारी** | **-संयोजक** |
|---|---|---|
| **(ख)** | जिल्ला समन्वय अधिकारी | -सदस्य |
| **(ग)** | प्रमुख, जिल्ला प्रहरी कार्यालय | -सदस्य |
| **(घ)** | प्रमुख, जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल | -सदस्य |
| **(ङ)** | प्रमुख, नापी कार्यालय | -सदस्य |
| **(च)** | सम्बन्धित जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व भएका राजनीतिक दलका जिल्ला स्थित प्रतिनिधि | -सदस्य |
| **(छ)** | सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखले तोकेको प्रतिनिधि | -सदस्य |
| **(ज)** | सम्बन्धित वन उपभोक्ता समूहको अध्यक्ष | -सदस्य |
| **(झ)** | डिभिजनल वन अधिकृत | -सदस्य-सचिव |

**वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति २०६८**

वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८

- २०६८ माघ २० गते स्वीकृत भई कार्यान्वयन भएको

## वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति २०६८

| वन अतिक्रमणको किसिम | सम्भाव्य क्षेत्रको विवरण | नियन्त्रण तथा व्यवस्थापन गर्न अपनाइने कार्यविधि |
|---|---|---|
| १. हालको फंडानी वा आवादी | आवाद गर्नका लागि वन फँडानी गर्ने वा सौंध, सीमाना, बार्ने/सार्ने, खन्नेजोत्ने कार्य भएको वा अन्नबाली लगाइएको वा नलाएको, घर/टहरा लगाइएको वा नलाएको वन क्षेत्र। | पुनःवन कायम गराउने |
| २. अस्थायी बसोबास | वन क्षेत्र ओगट्ने हिसावले घर/टहरा/छाप्रो बनाई समूहगत वा एकलरुपमा वसोवास गरेको वनक्षेत्र। पक्किघर, भौतिक तथा सामाजिक विकासका पूर्वाधार समेत बनेका । धेरै पहिले देखिको आवादी समेत । | चारकिल्ला सिमांकन गरी, रेकर्ड राखी पुनःवन कायम गराउने |
| ३. पुरानो अतिक्रमण | अतिक्रमण क्षेत्रभित्र घर टहरा बनाई स्थायी रुपमा बसोबास गर्दै खेतिपाती समेत गरेको ।गरेको तथा बेसी/बेगनौती गरिएको, खेती गरिएको र खाकालाई अधिकारप्राप्त गरिएको एकरूप क्षेत्र। | चारकिल्ला सिमांकन गरी, घर र जग्गाको क्षेत्रफल समेत रेकर्ड राखी अतिक्रमण गरेको जग्गा छोड्नको लागि सूचना दिने ।<br>पुनःवन कायम गराउन नसकिने अवस्था भएमा कार्यनिती ४.३ बमोजिम (जग्गाको मूल्याङ्कन गरी १ वर्ष भित्र विक्री गरिने । सो नसके वलपूर्वक हटाईने) गर्ने |
| ४. पुराना वा नयाँ अतिक्रमण, राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र | राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र, रामसार सुचिकृत क्षेत्र, विश्व सम्पदा क्षेत्र, जैविक मार्गहरु, वन्यजन्तुका विशेष वासस्थान, संरक्षण गर्नु पर्ने विशेष क्षेत्रहरू। | जग्गा दर्ता भएको भए- तुरुन्त बदर गराई पुनः वन कायम गराउने । राज्यद्वारा कुनै पनि व्यक्ति वा समूहलाई वन क्षेत्र उपलब्ध नगराउने । |
| **६ संस्थागत अतिक्रमण** | | |
| ६.१ नीजी, व्यापारिक र नाफामुलक उद्येश्यले गरिएको अतिक्रमण | मेडिकल कलेज, निजी विद्यालय तथा शिक्षालयहरू, नीजी लगानीबाट नाफामुलक उद्देश्यले संचालित विद्दुत गृह, स्टेशन वा अन्य | ओगटेर मात्र बसेको क्षेत्रलाई तुरुन्त हटाउने र पु:न वन कायम गर्ने |

| वन अतिक्रमणको किसिम | सम्भाव्य क्षेत्रको विवरण | नियन्त्रण तथा व्यवस्थापन गर्न अपनाइने कार्यविधि |
|---|---|---|
| | | भौतिक संरचना निर्माण गरी व्यवसाय समेत संचालन गरेको भए खाली गराउन सक्ने अवस्था नभएमा मात्र जग्गाको मूल्याङ्कन गरी १ वर्ष भित्र विक्री गरिनेछ । सो नसके वलपूर्वक हटाईने |
| ६.२ धार्मिक, सामाजिक तथा साँस्कृतिक उद्देश्यले गरिएको अतिक्रमण | अन्तरगत धार्मिक मठ-मन्दिर, गुम्बा, चिहान, मसानघाट, सामुदायिक भवनहरू, सरकारी विद्यालय र क्याम्पसहरू लगायत । | थप भौतिक संरचना बनाउन नदिने, वन क्षेत्र खाली गर्न लगाउने |
| ६.३ गैह्रनाफामुलक र सार्वजनिक हित तथा सेवाको उद्येश्यले संघसंस्थाहरु तथा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाहरुबाट हुन गएको अतिक्रमण | प्रहरी चौकी, आर्मी क्याम्पस, शिविरहरु, प्राथमिक स्वास्थ्य चौकी र राष्ट्रिय प्राथमिकतामा रहेका नहर, सडक, विद्दुत र अन्य योजनाहरु | सम्वभ भएसम्म वन क्षेत्र खाली गराउन विकल्प खोजी गर्न लगाउने ।<br><br>हटाउन सम्भव नभएको अवस्थामा रित पुगेका प्रस्तावनाहरुलाई कार्यविधि वमोजिम भोगादिकार उपलब्ध गराउने, अन्यलाई हटाउने । |

### अतिक्रमण नियन्त्रणका लागि सम्पादित कार्यहरू

डिभिजन वन कार्यालयहरुले आफ्नो नियमित कार्य अन्तर्गत अतिक्रमण नियन्त्रण गर्ने कार्य सम्पादन गर्दै आईरहेका छन् । जस अन्तर्गत पुरानो अतिक्रमण हटाउने, अतिक्रमण हटाएको ठाउमा तारवार तथा वृक्षरोपण गरी वन पनरस्थापना गर्ने र नया खतिक्रमण हुन नदिने मुख्य रहेका छन् ।

### समस्या तथा चुनौति

१) राजनीतिक हस्तक्षेप

२) दस्तावेज र अभिलेखको अभाव: वन क्षेत्रको स्पष्ट नक्सा र अभिलेख नहुँदा सीमाना निर्धारणमा समस्या

३) स्थानीय बासिन्दाको आश्रय र जीविकोपार्जन

४) प्रभावकारी नीतिको अभाव

५) स्रोत र साधनको अभाव

६) वन अतिक्रमणलाई सामान्य वा 'हकदाबी' को रूपमा लिने प्रवृत्ति।

७) सामाजिक तथा आर्थिक कारणहरूः बेरोजगारी, गरिबी, र कृषियोग्य जमिनको अभाव

८) वनको स्थायी प्रकृतिको सीमांकन नहुनु वा अस्पष्ट सिमाना

**आगामी कार्यदिशा**

राष्ट्रिय वनक्षेत्रको अतिक्रमण हुन नदिनको लागि स्पष्ट रुपमा निजी जग्गा र राष्ट्रिय वनबीचको सिमाना स्थलगत रूपमा देखिने गरी सीमाङ्कन गरी सिमाना सुरक्षाको प्रबन्ध मिलाउने, वनक्षेत्रको सिमाना यकिन गर्न आवश्यकता अनुसार नापीको आधिकारिक नक्सा, एरियल फोटोग्राफ, सेटलाइट इमेज तथा डिजिटल डाटाको समेत प्रयोग गर्ने,

डिभिजन वन कार्यालयले अतिक्रमण सम्बन्धी तथ्यांक राखी समय समयमा अद्यावधिक गर्ने, तथ्य र तथ्यांकमा आधारित रही अतिक्रमणको जोखिममा रहेका क्षेत्रहरूको पहिचान गरी नक्साङ्कन गर्ने, वनक्षेत्रको सुरक्षाको लागि सशस्त्र वन रक्षक, समुदाय र वन कर्मचारी संलग्न quick response team परिचालन गर्ने, अतिक्रमणका लागि जोखिमयुक्त देखिएको वनक्षेत्रमा अस्थायी सुरक्षा पोस्टको व्यवस्था गर्ने, अतिक्रमण नियन्त्रणमा सशस्त्र वन रक्षकको भूमिका बढाउने,

वनक्षेत्रलाई सघन व्यवस्थापनमा ल्याई आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गरी अतिक्रमणलाई निरुत्साहित गर्ने, वन अतिक्रमणका कारक तत्त्वहरू (drivers of forest encroachment) पहिचान गर्न र प्रभावकारी रोकथामका उपायहरू बुझ्न अध्ययन तथा अनुसन्धान गर्ने।

वन अतिक्रमण हटाई वनक्षेत्र कायम गर्नको लागि अतिक्रमण हटाउन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ लाई आवश्यक परिमार्जन गरी कार्यान्वयनमा ल्याउने, विगतमा भएका अतिक्रमित वनक्षेत्रलाई कार्ययोजना बनाई खाली गराउने र संरक्षणको व्यवस्था गर्ने, समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा अतिक्रमण नियन्त्रणसम्बन्धी व्यवस्था अनिवार्य रूपमा समावेश गरी भएको अतिक्रमण हटाउने र थप अतिक्रमण हुन नदिने व्यवस्था गर्ने, वन अतिक्रमण हटाई वनक्षेत्र कायम गर्न आवश्यक पर्ने स्रोत साधनलाई तीन तहका सरकारले प्राथमिकता दिई उपलब्ध गराउने तथा वनक्षेत्रको नियमित सुरक्षा गस्ती गर्नु पर्ने जस्ता कार्य गर्नु पर्ने देखिन्छ ।

अतिक्रमण नियन्त्रणका लागि अन्तरतह र अन्तरनिकाय साझेदारी र समन्वयलाई बढवा दिनको लागि अन्तरतह समन्वय एवं अधिकारको समन्वयात्मक उपयोग गर्ने, अन्तरनिकाय (स्थानीय प्रशासन, सुरक्षा निकाय तथा अन्य सरकारी निकाय) समन्वय गर्ने, अतिक्रमण नियन्त्रण संयन्त्रहरू गठन गरी प्रभावकारी रूपमा परिचालन गर्ने, सरकारी निकाय, समुदाय, स्थानीय निकाय र वातावरणीय संस्थाहरू संलग्न रहेको बहुसरोकारवाला मञ्च (Multi-stakeholder's forum) उपयोग गरी नियन्त्रणको व्यवस्था मिलाउने, वनको महत्त्व र अतिक्रमणको असरबारे समुदायलाई जानकारी दिन सचेतना र पैरवी अभियान सञ्चालन गर्ने र उपभोक्ता समूहमा अतिक्रमण नियन्त्रण स्वयंसेवी उपसमूह गठन गरी परिचालन गर्ने कार्यहरु गर्नु पर्ने देखिन्छ ।

# वन डढेलो नियन्त्रण तथा व्यवस्थापनः हालसम्मको सिकाइ, समस्या, चुनौती र आगामी कार्यदिशा

*केशर खड्का* [1]

## १. परिचय

वन डढेलो (Forest Fire) प्राकृतिक स्रोतको एक प्रमुख विनाशकारी रूप हो, जसले वनस्पति, जीवजन्तु, माटोको संरचना, पानीको चक्र, जैविक विविधता र मानव स्वास्थ्यमा गम्भीर असर पार्दछ। विशेष गरी नेपालजस्तो जैविक विविधता सम्पन्न र वनमैत्री भूगोल भएको मुलुकमा वन डढेलो दिगो विकासका लक्ष्यहरूप्रति चुनौती बनेको छ। डढेलोको प्रत्यक्ष असर मात्र नभई यसको दीर्घकालीन पर्यावरणीय, सामाजिक र आर्थिक असर अत्यन्त गम्भीर हुन्छ। नेपालमा वन डढेलोको समस्या प्रायः प्रत्येक वर्ष पुनः दोहोरिने भएकाले यसका कारण, प्रवृत्ति, नियन्त्रण रणनीति र सुधारात्मक उपायहरूको अध्ययन आवश्यक छ।

यस लेखमा अर्घाखाँची जिल्लालाई मामला अध्ययन (Case Study) को रूपमा प्रयोग गरी वन डढेलोको अवस्था, नियन्त्रण प्रयास, सिकाइ र चुनौतीहरूको विश्लेषण गरिएको छ।

## २. वन डढेलोको सैद्धान्तिक अवधारणा

वन डढेलो भन्नाले वन क्षेत्रभित्र उत्पन्न हुने अनियन्त्रित आगो हो, जुन वातावरणीय ताप, इन्धन (जैविक पदार्थ) र प्रज्वलन स्रोतको अन्तर्क्रियाबाट उत्पन्न हुन्छ । यस्ता डढेलोहरू सामान्यतः तीन प्रमुख प्रकारका हुन्छन्:

१. **जमिन डढेलो (Ground Fire)**: माटोको सतहमुनि सल्किने आगो, जुन दगुर्दो हुन्छ।

२. **सतही डढेलो (Surface Fire)**: जमिनको सतहमा रहेका पात, घाँस, झाडी र सुक्खा हाँगाहरूमा सल्किने आगो।

३. **छत्र डढेलो (Crown Fire)**: रुखको माथिल्लो भागमा फैलिने तीव्र आगो, जसको नियन्त्रण कठिन हुन्छ।

## ३. नेपालमा वन डढेलोको प्रवृत्ति र वर्तमान अवस्था

नेपालमा वार्षिक रूपमा करिब ४ लाख हेक्टर वन क्षेत्र आगलागीबाट प्रभावित हुने गर्छ (Bajracharya, 2006)। FAO को २०२० को रिपोर्ट अनुसार **९५% डढेलो मानवीय गतिविधिका कारण लाग्ने** गर्छन् । REDD Implementation Centre (2020) को तथ्यांक अनुसार, कुल वन क्षेत्रको ५% भन्दा बढी भाग प्रत्येक वर्ष

[1] सहायक वन अधिकृत तथा वन डढेलो फोकल पर्सन, डिभिजन वन कार्यालय, अर्घाखाँची

डढेलोबाट प्रभावित हुन्छ। MoFE (2021) अनुसार ६४% डढेलो जानाजानी लगाइएका हुन् भने ३२% लापरवाही वा दुर्घटनावश लाग्ने गरेको उल्लेख गरिएको छ ।
डढेलो विशेषतः फागुनदेखि जेठको मध्यसम्म अधिक हुने गर्छ । डढेलोको घटना र क्षति सूचकांक (Fire Damage Index) मा तराई क्षेत्र उच्च जोखिममा देखिन्छ भने पहाडी क्षेत्रमा व्यवस्थापनको अभावमा दीर्घकालीन असर बढी देखिन्छ।

## ४. अर्घाखाँची जिल्लाको विश्लेषण

### *४.१ डढेलोको अवस्थाको तथ्याङ्कीय विश्लेषण*

विगत २४ वर्ष (२००१-२०२४) को अवधिमा अर्घाखाँची जिल्लामा ३२९७ वन डढेलोका घटना भएका छन्, जसबाट ७५,४९०.३२ हेक्टर वन क्षेत्र प्रभावित भएको छ । २०२३ मा भूमिकास्थान नगरपालिका वडा नं. २ मा डढेलो निभाउने क्रममा चार जना व्यक्तिको ज्यान गएको थियो । २०२४ को अप्रिलमा मात्रै २३० भन्दा बढी घर र गोठमा क्षति पुगेको थियो, जसमा अर्घाखाँचीका २० घर र २३ गोठ समावेश थिए ।

### *४.२ तुलनात्मक अवस्था*

२०८०/८१ मा जिल्लामा ९४ वटा डढेलो भएका थिए भने २०८१/८२ मा १० मात्र रिपोर्ट भएका छन्। यो **८९.३६% को कमी** हो, जुन वन डढेलो नियन्त्रण पहलहरूको प्रभावकारिताको संकेत हो।

## ५. वन डढेलोको कारणहरू

- **मानवीय गतिविधि**: घाँस/दाउरा संकलन, सिकार खेल्ने प्रयास, जमिन सफा गर्ने क्रम
- **प्राकृतिक कारण**: चट्याङ, अत्यधिक गर्मी
- **सामाजिक परिवर्तन**: युवा वर्गको बाहिरी पलायन, वृद्ध र बालबालिकाको मात्र उपस्थिति
- **वन व्यवस्थापन अभाव**: पातपतिङ्गरको थुप्रो व्यवस्थापन नहुनु
- **जलवायु परिवर्तन**: खडेरी, असमान वर्षा, तापक्रम वृद्धिले जोखिम बढाइरहेको छ

## ६. डिभिजन वन कार्यालय, अर्घाखाँचीको प्रयासहरू

### *६.१ रणनीतिक पहलहरू*

- **वन डढेलो कार्ययोजना**: जिल्ला विपद् व्यवस्थापन समितिबाट स्वीकृत कार्ययोजना निर्माण र कार्यान्वयन
- **डढेलो सचेतना कार्यक्रम**: १५ दिनसम्म ७१ स्थानमा सांस्कृतिक कार्यक्रमद्वारा सचेतना

- **जिङ्गल र रेडियो प्रचार**: १० वटा सचेतना जिङ्गल उत्पादन, माइकिङ तथा प्रसारण
- **सामुदायिक समूहहरूमा गोष्ठी र डेमो अभ्यास**

### *६.२ जनशक्ति र स्रोत परिचालन*

- **वन हेरालू**: ३१९ जना कार्यरत
- **वन डढेलो नियन्त्रण दस्ता**: १० सदस्यीय टोली, नियमित गस्ती
- **फोकल पर्सन र डेस्क**: प्रत्येक इलाकामा डढेलो फोकल पर्सन
- **दमकल र सुरक्षा परिचालन**: श्रोतसाधन तत्काल परिचालन
- **पातपतिङ्गर व्यवस्थापन**: ४० वटा सामुदायिक वनलाई सहायता, ५ वटा वन समुहको कलष्टरमा १ वटा पराङ्गारिक मल उद्यमबाट समुहले मल उत्पादनको शुरुवात
- **SMS अभियान**: समुहहरुका अध्यक्षहरूलाई नियमित बल्क सन्देश

### *६.३ निगरानी र कानुनी कारबाही*

- घटनास्थलमा तत्काल अनुगमन
- दोषी पहिचान गरी मुद्धा दायर

## ७. प्रमुख सिकाइहरू

- समुदायको सहभागिता विना डढेलो व्यवस्थापन असफल हुन्छ
- कार्ययोजना र स्रोतहरूको भौगोलिक सान्दर्भिकता आवश्यक
- सूचनाको तत्काल आदानप्रदान (SMS, माइकिङ) प्रभावकारी
- निगरानी र जिम्मेवार निकायहरूको सक्रियता अनिवार्य

## ८. विद्यमान चुनौतीहरू

- **जनशक्ति अभाव**: युवा पलायनका कारण आपतकालीन प्रतिक्रिया ढिलो
- **स्रोत सीमितता**: उपकरण, तालिमको कमी
- **स्थानीय उदासिनता**: कतिपय पालिकाको सहयोगमा कमी
- **पुनरावृत्त हुने डढेलो**: नियमित सुक्खा मौसम, पातपतिङ्गर
- **जलवायु संकट**: नयाँ किसिमको डढेलो स्वरूप र जोखिम

## ९. सिफारिसहरू

### *९.१ नीतिगत सुधार*

- प्रदेश र संघीय तहबाट एकीकृत नीति निर्माण
- सामुदायिक वन कार्ययोजनामा डढेलो व्यवस्थापन अनिवार्य समावेश

### *९.२ प्रविधि प्रयोग*

- GIS मा आधारित निगरानी प्रणाली
- ड्रोनबाट जोखिम क्षेत्रको नक्सांकन
- Fire Danger Rating System (FDRS) को प्रयोग

### *९.३ शिक्षा र जनचेतना*

- विद्यालय तहमा वन डढेलो विषय समावेश
- समुदायमा नियमित तालिम, र सशक्त डेमो अभ्यास

### *९.४ आर्थिक र उद्यमशिलता प्रवर्द्धन*

- पातपतिङ्गरबाट मल, ब्रिकेट वा अन्य उत्पादनलाई प्रोत्साहन
- वनजन्य इन्धन विकल्पहरूको प्रयोग (Biogas, Improved Cookstove)

### *९.५ संस्थागत समन्वय*

- स्थानीय तह, सुरक्षा निकाय, गैरसरकारी संस्था बीच सहकार्य सुदृढ

## १०. निष्कर्ष

वन डढेलो नियन्त्रण नेपालजस्तो वनमा भर पर्ने देशका लागि अत्यन्तै संवेदनशील विषय हो । अर्घाखाँचीको अभ्यासले देखाएको छ कि प्रभावकारी समन्वय, प्रविधिको उपयोग, सचेतना र कार्यन्वयनमा सक्रियता रहेमा डढेलो नियन्त्रण सम्भव छ। यसका लागि दीर्घकालीन सोच, नीतिगत प्रतिबद्धता र जनस्तरको सहभागिता आवश्यक छ ।

आगामी दिनमा नेपालले जलवायु परिवर्तनको प्रभावसहितका जटिल वन आगलागीको समस्या भोग्नुपर्ने भएकाले डढेलो नियन्त्रण प्रणाली थप वैज्ञानिक, प्रविधियुक्त र सामूहिक बनाइनुपर्छ । वन डढेलो अब केवल वन प्रशासनको जिम्मेवारी होइन, साझा जिम्मेवारीको विषय हो।

# जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय र स्थानीय तहको समन्वयमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशा

*धनिश्वर न्यौपाने [1], जयप्रकाश प्रसाद गुप्ता [2]*

## विपद् तथा विपद् व्यवस्थापन

कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ। विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ । विपद् जोखिम न्यूनीकरण भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

## नेपालमा विपद् तथा व्यवस्थापन

प्रकोपको सामना गर्न अन्य व्यक्ति, समुदाय वा संघ/संस्था वा देश विदेशको सहयोग आवश्यक हुन्छ । व्यापक मानवीय, भौतिक, आर्थिक वा वातावरणीय क्षति एवं असरहरूका कारण समुदायको सामान्य जीवन पद्धति गम्भीर रुपमा असर तथा अवरुद्ध हुन्छ । "विपद्" भन्नाले "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४" को दफा २(ठ) अनुसार "कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ।"

## कानुनी प्रावधान

- नेपालको संविधानले विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राखेको छ।
- संविधानले संघ, प्रदेश र स्थानीय तीनवटै तहको सरकारलाई विपद् व्यवस्थापनको दायित्व दिएर जिम्मेवार बनाएको छ।
- सशक्त र प्रभावकारी कार्य गर्न मार्गदर्शन गरेको छ।
- हामीसँग "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४" तथा ऐनसँग सम्बन्धित नियमावली २०७६ छ।
- सो ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण छ
- ७५३ वटै स्थानीय सरकार प्रमुखको अध्यक्षतामा स्थानीय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन समितिको व्यवस्था,

---

[1] नि. डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, प्युठान

[2] वरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय, प्युठान

- प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ७७ वटै जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको व्यवस्था
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था,
- सङ्घीय, प्रादेशिक र स्थानीय तिनै तहमा गरी ७६१ वटा विपद् जोखिम व्यवस्थापन कोषको व्यवस्था

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था**


- विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था,
- स्थानीय स्तरमा विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण तथा समन्वयको उपयुक्त व्यवस्था,
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीको पहिचान र स्थानान्तरण,
- विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ/संस्था तथा निजी क्षेत्रसँग समन्वय, सहयोग र सहकार्यको व्यवस्था,

**राजनीतिक दलसम्बन्धी ऐन, २०७६**

राजनीतिक दलको काम, कर्तव्य र अधिकारमा विपद् जोखिम व्यवस्थापन उल्लेख भएको विपद् जोखिम व्यवस्थापनको पूर्व तयारीमा जोड, आ-आफ्ना दलका कार्यकर्तालाई स्वयंसेवकीय रूपमा लाग्न प्रेरित भएको । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी नागरिक शिक्षा अभियानकै रूपमा सञ्चालन गर्न जोड गरेको छ ।

**वन डढेलोको परिभाषा**

- जङ्गलको प्रज्वलनशील वनस्पति भएको एक क्षेत्रबाट सुरु हुने अनियोजित, अनावश्यक, अनियन्त्रित आगो हो।
- वन व्यवस्थापनको उद्देश्य विना वनमा लागेको/लगाइने वा लाग्ने/लगाइने आगो ।
- डढेलोले वनस्पति, जिवजन्तु, कृषि स्रोत र मानविय संरचनालाई बदल्ने गर्छ।



## डढेलो व्यवस्थापनमा समस्या र चुनौती

डढेलो व्यवस्थापन कार्यमा विभिन्न पहल भइरहे तापनि यसको समुचित व्यवस्थापनमा निम्न चुनौती रहेका

**(क) आर्थिक स्रोतको कमीः** दक्ष जनशक्तिको विकास र डढेलो नियन्त्रण अति खर्चिलो कार्य हो ।

**(ख) मानवीय स्रोतको कमीः** वन डढेलो नियन्त्रणको क्षेत्रमा कार्य गर्न दक्ष जनशक्तिको अभाव रहेको छ ।

**(ग) नेपालको जटिल भू-बनोट र सुरक्षा चुनौतीः** नेपालको पहाडी भू-भाग र भिरालो जमिनका कारण माथिल्लो क्षेत्रमा डढेलो नियन्त्रण गर्न कठिन हुन्छ र नियन्त्रणको प्रयोजनका लागि खटिएका व्यक्तिको ज्यानको जोखिममा पर्ने खतरा पनि बढी हुने गर्दछ ।

(घ) **तालिम, डढेलो नियन्त्रणका उपकरण र औजारको कमीः** डढेलो नियन्त्रणका लागि सो प्रकोपबाट प्रभावित समुदाय र नियन्त्रणमा जाने दस्ताका लागि आवश्यक तालिमको अभाव छ । साथै डढेलो नियन्त्रणका औजार देश बाहिरबाट आयात गर्नुपर्ने हुँदा धेरै महँगो हुनाले खरिद गर्न र प्रभावित समुदायलाई उपलब्ध गराउन चुनौतीपूर्ण रहेको छ ।

**(ङ) संस्थागत चुनौतीः** डढेलो नियन्त्रणसम्बन्धी जिम्मेवार एकाई नभएकाले मूल्याङ्कन, सूचना सङ्कलन, तथ्यांक व्यवस्थापन र अनुगमन, संस्थागत समन्वय र नेटवर्किङ, अन्तर्राष्ट्रिय समन्वय र डढेलो नियन्त्रणका कार्य प्रभावकारी रूपमा हुन सकेको छैन ।

**(च) सरोकारवालाबीचको प्रभावकारी समन्वयः** उद्दार कार्य सुरक्षा निकायमा मात्र निहित रहेको देखिन्छ । डढेलो व्यस्थापनमा समुदायमा आधारित संघ। संस्थाको कमी रहेको छ

**(छ) संघीय संरचनामा डढेलो व्यवस्थापनः** तीनै तहका सरकारबीच डढेलो व्यवस्थापनसम्बन्धी जिम्मेवारी बाँडफाँटमा अनिश्चितता देखिन्छ ।

## डढेलो जोखिम न्यूनीकरणका लागि राष्ट्रिय स्तरका पहल

(क) राष्ट्रिय कार्यढाँचा र रणनीतिक कार्ययोजनाको तयारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बहुसरोकारवाला सम्मिलित एक कार्यदल वनाई वन तथा वातावरण मन्त्रालयसँगको समन्वयमा वन डढेलो व्यवस्थापन रणनीति, २०६७ ल्याएको छ ।

(ख) अग्नि-नियन्त्रण सामग्रीको व्यवस्थापन र क्षमता अभिवृद्धि कार्यक्रम सरकार र सम्बन्धित सरोकारवालाको समन्वयमा जिल्लास्तरीय डढेलो व्यवस्थापन योजना तयारी भइरहको छ ।

- २२ हजारभन्दा बढी समुदायमा आधारित वन डढेलो व्यवस्थापन समूहको परिचालन भइरहेको छ ।
- देशका विभिन्न ठाउँमा विभिन्न समूहको डढेलो नियन्त्रण क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनमा छन् ।

- विगतको तुलनामा उत्साहजनक बजेटको व्यवस्था गरी अग्नि नियन्त्रणका लागि चाहिने उपयुक्त औजार तथा उकपरण खरिद गरी अग्र पङ्क्तिमा खटिने अग्नि नियन्त्रण दस्ता (सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल, जिल्ला विपद् व्यवस्थापन समिति, राष्ट्रिय निकुञ्ज कार्यालय आदि) लाई वितरण समेत भइरहेको छ ।

(ग) डढेलो पहिचान, अनुगमन तथा एकीकृत सूचना प्रणालीको विकासः इसिमोड र वन तथा भू-संरक्षण विभागको साझेदारीमा डढेलो पहिचान तथा अनुगमन प्रणालीको प्रयोग गरी प्रत्येक दिन देशभर लागेको डढेलोको अनुगमन गर्ने व्यवस्था गरिएको छ ।

- यस प्रविधिको प्रयोग गरी डढेलोबाट भएको क्षतिको विवरण सङ्कलन, स्टोरेज तथा पुनप्राप्ति भई प्रतिकार्यमा सहज हुनेछ ।
- वन तथा भू-संरक्षण विभाग अन्तर्गतको भू-सूचना तथा मूल्याङ्कन प्रणाली शाखाले वन डढेलोको प्रकोपको पहिचान र अनुगमन गरिरहेको छ ।
- वन तथा भू-संरक्षण विभागमा एक जना वन डढेलो सम्पर्क व्यक्ति तोकिएको छ ।
- प्रदेश वन मन्त्रालय, वन निदेशनालय तथा डि.व.का.मा समेत डढेलो फोकल पर्सन तोक्ने यवस्था गरेको ।
- डढेलोबाट भएका हानी-नोक्सानीको अध्ययन र जोखिम मूल्याङ्कनका लागि पहल भइरहेका छन् ।
- अग्रपङ्क्तिमा खटिने अग्नि-नियन्त्रण दस्ता (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, वन उपभोक्ता समूह र नेपाल सरकारका वन प्राविधिक)का लागि उपयुक्त हुने तालिम सामग्रीको विकास गरी इ-लर्निङ मोडुलको डिजाइन भइरहेको छ ।
- आगलागीजन्य विपद् (डढेलोसमेत) प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि-२०७८ स्वीकृत भई कार्यान्वयनमा समेत गइसकेको छ ।
- वन तथा वातावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्रले यसै वर्षदेखि डढेलो लाग्ने मौसमका लागि डढेलो प्याट्रोलिङ दस्ता व्यवस्था गरेकोछ ।
- दस्तालाई आधारभूत तालिम र अग्नि नियन्त्रण औजार समेत उपलब्ध गराएको छ ।

**प्युठान जिल्लामा वन डढेलो नियन्त्रणमा गरिएको प्रयास**

- वन डढेलो नियन्त्रण सम्बन्धमा जिल्ला स्तर वन डढेलो नियन्त्रण तथा प्रतिकार्य कार्ययोजना तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिबाट स्वीकृत गरिएको (मिति २०८१।१०।०४ गते)
- प्युठान जिल्लामा वन डढेलो/आगलागी नियन्त्रण अभियान अन्तर्गत ६४ वटा वडामा वडाअध्यक्षको सयोजकत्वतामा स्थानीय स्वयं सेवक, नागरिक समाज, प्रहरी तथा सामुदायिक वनको प्रतिनिधहरु सहितको ५ देखि ११ सदस्यीय वन डढेलो नियन्त्रण/प्रतिकार्य कार्यदल गठन गरिएको ।

- गठित कार्यदलको ९ वटा पालिका स्तरीय वन डढेलो नियन्त्रण सम्बन्धी वृहत अन्तर्कृया तथा छलफलको कार्यक्रम गरिएको ।
- साथै जिल्ला स्थित सम्पूर्ण सुरक्षा निकाय, राजनीतिक दल, पत्रकार लगायत सम्पूर्ण सरोकारवालाहरुको सहभागितामा वन डढेलो नियन्त्रण सम्बन्धि अन्तर्कृया सम्पन्न भएको छ ।

**प्युठान जिल्लामा वन डढेलो नियन्त्रण कार्यको सिकाई**

- आगलागिको सूचना लाग्ना साथ सुरक्षा निकाय तथा वन कार्यालयका सूचना अधिकारीलाई आएको ।
- सामुदायिक वन र वडामा समन्वय सहकार्य बढेको ।
- सर्वपक्षिय सहकार्यको शुरुवात भएको ।
- कानुनी प्रावधानको बारेमा जानकारी घरघरमा पुगेको ।
- डढेलोको असर बारे जनचेतना जाग्रीत भै जानीजानी लगाउने परम्परा टुटेको ।

**चुनौती र समस्याहरु**

- वडा स्तरीय वन डढेलो नियन्त्रण कार्यदललाई परिचालन गर्न साधन श्रोतको समस्या ।
- गठित कार्यदललाई कानुनी वैधता दिन नसक्नु ।
- कार्यदल परिचालन गर्न खर्चको व्यवस्थापनमा समस्या
- भौगोलिक विकटताको कारण सबै जना जम्मा भेला हुने कठिनाई ।

**वन डढेलो नियन्त्रणको लागि आगामी कार्यदिशा**

- वडा स्तरीय वन डढेलो नियन्त्रण कार्यदललाई संचार, पानी, खाजा, खाना आदिको व्यवस्थाको लागि आवश्यक रकमको व्यवस्था गर्नुपर्ने ।
- गठित कार्यदललाई वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक तालीमको व्यवस्था गर्नु पर्ने ।
- राम्रो काम गर्ने कार्यदललाई पुरूस्कार तथा प्रोत्साहनको व्यवस्था गर्नु पर्ने ।

# पहाडी जिल्लामा सामुदायिक वन व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौती र आगामी कार्यदिशा

*प्रेमशंकर चौधरी*[1]

## हालसम्मको सिकाई

१. वन संरक्षण, विकास, व्यवस्थापन तथा सदुपयोग कार्य नियमित हुँदै आएको ।

२. जैविक विविधता संरक्षणमा टेवा पुग्दै आएको ।

३. वन डढेलो नियन्त्रणमा सहजीकरण भैईरहेको ।

४. खाली पाखा तथा नांङ्गा डाँडाहरुमा वृक्षारोपण भई हरियाली प्रवर्द्धन भईरहेको ।

५. स्थानिय वन समूहहरुको लागत साझेदारीमा कार्यक्रम समेत भईरहेको ।

६. स्थानिय उपभोक्ताहरुमा वन तथा वातावरण संरक्षणमा क्षमता अभिवृद्धि भईरहेको ।

७. स्थानिय समुदायको आम्दानीमा वृद्धि भईरहेको ।

८. वन वातावरण, जैविक विविधता र जलाधार संरक्षणमा समूहहरुको अपनत्व

## समस्या र चुनौती

१. वन व्यवस्थापन गर्न भौगोलिक विकटता तथा सामुदायिक वन क्षेत्र पहुँचमा कठिनाई

२. पहाडी क्षेत्रमा वन व्यवस्थापन गर्न धेरै खर्चिलो

३. प्राविधिक कर्मचारीको कमि (सामुदायिक वन धेरै भएकोले)

४. अधिकाँस सामुदायिक वन समितिका पदाधिकारीहरुमा वन व्यवस्थापन गर्ने इच्छा नहुनु । तथा समितिमा पनि अध्यक्षको मात्रै बढी सक्रियता हुने र अन्य सदस्यहरु नामको लागि मात्र राखीने । कोरम पु¥याउनको लागि मात्रै रहेको ।

५. राजनैतिक आस्थाको आधारमा विरोध गर्ने चलन ।

६. सामुदायिक वन व्यवस्थापनमा जनसहभागीता स्वतःस्फूर्त नहुनु ।

७. बुझाईमा एक रुपता नहुनु, एउटाले गर्ने भन्ने अर्कोले नगर्ने भन्ने ।

८. समूह, समितिका पदाधिकारीहरुमा ऐन, कानूनको जानकारी नहुनु जस्ले ऐन, कानून विपरित समूहको खर्च गर्ने र वन व्यवस्थापनमा खर्च नगर्ने पाईएको जस्तै सामुदायिक वन व्यवस्थापन गर्न भन्दा सामाजिक निर्माण जस्तै स्कूल, मन्दिर, बाटो घाटो, खानेपानी, भवन, पार्कमा लगानी गर्ने ।

९. स्वीकृत कार्ययोजना, विधान समितिका पदाधिकारीहरुले अध्ययन नगर्ने कारणले सो अनुरुप वन व्यवस्थापनको काम नहुने ।

---

[1] सिनियर डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय रोल्पा

१०. वन व्यवस्थापन गर्दा स्थानिय तहसँग आम्दानीको बाडँफाँटमा विवाद हुने ।

११. स्थानिय निकायले जवरजस्ती बाटो, गोरेटो, खानेपानी टंकी, मन्दिर, भवन निमार्ण गरिदिने ।

१२. विभिन्न सरकारी निकाय जस्तैः सडक विभाग, पूर्वाधार विभाग, पर्यटन विभाग, स्थानिय निकाय हेर्ने विभाग, वन विभाग, मन्त्रालयहरुको सकृयता नरहेको ।

१३. सामुदायिक वन उपभोक्ता समूह समितिहरुले सव डिभिजन संग कुनै जानकारी तथा समन्वय नगरीकन वन व्यवस्थापन गर्ने तर प्राविधिक तवरले त्रुटि हुने सम्भावना हुने । सोको कुरा अडिट रिपोर्ट आउँदा थाहा हुने ।

१४. सामुदायिक वन व्यवस्थापन गर्दा बार्षिक गर्नुपर्ने कार्यक्रम नवनाउने (बार्षिक कार्यक्रम खण्डीकरण नगर्ने )

१५. सामुदायिक वनको क्षेत्रफल सानो हुने गरेको कारणले वन व्यवस्थापन गर्न जागर नगर्ने जस्तैः ०.३, ०.७, ०.५, २, ३ हेक्टरका वनहरु रहेको ।

१६. पहाडी क्षेत्रमा दोहोरो उपभोक्ता भएका कारण सामुदायिक वन व्यवस्थापन गर्नमा आपसी द्धन्द र पहाडी क्षेत्रको गाँउ घरमा अधिकांस युवा देश बाहिर र बृद्ध, महिला, वालकहरु मात्रै गाँउ घरमा छन् जसबाट सामुदायिक वनको व्यवस्थापन कसरी हुन्छ होला, जनशक्ति नै छैनन् ।

१७. परम्परागत तवरले रहेका वनलाई परम्परागत हिसावले नै राख्न खोज्ने । काँटछाँट गर्न नखोज्ने मानसिकता रहेको पाईन्छ । संरक्षणमूखी तवरले मात्रै वन जोगाउन खोज्ने, निकै कम काठ, दाउरा, घाँस प्रयोग गर्ने ।

१८. भिरपाखा, भिरालो स्थानमा वृक्षारोपण गर्न पनि कठिनाई तथा वृक्षारोपण पनि नचाहने ।

१९. पहाडी क्षेत्रको अधिकांश स्थानमा सामुदायिक वन पैदावार संकलन, बिक्री वितरण निर्देशिका कार्यान्वयन गर्न कठिनाई (छपान, कटान, घाटगद्दी, पत्रिकामा सुचना, बोलपत्र आदि)

२०. कहिलेकाँही हावाहुरी, बर्षा, पहिरोको कारणले वार्षिक स्वीकार्य कटान भन्दा बढि रुख ढलेको अवस्थामा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत वन निर्देशनालयसम्म प्रकृया पुरा गर्न कठिनाई र प्रकृया पुरा गर्न जान ईच्छुक नहुने ।

२१. भौगोलिक विकटताको कारणले सल्ला प्रजातिका काठ, दाउरा तुरुन्त संकलन गर्न नसक्ने भएर काठको गुणस्तर बिग्रने भएकोले विक्री गर्न समस्या हुने तथा भौगोलिक विकटताको कारणले सल्ला प्रजातिका काठ संकलन गर्दा आम्दानी भन्दा खर्च बढि हुने भएर सल्लाको काठ संकलन गर्न ईच्छुक नहुने ।

२२. राजनैतिक आस्थाको आधारमा काम गर्न नदिने र उजुरी गर्ने परिपाटी ।

२३. वर्तमान परिपेक्षमा पहाडी क्षेत्रमा वन जंगल चाहिन्छ भन्ने पक्षमा आम समुदाय भएको देखिदैन । र आवश्यक पनि देखिदैन किनकि पहाडी क्षेत्रको बजार तथा गाँउ क्षेत्रमा अधिकाँस घरहरुमा ग्रिल,

अलमुनियम, यू.पि.वि.सी., रेडिमेट पलाई झयाल ढोका प्रयोग भएको देखिन्छ । छिटो छरितो बन्ने र देखलाई पनि सुन्दर देखिने, साल काठको तुलनामा धेरै सस्तो पनि हुने ।

२५. मान्छेलाई वन जंगलबाट केहि पाउला, केहि लिउला भन्ने आशा भए भने पो वन संरक्षण र व्यवस्थापन गर्ने हो, तर वनबाट केहि पाउने आशा, आकाँक्षा, लोभ, लालच, अभिलासा नभए पछि किन वनलाई संरक्षण र व्यवस्थापन गर्ने कुरा निकै चुनौती पूर्ण छ ।

२६. खाना पकाउन दाउरा भन्दा एल.पी.जि. ग्यास धेरै सस्तो पर्छ । त्यसैले अधिकाँस घरहरु, पसल, होटलमा ग्यास नै प्रयोग हुन्छ ।

**आगामी कार्यदिशा**

१. सामुदायिक वनको वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका तराई र पहाडी जिल्लाका आधारमा फरक फरक निर्देशिका आवश्यक छ ।

२. सामुदायिक वनको व्यवस्थापन गर्न पहाडी क्षेत्रको लागि छुट्टै नर्मस हुनुपर्ने ।

३. साना साना सामुदायिक वनलाई मर्ज गर्ने ।

४. एकिकृत बस्ती विकास गर्ने ।

५. प्राविधिक जनशक्ति पर्याप्त हुनुपर्छ ।

६. २०० हेक्टर माथीको वन क्षेत्र भएको सामुदायिक वनले अनिवार्य वन प्राविधिकको व्यवस्था गर्नु पर्ने ।

७. पहाडी क्षेत्रमा हावाहुरी, बर्षा, पहिरोको कारणले ए.ए.सी. भन्दा बढि रुख ढलेको अवस्थामा संकलन सम्बन्धी प्रकृया सरलिकरण गर्ने ।

८. हरेक सामुदायिक वनका पदाधिकारी तथा उक्त समूहका मूख्य मूख्य व्यक्तिहरुलाई वन व्यवस्थापन, लेखा, आम्दानी, खर्च लगाएत अन्य आवश्यक जानकारी दिई जागरुक गराउने ।

# वन संरक्षण क्षेत्र (संरक्षित वन) व्यवस्थापनः सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशा

*दयाराम पौडेल [1], मदन सापकोटा [2]*

वन संरक्षण क्षेत्र भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय दृष्टिकोणले वातावरणिय महत्वको क्षेत्र, जलाधार संरक्षणको हिसाबले संवेदनशिल क्षेत्र, पर्यापर्यटन विकास गर्न उपयुक्त देखिएको क्षेत्र, संरक्षित क्षेत्र बाहिरको वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको क्षेत्रलाई वन तथा वातावरण मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा वन ऐन २०७६ अनुसार घोषणा गरेको क्षेत्र हो ।

नेपालको सन्दर्भमा ठूला तथा मझौला वन्यजन्तुहरुको आवतजावत गर्ने जैविक मार्ग, वन्यजन्तुको बासस्थान, जैविक विविधता, सांस्कृतिक विशेषता बोकेको क्षेत्र, लोपोन्मुख प्रजाति संरक्षण, जलाधार क्षेत्र संरक्षण, जलश्रोत भण्डारको संरक्षण, लालिगुरास (राष्ट्रिय फुल) संरक्षण, सिमसार संरक्षण र पर्यापर्यटन विकास वन संरक्षण क्षेत्रको व्यवस्थापनसंग सरोकार राख्ने विषयहरु रहेका छन् ।

वन संरक्षण क्षेत्रको बिकासक्रम हेर्दा २०५९ साललाई महत्वका साथ हेर्ने गरिएको (काक्रेविहार घोषणा भएको) छ तथापी सरकारीस्तरबाट कार्ययोजना स्वीकृत गरी कार्यान्वयनको थालनी आ.व. ०६८।६९ देखि मात्र हुन सकेको र वन ऐन २०७६ पश्चात संरक्षित वनहरु वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको छ ।

नेपालको संविधान २०७२ धारा ५१ (छ) ले प्राकृतिक साधन श्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति, वन वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भुभागमा वन क्षेत्र कायम राख्ने उलेख गरे वमोजिम वन ऐन २०७६ र वन नियमावली २०७९ तथा लुम्बिनी प्रदेश वन ऐन २०७८ तथा नियमावली २०७९ अनुसार घोषणा गरिएका छन् ।

नेपालमा हाल सम्म घोषित वन संरक्षण क्षेत्रहरु तथा उद्देश्य फरक फरक पाईएको छ ।

---

[1] नि. डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय गुल्मी

[2] वरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय गुल्मी

| वन संरक्षण क्षेत्रको नाम | जिल्ला | घोषणा तथा लागु मिति | वनको क्षेत्रफल (हेक्टर) | व्यवस्थापनको उद्देश्य |
|---|---|---|---|---|
| धनुषाधाम | धनुषा | २०६१/१०/०४ | ३४० | ऐतिहासिक, धार्मिक एवं वातावरणीय क्षेत्रको एकीकृत विकासद्वारा धार्मिक एवं पर्यापर्यटन क्षेत्रको प्रवर्धन गर्ने |
| काकेविहार | सुर्खेत | २०५१/०१/३० | १७५ | जैविक विविधता, वन स्रोत, जलस्रोत र प्राकृतिक एवं धार्मिक सम्पदाको संरक्षण गर्ने |
| मदाने | गुल्मी | २०६७/११/१६ | १३७६१ | प्राकृतिक सौन्दर्य एवं पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने |
| पञ्चासे | कास्की, पर्वत, स्याङ्जा | २०६८/११/१५ | ५७७६ | जैविक विविधता, जल स्रोत र पर्यापर्यटनको दीगो व्यवस्थापन एवं वातावरणीय सन्तुलन कायम गर्ने |
| बरण्डाभार | चितवन | २०६८/११/१५ | १०४६६ | वनको अवस्था र वन्यजन्तुहरूको वासस्थान सुधार ल्याउनुको साथै जैविक मार्गहरूको पुनर्स्थापना र पर्यपर्यतान्को विकास गर्ने |
| खाता | बर्दिया | २०६८/११/१५ | ५७४२ | वन व्यवस्थापनद्वारा ठुला वन्यजन्तुहरूको बासस्थान र जैविकमार्गहरूको पुनर्स्थापना गर्ने |
| लालझाडी-मोहना | कंचनपुर, कैलाली | २०६८/११/१५ | २९६४२ | वन व्यवस्थापनद्वारा ठुला वन्यजन्तुहरूको बासस्थान र जैविकमार्गहरूको पुनर्स्थापना गर्ने |
| बसन्ता | कैलाली | २०६८/११/१५ | ६९००१ | वन व्यवस्थापनद्वारा ठुला वन्यजन्तुहरूको बासस्थान र जैविकमार्गहरूको पुनर्स्थापना गर्ने |
| रेसुङ्गा | गुल्मी | २०७४/११/२८ | १९२८१.३७ | प्राकृतिक स्रोत, जैविक विविधता, जलाधारीय र पुरातात्विक महत्वको सम्पदाको संरक्षण गर्ने |
| पाल्पे सत्यवती छलिमेदह | गुल्मी | २०७४/११/२९ | ३७८४३.०६ | जैविक विविधता, वन स्रोत, जलस्रोत र प्राकृतिक एवं धार्मिक सम्पदाको संरक्षण गर्ने |
| गोदावरी फुल्चोकी | ललितपुर, काभ्रेपलान्चोक | २०७९/०३/०२ | २१२८.८८ | जैविक विविधता, प्राकृतिक सौन्दर्य, भौगोलिक र भौगर्भिक अवस्था, पारिस्थितिकीय प्रणाली, एवं सङ्कटापन्न जीवजन्तु / वनस्पति र ऐतिहासिक धार्मिक सांस्कृतिक महत्वका सम्पदा समेतको संरक्षण |

## सिकाई

**A) participation वहुसरोकारवाला/वन व्यवस्थापन पद्धतीको सहभागिता भएको व्यवस्थापन दिगो हुने रहेछ ।**

- एक अध्ययन अनुसार पञ्चासे वन संरक्षण क्षेत्रमामा वन व्यवस्थापनमा सक्रिय सहभागिता मार्फत वन मौज्दातमा १५% वृद्धि भएको पाईएको छ ।
- Significant Contribution to Ecosystem Restoration (A Study From Barandabhar) (Forest Action Nepal, 2021)
- Restored and expand degraded forest area of 6,292 Ha in 2001 to 9,637 hectares today. (WWF 2023)

**B) Strong legal, institutional framework and corresponding activities improves outcomes**

- वन क्षेत्रको चापमा कमी आएको (वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम)-मदाने (सोलार), खाता (Biogas) आदि
- महत्वपुर्ण प्रजाति तथा जैविक विविधतामा बृद्धि - रेसुङ्गा वन संरक्षण क्षेत्र घोषणाको ५ वर्षमा चराहरुको प्रजातिमा बृद्धि भई २०७ बाट २५८ पुगेको (BCN, 2024)
- प्रजाति संरक्षणमा महत्वपुर्ण टेवा (Khata Forest Conservation Area- the recipient of 2021 conservation excellence award- significant contribution to tiger conservation) (WWF 2021), पुतली संरक्षण (काक्रे बिहार) (Oli BR et al. 2023)

**C ) Conservation support livelihood (incentive)**

संरक्षणको कारणले वन पैदावारको उपलव्धता वढने र स्थानीय समुहको काठ दाउरा जडिवुटी जस्ता वन पैदावरको आवश्यकता पुरा गर्न सहज हुन्छ भन्ने विभिन्न अध्ययनहरु वन संरक्षण क्षेत्र घोषणा पश्चात स्थानियको

जैविक विविधता संरक्षणमा चासो बढेको (BCN, Resunga Report 2020), महत्वपुर्ण जैविक मार्ग (Connecting Corridors)- वरण्डाभार, बसन्ता, खाता, लालझाडी मोहना आदि (K. Kafle, 2020), Supporting Globally Threatened Species - Birds in Phulchoki Forest (Baral HS 1995) ले उल्लेख गरेका छन् ।

**D) Flexibility and Participatory**

### समस्या तथा चुनौति

- वन संरक्षण क्षेत्र बाट प्राप्त लाभासंको वितरणमा अन्यौलता रहेको- (हाल रहेका व्यवस्थापन पद्धतिमा सा.व./क.व.हरु सोही सञ्चालन सम्बन्धि कार्यविधि बमोजिम भईरहेको तर वन ऐन २०७६ तथा नियमावलीले प्राकृतिक श्रोत तथा बित्त आयोगले तोके बमोजिम हुने भनि उल्लेख गरेको)
- कार्ययोजना कार्यान्वयनमा यथेष्ट बजेट तथा जनशक्तीको कमि, उद्देश्य अनुरुपको Zonation नभएको (जलाधार संरक्षण, प्रजाति संरक्षण लगायत)
- स्थानियहरुलाई जिविकोपार्जन कार्यक्रममा सहभागि गराउनु (तत्काल फाईदाको अपेक्षा)
- सामुदायिक वन र वन संरक्षण क्षेत्र बिचको अन्तरसम्बन्ध (वन पैदावार बिक्री वितरण, लाभाशं बितरण आदि)- वन ऐन २०७६ तथा नियमावलीले वन संरक्षण क्षेत्रबाट वन पैदावार बाह्य बिक्री बितरणको सन्दर्भमा मौन )
- वन तथा जैविक विविधतामा चासो बढेको तर पर्याप्त नभएको
- Site Specific Marketing तथा प्रचार प्रसार हुन नसकेको- फरक फरक महत्वको रुपमा रहेका तर समग्रमा हेर्ने गरिएको
- वन संरक्षण क्षेत्रको योगदान, प्रभावकारिता लगायतका कुराहरुमा खासै अध्ययन नभएको देखिएको
- वन क्षेत्रको प्रयोगको माग बढदो (प्रदेश/स्थानिय तहबाट पर्यटन लगायत भौतिक पुवार्धारमा बजेट विनियोजन साथै वन, वातावरण कानुनको वेवास्ता)
- विभिन्न प्रदेशहरुका फरक फरक कानुन तथा संघिय कानुनसँग सामज्यस्यता नभएको
- वन डढेलो तथा सो को व्यवस्थापनका लागि पर्याप्त श्रोत साधन र जनशक्ती
- वनक्षेत्रभित्र सडक निर्माण र पानीका मूल अतिक्रमणबाट सिर्जित मानव वन्यजन्तुको द्वन्द्व
- मानव वनुयजन्तु द्वन्द्व व्यवस्थापन-खाता क्षेत्रमा बाघको संख्यामा भएको वृद्धि का कारण स्थानिय बासिन्दाको जिविकामा समस्या सृजना हुदै गरेको

- संघिय तथा अन्य प्रदेश र लुम्बिनी प्रदेशको कानुनी असामज्यता पनि अर्को समस्या तथा चुनौती हो । तलको तालिकामा असामन्जस्यताको विवरण उल्लेख गरिएको छ ।

| विषयबस्तु | वन ऐन तथा नियमावली | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संघिय | कोशी | मधेस | बागमती | लुम्बिनी | गण्डकी | कर्णाली | सुदुरपश्चिम |
| नामाकरण | वन संरक्षण क्षेत्र | वन संरक्षण क्षेत्र | वन संरक्षण क्षेत्र | संरक्षित वन | संरक्षित वन | वन संरक्षण क्षेत्र | संरक्षित भुपरिधि | वन संरक्षण क्षेत्र |
| घोषणा | नेपाल सरकार (वन मन्त्रालय) | नेपाल सरकार | प्रदेश सरकार | प्रदेश सरकार | प्रदेश सरकार | नेपाल सरकार (वन मन्त्रालय) | प्रदेश सरकार | प्रदेश सरकार |
| कार्ययोजना तयारी | वन तथा भु संरक्षण विभाग | डिभिजन वन कार्यालय | डिभिजन वन कार्यालय | डिभिजन वन कार्यालय | परिषद | डिभिजन वन कार्यालय | परिषद | डिभिजन वन कार्यालय |
| कार्ययोजना स्वीकृति | संघिय मन्त्रालय | निर्देशक | प्रदेश मन्त्रालय | प्रदेश मन्त्रालय | निर्देशक | प्रदेश मन्त्रालय | प्रदेश मन्त्रालय | प्रदेश मन्त्रालय |
| लाभाशं बाडफाड | राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले तोके बमोजिम | संघिय कानुन बमोजिम | कार्ययोजना बमोजिम | ५० प्रतिशत प्रदेश सरकार र ५० प्रतिशत उ.स | ५० प्रतिशत प्रदेश सरकार र ५० प्रतिशत परिषद | | प्रचलित कानुन बमोजिम | राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले तोके बमोजिम |

- संरक्षण क्षेत्रको रुपमा प्रस्तावित भए पनि लामो समय सम्म घोषणा हुन नसक्नु (तेह्रथुमको तीनजुरे मिल्के जलजले, डडेल्धुराको महाभारत, प्यूठानको गौमुखी, सुनसरीको रामधुनी, कपिलवस्तुको शिवगढी सुराइनाका, उदयपुरको रौता)
- कतिपय संरक्षित वनको व्यवस्थापन योजना प्रभावकारी रुपमा कार्यान्वयन नहुनु र कार्ययोजनाले सिफारिस गरेका कार्यक्रम/क्रियाकलापका संख्या धेरै र एकै प्रकारको हुनु वा कतिपय अवस्थामा फिल्डस्तरमा कार्यान्वयन गर्न अव्यवहारिक हुनु वा दोहरोपना देखिनु ।

## आगामी कार्यदिशा

- संघ र प्रदेश कानुनमा सामन्जस्यता कायम गर्नुपर्ने
- वन संरक्षण क्षेत्र व्यवस्थापनको लागि छुट्टै ईकाई (डिभिजन अन्तरगत वन संरक्षण क्षेत्र व्यवस्थापन शाखा) र सो को लागि यथेष्ट जनशक्ति
- बहुसरोकारवाला परिचालन तथा व्यवस्थापन कार्यविधि
- संरक्षित वनको निर्देशिका तयार गरी लाभांश वितरण, कोष सञ्चालन तथा परिचालन विधि लगायतका विषयहरुको कानुनी सुनिश्चिता
- डिभिजन वन कार्यालयले कार्ययोजना तयार गरी प्रदेश वन निर्देशनालयबाट स्वीकृत हुने व्यवस्थामा एक रुपता ल्याउनु पर्ने
- Simplifying compensation scheme to mitigate HWL conflict.

## सन्दर्भ सामाग्रीहरु


- नेपालका संरक्षित वनहरु (वन तथा भु संरक्षण विभाग २०७३/०७४)
- Praksh Lamsal *2017-Protection Forest: A new dimension for Biodiversity Conservation, Sustainable Forest Management & Livelihood improvement.*
- Birds of Resunga- *Bird Conservation Nepal's Publication 2021*
- *Oli B.R .,2023- Butterfly diversity in Kakrebihar Forest Area, Surkhet.*
- *Baral HS (1995)- Phulchoki, a paradise for bird watchers. Sanctuary Asia 15(5): 60-62.*
- *वन ऐन २०७६ तथा नियमावली २०७९*
- *सातै प्रदेशका वन ऐन तथा नियमावलीहरु*

# लुम्बिनी प्रदेशमा वन अनुसन्धान तथा प्रचार प्रसार हालसम्मको सिकाई समस्या चुनौती र आगामी कार्यदिशा

*जितेन्द्र सिंह खड्का [1], द्रोणराज शर्मा [2]*

## अनुसन्धान तथा प्रशिक्षण केन्द्र स्थापनाको पृष्ठभुमी

नेपाल संघीय प्रणालीमा प्रवेश गरेसंगै वि.सं. २०७४ फाल्गुन ०३ लुम्बिनी प्रदेशको समग्र वन क्षेत्रको व्यवस्थापन गर्न वन, वातावरण तथा भु-संरक्षण मन्त्रालय (तत्कालिन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय) को स्थापना भएको थियो। वन, वातावरण तथा भु-संरक्षण मन्त्रालय (तत्कालिन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय) अन्तर्गत रहने गरी वि.सं. २०७५ भाद्र १ गते बुटवलमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलको स्थापना भयो।

नेपालको राज्य संरचना भई संघ, प्रदेश र स्थानिय तह गरि ३ (तिन) तहको सरकार संचालन हुनुपुर्व नेपालका ५(पाँच) विकास क्षेत्रमा क्षेत्रीय वन तालिम केन्द्रहरु रहेका थिए । समग्र वन क्षेत्रको अध्ययन अनुसन्धान गर्ने उद्देश्यका साथ केन्द्रमा वन अनुसन्धान तथा सर्भेक्षण विभाग रहेको थियो। यस कार्यालयले देशका विभिन्न स्थानमा फिल्ड कार्यालय स्थापना गरी वन सम्वन्धी विषयमा अध्ययन तथा सर्भेक्षणका कार्यहरु संचालन गर्दै आईरहेको थियो। संघियताको अभ्यास संगै प्रत्येक प्रदेशमा वन सम्वन्धी विषयमा अध्ययन तथा सर्भेक्षणका कार्यहरु गर्न तथा संघियता पुर्व पाँच बिकास क्षेत्रमा रहेका क्षेत्रिय वन तालिम केन्द्रले सन्चालन गर्दै आएका तालिम गोष्ठीका कार्यक्रमहरु प्रदेश स्तरमा सन्चालन गर्ने उद्देश्यका साथ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरुको स्थापना भयो।


## केन्द्रको कर्मचारी संगठन संरचना

लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्वीकृत सांगठनिक संरचना निम्नानुसार रहेको छ ।

---

[1] निमित्त निर्देशक, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल, रुपन्देही

[2] बरिष्ठ वन अधिकृत, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल, रुपन्देही




## केन्द्रको कार्य क्षेत्रको विवरण

यस कार्यालयको कार्यक्षेत्र लुम्विनी प्रदेशका १४ वटै डिभिजन वन कार्यालय, ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयः (दाङ, रोल्पा, अर्घाखाँची र पाल्पा), २ वटा राष्टिय निकुञ्जः बर्दिया र बाँके अनि १ वटा कृष्णसार संरक्षण क्षेत्र खैरापूर, बर्दिया रहेको छ ।

केन्द्रलाई तोकिएका मुख्य कार्यहरु र जिम्मेवारीहरुमा वन वातावरण तथा जैविक विविधता क्षेत्रमा प्रदेशस्तरमा हुने अनुसन्धान तथा सर्वेक्षण कार्यको नेतृत्व गर्ने, Research Plots, Seed Orchard हरुको विकास, विस्तार र व्यवस्थापन गर्ने, फरेष्ट म्यापिङ्ग, प्रदेश भित्रको राष्ट्रिय वनको सूचीकरण गरी सार्वजनीकरण गर्ने, अनुसन्धानबाट प्राप्त नतिजाहरुको प्रचार प्रसार गर्ने, वन सेवामा कार्यरत कर्मचारीहरुको क्षमता विकास सम्वन्धी तालिम तथा गोष्ठिहरु सञ्चालन गर्ने रहेको छ ।

**अनुसन्धान तर्फ** नियमित संचालन भैरहेका मुख्य कार्यहरुमा सतिसाल *(Dalbergia latifolia)*, बिजयसाल *(Pterocarpus marsupium)*, रक्तचन्दन *(Pterocarpus santalinus)*, सितलचिनी *(Moringa olifera)* को बिउ अंकुरण क्षमता परिक्षणका लागि बिभिन्न किसिमका उपचार बिधिबाट परिक्षण, सितलचिनीको बृद्धिदर जाँचको कार्य तथा नर्सरीमा तयार गरिने सिसौ, टिक र विजयसाल प्रजातिका विउको उपचार, उम्रने क्षमता, विरुवाको बृदिदर, बाँच्ने दर र नर्सरीमा हुने रोग किरा सम्बन्धी अनुसन्धानमुलक कार्य संचालनका लागि अनुसन्धान विधि (Research Protocol ) स्वीकृत भई यस वर्षको कार्य जस्ता कामहरु सम्पादन गरिरहेको छ ।

**तालिम तर्फ** नियमित संचालन भैरहेका मुख्य कार्यहरुमा GIS, Google Earth Engine तालिम, कानुनी कार्यविधि तालिम, CGAS, PLMBIS, PAMS, लगायत सफ्टवेयरहरु सम्वन्धी तालिम, जलवायु परिवर्तन तथा REDD+, वनस्रोत मापन तथा जि.पि.एस., वनस्रोत मापन तथा वन व्यवस्थापन, गैरकाष्ठ वन पैदावार व्यवस्थापन, सेवा प्रवेश तथा सेवाकालीन तालीमहरु, हार्भेस्टि एण्ड लगिङ्ग सम्वन्धी तालीमहरु प्रदान गरिरहेको छ ।

कार्य जिम्मेवारी भएका तर गर्न नसकिएका मुख्य कार्यहरुमा Research plots, seeds orchard हरुको विकास, विस्तार र व्यवस्थापन गर्ने, फरेष्ट म्यापिङ्ग, प्रदेश भित्रको राष्ट्रिय वनको सूचीकरण गरी सार्वजनीकरण गर्ने तथा अनुसन्धानबाट प्राप्त नतिजाहरुको व्यापक प्रचार प्रसार गर्ने कार्यहरु गरिरहेको छ ।

**कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतिहरु**

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र (संघीय) बाट Research Plot हरुको विवरण तथा तथ्यांकहरु उपलब्ध नभएको ।
- विभाग तथा वन विउ प्रयोगशाला तथा भण्डारण केन्द्रबाट Seeds Orchard हरुको विवरण तथा तथ्यांकहरु उपलब्ध हुन नसकेको ।
- प्रदेश स्तरमा Research Plot तथा Seed Orchard हरु स्थापना गर्न नसकिएको
- जिल्ला स्तरमा आवश्यक अनुसन्धान कार्यको पहिचान गर्न नसकिएको ।
- सिमित जनशक्ती तथा न्यून बजेटका कारण विशिष्ट प्रकृतिको अनुसन्धान गर्न नसकिएको।
- प्रचार प्रसार कार्य मुख्य प्राथमिकतामा नपरेको ।
- तालिम तथा अनुसन्धान सम्बन्धी स्पष्ट कार्यविधि नभएको ।
- अनुसन्धान बाहेकका सूचना तथा जानकारीमूलक प्रचार सामग्री तयारी तथा वितरणको लागी स्पष्ट कार्य जिम्मेवारी नतोकिएको
- प्रकाशित प्रसार सामग्रीलाई एकिकृत गरी प्रभावकारी व्यवस्थापन गर्न नसकिएको ।
- वन विज्ञान अध्ययन संस्थान तथा अन्य सेवा प्रदायक (विज्ञ) हरुबाट मन्त्रालयसंग सम्झौता गरी गरिएका अनुसन्धानका प्रतिबेदनहरुलाई संग्रहित गर्न नसकिएको।

**अवको कार्यदिशा**

- Research plots, seeds orchard हरु प्रदेश मातहत ल्याउन आवश्यक पहल गर्ने ।
- Research plots, seeds orchard हरु प्रदेश स्तरमै स्थापना गर्ने
- प्रदेश भित्रका सबै किसिमको वनहरुको सर्वे तथा म्यापिङ्गको लागि बजेट तथा कार्यक्रमको व्यवस्था मिलाउने।
- अनुसन्धानबाट प्राप्त नतिजाहरुलाई व्यापक प्रचार प्रसार गर्ने र नतिजा बमोजिमका सिफारिसहरुलाई अनिवार्य कार्यान्वयनमा लैजाने व्यवस्था मिलाउने ।
- प्रचारप्रसार सामग्री उत्पादन तथा वितरणको लागि स्पष्ट कार्य जिम्मेवारी सहित एकद्वार प्रणाली अपनाउने ।

- वन तथा वातावरण क्षेत्रमा अध्ययन तथा अनुसन्धान गरेका र गरिरहेका बिज्ञहरुको Roster तयार गरी अध्ययन अन्सन्धानलाई समन्वयात्मक रुपमा अगाडी बढाउने।

## अबका दिनमा थप गर्नुपर्ने कार्य

सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापनका कार्यहरु तिब्र गतिमा सम्पादनको क्रममा रहेका छन । सो संग सम्बन्धित विविध पक्षमा अध्ययन अनुसन्धान तथा वृत्तचित्र सहितको दस्ताबेज तयार गर्ने कार्य गर्न ढिलाई भएको महशुस गरिएको छ । तसर्थ सम्वर्द्धन प्रणालीमा आधरित वन व्यवस्थापनको कार्यलाई जनस्तरसम्म पुर्याउनका लागी उक्त कार्यका सवल पक्षहरुको बृतचित्र तयार गरी ब्यापक प्रचाप्रसार तत्काल देखि नै प्रारम्भ गर्नुपर्ने देखिन्छ।

## निस्कर्ष

यस प्रदेशको आर्थिक समृद्धिको मेरुदण्डको रुपमा रहेको वन श्रोत व्यवस्थापन र माध्यमको रुपमा रहेको सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन अहिलेको आवश्यकता हो। सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यबाट प्राप्त नतिजालाई प्रचारप्रसारको माध्यमबाट जनस्तरसम्म पुर्याउनका लागी यस केन्द्रलाई सवल, सुदृढ बनाउनु पर्ने देखिन्छ।

स्पष्ट कार्य जिम्मेवारी तोकिएको कार्यविवरण, स्पष्ट कार्यक्रम कार्यान्वयन कार्यविधि, उपयुक्त बजेट कार्यक्रम तथा जनशक्तीको व्यवस्थापन हुन सके वन अनुसन्धान, सर्वेक्षण, विभिन्न किसिमका तालिम तथा प्रचार प्रसार सम्बन्धी कार्य वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट पूर्ण रुपमा सम्पादन हुन सक्दछ ।

# वन क्षेत्रबाट नजिक र टाढाका उपभोक्ता समावेश भएको (समाबेशी) सामुदायिक वन व्यवस्थापनः हाल सम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशा

*मरिच कुमार लामा*[1]

## भूमिका

सामुदायिक वन नेपालको विश्वमै उदाहरणीय रुपमा चिनिएको सफल व्यवस्थापन पद्दति हो । तर सामुदायिक वनमा नजिकका उपभोक्ताहरुको संलग्नतामा व्यवस्थापन तथा संरक्षण भएता पनि टाढाका उपभोक्ताहरु बञ्चितमा परेको अध्ययनले देखाउँछ । नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लाको अधिकांश सामुदायिक वन उपभोक्ता समूहमा नजिकका (स्थानीय) र टाढाका (अन्य स्थानमा बसोबास गर्ने) दुवै प्रकारका उपभोक्ताहरु समावेश रहेको पाईन्छ । यस्ता मिश्रित समूहहरू समावेशी वन व्यवस्थापनको दृष्टिकोणले सकारात्मक भए तापनि व्यवहारमा धेरै किसिमको समस्या तथा चुनौतीहरू देखा पर्दछन्।

**स्थानीय तह अनुसार वन क्षेत्रको अवस्था**

| सिनं | स्थानीय तह | कुल क्षेत्रफल (वर्ग किमी) | कुल वन क्षेत्र (वर्ग किमी) | वन क्षेत्र प्रतिशत |
|---|---|---|---|---|
| १ | वर्दघाट | १७८.१८ | ९७.२२ | ५४.५६ |
| २ | पाल्हिनन्दन | ४४.५९ | ०.०९ | ०.२ |
| ३ | प्रतापपूर | ७१.०१ | ०.०७ | ०.१ |
| ४ | सुस्ता | ९१.०७ | १०.५ | ११.५३ |
| ५ | सुनवल | १७३.२ | १०२.७७ | ५९.३४ |
| ६ | सरावल | ७३.०७ | ७.४६ | १०.२१ |
| ७ | रामग्राम | ९३.०७ | ०.४८ | ०.५१ |
| | | ७२४.८३ | २१८.५९ | |

---

[1] वरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)

## समावेशी सामुदायिक वन उपभोक्ता समुहहरू

| सा.व.उ.स. नाम | उपभोक्ताको ठेगाना |
|---|---|
| कोटहीदेवी सा.व.उ.स. | सुनवल न.पा.११,रामग्राम न.पा. १२ |
| विशासय सा.व.उ.स. | सुनवल न.पा.१,६,पाल्हिनन्दन गा.पा. ३ |
| वनशक्ति सा.व.उ.स. | बर्दघाट न.पा.१०,११,सारावल गा.पा.३,४,पाल्हिनन्दन गा.पा. १ |
| पारिजात सा.व.उ.स. | बर्दघाट न.पा. ४,६,१२,१३,सरावल गा.पा. ६,७ |
| चिसापानी सा.व.उ.स. | बर्दघाट न.पा. २,३,१२,१३,सरावल गा.पा. ५,६,पाल्हिनन्दन १ (शंकरपुर) |
| मुलपानी सा.व.उ.स. | सुनवल १,३,४ रामग्राम न.पा. ४ पाल्हीनन्दन गा.पा. १ |
| ज्यामिरे सा.व.उ.स. | सुनवल न.पा. ७ देवदह न.पा. रुपन्देही ५ |
| आदर्श सा.व.उ.स. | सुनवल १,२,४,९ र रामग्राम १ र ४ |
| वनदेवी सा.व.उ.स. | सुनवल १ र ३ रामग्राम ९ |
| जनउदय सा.व.उ.स. | सुनवल २,३,,६ र पाल्हीनन्दन २ |
| भगवती सा.व.उ.स. | सुनवल ५ र ९, रामग्राम २ |
| बडेरा सा.व.उ.स. | सुनवल १३, रामग्राम १ र ७, पाल्हीनन्दन ३ |
| डम्मरभार सा.व.उ.स. | सुनवल ११,१२, रामग्राम १३ |
| श्रृष्टी सा.व.उ.स. | बर्दघाट न.पा.०९, सरावल १ रामग्राम १७ |
| संसारकोट हरियाली सा.व.उ.स. | बर्दघाट न.पा.८,९,१० र सरावल गा.पा.३,४ र पाल्हीनन्दन १ |
| वसन्त हरियाली सा.व.उ.स. | सरावल १,२,३ र रामग्राम १७ |
| वावागोरिया सा.व.उ.स. | सुनवल ११,१२ र रामग्राम १३ |
| सयपत्री सा.व.उ.स. | बर्दघाट न.पा.१,५,७,१२,१४ र सरावल गा.पा.७ |
| वनशक्ती सा.व.उ.स. | बर्दघाट न.पा. १०,११ र सरावल ३,४ र पाल्हीनन्दन १ |
| दाउन्नेदेवी सा.व.उ.स. | बर्दघाट १३,१४,१६ र प्रतापपुर ३ |
| हरियाली सा.व.उ.स. | सरावल १,२,३ र रामग्राम १७ |
| सितापोखरी सा.व.उ.स. | बर्दघाट न.पा.१३,१४,१५,१६ र प्रतापपुर ५,७ |

## १. हाल सम्मको सिकाइ (अनुभवहरू)

- नजिकका उपभोक्ताको वन व्यवस्थापनका कामहरूमा (जस्तै गोडमेल, वृक्षारोपण, गस्ती, सम्बर्द्धन क्रियाकलाप आदि) बढी सक्रिय हुन्छन्।
- टाढाका उपभोक्ताहरूको सहभागिता कम देखिन्छ,विशेष गरी बैठक तथा वन संरक्षण तथा सम्बर्द्धन कार्यमा।
- सशक्त नेतृत्व भएको सा.व.उ.स.मा टाढाका उपभोक्ताको पनि सक्रिय सहभागिता बढाउन सकिएको छ।
- समाजिक परिचालन र विश्वास निर्माण (Rapport Building) प्रभावकारी भएमा टाढाका उपभोक्ताको सहभागिता विस्तार गर्न सकिन्छ भन्ने सिकाइ भएको छ।
- नाफा/लाभ बाँडफाँटका विषयमा नजिकका उपभोक्ताहरू बढी जानकार र सन्तुष्ट देखिन्छन्।
- टाढाका उपभोक्ताहरु सामुदायिक वन उपभोक्ता समुहमा आबद्ध हुनाले काठ दाउराको माग सरल र सुलभ रुपमा पुर्ति गर्न सकेको।
- टाढाका उपभोक्ताहरुमा वनप्रति अपनत्वको भावना श्रृजना भई चोरि निकासी कम भएको ।

## २. समस्याहरु (Problems)

- टाढाका उपभोक्ताहरूको बैठक र निर्णय प्रक्रियामा न्यून सहभागिता रहनु।
- सा.व. कार्ययोजनाको निर्माणमा टाढाका उपभोक्ताको सहभागिता कम रहेको।
- सूचना आदानप्रदान र समन्वय कमजोर हुनु।
- टाढाका उपभोक्ताहरुलाई समान सेवा प्रदान भएता पनि वन संरक्षण तथा सम्बर्द्धन कार्यमा कम उपस्थिति देखिएको।
- टाढाका उपभोक्तामा लाभ वितरणमा असमानता भएको महसुस हुनु।
- टाढाका उपभोक्ताहरूमा कर्तव्य र अधिकार सम्बन्धी जानकारीको अभाव।
- उपभोक्ता सदस्य संख्या धेरै तथा टाढाका हुने भएकाले साधारण सभामा बहुमत पुर्याउन समस्या हुने।
- टाढाका उपभोक्ताहरूको बैठक र निर्णय प्रक्रियामा न्यून सहभागिता रहनु।
- सा.व. कार्ययोजनाको निर्माणमा टाढाका उपभोक्ताको सहभागिता कम रहेको।
- सूचना आदानप्रदान र समन्वय कमजोर हुनु।
- टाढाका उपभोक्ताहरुलाई समान सेवा प्रदान भएता पनि वन संरक्षण तथा सम्बर्द्धन कार्यमा कम उपस्थिति देखिएको।
- टाढाका उपभोक्तामा लाभ वितरणमा असमानता भएको महसुस हुनु।

- टाढाका उपभोक्ताहरूमा कर्तव्य र अधिकार सम्बन्धी जानकारीको अभाव।
- उपभोक्ता सदस्य संख्या धेरै तथा टाढाका हुने भएकाले साधारण सभामा बहुमत पुर्याउन समस्या हुने।

## ३. चुनौतीहरू (Challenges)

- टाढाका उपभोक्ताहरु प्रमुख पदमा हुँदा तत्काल गर्नुपर्ने निर्णय कहिलेकाहि ढिलासुस्ती हुने।
- भौगोलिक दूरीका कारण भौतिक उपस्थितिमा कठिनाइ।
- सांस्कृतिक भिन्नता र विश्वासको कमी।
- नजिकका उपभोक्ता तथा टाढाका उपभोक्ताहरु बिच गुट निर्माण हुने जोखिम।
- सामुहिक हित भन्दा निश्चित मानिसको हितका लागि पैरवि हुने जोखिम।
- टाढा बसोबास गर्ने समूहहरूको गतिविधि अनुगमन गर्न कठिन।
- कानुनी स्पष्टता तथा आधार नहुनु।

## ४. समाधान तथा आगामी कार्यदिशा (Way Forward)

- समावेशी सहभागिता सुनिश्चित गर्ने कार्यविधि विकास, विधानमा समावेश र कार्यान्वयन।
- टाढा क्षेत्रका लागि स्थानीय प्रतिनिधि वा सम्पर्क व्यक्ति तोक्ने।
- नियमित अभिमुखीकरण, तालिम र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने।
- बैठक तथा साधारण सभा विभिन्न स्थानमा घुम्ती प्रणालीमा आयोजना गर्ने।
- लाभ वितरणलाई पारदर्शी बनाउने र सबैलाई जानकारी दिने।
- सा.व.उ.स.को संस्थागत क्षमताको सुदृढीकरणमा वन कार्यालय तथा साझेदार संस्थाबाट सहयोग प्रदान गर्ने।
- वन पैदावार आपूर्ति समितीले उपयुक्त स्थानहरुमा दाउराको डिपो राखी बिक्री वितरण गर्ने।

# Status of Seedling Production and Nursery Practice

*Division Forest Office*
*Kapilvastu, Gautambuddha*

## NURSERY

A plant nursery is a specialized facility or area that provides optimal conditions (such as soil, water, sunlight, shade, and nutrients) to help plants grow from seeds or cuttings into mature, healthy plants. Timber fuel-wood and fodder-plants, ornamental plants, fruit-bearing plants, MAPs and NTFPs seedlings are being produced and distributed from the nursery.

### Purpose of a Forest Plant Nursery

- Propagation of plants (by seeds, cuttings, grafting, etc.)
- Conservation of rare or endangered species
- Supply of healthy plants for landscaping, agriculture, gardening, or reforestation
- Education and research related to botany, horticulture, or agriculture

### Historical Development


| Period | Key Features |
|---|---|
| Pre-1950s | Traditional, informal planting by communities |
| 1950s–1970s | Government-led nurseries with exotic species |
| 1970s–1990s | Community forestry boom, local nurseries developed |
| 1990s–2000s | NGO support, diversification, private nurseries |
| 2000s–Present | High-tech, multi-year nurseries, improved techniques |

### Basic Site Requirements for Nursery


| Requirement | Details |
|---|---|
| Water Source | Reliable, year-round supply |
| Accessibility | Road access for transport |
| Topography | Flat or gently sloped, well-drained |
| Soil | Fertile, loamy, good drainage, neutral pH |
| Sunlight | 6–8 hours of direct sun per day |
| Protection | Shelter from wind, erosion, and extreme weather |
| Proximity | Close to plantation areas to reduce transport stress |
| Land Security | Clear ownership or lease, no legal disputes |

| | |
|---|---|
| Labor | Nearby communities for labor availability |
| Infrastructure | Space for shade houses, storage, fencing |

**Nursery distribution and Seedling Production**




**Temporary Nursery: 22 ;   Permanent Nursery: 50**




In total single year: 13,73,000 and multi-Year: 14,71,700 seedlings of timber species: Sissoo, Khayar, Teak, Jamun, Masala, Pines; fodder species: Tanki, Koiralo, Badahar, Khanyu, Bakaino and NTFPs: Shreekhanda, Mahuwa, Tejpat, Timur, Bel, Padamchal, Amala, Chiuri have produced.

**Multi-Year Seedling v/s Single Year Seedling**

| Factor | Single-Year Seedlings | Multi-Year Seedlings |
|---|---|---|
| Survival Rate | Low to moderate | High |
| Cost per Seedling | Lower | Higher (~2x) |
| Ecological Impact | Slower canopy and benefits | Faster forest growth, better impact |
| Replanting Needs | Frequent | Rare |
| Management Complexity | Simpler | Complex, requires expertise |
| Transportation & Planting | Easier | More effort required |
| Long-Term Value | Lower | Higher |

**Issues in Nursery Management**

- Permanent V/S Temporary Nursery: nursery facility
- Nursery Naike/Nursery Technician
- Single high-tech nursery vs. multiple small nursery
- Seed Sources, Seed orchard/Seed stand
- Research on nursery practice
- Indigenous V/S Exotic Species
- Cost of seedling production
- Seedling Database system

**Lessons learned**

- Seedling Production plan is required
- Species Selection: Prioritize native species vs. species in demand (Teak)
- Seed Collection and Handling: Local seed, Trained collectors, Identified seed or clone sources, Improve storage
- Soil and Substrate: Locally available organic material, Introduce mycorrhizal fungi inoculation
- Water Management: Drip irrigation system
- Infrastructure: Shade nets, Greenhouses, High-tech facilities required for sensitive species
- Training and Capacity Building: Professional Nursery Technician
- Pest and Disease Management: IPM practices
- Record Keeping: Seed sources, germination rates, growth rates, and survival in nursery and planting.
- Community Involvement: Engage local communities
- Innovative Techniques: Biodegradable pots (banana leaves)
- Revisit Norms for seedling production (single year Rs. 10)
- Private sector involvement and subsidies
- Specialized seedling transportation vehicles

# समृद्धिका लागि वन परियोजना कार्यान्वयनमा वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजनाको महत्व र यसको तयारी प्रक्रिया

*लिलाराज पौड्याल* [1]

## १. पृष्ठभूमिः

समृद्धिका लागि वन परियोजना नेपाल सरकार र विश्व बैंकको संयुक्त सहयोगमा संचालित वन क्षेत्रको एउटा परिवर्तनकारी परियोजना हो। यो परियोजना नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र विश्व बैंक बिच सन् २०२१ मार्च १९ मा सम्झौता भई सन् २०२१ जुलाई १६ तदनुसार वि.सं. २०७८ श्रावण १ गते देखि नेपालका दुईवटा प्रदेशहरु लुम्बिनी र मधेश प्रदेशका २० वटा जिल्लामा प्रदेश सरकारको नेतृत्वमा कार्यान्वयनमा छ । यसैगरी लुम्बिनी प्रदेश र मधेश प्रदेशका २५/२५ स्थानीय तहहरु गरि ५० स्थानीय तहबाट पनि परियोजनाका क्रियाकलापहरु कार्यान्वयन भै रहेका छन् । पालिकाहरुले समुदायमा आधारित वन समूहहरुको क्षमता अभिबृद्धि गर्नुका साथै सार्वजनिक जग्गा एवम् साना किसानका लागि योगदानमा आधारित वृक्षरोपण कार्यक्रमलाई कार्यान्वयन गरि रहेका छन् ।

वनको दिगो व्यवस्थापनको माध्यमबाट समग्र वन क्षेत्रको उत्पादकत्वको साथै वन बाट प्राप्त हुने फाईदा बृद्धि गर्ने, हरित गृह ग्यास उत्सर्जन न्यूनीकरणमा योगदान पुर्याउने र वन पैदावारमा आधारित साना तथा मझौला उद्यमहरुको स्थापना र स्तर उन्नतीका लागि उद्यमीहरुलाई वित्तिय संस्था (कृषि विकास बैंक) मार्फत कर्जा उपलब्ध गराउने र रोजगारी सृजना गर्ने जस्ता प्रमुख लक्ष्यका साथ संचालनमा रहेको यो परियोजनालाई संघीय सरकारको तर्फबाट रेड कार्यान्वयन केन्द्रले संयोजनको भूमीका निर्वाह गर्दै आईरहेको छ।

## २. औचित्य/सान्दर्भिकताः

विश्व बैंकले आफ्नो सहयोगमा संचालन गरिने क्रियाकलापहरु कार्यान्वयन गर्दा वातावरणीय हिसावले दिगो र सामाजिक हिसावले समावेसी हुनुको साथै विश्व बैंकद्वारा तयार गरिएका १० वटा वातावरणीय एवम् सामाजिक सुरक्षा सम्बन्धी मापदण्डहरुको परिपालना गर्नु उसको सहयोग लिने देश वा निकायहरुका लागि वाध्यकारी नियम जस्तै हो । उक्त मापदण्डहरु हाम्रो देशको राष्ट्रिय कानून र सर्व स्वीकार्य अभ्यासहरूमा आधारित रहेको हुनाले पनि वातावरणीय एवम् सामाजिक सुरक्षाको हेतु हाम्रा लागि ति मापदण्डहरु अत्यन्तै उपयोगी र व्यवहारीक छन्। वन क्षेत्रमा संचालन गरिने क्रियाकलापहरु कार्यान्वयन गर्ने स्थान तथा ती क्रियाकलापहरुले वातावरणीय तथा सामाजिक क्षेत्रमा पार्न सक्ने प्रभावहरुको पहिचान/आँकलन गर्ने कार्य परियोजनाको दस्तावेज तयारी तथा परियोजना डिजाईन गर्ने क्रममा सम्भव हुने कुरा भएन । परियोजनाको सहयोगमा कार्यान्वयन गरिने क्रियाकलापहरु विशेष गरि बार्षिक योजना तयारिको क्रममा पहिचान हुने र उक्त क्रियाकलापहरु कार्यान्वयन

[1] लैंगिक तथा सामाजिक सुरक्षा विज्ञ, समृद्धिका लागि वन परियोजना, बुटवल

गर्दा वातावरणीय एवम् सामाजिक क्षेत्रमा पार्न सक्ने असर वा प्रभाव कार्यान्वयन गरिने क्रियाकलाप स्वयम् र कार्यान्वयन गरिने ठाउँ वा स्थान विशेषको आधारमा फरक फरक हुन सक्ने हुनाले सोही अनुसार पहिचान वा आँकलन गर्नु पर्ने हुन्छ। यसरी पहिचान भएका नकारात्मक सामाजिक तथा वातावरणीय प्रभावहरुलाई न्यूनीकरण गर्न सकिने सम्भाव्य उपायहरु समेत उल्लेख गरि वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना तयार गरिन्छ।

**३. वातावरणीय एवम सामाजिक व्यवस्थापन योजना किन तयार गरीन्छ ?**

कुनै पनि विकास निर्माणसंग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयन गर्दा त्यसले वातावरणीय एवम् सामाजिक क्षेत्रमा पार्न सक्ने नकारात्मक प्रभावहरुलाई पहिचान तथा आँकलन गर्ने र उक्त प्रभावहरुलाई घटाउन तथा न्यूनीकरण गर्नको लागि वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने एउटा नविनतम अभ्यास हो । पछिल्ला दिनहरुमा यो अभ्यासलाई नेपालका सबै विकास साझेदार निकायहरुले प्राथमिकताका साथ अपनाउँदै आएको पाईन्छ । यसै सन्दर्भमा नेपाल सरकार र विश्व बैंकको संयुक्त सहयोगमा संचालित समृद्धिका लागि वन परियोजनाका क्रियाकलापहरु कार्यान्वयन गर्ने (Cost Centre) निकायहरुले वातावरणीय एवम् समाजिक व्यवस्थापन योजना तयार गर्नु पर्ने बिषयमा परियोजनाको दस्तावेजमा नै प्रष्ट रुपमा उल्लेख गरिएको हुनाले उक्त निकायहरु (Cost Centre Institutions) का लागि वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना तयार गर्न मद्धत पुग्ने अपेक्षाका साथ यो लेख तयार गरिएको हो।

**४. वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना तयार गर्ने प्रक्रिया तथा चरणहरुः**

समृद्धिका लागि वन परियोजनाका सहयोगमा संचालन गरिने क्रियाकलापहरु कार्यान्वयनमा जानु भन्दा पहिले वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना (ESMP) तयार गर्नुको मुख्य उद्देश्य उक्त क्रियाकलापहरुले सामाजिक एवम् वातावरणीय क्षेत्रमा पार्न सक्ने प्रभावको पहिचान तथा आकलन गरि सो प्रभावलाई न्यूनीकरणको लागि समेत क्रियाकलापहरु प्रस्ताव गर्नु र त्यसको कार्यान्वयनको सुनिश्चितता गर्नु हो । वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना तयार गर्दा निम्न लिखित चरणहरु पुरा गरेको हुनु पर्दछ । उक्त चरणहरु यस प्रकार तल उल्लेख गरिएको छ।

*तालिका १ : सामाजिक एवम् वातावरणीय प्रभाव अनुसार क्रियाकलापहरुको बर्गीकरण*

| क्रियाकलापहरुको बर्गीकरण | वातावरणीय एवम् सामाजिक प्रभाव अध्ययन आवश्यक पर्ने | ESMP तयार गर्न आवश्क छ | कैफियत |
|---|---|---|---|
| पहिलो श्रेणी (Category I) मा पर्ने क्रियाकलापहरुः | परियोजनाले सहयोग नगर्ने | परियोजनाले सहयोग नगर्ने | परियोजनाले सहयोग नगर्ने |
| दोस्रो श्रेणी (Category II) मा पर्ने क्रियाकलापहरुः | प्रारम्भिक वातावरणीय अध्ययन तथा वातावरणीय तथा सामाजिक प्रभाव अध्ययन गर्नु पर्ने | संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय तथा | आवश्यक्ता अनुसार जैविक विविधता योजना/आदिवासी समुदायको योजना तयार गर्न सकिने। |

| क्रियाकलापहरुको बर्गीकरण | वातावरणीय एवम् सामाजिक प्रभाव अध्ययन आवश्यक पर्ने | ESMP तयार गर्न आवश्क छ | कैफियत |
|---|---|---|---|
| | | सामाजिक प्रभाव अध्यन गर्नु पर्ने | |
| तेस्रो श्रेणी / III Category मा पर्ने क्रियाकलापहरुः | अध्ययन गर्न नपर्ने | ESMP तयार गर्नुपर्ने | स्थान अनुकुल विशिष्ट योजना तयार गर्न पनि सकिने। |
| चौथो श्रेणी Category IV मा पर्ने क्रियाकलापहरुः | अध्ययन गर्न नपर्ने | संक्षिप्त ESMP तयार गरे पुग्ने । | आवश्यक्ता अनुसार कुनै मार्गदर्शन तयार गर्न सकिने। |

**क. क्रियाकलापहरु लाई Screening गर्नेः**

क्रियाकलापहरु कार्यान्वयन गर्दा कुन हदसम्म वा कुन गहिराई सम्म वातावरण र सामाजिक क्षेत्रमा प्रभाव पार्दछ भन्ने कुरा थाहापाउन Screening गरिन्छ। कार्यान्वयन गरिने क्रियाकलापले वातावरणीय एवम् सामाजिक क्षेत्रमा कुन गहिराईसम्म प्रभाव पार्न सक्छ भन्ने कुरा पत्ता लगाउनको लागि Screening गरिन्छ। वार्षिक स्वीकृत कृयाकलापहरु कार्यान्वयन गर्दा उक्त कृयाकलापले वातावरणीय तथा सामाजिक क्षेत्रमा पार्न सक्ने सकारात्मक र नकारात्मक प्रभाव थाहा पाउन प्रारम्भिक चरणमा गरिने विश्लेषण नै Screening हो । Screening का लागि निम्नानुसारको प्रक्रिया अपनाउनु पर्दछः

**१. पहिलो श्रेणी अथवा Category -I मा पर्ने क्रियाकलापहरुः**

पहिलो चरणमा समृद्धिका लागि वन परियोजनाको दस्तावेजमा परियोजनाको सहयोगमा कार्यान्वयन गर्न नसकिने भनि किटान गरेका क्रियाकलापहरु र भौगोलिक क्षेत्रको पहिचान गर्नु पर्दछ । जुन क्रियाकलापहरु कार्यान्वयन गर्न परियोजनाको सहयोग हुदैन । त्यस किसिमका क्रियाकलापहरु लाई Category- I अथवा पहिलो श्रेणीमा बर्गीकरण गरिएको छ । ति क्रियाकलापहरु यस प्रकार छन् ।

- अन्तराष्ट्रिय सन्धी सम्झौतामा पक्षराष्ट्रको हिसावले नेपालले हस्ताक्षर गरेका बिषयमा दखलपुग्ने वा उल्लङ्घन हुन जाने क्रियाकलापहरु
- राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र भित्र तथा त्यसको बाहिरी क्षेत्र (Buffer Zone) मा कार्यान्वयन गर्न प्रस्ताव गरिएका क्रियाकलापहरु
- प्राकृतिक वासस्थानलाई हानि पुग्ने क्रियाकलापहरु
- वन ऐन तथा नियमावली अनुसार धार्मिक वन भित्र वा वरिपरी संचालन गरिने क्रियाकलापहरु
- प्राकृतिक वन भित्र वाहिरिया वा विदेशी प्रजातिका विरुवाहरुको वृक्षरोपण गर्न
- मिचाहा प्रजाति भित्र्याउन तथा त्यस किसिमका विरुवाहरु उत्पादन गरि वृक्षारोपण गर्न

**२. दोस्रो श्रेणी अथवा Category- II मा पर्ने क्रियाकलापहरुः**

दोस्रो चरणमा समृद्धिका लागि वन परियोजनाको दस्तावेजमा Category- II अथवा दोस्रो श्रेणीमा बर्गीकरण गरिएका क्रियाकलापहरुको पहिचान गर्ने पर्दछ। यो श्रेणीमा त्यस किसिमका क्रियाकलापहरु पर्दछन्, जुन क्रियाकलापहरुको कार्यान्वयनले वातावरणीय र सामाजिक क्षेत्र एवम् यसको वरिपरीको स्थानमा नकारात्मक प्रभाव पार्दछ र जोखिम निम्त्याउँछ । त्यस किसिमका क्रियाकलापहरु जस्लाई कार्यान्वयन गर्नु भन्दा पहिला नियमानुसार संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव अध्ययन गर्न आवश्यक छ भनी वातावरण संरक्षण ऐन वा नियमावलीमा उल्लेख गरिएका क्रियाकलापहरु यस श्रेणीमा पर्दछन्।

**३. तेस्रो श्रेणी अथवा Category- III मा पर्ने क्रियाकलापहरुः**

यस श्रेणीमा त्यस किसिमका क्रियाकलापहरु पर्दछन जुन क्रियाकलापहरु कार्यान्वयन गर्दा वातावरण र सामाजिक क्षेत्रमा मध्यम खालको असर पर्दछ र जोखिम पनि मध्यम खालको नै हुन्छ। यसको असर निश्चित स्थानमा मत्र पर्दछ। यसका लागि वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना (ESMP) तयार गर्नु पर्दछ र त्यस्तो असर वा प्रभावलाई न्यूनीकरण गर्न पहिचान गरि ESMP मा प्रस्ताव गरिएका उपायहरु सजिलै कार्यन्वयन गरि जोखिम तथा असरलाई न्यूनीकरण गर्न सकिन्छ।

**४. चौथो श्रेणी अथवा Category- IV मा पर्ने क्रियाकलापहरुः**

त्यस किसिमका क्रियाकलापहरु जुन क्रियाकलापहरुलाई कार्यान्वयन गर्दा वातावरणीय र सामाजिक क्षेत्रमा सामान्य खालको असर मात्र पर्दछ तर कुनै जटिल खालको नकारात्मक असर पर्दैन भने त्यस किसिमका क्रियाकलापहरु यस यस श्रेणीमा पर्दछन्।

परियोजनाका क्रियाकलापहरुको Screening गर्नको लागि खाका यस प्रकार तल दिईएको छ।

| **क्रियाकलापहरु** | **क्रियाकलापहरुको Screening** | | | |
|---|---|---|---|---|
| | पहिलो श्रेणीमा पर्ने क्रियाकलापहरु Category I | दोस्रो श्रेणीमा पर्ने क्रियाकलापहरु Category II | तेस्रो श्रेणीमा पर्ने क्रियाकलापहरु Category III | चौथो श्रेणीमा पर्ने क्रियाकलापहरु Category IV |
| | | | | |

**ख. क्रियाकलापहरुको प्रारम्भिक विश्लेषण गर्ने (Initial assessment):**

प्रस्तावित क्रियाकलाप कार्यान्वयन गर्दा त्यस्ले पार्न सक्ने सम्भाव्य वातावरणीय एवम् सामाजिक प्रभावहरुको प्रारम्भिक विश्लेषण गर्ने र यसरि विश्लेषण गर्ने क्रममा पहिचान गरिएका जोखिम तथा प्रभावहरु हटाउन तथा न्यूनीकरण गर्नका लागि संभाव्य उपयहरुको साथै अनुगमनका सूचकहरु समेत उल्लेख गर्नु पर्दछ।

**ग. क्रियाकलापको वातावरणीय एवम् सामाजिक क्षेत्रमा पर्नसक्ने सम्भाव्य जोखिम एवम् प्रभावको विश्लेषण (Environmental and Social Assessment of Activities )**

कार्यान्वयन गरिने क्रियाकलपहरुले वातावरणीय र सामाजिक क्षेत्रमा पार्न सक्ने सम्भाव्य प्रभावहरु आँकलन पछि उक्त प्रभावको स्तर समेत पहिचान गर्न जरुरी हुन्छ। प्रस्तावित क्रियाकलापलाई कसरि कार्यान्वयन गरिन्छ ? कार्यान्वयन गरिने प्रक्रियाले पनि जोखिमको स्तर घट्ने वा बढ्ने हुन सक्दछ। वातावरणीय तथा सामाजिक विश्लेषणको क्रममा वातावरणीय एवम् सामाजिक प्रभावहरु त्यसको न्यूनीकरणका संभावित उपायहरुको अतिरिक्त अनुगमनका सूचकहरु पनि पहिचान गर्न जरुरीछ।

**घ. वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना (ESMP) तयार गर्नेः**

वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना तयार गर्दा कार्यान्वयन गरिने क्रियाकलापहरुले वातावरण र सामाजिक क्षेत्रमा पार्न सक्ने सम्भाव्य नकारात्मक असरहरुलाई कम गर्न तथा हटाउन कुन तौरतरिका विधी वा पद्धति अपनाउने हो ? प्रष्ट किटान हुनु जरुरी हुन्छ । वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजनाको खाका यस प्रकार तल उल्लेख गरिएको छ।

*वातावरणीय एवम् सामाजिक व्यवस्थापन योजना (ESMP) तयार गर्ने खाकाः*

| क्रियाकलाप | वातावरणीय प्रभाव | प्रभाव न्यूनीकरणगर्ने उपाय | सामाजिक प्रभाव | प्रभाव न्यूनीकरणगर्ने उपाय | अनुगमनको सूचक | कार्यान्वयन अवधी | रिपोर्टिङ गर्ने तरिका |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**ङ. निर्दिष्ट क्रियाकलापहरुको वातावरणीय एवम् सामाजिक प्रभाव न्यूनीकरण र अनुगमन योजना**

| क्रियाकलाप | वातावरणीय तथा सामाजिक प्रभाव | प्रभाव न्यूनीकरण गर्ने उपाय | अनुगमनका सूचकहरु | अनुगमन तथा रिपोटिङ गर्ने समय | अनुगमनको लागि जिम्मेवार कर्मचारी | तथ्यांक व्यवस्थापन |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**सन्दर्भ सामाग्री**

१. समृद्धिका लागि वन परियोजना प्रादेशिक परियोजना व्यवस्थापन इकाई वन निर्देशनालय लम्बिनी प्रदेश बुटवलको ब्रोस्चर।
२. समृद्धिका लागि वन परियोजनाको अपरेशनल म्यानुवल
३. समृद्धिका लागि वन परियोजनाको वातावरणीय एवम् सामाजिक व्यवस्थापन प्रारुप
४. समृद्धिका लागि वन परियोजनाको वेश लाईन सर्भे प्रतिवेदन।

# समृद्धिका लागि वन परियोजनाको हालसम्मको उपलब्धि तथा सिकाई

*नगेन्द्र प्रकाश रेग्मी* [1]

## पृष्ठभूमी

यो नेपाल सरकार तथा विश्व बैङ्कको संयुक्त लगानीबाट नेपालको लुम्बिनी प्रदेश र मधेश प्रदेशमा दिगो वन व्यवस्थापन मार्फत् साना तथा मझौला वन उद्यमहरुलाई प्रवर्द्धन र विकास गर्नका लागि विश्व बैङ्कको ऋण तथा अनुदानमा नेपाल सरकार तथा विश्व बैङ्कबीच सन् २०२१ मार्च १९ मा सम्झौता भई संचालनमा रहेको समृद्धि परियोजना हो । परियोजना २०७८ श्रावण १ गते (सन् २०२१ को जुलाई १६ तारिख) देखि सञ्चालनमा आएको हो । यस आयोजनाको अवधि आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३ सम्म (सन् २०२१ देखि २०२५) रहेकोछ । समृद्धिका लागि वन परियोजनाबाट दिगो वन व्यवस्थापनमा सुधार गर्ने, वनबाट प्राप्त हुने फाईदाहरु वृद्धि गर्ने र नेपालका मधेश र लुम्विनी प्रदेश स्थित छनौट गरिएका पालिकाहरू भित्र खुद हरित गृह ग्याँस उत्सर्जन न्यूनिकरणमा योगदान गर्ने रहेको छ ।

## परियोजनाका प्रमुख लक्ष्यहरु तथा अपेक्षित उपलब्धिहरु

यस परियोजनाका ४ वटा प्रमुख लक्ष्य तथा १७ वटा मध्यम अवधि परिणामका सुचकहरु रहेका छन् र प्रमुख लक्ष्यहरु निम्नानुसार रहेका छन् ।

प्रमूख लक्ष्यहरु

१) करीव ११०००० लक्षित वन र नजिकका समुदायहरुबाट मौद्रिक वा गैरमौद्रिक फाइदा प्राप्त हुने

२) १७.७६ मिलियन मेट्रीक टन हरित गृह ग्याँस (कार्वन डाईअक्साईड) उत्सर्जन न्यूनिकरण हुने

३) परियोजना कार्यान्वयनबाट लाभान्वित समूह ८० प्रतिशत भन्दा बढी सन्तुष्ट हुनेछन् ।

४) करीव १५००० हेक्टर भन्दा बढी भूभाग मध्ये पहाड, चुरे र तराई स्थित करीव १०००० घरधुरीलाई हस्तान्तरण गर्ने

यो परियोजनाका क्रियाकलापहरू मार्फत् छोटो र मध्यम अवधिका प्रतिफलहरूले वनको समग्र उत्पादकत्व बृद्धि गर्ने अपेक्षा गरिएको छ । यस परियोजनालाई दिगो वन व्यवस्थापन (Sustainable Forest Management-SFM) को सम्भाव्यताका लागि उपयुक्त भएको कारण वनमा आधारित साना तथा मझौला उद्यमहरुका लागि सुहाउँदो भएको र तराई भू-परिधि क्षेत्र भित्र उत्सर्जन न्यूनिकरण कार्यक्रमको लागि तिनको महत्व भएकोले मधेश प्रदेश र लुम्विनी प्रदेशमा कार्यान्वयन भईरहेको छ ।

[1] अनुगमन मूल्यांकन विज्ञ, समृद्धिका लागि वन परियोजना, प्रादेशिक परियोजना व्यवस्थापन इकाई, बुटवल

**कार्यान्वयन संरचना**

परियोजनाको कार्यान्वयनको लागि संघ तथा केन्द्रमा वन तथा वातावरण मन्त्रालयले नेतृत्व लिएको छ । वन तथा वातावरण मन्त्रालयको सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालय, सम्बन्धित विभागहरु, कृषि विकास बैङ्क, वन उद्यमीहरुको संस्था, समुदायमा आधारित सहयोगी सञ्जालहरु (वनसमूह, निजीवन, आदिवासी जनजाती, महिला आदि) सहितको बहुसरोकारवाला "परियोजना निर्देशक समिति" र प्रदेशमा वन क्षेत्र हेर्ने मन्त्रालयका सचिवको अध्यक्षतामा बहुसरोकारवाला "प्रदेशस्तरीय परियोजना निर्देशक समिति" रहेको छ ।

**परियोजना व्यवस्थापन एकाईहरू**

कार्यक्रम व्यवस्थापनका लागि केन्द्रमा राष्ट्रिय परियोजना निर्देशकको नेतृत्वमा परियोजना व्यवस्थापन एकाई (Federal Project Management Unit ) रेड कार्यान्वयन केन्द्रका प्रमुख संयोजक रहने गरि व्यवस्था गरेको छ भने प्रदेश तहमा प्रदेश परियोजना व्यवस्थापन एकाई प्रदेश वन निर्देशकको संयोजकत्वमा र स्थानीय तहहरुको वन तथा वातावरण शाखा वा विपद व्यवस्थापन शाखामा रहने गरि तोकिएको छ ।

**कार्यान्वयन क्षेत्र**

यो परियोजनाको कार्यक्षेत्र विशेषगरी दिगो वन व्यवस्थापन र उद्यम विकास तथा प्रवर्द्धनका कार्यहरु प्रदेश भर १४ डिभिजन वन कार्यालय मार्फत् कार्यान्वयन हुनेछन् भने २५ वटा स्थानिय तह मार्फत् गरिने निजि वन विकास र सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापनका क्रियाकलापहरु रहेका छन् । त्यसैगरी समुदायमा आधारित वन व्यवस्थापन समूहहरू, निजी कृषकहरू तथा वन पैदावरमा आधारित वन उद्यमीहरू लगायतका गरिव/विपन्न, महिला तथा पछाडी पारीएका समूहहरू यस परियोजनाका लाभान्वित वर्गहरू हुन् ।

**कार्यान्वयन प्रक्रिया**

समृद्धिका लागि वन परियोजना कार्यान्वयनको लागि सवै क्रियाकलापहरुलाई उनीहरुको विशेषता बमोजिमका विधिहरु समेटेर परियोजना सञ्चालन निर्देशिका २०७९ तयार पारिएकोले सोही दस्तावेजलाई आधार मानेर कार्यान्वयन भैरहेको छ र यो निर्देशिका अनुसारका बार्षिक कार्यक्रम अनुसार कार्यविधि तयार गराएर कार्यक्रमहरु कार्यान्वयन भएको छ । परियोजनाका सवै क्रियाकलापहरूको कार्यान्वयन हुने क्रममा वातवरणीय तथा सामाजिक प्रतिवद्धता सम्बन्धि योजना र वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका, सरोकारवालाहरू सहभागिता योजना, वृक्षारोपण अनुदान निर्देशिका २०७९, समुदायमा आधारीत वन व्यवस्थापन अनुदान निर्देशिका लगायतका परियोजनाका निर्देशित सिद्धान्तहरुको पालना गरि कार्यान्वयन गरींदै आएको छ ।

**परियोजनाको उद्देश्य प्राप्त गर्न उपयोग गरीएका क्रियाकलापहरु**

यस २०८०/२०८१ को अवधिमा परियोजनाका सवै चारवटा संभाग अन्तर्गत विभिन्न क्रियाकलापहरु कार्यान्वयन गर्ने गरिएको र सोही अनुसारका नतिजाहरू प्राप्त गरिएको छ । परियोजना व्यवस्थापन इकाई, प्रदेश परियोजना व्यवस्थापन इकाई र छनौट भएका विभिन्न २५ वटा स्थानीय तहमा रहेका वन तथा वातावरण व्यवस्थापन

इकाईले परियोजना समन्वय तथा कार्यान्वयनको काम गरिरहेका छन् । यसै गरि कृषि विकास बैंकले ऋण परिचालन गर्ने इकाई अर्थात वित्तिय मध्यस्थकर्ताको रुपमा कार्य गरिरहेको छ ।

संभाग १. दिगो वन व्यवस्थापनका लागि नयाँ सरकारी संरचना र प्रक्रियाहरूको लागि नीति र क्षमता विकास
संभाग २. समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा साना किसानका लागि वृक्षारोपण
  क. दिगो वन व्यवस्थापन
  ख. समुदायका विपन्न समुदायहरुलाई वनक्षेत्र विनियोजन तथा सहायता
  ग. साना किसानका लागि नीजि वृक्षारोपण
  घ. सार्वजनिक जग्गाहरुमा वृक्षारोपण तथा कृषि वन विकास
संभाग ३. वन उद्यमहरुको सुधार तथा विकास
  क. वनमा आधारित नीजिक्षेत्रका लागि अनुकूल वातावरण तयार गर्ने कार्यक्रमहरु
  ख. वनमा आधारित साना तथा मझौला उद्यमहरु स्थापना तथा सुधारका लागि ऋण प्रवाहको डिजाइन तथा परीक्षण
संभाग ४. परियोजनाको सुशासन, अनुगमन तथा सिकाई

**अनुगमन मूल्याङ्कन तथा तथ्यांक व्यवस्थापन**

यस परियोजनाका तथ्यांकहरु ४२ वटा खर्च केन्द्रबाट एकत्रित गर्नु पर्ने भएकोले चुनौतीपूर्ण रहेको छ । खर्च केन्द्रबाट तथ्यांक संकलनको लागि Geo Enabling Monitoring and Supervision (GEMS) को प्रयोग गरिएको छ । यो एन्ड्रोईड एपबाट अफलाईन तथ्यांक प्रविष्ट गर्न सकिन्छ र यसबाट तथ्यांक पठाईसकेपछि कोवो कलेक्ट (Kobo tool box) मा पुग्छ । पालिका तथा डिभिजन वन कार्यालयले यस्तो एप मार्फत् तथ्यांक प्रविष्ठ गर्ने गरेका छन् र यो कोबो टुलवक्सले निशुल्क रुपमा तथ्यांक संकलन गर्ने फारम विकास गर्न र स्टोर गर्ने सुविधा उपलव्ध गराएको छ । यसका अलावा विभिन्न गुगल टेवलहरु प्रयोग गरेर पनि छिटो छरितो तथ्यांक संकलनको काम गरेको छ । सन्तुष्टि मापनको सर्भेक्षण पनि गरिएको थियो । स्थलगत रुपमा लाभग्राहीहरुसँग अन्तर्क्रिया गर्ने तथा कामको प्रभावकारीता हेरी सिकाई संकलन गर्ने काम पनि भैरहेको छ । डिभिजन वन कार्यालय तथा पालिकाका कर्मचारीहरुलाई परियोजनाका सूचकहरु अनुसारका तथ्यांक संकलन तथा कार्यविधिहरुमा विस्तृतरुपमा जानाकारी गराउने गरिएको जसको फलस्वरुप उद्देश्य तथा सूचकहरुको साझा बुझाई विकास गर्न सफल भएको छ ।

**हालसम्म प्राप्त उपलव्धीहरू**

१. परियोजनाको लक्ष्य अनुरुप मधेश र लुम्बिनी प्रदेशमा लाभग्राहीहरुको संख्या ११,००,००० हुनु पर्नेमा हाल सम्मा लुम्बिनी प्रदेशमा ४,८१,३२९ सम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

२. थप ६ हजार ७१३ हेक्टर राष्ट्रिय वन क्षेत्रलाई समुदायमा आधारीत वन व्यवस्थापन पद्धतीमा ल्याईएको । यस प्रदेश तथा परियोजना क्षेत्रका १२ जिल्लाका १४ डिभिजन वन कार्यालय मार्फत् सामुदायिक वन एवम् कवुलियती वन उपभोक्ता समुह गठन तथा हस्तान्तरण गरेको हो ।

३. ४० हजार ४१३ हेक्टर वन दिगो वन व्यवस्थापनको अवधारणा अनुसार कार्ययोजना निर्माण गरि व्यवस्थापन गरिन लागिएको छ । सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्य योजना निर्माण गर्न परियोजनाले सहयोग गरेको थियो ।

४. ३७.०१ हेक्टर निजि वन तथा कृषि वनमा वृक्षारोपण गरीएको छ । आ.व. ०८१/८२ मा विभिन्न २५ पालिका अन्तर्गतका किसानहरुले आफ्ना निजि जग्गामा वन तथा कृषि वन विकासका कामहरु गरेका छन् । बृक्षारोपण गरीएका विरुवाहरुमा किसानहरुका रोजाईका विरुवाहरू नै रहेका छन् । जस्तैः टिमुर, जामुन, सिसौ, खयर, सिमल, आँप आदि ।

५. ४४.८ हेक्टर सार्वजनिक जग्गा व्यवस्थापन समूह मार्फत् वृक्षारोपण गरेको छ । यसको लागि परियोजनाले पालिकास्तरमा सार्वजनिक जग्गा व्यवस्थापन समूह निर्माण गरेर दर्ता पश्चात् वृक्षारोपणमा लगानी गरेको हो । हाल सम्म यस परियोजना क्षेत्रमा १४ वटा जग्गा व्यवस्थापन समूह गठन गरिसकेको छ । सार्वजनिक जग्गामा सिसौ, खयर, सिमल, वेल, वर, पिपल आदि प्रजातिहरू रोपण गरिएको छ ।

६. वन पैदावारमा आधारीत उद्यम स्थापना सञ्चालनमा निजी क्षेत्रको लगानी नेपाली रुपैयाँ १८ करोड ६६ लाख ९३ हजार ००८ लगानीको लागि वातावरण विकासमा सहयोग गरेको छ ।

७. नेपाली रुपैयाँ ६ करोड ३६ लाख ५० हजार वन पैदावारमा आधारीत उद्यम विकास तथा विस्तारको लागि कृषि विकास बैक मार्फत् ऋण लगानी गरेको छ । वन उद्यमहरूलाई माग बमोजिम परियोजनाको उद्देश्य पुरा हुने गरि सहुलियत व्याजदरमा ऋण प्रवाह गरेको छ । विश्व बैंकबाट प्राप्त सहुलियत दरको सबै ऋण रकम (करीव २३२ करोड) परिचालन गर्ने योजना रहेको छ । परियोजनाले उद्यमको आवस्यकता अनुसार वातवरणीय तथा सामाजिक मापदण्डहरुको पालाना गर्ने तथा आवस्यक वातावरणीय तथा सामाजिक व्यवस्थापना योजना निर्माण गर्न सहयोग तथा तथा नियमीत योजना कार्यान्वयनको अनुगमन गर्ने गरेको छ ।

८. ६ हजार ३२४ सरोकारवालाहरुको विभिन्न कार्ग्रमहरुमा सहभागिता रहेको थियो । दिगो वन व्यवस्थापन समिक्षा गोष्ठी तथा सचेतना तालिम, समृद्धिका लागि वन परियोजनाको वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्ड वारे सचेतना, वन पैदावारमा आधारीत उद्यमहरुलाई वित्तिय संस्थाहरुसँग सम्वन्ध विस्तारका वैठक तथा जनप्रतिनिधिहरुलाई सार्वजनिक, निजी तथा वन पैदावारमा आधारीत उद्यम स्थापना वारे सचेतना प्रदान गर्ने कार्यहरु गरेको थियो । यस्ता कार्यक्रमहरु स्थानिय स्तर तथा प्रदेश स्तरमा भएका थिए ।

## सिकाई तथा चुनौतीहरु

१. वृक्षारोपणको लागि समूहद्वारा तथा निजी जग्गाधनीले माग गरीएका गुणस्तरीय विरुवाको उपलव्धताको कमी हुने भएकोले विरुवाहरुको स्रोतको सुनिस्चित गरी वृक्षारोपण गर्ने चाहनाले लक्ष्य पुरा गर्न चुनौती पूर्ण हुने रहेछ । अर्कोतर्फ लामो सुख्खा यामको कारणले विरुवाको बाँच्ने दर कमी हुन सक्ने ।

२. कर्मचारीहरुको फेरवदल विशेष गरि पालिका तहमा हुने कारणले कार्यक्रम कार्यान्वयनमा असहजता तथा लक्ष्य प्राप्तिमा कठिनाई आएको ।

३. कार्यक्रमहरुको बारेमा सरोकारवालाहरूको साझा बुझाई र अपनत्व कमीको कारणले कार्यान्वयनमा केही कमी आएको देखिन्छ तर सरोकारवालाहरुको नियमित बैठक गरी लक्ष्य प्राप्त गर्नु पर्ने देखिन्छ ।

## निस्कर्ष

यस परियोजनाले लुम्विनी प्रदेशका छनौट गरिएका २५ पालिका, १४ डिभिजन वन कार्यालय र प्रदेश वन निर्देशनालय अन्तर्गत रहेको प्रदेश परियोजना व्यवस्थापन ईकाई मार्फत् क्रियाकलापहरुको कार्यन्वयन गरिरहेको छ । वन पैदावारमा आधारीत उद्योगहरुलाई सस्तो दरमा ऋण सहयोग, पालिका र डिभिजन वन कार्यालयहरुको नीति निर्माण कार्य तथा उनीहरुको वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्ड बारे क्षमता विकास गर्ने र विश्व बैंकको वातावरणीय तथा सामाजिक मापदण्डहरु पालना गर्न लगाउने कार्यहरु गरिरहेको छ । यस कार्यले समाजमा साना तथा मझौला उद्योग तथा विभिन्न क्रियाकलापहरु कार्यान्वयन गर्ने क्रममा हुने असर न्यूनिकरण गर्न सहज वन्दै गएको छ तर भविष्यमा यस कार्यको अनुगमन गर्ने कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ । दिगो वन व्यवस्थापनका विभिन्न आयामहरु सुधार गर्न निजि तथा सार्वजनिक खाली जमीनमा बृक्षारोपण गर्ने, वनको दिगो व्यवस्थापन अन्तर्गत वनको हैसियत तथा गुणस्तरमा बृद्धि गर्ने र राष्ट्रिय वन क्षेत्रलाई समुदायमा आधारीत वन व्यवस्थापन पद्दतीमा समावेश गर्ने कार्यहरु गरिएको छ । स्थानीयको माग अनुसारको गुणस्तरीय विरुवा र स्थानीय प्रजातिको विरुवा उत्पादन गरेमा परियोजनाले सकरात्मक परिवर्तन ल्याउने छ ।

# समृद्धिका लागि वन परियोजनामा वन उद्यम विकासको आयाम

*दिपक चन्द* [1]

## १. पृष्ठभूमी

समृद्धिका लागि वन परियोजना नेपाल सरकार, प्रदेश सरकार (लुम्बिनी र मधेश प्रदेश सरकार) र स्थानीय तह (५० स्थानीय तहहरु) द्धारा २०७८ साल श्रावण १ गते देखि उल्लेखित दुई प्रदेशका २० जिल्लाहरुमा विश्व बैङ्कको सहुलियत कर्जा तथा अनुदान सहयोगमा सञ्चालित परियोजना हो । यस परियोजनाको उद्धेश्यहरु दिगो वन व्यवस्थापनमा सुधार गर्ने, वनबाट प्राप्त हुने फाईदाहरु अभिवृद्धि गर्ने र उल्लेखित दुई प्रदेश भित्र खुद हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरणमा योगदान गर्ने हो । यस परियोजना अन्तरगत चारवटा संभागहरु (क) नयाँ सरकारी संरचना र दिगो वन व्यवस्थापन प्रक्रियाका लागि आवश्यक नीतिगत तथा क्षमता विकासका लागि सहयोग, (ख) समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा साना किसानका लागि वृक्षरोपण, (ग) वन उद्यमहरुको सुधार र विकास र (घ) परियोजनाको सुशासन, अनुगमन तथा सिकाई व्यवस्थापन छन् ।


परियोजनाको समग्र व्यवस्थापन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले गर्दछ । परियोजनाको व्यवस्थापन तीन वटा परियोजना व्यवस्थापन इकाईहरु क) संघीय परियोजना व्यवस्थापन इकाई, रेड कार्यान्वयन केन्द्र, काठमाडौं, ख) प्रादेशिक परियोजना व्यवस्थापन इकाई, वन निर्देशनालय, बुटवल, लुम्बिनी प्रदेश र ग) प्रादेशिक परियोजना व्यवस्थापन इकाई, वन निर्देशनालय, जनकपुरधाम, मधेश प्रदेश मार्फत गर्ने व्यवस्था गरिएको छ । यो परियोजना लुम्बिनी प्रदेशका १२ जिल्लाहरु र २५ स्थानीय तहहरुमा कार्यान्वयनमा रहेको छ । डिभिजन वन कार्यालयहरु मार्फत दिगो वन व्यवस्थापन सम्बन्धि कार्यहरु सञ्चालन हुदै आएका छन् । परियोजनाले दिगो वन व्यवस्थापन मार्फत वन उद्यम सुधार र विकासका लागि सहयोग गर्दछ ।

## २. वन उद्यम सुधार र विकास संभाग

यस परियोजनामा वन उद्यम सुधार र विकास संभाग अन्तरगत क) वनमा आधारित निजी क्षेत्र मैत्री वातावरण तयारी र ख) वन उद्यमहरुको स्थापना तथा सुधारका लागि वन क्षेत्रगत कर्जा प्रवाह कार्यहरु पर्दछन् । वन उद्यम सुधार र विकास संभाग कार्यान्वयन निर्देशिका बमोजिम लघु, साना र मझौला उद्यम सुधार र विकास सम्बन्धि कार्यहरु प्रादेशिक परियोजना व्यवस्थापन इकाई, वन निर्देशनालय, बुटवल र कृषि विकास बैङ्क लिमिटेडले कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । प्रादेशिक परियोजना व्यवस्थापन इकाई, वन निर्देशनालय, बुटवलले व्यवसाय विकास सेवाको डिजाइन, सेवा खरिद, व्यवसाय विकास सेवा प्रदायकको क्षमता अभिवृद्धि, उद्यमीलाई उक्त सेवा प्रदान गर्न सेवा प्रदायकको परिचालन र अनुगमन गर्ने व्यवस्था गरिएको छ ।


[1] वन तथा उद्यम विज्ञ, समृद्धिका लागि वन परियोजना, बुटवल

## ३. लुम्बिनी प्रदेशमा वनजन्य उत्पादन र वित्तिय साक्षरता





*स्रोतः ने.रा.बै. (२०८१)*

### प्रदेश अनुसार वित्तिय साक्षरताको अवस्था





*स्रोतः ने.रा.बै. (२०८१)*

## ४. समग्र राष्ट्रिय कर्जा र वन क्षेत्रगत कर्जाको वाणिज्य बैंकको कर्जाको ब्याजदरको  अवस्था




*स्रोतः ने.रा.बैं. (२०८१)*




**वाणिज्य बैंकको कर्जाको ब्याजदर**

*स्रोतः ने.रा.बैं. (२०८१)*

### ५. वन उद्यम विकासका सिकाईहरु

१. वन उद्यम विकासका लागि तथ्यमा आधारित व्यवसाय विकास सेवाको पहिचान गर्न आवश्यक ।

२. व्यवसाय विकास सेवाको नतीजामा आधारित भुक्तानी विधिले व्यवसाय विकास सेवा प्रदायक संस्थाको जवाफदेहीतामा वृद्धि हुँदा उद्यम विकास प्रभावकारी रहेको ।

### ६. व्यवसाय विकास सेवाको डिजाइन

प्रादेशिक परियोजना व्यवस्थापन इकाई, वन निर्देशनालय, बुटवलले व्यवसाय विकास सेवा डिजाइन गरेको छ । उक्त सेवा अन्तरगत १) उद्यम सुधार तथा विकासका लागि उद्यमीहरुको पहिचान, २) उद्यमशीलता तालिम, ३) व्यवसाय दर्ताका लागि सहजीकरण, ४) व्यवसायिक योजना तर्जुमा तालिम, ५) व्यवसायिक योजना तयारीका लागि सहयोग, ६) उद्यम दर्ताका लागि सहजीकरण, ७) कर्जा प्रस्ताव तयारीका लागि सहयोग सेवाहरु रहेका छन । व्यवसाय विकास सेवा प्रदायक मार्फत वनमा आधारित उद्यमीहरुको व्यवसाय विकासका लागि सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ । व्यवसाय विकास सेवाको गुणस्तर तथा परिणाम सुनिश्चिताका लागि उक्त सेवाको भुक्तानी कार्यसम्पादनमा आधारित हुने गरि व्यवस्था गरिएको छ ।

### ७. कर्जा सेवा

अर्थ मन्त्रालय मातहतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले कृषि विकास बैङ्क लिमिटेडको मुख्य कार्यालयमा कर्जा परिचालन गर्ने र मुख्य कार्यालय मार्फत कृषि विकास बैङ्क लिमिटेडको लुम्बिनी प्रदेशमा रहेका शाखा कार्यालयहरु मार्फत वन उद्यम सुधार र विकास संभाग कार्यान्वयन निर्देशिका बमोजिम वन आधारित उद्यमीहरुलाई कर्जा परिचालनको व्यवस्था गरिएको छ । उक्त कर्जा सेवाको विशेषता तालिका नं.१ मा प्रस्तुत गरिएको छ ।


*तालिका नं १: कर्जा सेवाको विशेषता*

| कर्जा सेवाको विशेषता | |
|---|---|
| कर्जाको प्रकृति | स्थीर पुँजी कर्जा र<br>चालु पुँजी कर्जा (परिवर्तनिय चालु पुँजी र स्थायी चालु पुँजी) |
| कर्जाको अवधि | स्थीर पुँजी कर्जा (परियोजनाको प्रकृति तथा नगद प्रवाह अनुसार अधिकतम १५ वर्ष)<br>चालु पुँजी कर्जा (परिवर्तनिय चालु पुँजी कर्जा अधिकतम १ वर्ष र स्थायी चालु पुँजी कर्जा अधिकतम १० वर्ष) |
| कर्जाको नवीकरण | स्थीर पुँजी कर्जा (कर्जा नवीकरण गर्न नसकिने)<br>चालु पुँजी कर्जा (परिवर्तनिय चालु पुँजी कर्जा नवीकरण गर्न सकिने र स्थायी स्थायी चालु पुँजी कर्जा नवीकरण गर्न नसकिने) |

| | |
|---|---|
| कर्जाको ग्रेस अवधि | स्थीर पुँजी कर्जा (परियोजनाको प्रकृति तथा नगद प्रवाहका आधारमा ६ महिना देखि १ वर्ष सम्म) |

## ८. वनमा आधारित उद्यम विकास विधि

प्रादेशिक परियोजना व्यवस्थापन इकाई, वन निर्देशनालय, बुटवलले वनमा आधारित उद्यम विकासका लागि चित्र नं. १ मा उल्लेखित विधि अनुसार व्यवसाय विकास सेवा प्रदायक मार्फत सहजीकरण गर्दछ ।




वन उद्यम विकास विधि अन्तरगत क) स्वीकृत खरिद योजना अनुसार व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट तथा सेवा सम्झौता, ख) व्यवसाय विकास सेवा प्रदायक संस्थाको क्षमता अभिवृद्धि, ग) व्यवसाय विकास सेवा प्राप्त गर्न ईच्छुक उद्यमीबाट दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशन र पहिलो दरखास्त पेश गर्नेलाई पहिलो छनौट विधिद्धारा उद्यमी छनौट, घ) उद्यमशीलता तालिम प्रदान, ङ) व्यवसाय दर्ताका लागि सहजीकरण, च) व्यवसायिक योजना तर्जुमा तालिम प्रदान र व्यवसायिक योजना तयारीका लागि सहयोग तथा सहजीकरण, छ) उद्यम दर्ताका लागि सहजीकरण, ज) कर्जा प्रस्ताव तयारीका लागि सहयोग तथा सहजीकरण र झ) कर्जा प्रवाहका लागि सहजीकरण गर्ने व्यवस्था रहेको छ ।

### ९. वनमा आधारित उद्यम विकास कार्यान्वयनको अवस्था

व्यवसाय विकास सेवा प्राप्त गर्न ईच्छुक उद्यमीबाट दरखास्त आहवान दाङ, रोल्पा, प्यूठान, पूर्वी रुकुम, बाके र बर्दिया पहिलो दरखास्त पेश गर्नेलाई पहिलो छनौट विधिद्धारा सहभागी छनौट

### १०. कार्य प्रगति नतिजा

- १२० जना नयाँ उद्यमी छनौट
- २५ जना दर्ता भएका उद्यमी छनौट
- १२० जनालाई उद्यमशीलता तालिम प्रदान
- ६० उद्यमीहरुको व्यवसाय दर्ता
- ७० जनालाई व्यवसायिक योजना तर्जुमा तालिम प्रदान
- ३५ उद्यमको व्यवसायिक योजना तयारी
- ३५ कर्जा प्रस्ताव तयारी र उक्त कर्जा प्रस्ताव कृषि विकास बैङ्क लिमिटेडमा पेश

### ११. आगामी कार्यदिशा

- उद्यमी छनौट तथा उद्यमशीलता विकास
- व्यवासायिक योजना तर्जुमा सम्बन्धि क्षमता विकास
- व्यवासायिक योजना तर्जुमा सम्बन्धि क्षमता विकास
- नया उद्यम सिर्जना तथा उद्यम स्तरौन्नति
- कर्जा प्रस्ताव तयारी
- कर्जा प्रवाह

# वन व्यवस्थापन कार्यमा वातावरणीय तथा सामाजिक व्यवस्थापन र पेशागत स्वास्थ्य र सुरक्षाको सवालः समृद्धिका लागि वन परियोजनाको प्रयास र सिकाई

*दामोदर शर्मा* [1]

## १. पृष्ठभुमि

नेपाल सरकार र विश्व बैंकको संयुक्त प्रयासमा वनका लागि समृद्धि ल्याउन समृद्धिका लागि वन परियोजना (Forests for Prosperity Project) लुम्बिनी र मधेश प्रदेशका ५० पालिकामा संचालित छ । दिगो वन व्यवस्थापन, वन उद्यमको विकास र हरियाली पुनर्स्थापनका लागि बढावा दिने उद्देश्यले सञ्चालित यो परियोजनाले वनमा आधारित साना तथा मझौला उद्यमहरूलाई सहयोग गर्ने र वनको दिगो उपयोगमार्फत स्थानीय समुदायको आर्थिक समृद्धिलाई बढावा दिने लक्ष्य राखेको छ ।

परियोजनाले आफनो मुख्य उद्देश्यहरूमा दिगो वन व्यवस्थापन (वनको दिगो उपयोग सुनिश्चित गर्नका लागि नीतिगत र संस्थागत क्षमता अभिवृद्धि गर्ने); वन उद्यमको विकास (वनमा आधारित साना तथा मझौला उद्यमहरूलाई सहयोग र प्रोत्साहन गर्ने); हरियाली पुनर्स्थापनका लागि बढावा (वन क्षेत्रको संरक्षण र विस्तार गर्दै हरियाली पुनर्स्थापनका लागि बढावा दिने) र समुदायको आर्थिक समृद्धि (वनमा आधारित उद्यम र रोजगारी सिर्जना गरी स्थानीय समुदायको आर्थिक अवस्था सुधार गर्ने) रहेका छन् ।

सामुदायिक संलग्नता (परियोजनाले सामुदायिक वन समूह र स्थानीय समुदायलाई सक्रिय रूपमा सहभागी गराउँछ), जसमा क्षमता विकासतर्फ परियोजनाले वन व्यवस्थापन, उद्यम विकास र हरियाली पुनर्स्थापन सम्बन्धी तालिम र क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन, हरित अर्थतन्त्रको प्रवर्धन तर्फ वनमा आधारित उद्यम र व्यवसायलाई प्रोत्साहन गरी हरित अर्थतन्त्रको विकास गर्ने कार्य गर्दछ ।

परियोजनाका मुख्य घटकहरूमा (१) दिगो वन व्यवस्थापनका लागि नीति र क्षमता विकास जसमा वन व्यवस्थापनका लागि नयाँ सरकारी संरचना र प्रक्रियाहरूको लागि नीतिगत र क्षमता विकासमा सहयोग गर्ने; (२) समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना वन क्षेत्रको विकास जस्मा सामुदायिक वन समूहहरूको क्षमता अभिवृद्धि गरी दिगो वन व्यवस्थापनमा संलग्न गराउने; (३) वन मा आधारीत उद्यमहरु।को सुधार र विकास जस्मा वनमा आधारित साना तथा मझौला उद्यमहरूको विकास र विस्तारमा सहयोग गर्ने रहेका छन् । त्यसैगरी, परियोजना व्यवस्थापन, अनुगमन र सिकाई तर्फ हेर्दा परियोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन मा जोड दिएको र हाल यो परियोजनाले नेपालको वन क्षेत्रको विकास र दिगो व्यवस्थापनमा

---

[1] वातावरण सुरक्षा विज्ञ, समृद्धिका लागि वन परियोजना, प्रादेशिक परियोजना व्यवस्थापन इकाई, बुटवल

महत्वपूर्ण योगदान पुर्याउने अभ्यासतर्फ उन्मुख भएको, जसले स्थानीय समुदायको आर्थिक तथा सामाजिक विकासमा पनि सकारात्मक प्रभाव देखिन थालेको छ ।

## २. विषय प्रवेश

परियोजनाका क्रियाकलापहरु कार्यान्वयनको क्रममा वातावरणीय तथा सामाजिक क्षेत्रमा पर्ने प्रभावहरुको आँकलन, योजना तयारी र कार्यान्वयनमा सहजीकरणको भुमिका निर्वाह गर्दै अएको छ । यसैका आधारमा समृद्धिका लागि वन परियोजनाको लगानी, उपलब्धि र सिकाईहरुका वारे चर्चा गर्ने यहाँ जमर्को गरिएको छ । वन व्यवस्थापनका कुनै पनि क्रियाकलापहरु संचालन गर्दा वातावरणीय तथा सामाजिक पक्षमा के कस्तो असर वा प्रभाव पर्न सक्दछ ? ति असर वा प्रभाव घटाउनको लागि के कस्ता न्युनीकरणका उपाय हुन सक्दछन, पहिचान गरि यस्ता उपायहरु योजनामा समावेश गराई कार्यान्वयनमा ल्याउन वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP) वनाईन्छ । हाल लुम्विनी प्रदेशका १३ डिभिजन वन कार्यालयहरु, ०५ साझेदारी वन समुहहरु, ०४ पालिकाहरु, १९ वनमा आधारीत उद्योगहरुले आफना सवै प्रकारका क्रियाकलापहरुका लागि आई पर्न सक्ने वातावरणीय तथा सामाजिक असर वा प्रभावको न्यूनीकरणका लागि वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP) वनाई कार्यान्वयनमा ल्याएका छन् ।

यस्तै आफना कार्यक्रमहरुलाई सहज तथा प्रभावकारी तरीकाले कार्यान्वयनमा ल्याउन कार्य स्थलमा वातावरणीय तथा सामाजिक अभ्यास सहिंता (ESMP) वनाईन्छ जस्मा राष्ट्रले अंगिकार गरेका कानुन तथा नीति नियमको पूर्णरुपमा पालना गर्ने वातावरण वनाईएको हुन्छ । लुम्विनी प्रदेशका १४ डिभिजन वन कार्यालयहरु, ६ साझेदारी वन समुहहरु, ७ पालिकाहरु, १९ वनमा आधारीत उद्योगहरुले कार्यक्षेत्रमा वातावरणीय तथा सामाजिक अभ्यास सहिंता (ESCOP) वनाई कार्यान्वयनमा ल्याएका छन् । यसबाट लुम्विनी प्रदेशमा वन व्यवस्थापन कार्यमा भए गरेका वातावरणीय तथा सामाजिक व्यवस्थापन र पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धि प्रयास, उपलब्धि र सिकाई वारे चर्चा गर्ने जमर्को गरीएको छ । समृद्धिका लागि वन परियोजनाबाट लुम्विनी प्रदेशमा वनमा व्यवसायजन्य पेशागत स्वास्थ्य तथा सुरक्षाका क्षेत्रमा अग्रगामी परिणाम आउन थालेको छ ।

### क. वन व्यवस्थापन कार्यमा पेशागत स्वास्थ्य तथा सुरक्षाका सवालहरु

विगतका दिनमा सामुदायमा आधारीत वन उपभोक्ता समुहहरुले सामाजिक तथा आर्थिक विकासका क्षेत्रमा राम्रो उपलब्धी हासिल गरेको छ । तर वातावरणीय व्यवस्थापन तथा पेशाकर्मीको स्वास्थ्य र सुरक्षाका पक्षमा सचेत हुन नसकिरहेको वर्तमान अवस्थामा वातावरणमा र पेशाकर्मीको सुरक्षामा नकरात्मक प्रभाव पर्न थालेको छ । अत: यव यस परियोजनाले वातावरणीय व्यवस्थापन तथा पेशाकर्मीको स्वास्थ्य र सुरक्षाका पक्षमा काम गर्न जरुरी रहेको भन्दै वजेट र कार्यक्रम मार्फत सकरात्मक सन्देश दिन सफल भएको छ ।

वनमा व्यवसायजन्य पेशागत स्वास्थ्य तथा सुरक्षाका उपाएका लागि खतरा, विपद् र जोखिम जस्ता शब्दको परिभाषा बुझ्न र यसका नीतिगत व्यवस्था जान्न जरुरी छ ।

- कुनै पनि जोखिम तथा विपद घटाउने कारक तत्वलाई खतरा भनिनेछ ।
- क्षति वा नोक्सानी उत्पन्न गर्ने कारणलाई विपद (Peril) भनिन्छ । ।
- घटना तथा दुर्घटना हुन सक्ने, सामान्य अवस्था बिग्रने वा नोक्सान हुन सक्ने सम्भावनालाई जोखिम भनिन्छ ।

**ख. वन व्यवस्थापन कार्य गर्दा हाम्रा परम्परागत विगतका शैली र अभ्यास, पेशागत सुरक्षा चुनौतीहरु**

- चोट पटक, डढेलो र वन्यजन्तु आक्रमणबाट जोगिने उपायवारे अनविज्ञता ।
- प्राथमिक उपचार वक्स (स्वास्थ्य समाग्री) को व्यवस्थापनवारे अनविज्ञता ।
- पेशागत सुरक्षाका उपकरण (व्यक्तिगत सुरक्षा वस्त्र) को व्यवस्थापनवारे अनविज्ञता ।
- कार्य सुरक्षा नीति नियम (कार्य शैलि/विधीको दस्तावेज) पालनावारे अनविज्ञता ।
- ज्वलनशिल पदार्थ निषेध (जैविक पिण्ड पन्छाउने) कुनै स्पष्ट अभ्यासवारे अनविज्ञता ।
- अग्नि नियन्त्रण उपकरण (आगो निभाउने यन्त्र) को व्यवस्थापनवारे अनविज्ञता ।
- दुर्घटना बिमा (पेशाकर्मीका लागि बिमा) को व्यवस्थापनवारे अनविज्ञता ।

**ग. वन व्यवस्थापनका कार्य गर्दा हुन सक्ने स्वास्थ्य तथा सुरक्षाको विधमान जोखिमहरु**

- भिरालो पाखा, खोला खोल्सी, अप्ठ्यारो भू-भागमा काम गर्दा - चिप्लिने, लड्ने र चोट पटक
- वन्यजन्तुहरुसँग हुने जम्काभेट (मानव वन्यजन्तु द्वन्द्व) – टोकाई, घाईते र मृत्यु
- रुख ढाल्दा, गिडना पार्दा, ढुवानी गर्दा निस्कने काठको धुलो/प्रयागले - आँखा र स्वास प्रस्वास रोग
- रुखहरु ढाल्ने क्रममा एक अर्को रुखको ठोकाईबाट - शरीरमा चोट पटक
- गर्मि महिनामा तापमान बढीहुने र अधिक गर्मीका कारण श्रमिकहरुमा - निर्जलीकरण
- जङ्गलको सागुरो र अस्थायी बाटो हुँदै गोलिया काठका गिण्डाहरुको ढुवानी गर्दा – दुर्घटना
- काठका गिण्डाहरु घाटगढ्डी स्थलमा ग्रेडिङ र चाँङ लगाउने कार्य गर्दा – चोट पटक तथा दुर्घटना

**घ. स्वास्थ्य तथा सुरक्षा जोखिमहरुको असर कस्तो होला ?**

- घाउ-चोट लागेर उपचार गरी काममा फर्किन सक्ने अवस्था हुन्छ कि हुदैन ?
- अंङ्ग-भङ्ग भै काममा फर्कन नसक्ने अवस्था पूर्ण असक्तता हुने हो कि ?
- मृत्युवरण पो हुने हो ?

**ङ. वन समुहमा वन व्यवस्थापन कार्यमा पेशागत स्वास्थ्य तथा सुरक्षाका अभ्यासहरु**

- नर्सरी (विरुवा उत्पादन तथा व्यवस्थापन) कार्यमा वाह्य प्रजाति नउमार्ने र मिचहा प्रजाती अन्मुलन गर्ने
- वृक्षरोपण (स्थल तयारी, विरुवा छनौट, रोपण) कार्यमा रैथाने प्रजाति लगाउने र मिचहा प्रजाती हटाउने
- वन पैदावर संकलन (कटान तथा संकलन अदि व्यवस्थापन) कार्यमा वातावरणीय तथा सुरक्षा मापदण्ड प्रयोग
- रुख कटान तथा व्यवस्थापन (कटान रुख छनौट, कटान तरीका अदि) कार्यमा वातावरणीय तथा सुरक्षा मापदण्ड प्रयोग
- काटिएका रुखको व्यवस्थापन (ढुवानी, घाटगद्दी र भण्डारण अदि) कार्यमा वातावरणीय तथा सुरक्षा मापदण्ड प्रयोग
- वन डढेलो नियन्त्रण (आगो निभाउने, न्यूनीकरणका उपायखोजी) कार्यमा उपयुक्त प्रविधि र उपकरणको प्रयोग

**च. स्वास्थ्य तथा सुरक्षामा पर्न सक्ने संभाविक जोखिमहरु**

- चोट पटक लाग्ने, अंगभंग हुने
- मशल वाउडिने, निर्जलिकरण हुने
- किराहरुको टोकाई र आक्रमण
- समयमा सचेत नभए मृत्यु समेत हुन सक्ने

**छ. न्युनीकरणका उपायहरु**

- व्यक्तिगत सुरक्षा उपकरण लगाउने र सावधानी अपनाउने
- उचित प्राविधिक ज्ञान र सिप लिने र होसियारीका साथ प्रयोग गर्ने
- पुरा शरिर ढाक्ने पहिरन लगाउने र व्यक्तिगत सुरक्षा कवचको प्रयोगमा ध्यान दिने
- चस्मा, माक्स, वुट र पन्जा लगाउने र व्यक्तिगत सुरक्षा कवचको प्रयोगमा ध्यान दिने
- प्राथमिक उपचारका साधनको उचित व्यवस्थापन गर्ने
- दुर्घटना बिमाको व्यवस्था मिलाउने र समयमै सुचना प्रवाह गर्ने वातावरण मिलाउने

**३. समृद्धिका लागि वन परियोजनाको सहजिकरणमा भएका कार्यहरु**

- स्थानिय समुह तथा सरोकारवालाई पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धि ज्ञान र सिप सहितको क्षमता अभिबृद्धि गराईएको । पहिला सुरक्षा अनि कामको अवधारणा जागरण गराईएको ।
- वन पेशाकर्मीहरुका लागि स्वास्थ्य तथा सुरक्षावारे जानकारी गराईएको ।

- व्यक्तिगत सुरक्षा उपकरणको अवश्यकताबारे सचेत गराउदै यसको प्रयोग विधिवारे दक्षता प्रदान गराईएको ।
- वन व्यवस्थापन कार्य (विरुवा उमार्ने, वृक्षरोपण गर्ने, रुख हुर्काउने, रुख काटने, वन पैदावारको वजारीकरण गर्ने) मा आईपर्ने जोखिमवारे सचेतना जगाउदै न्यूनीकरणका उपायहरुवारे जानकारी दिईएको ।
- डढेलो नियन्त्रण खोलाखोल्सी व्यवस्थापन चोरी निकासी तथा अतिक्रमण नियन्त्रण र मानव वन्यजन्तु द्धन्द न्यूनीकरणका उपायहरुवारे प्राविधिक ज्ञान दिईएको ।
- वातावरणीय तथा सामाजिक मापदण्ड पालना सहित वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना वनाई कार्यान्वयनमा लगिएको ।

### क. वन व्यवस्थापन कार्यमा

विरुवा उत्पादन, वृक्षरोपण, झाडी सफाई, एक्लाउने /पत्ल्याउने प्रशिक्षण, काठ कटान तथा व्यवस्थापन कार्यका लागि तालिम तथा PPE को अनिवार्य पहिरन, ज्वलनशिल पदार्थ जंगलबाट हटाउने प्रविधि र सिप प्रदान ।

### ख. आगलागी (डढेलो) नियन्त्रणको कार्यमा

व्यक्तिगत सुरक्षा उपकरण लगाउने तथा डढेलो दस्ताको टोली संचालन गर्ने, हरीयो सेउला तथा पानीको व्यवस्था सहित उपकरण प्रयोग गर्ने, प्राविधिक ज्ञानको पालना गर्ने र दुर्घटना बिमाको व्यवस्था ।

समृद्धिका लागि वन परियोजना (रेड कार्यान्वयन केन्द्र) बाट यस बर्षका लागि कुल ४९६ जना वन कर्मचारी, वन समूहका प्रतिनिधिहरु वन डढेलो नियन्त्रणमा संलग्नहुने हरुका लागि लागि सामुहिक रु पाँच लाख बराबरको दुर्घटना वीमा गरी पेशाकर्मीलाई राहत भएको छ।

### ग. अतिक्रमण तथा चोरी निकासी नियन्त्रण कार्यमा

सुरक्षा निकायसँग समन्वय, व्यक्तिगत सुरक्षा उपकरण पहिरन, अतिक्रमण दस्ताको टोली संचालन, प्राविधिक ज्ञान र शिपको पालना, दुर्घटना बिमाको व्यवस्था ।

### घ. मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनको कार्यमा

वन्यजन्तुको सक्रियता समय आँकलन गर्ने, वन्यजन्तुको बासस्थान नखल्वलाउने, एक्लै जंगल प्रवेश नगर्ने, व्यक्तिगत सुरक्षा उपकरण लगाउने, प्राविधिक ज्ञान र सिप लिने, दुर्घटना बिमाको व्यवस्था ।

**ङ. खोल्साखोल्सीको व्यवस्थापन कार्यमा**

खोल्साखोल्सीको सिमाना अध्ययन, नीति नियमको अध्ययन र पालना, स्थानिय निकायसँग सहकार्य तथा समन्वय, प्राविधिक ज्ञानको पालना तथा लाभांश बाडफाँट न्यायोचित निर्णयको व्यवस्था ।

## ४. समृद्धिका लागि वन परियोजनाका उपलब्धिहरु

- समुह स्तरमा क्षमता अभिबृद्धि कार्यक्रमहरु संचालन -१२ स्थानमा
- व्यक्तिगत सुरक्षा उपकरणको ज्ञान तथा प्रयोगमा जोड- प्राय सवै सरोकारवालामा
- व्यक्तिगत स्वास्थ्य र सुरक्षामा जनचेतना अभिबृदि -१५ स्थानमा
- बिमा दायित्व सम्वन्धि ज्ञान र सचेतना अभिबृदि गोष्ठी -७ स्थानमा
- वन व्यवस्थापन कार्यगर्दा प्रयोग गरीने उपकरणवारे प्रशिक्षण प्रदान -१४
- दुर्घटना बिमाको व्यवस्था (४९६ जना वन पेशाकर्मीहरुका लागि यस वर्षको डढेलो नियन्त्रण कार्य अवधिभर)
- कार्यालय तथा कार्यक्षेत्र अभ्यास सहिंता सहित प्रतिबद्धता पत्र तयारी - प्राय सवै सरोकारवालामा
- वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना तयारी र कार्यान्वयन -२१ निकायमा
- वातावरणीय व्यवस्थापन तथा पेशागत सुरक्षावारे सरोकारवाला निकाय सचेत हुँदै प्रतिबद्धता जाहेर - २२ निकायमा
- वन उद्यम प्रबर्द्धनमा सामाजिक तथा वातावरणीय सुरक्षा तालिम/गोष्ठी -०४ स्थानमा

## ५. समृद्धिका लागि वन परियोजनाको सिकाईहरुबाट अहिलेको अभ्यासहरु

क. सुरक्षा उपकरणको प्रयोग गर्ने वानीको विकास भएको छ ।

ख. सुरक्षित अभ्यासको थालनी विकास भएको छ ।

ग. सुरक्षित व्यवस्थापन प्रयास गर्ने र कार्यान्वयन गर्ने वानीको विकास भएको छ ।

घ. अग्नी रेखा निर्माण तथा जैविक पिण्ड व्यवस्थापन गर्ने वानीको विकास भएको छ ।

ङ. खोल्सा खोल्सी प्रभावकारी व्यवस्थापनमा सरलिकरण गर्ने अभ्यासको विकास भएको छ ।

च. पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धी घटना घटेमा सुचना प्रक्षेपण गर्ने प्रणालीको विकास भएको छ ।

छ. वातावरणीय तथा सामाजिक व्यवस्थापन, पेशागत स्वास्थ्य/सुरक्षा सम्बन्धी योजनाहरु तयारी गर्ने र कार्यान्वयन ल्याउने अभ्यासको शुरुआत भएको छ ।

## ६. हालको अवस्था

- वन व्यवस्थापन कार्यगर्दा पेशाकर्मीले सुरक्षा उपकरण प्रयोग गर्ने बानी बसेको
- वन व्यवस्थापन कार्यगर्दा वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना अंगिकर गरेको
- वन व्यवस्थापन कार्यगर्दा सुरक्षित अभ्यासको थालनी भएको
- वन व्यवस्थापन कार्यगर्दा कार्यस्थल अभ्यास सहिंता पूर्णरुपमा पालना गरेको

## ७. वातावरणीय तथा सामाजिक र स्वास्थ्य तथा सुरक्षाको लागि भावि कार्यदिशा

- वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना निर्माण र नकारात्मक वातावरणीय तथा सामाजिक प्रभावहरु लाई न्यूनीकरणका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितताको लागी बार्षिक योजनामा समावेस गर्ने र आवश्यक बजेटको व्यवस्था हुनु पर्नेमा जोड ।
- परियोजनाको सहयोगमा संचालित क्रियाकलपहरुको कार्यान्वयनमा मात्र सुरुवात गरिएको यो Initiatives लाई अन्य क्रियाकलापहरुको कार्यान्वयनमा समेत Replicate गर्न सक्दा उपयुक्त हुनेमा जोड ।
- वन पेशाकर्मी लगायत वन व्यवस्थापन र उद्यममा काम गर्ने श्रमिक/कामदारहरुको पेशागत सुरक्षा तथा स्वास्थ्य सम्बन्धमा मापदण्ड सहितको एउटा STANDARD OPERATING PROCEDURE (SOP) को तर्जुमा र कार्यान्वयन हुनु पर्नेमा जोड ।
- सामुदायिक/साझेदारी वन उपभोक्ता समुहका कार्ययोजनाहरुमा वातावरणीय व्यवस्थापन योजना तथा पेशागत सुरक्षा पक्षवारे उल्लेख गर्नु पर्नेमा जोड ।

## ८. वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP) को अनुगमनको क्रममा प्राप्त नतिजा

डिभिजन वन कार्यालयहरु, साझेदारी तथा सामुदायिक वन समुहहरु, पालिकाहरु, वनमा आधारीत उद्योगहरुले समयमै तयार पारी समृद्धिका लागि वन परियोजना, लुम्बिनी प्रदेश, बुटवलमा पेश गरिएका छन । वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP) अनुसार क्रियाकलाप संचालन गर्दा सरोकारवालाहरुमा देखिएका/आईपरेका केहि वातावरणीय समस्याहरुको पहिचान गरी केही सम्वोधन समेत गरेको देखियो ।

- **ध्वनी प्रदुषणको अवस्था**

विशेष गरी फिल्डमा वन व्यवस्थापन कार्यहरु (सरसफाई, गोडमेल, रुख छाटने, कटानी, ढुवानी र घाटगद्दी अदि) गर्दा केही ठाउँमा हो-हल्ला, श्रोत्रा उपकरणका कारण आवाज बढी भई ध्वनी प्रदुषण भएकाले हल्ला नगर्ने, वातावरणीय तथा सामाजिक अभ्यास सहिंता पालना गर्ने, पेशागत स्वास्थ्य र

सुरक्षाका उपाय अंगिकार गर्ने कार्यको शुरुआत भएको देखियो । व्यवस्थापन कार्यमा प्रयोग गरिने उपकरणको समयमै मर्मत गर्ने तथा कम अवाजमा चलाउन लगाईएको पाईयो ।

- **वायु प्रदुषणको अवस्था**

विशेष गरी फिल्डमा वन व्यवस्थापन कार्य (सरसफाई, रुख कटानी छटनी, ढुवानी र घाटगद्दी) गर्दा केही ठाउँमा असावधानीका कारण पात पतिंगर हावामा उडेर वायु प्रदुषण भएकाले कामदारहरुले होसियारी साथ काम गर्दै पेशागत स्वास्थ्य र सुरक्षाका उपाय अंगिकार गरेको पाईयो । वायु प्रदुषण न्युनीकरणका हर सम्भव उपाय अवलम्वन गर्दै सरसफाई, रुख कटानी छटनी, ढुवानी र घाटगद्दी कार्य प्रयोग हुने साधनहरु मर्मत गरी कम धुँवा फ्याक्ने वनाएर संचालनमा ल्याइएको पाईयो ।

- **जल प्रदुषणको अवस्था**

विशेष गरी फिल्डमा भू-संरक्षण तथा वन व्यवस्थापन कार्य (सरसफाई, रुख कटानी छटनी, ढुवानी र घाटगद्दी आदि) गर्दा स्थानिय स्तरका केही स-साना पोखरी र खोला नाला (नदीहरु) मा वगेर जाँदा जल प्रदुषण भएकाले कामदारहरुले सावधानी साथ कार्य सम्पादन तथा पेशागत स्वास्थ्य र सुरक्षाका उपायहरु अवलम्वन गरेको र त्यहा हुन सक्ने जल प्रदुषण न्युनीकरणका विभिन्न उपायहरु अवलम्वन गरेको पाईयो । सरसफाई, रुख कटानी छटनी, ढुवानी र घाटगद्दी कार्यमा संलग्न कामदार तथा प्रयोगहुने उपकरणहरु विद्यमान वातावरण सम्वन्धि नीति नियम अनुसार संचालन गर्ने अभ्यासको थालनी भएको पाईयो ।

- **फोहर मैला तथा ज्वलनशिल पदार्थको अवस्था**

विशेष गरी फिल्डमा भू-संरक्षण तथा वन व्यवस्थापन कार्य (सरसफाई, रुख कटानी छटनी, ढुवानी र घाटगद्दी आदि) गर्दा निस्कने फोहर र ज्वलनशिल पदार्थ (जैविक पिण्ड) थुप्रिनाले प्रदुषणको जोखिम बढ्न सक्ने संभावनालाई ध्यान दिंदै तहाँ कामदारहरुले फोहरको उचित व्यवस्थापन र पेशागत स्वास्थ्य तथा सुरक्षाका उपाय (OHS) अवलम्वन र कार्यस्थल अभ्यास सहिता (ESCOP) पालना गर्ने परिपाटिको विकास भएको देखिन्छ । वनमा हुने फोहरमैला तथा ज्वलनशिल पदार्थ व्यवस्थापनका लागि न्युनीकरणका उपाय अवलम्वन गरेको पाईयो । सरसफाई, रुख कटानी छटनी, ढुवानी र घाटगद्दी कार्यबाट निस्कने फोहरमैला तथा ज्वलनशिल पदार्थ व्यवस्थापन वातावरण सम्वन्धि कार्य वातावरणीय नीति नियम अनुसार उचितरुपमा व्यवस्थापन गर्ने परिपाटीको विकास भएको पाईयो ।

- **कामदारको पेशागत स्वास्थ्य तथा सुरक्षाको अवस्था**

  विशेष गरी फिल्डमा भू-संरक्षण तथा वन व्यवस्थापन कार्य (सरसफाई, रुख कटानी छटनी, ढुवानी र घाटगद्दी) गर्दा केही घटना हुने संभावनाले जोखिम बढन सक्ने कुरामा ध्यान दिदै कामदारहरुले पेशागत स्वास्थ्य र सुरक्षाका उपाय (OHS) बारे सचेत रहेको र व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्न थालेको र कार्यस्थल अभ्यास सहिंता (ESCOP) तयार गरी यसको पालनातर्फ उन्मुख रहेको देखिन्छ, त्यहाँ हुनसक्ने पेशागत स्वास्थ्य तथा सुरक्षाको पुर्व तयारीका लागि व्यक्तिगत सुरक्षा उपकरण र दुर्घटना बिमाको व्यवस्थापन सुरक्षा तथा वातावरण सम्वन्धि नीति नियम अनुसार उचितरुपमा काम गर्ने अभ्यासको शुरुआत भएको पाईयो ।

## ९. विद्यमान केही समस्या र चुनौतीहरु

- वातावरणीय तथा सामाजिक सुरक्षामा उचित व्यवस्थापनको अझै अभाव: अन्जानमा नीति पालनाको वेवास्ता ।
- कार्यस्थल असुरक्षित, काममैत्री वातावरणको अभाव: जनचेतना र ज्ञानको कमी र पालना गर्न अझै अनिच्छुकता ।
- वन उपभोक्ता समुहका कार्ययोजनाहरुमा वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना: समावेश गर्न ढिलाई ।
- काममा प्रयोग हुने उपकरणहरु परम्परागत भएका पनि बिग्रिएका: वन व्यवस्थापन कार्यमा समस्या र चुनौती ।
- संघ, प्रदेश र स्थानिय निकायका नीति नियम बाझिएका : तिनै तहको सरकारमा अस्पष्टता (दोहोरो, तेहोरो कर) ।
- विदेशी काठ आयातमा सहजता तर नेपाली काठ निर्यातमा बाधा : सहज कानुन र नीतिको अभाव ।
- काठको राजश्व मुल्य बढी: काठ बिक्री वितरणमा मन्दी, बैकल्पिक साधनको प्रयोग गर्न बाध्यता ।
- मानव वन्यजन्तु द्धन्द बढनु: उचित ज्ञान र सिपको अभाव ।
- वन डढेलोको समस्या: प्रभावकारी उपकरण तथा प्रविधिको अभाव र जोखिम व्यवस्थापनवारे अनविज्ञता ।

# अनुसुची १ः कार्यक्रमका सहभागीहरू

| नाम | पद | ठेगाना |
|---|---|---|
| मा. देवकरण प्रसाद कलवार | मन्त्री | वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश |
| मोहनराज काफ्ले | सचिव | वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश |
| प्रभात सापकोटा | नि. महानिर्देशक | वन निर्देशनालय, लुम्बिनी प्रदेश |
| यज्ञमूर्ति खनाल | उपसचिव (प्रा.) | वन निर्देशनालय |
| वेसिन्द्रराज सुवेदी | सि.डि.व.अ. | डि.व.का. दाङ (घोराही) |
| प्रविण विडारी | सि.डि.व.अ. | डि.व.का. रूपन्देही |
| इश्वरी प्रसाद पौडेल | सि.डि.व.अ. | डि.व.का. कपिलवस्तु (कपिलवस्तु) |
| खिलबहादुर तामाङ | वरिष्ठ वन अधिकृत | डि.व.का. पाल्पा |
| रोवर्ट महरा | वरिष्ठ भू संरक्षण अधिकृत | भू तथा जलाधार व्यवस्थापन कार्यालय, रोल्पा |
| मोहन प्रसाद श्रेष्ठ | सि.डि.व.अ. | डि.व.का. अर्घाखाँची |
| गणेश बहादुर खड्का | नि.डि.व.अ | डि.व.का रूकुम पूर्व भाग |
| विजयराज सुवेदी | सि.डि.व.अ. | डि.व.का. बर्दिया |
| प्रेम प्रसाद आचार्य | उपसचिव | वन तथा वातावरण मन्त्रालय |
| गणेश कुमार थारू | व.व.अ. | डि.व.का अर्घाखाँची |
| प्रेमशंकर चौधरी | सि. डि.व.अ. | डि.व. कां रोल्पा |
| धनिश्वर न्यौपाने | नि डि व अ | डि.व.का. प्युठान |
| दयाराम पौडेल | नि डि व अ | डि.व.का. गुल्मी |
| मदन सापकोटा | व.व.अ. | डि.व.का गुल्मी |
| वेदप्रसाद भण्डारी | व.व.अ. | डि.व.का पाल्पा |
| जितेन्द्रसिं खड्का | नि. निर्देशक | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल |
| बाबुराम पोखेल | व.व.अ. | डि.व.का बाके |
| शंकरप्रसाद गुप्ता | सि.डि.व.अ. | डि.व.का. बाँके |
| शंभुशंकर झा | व.भू.सं.अ. | भू तथा जलाधार व्यवस्थापन कार्यालय अर्घाखाँची |
| शान्ती शर्मा | वरिष्ठ वनस्पति अधिकृत | वन तथा वातावरण मन्त्रालय |
| सरोज पोखरेल | व.भू.सं.अ. | भू तथा जलाधार व्यवस्थापन कार्यालय पाल्पा |
| मनोज सिं | मा. मन्त्रीज्यूको स्वकीय सचिव | वन तथा वातावरण मन्त्रालय |

| नाम | पद | ठेगाना |
|---|---|---|
| राजु क्षेत्री | सि.डि.व.अ. | डि.व.का. कपिलवस्तु (गौतमबुद्ध) |
| टेकन प्रसाद आचार्य | व.वन अधिकृत | डि.व.का. दाङ (दाङ) |
| दिनेश डाँगी | स.व.अ. | डि.व.का. दाङ (दाङ) |
| मरिच कुमार लामा | वरिष्ठ वन अधिकृत | डि.व.का. नवलपरासी (ब.सु.प.) |
| मोतिराम पौडेल | वरिष्ठ वन अधिकृत | डि.व.का. कपिलवस्तु (कपिलवस्तु) |
| नविन पाण्डे | वन प्राविधिक | वाणगंगा न.पा. |
| महेन्द्रराज वाग्ले | सि.डि.व.अ. | डि.व.का. देउखुरी |
| नारायणदेव भट्टराई | सि.डि.व.अ. | डि.व.का. पाल्पा |
| सुर्य प्रसाद मैनी | वरिष्ठ वन अधिकृत | डि.व.का. कपिलवस्तु (गौतमबुद्ध) |
| सलिना के.सी | वरिष्ठ वन अधिकृत | डि.व.का. कपिलवस्तु (गौतमबुद्ध) |
| मोहन मिश्र | वरिष्ठ वन अधिकृत | डि.व.का. कपिलवस्तु (कपिलवस्तु) |
| एजाज अहमद अन्सारी | वरिष्ठ वन अधिकृत | डि.व.का. कपिलवस्तु (कपिलवस्तु) |
| दिपक चन्द | वन तथा उद्यम विज्ञ | प्रादेशिक परियोजना व्यवस्थापन इकाई |
| नगेन्द्र प्रकाश रेग्मी | अनुगमन तथा मुल्यांकन विज्ञ | प्रादेशिक परियोजना व्यवस्थापन इकाई |
| लिलाराज पौड्याल | लैंगिक तथा सामाजिक सुरक्षा विज्ञ | प्रादेशिक परियोजना व्यवस्थापन इकाई |
| राघवेन्द्र प्रताप चौधरी | सहायक वन अधिकृत | डि.व.का. कपिलवस्तु (गौतमबुद्ध) |
| रविन्द्रनाथ खनाल | रेञ्जर | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| रामध्यान कुमार शाह | वरिष्ठ वन अधिकृत | डि.व.का. प्युठान |
| सन्दिप बासुकला | वरिष्ठ वन अधिकृत | डि.व.का. कपिलवस्तु (कपिलवस्तु) |
| केशर खड्का | सहायक वन अधिकृत | डि.व.का. अर्घाखाँची |
| सन्दिप चौधरी | वरिष्ठ भू संरक्षण अधिकृत | वन निर्देशनालय |
| उपेन्द्र अर्याल | वरिष्ठ वन अधिकृत | डि.व.का. दाङ (देउखुरी) |
| निर्मल चौधरी | वरिष्ठ वातावरण निरिक्षक | वन तथा वातावरण मन्त्रालय |
| डिलाराम पौडेल | वरिष्ठ वन अधिकृत | वन निर्देशनालय |
| टोलकराज चापागाई | वरिष्ठ वन अधिकृत | वन तथा वातावरण मन्त्रालय |
| शुशिल सुवेदी | वरिष्ठ वन अधिकृत | वन तथा वातावरण मन्त्रालय |
| विरेन्द्रकुमार रोका | वरिष्ठ वन अधिकृत | वन निर्देशनालय |
| ओम बहादुर वली | वरिष्ठ वन अधिकृत | डिभिजन वन कार्यालय दाङ (दाङ) |
| यादव सापकोटा | वरिष्ठ वन अधिकृत | डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) |

| नाम | पद | ठेगाना |
|---|---|---|
| शिवराम अधिकारी | निर्देशक | भू तथा जलाधार व्यवस्थापन कार्यालय दाङ |
| राकेश बहादुर शाही | वरिष्ठ भू संरक्षण अधिकृत | भू तथा जलाधार व्यवस्थापन कार्यालय दाङ |
| राकेश कुँवर | वरिष्ठ भू संरक्षण अधिकृत | भू तथा जलाधार व्यवस्थापन कार्यालय अर्घाखाँची |
| शन्तबहादुर थिङ | वरिष्ठ वन अधिकृत | डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) |
| गोकुल पौडेल | वरिष्ठ वन अधिकृत | डिभिजन वन कार्यालय रूपन्देही |
| जयप्रकाश प्रसाद गुप्ता | वरिष्ठ वन अधिकृत | डिभिजन वन कार्यालय प्युठान |
| रामआज्ञा प्रसाद साह | वरिष्ठ वन अधिकृत | डिभिजन वन कार्यालय दाङ (दाङ) |
| प्रेमबहादुर चौधरी | वरिष्ठ वन अधिकृत | डिभिजन वन कार्यालय पाल्पा |
| द्रोणराज शर्मा | वरिष्ठ वन अधिकृत | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| रामगोपाल चौधरी | वरिष्ठ वन अधिकृत | डि.व.का बर्दिया |
| चन्द्रबहादुर भाट | वरिष्ठ वन अधिकृत | डि.व.का. अर्घाखाँची |
| राजेन्द्रबहादुर सोमै | सहायक वन अधिकृत | वन तथा वातावरण मन्त्रालय |
| प्रजेम्श श्रेष्ठ | रेञ्जर | डि.व.का. नवलपरासी (ब.सु.प.) |
| नवराज शाही | सहायक वन अधिकृत | डि.व.का. रूकुमपुर्व |

# अनुसुची २ कार्यशाला गोष्ठीको तालिका

**प्रदेशस्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी (डिभिजनल वन अधिकृत र वन अधिकृत समेतको)**

*(मितिः २०८२/१/१५ र १६ गते)*

| समय | कार्यक्रम | समय |
|---|---|---|
| **१:०० देखि २:०० उद्घाटन शत्र** | | |
| अध्यक्षता | प्रभात सापकोटा, नि. महानिर्देशक, वन निर्देशनालय, लुम्बिनी प्रदेश | |
| प्रमुख अतिथी | मा. वन तथा वातावरण मन्त्री, देवकरण प्रसाद कलवार | |
| विशिष्ट अतिथी | मा. विश्व प्रेम पाठक, सभापति, कृषि वन तथा वातावरण समिति | |
| विशिष्ट अतिथी | मोहन राज काफ्ले, सचिव, वन तथा वातावरण मन्त्रालय | |
| अतिथीहरु | वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुखज्यूहरू | |
| | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशकज्यूहरू | |
| सहभागीज्यूहरू | डि.व.अ.ज्यूहरू, वन अधिकृतज्यूहरू | |
| | पत्रकारज्यूहरू | |
| राष्ट्रिय गान | | |
| उद्घाटन | प्रमुख अतिथि तथा विशिष्ट अतिज्यूहरूबाट गमलामा रहेको विरूवामा जल सिंचन गरी | |
| स्वागत मन्तब्य | कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य, ............. | |
| मुख्य प्रस्तुति | **लुम्बिनी प्रदेशको समग्र वन व्यवस्थापनः अवस्था, अवसर, चुनौति र भावी कार्यदिशा विषयक** वन निर्देशनालयको प्रस्तुति | |
| शुभकामना मन्तव्य | मोहनराज काफ्ले, सचिव, वन तथा वातावरण मन्त्रालय | |
| | मा. विश्व प्रेम पाठक, सभापति, कृषि वन तथा वातावरण समिति | |
| | मा. मन्त्री, देवकरण प्रसाद कलवार, वन तथा वातावरण मन्त्रालय | |
| | नि. महानिर्देशक प्रभात सापकोटाज्यूबाट उद्घाटन कार्यक्रम समापन | |
| **२:०० देखी २:१५ चिया** | | |

## प्राविधिक सत्र

| समय | कार्यक्रम | समय |
|---|---|---|
| **२:१५ देखि ३:३० प्राविधिक सत्र (वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन) सत्राध्यक्षः** | | |
| **२:१५ देखि २:२५** | सामुदायिक वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. बर्दिया | |
| **२:२५ देखि २:३५** | साझेदारी वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन र काठ दाउरा सदुपयोगः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. कपिलवस्तु (कपिलवस्तु) | |
| **२:३५ देखि २:४५** | चक्ला वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. बाँके | |
| **२:४५ देखि २:५५** | खोटेसल्लाको वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन र काठ दाउरा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. अर्घाखाँची | |
| **२:५५ देखि ३:२५** | छलफल तथा सुझाव | |
| **३:२५ देखि ३:३०** | **सत्राध्यक्षबाट टिप्पणी सहित सत्र समापन** | |
| | | |
| **३:४० देखि ५:००** | **प्राविधिक सत्र (वन विकास तथा सदुपयोग) सत्राध्यक्षः** | |
| **३:४० देखि ३:५०** | पहाडी जिल्लामा गरिबीका रेखामुनीका समुदायले व्यवस्थापन गरेको कबुलियति वन र आयआर्जनमा सुधारः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. पाल्पा | |
| **३:५० देखि ४:००** | खोटो संकलन तथा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. दाङ (घोराही) | |
| **४:०० देखि ४:१०** | हिमाली क्षेत्रमा जडिबुटी संकलन तथा व्यवस्थापन (टिमुर र ओखर विकास कार्यक्रम समेत) हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. रूकुम पुर्व | |
| **४:१० देखि ४:२०** | वन अतिक्रमण (नीजि, संस्थागत, सरकारी योजनाका नाममा समेत) नियन्त्रण र व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. रूपन्देही | |
| **४:२० देखि ४:३०** | वन डढेलो नियन्त्रण तथा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. अर्घाखाँची | |

| | | |
|---|---|---|
| | वन क्षेत्रका खोला खोल्सी व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. दाङ (देउखुरी) | |
| ४:२० देखि ५:०० | छलफल तथा सुझाव | |
| **५:०० देखि ५:१०** | **सत्राध्यक्षबाट टिप्पणी सहित सत्र समापन** | |
| | दोश्रो दिन २०८२।१।१६ | |
| ९:०० देखि १०:०५ | **प्राविधिक सत्र (वन संरक्षण र व्यवस्थापन) सत्राध्यक्षः** | |
| **९:०० देखि ९:१०** | जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय र स्थानीय तहको समन्वयमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. प्युठान | |
| **९:१० देखि ९:२०** | पहाडी जिल्लामा सामुदायिक वन व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. रोल्पा | |
| **९:२० देखि ९:३०** | वन संरक्षण क्षेत्र (संरक्षित वन) को व्यवस्थापनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. गुल्मी | |
| **९:३० देखि ९:४०** | लुम्बिनी प्रदेशमा वन अनुसन्धान तथा प्रचार प्रसारः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | |
| **९:४० देखि १०:००** | छलफल तथा सुझाव | |
| १०:०० देखि १०:०५ | **सत्राध्यक्षबाट टिप्पणी सहित सत्र समापन** | |
| | चिया ब्रेक | |
| **१०:०५ देखि ११:४०** | **प्राविधिक सत्र (वन प्रशासन, अनुसन्धान र शुसासन) सत्राध्यक्षः** | |
| **१०:२० देखि १०:३०** | वन क्षेत्रबाट नजिक र टाढाका उपभोक्ता समावेश भएको (समावेशी) सामुदायिक वन व्यवस्थापनः  हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. नवलपरासी (ब.सु.प.) | |
| **१०:३० देखि १०:४०** | नर्सरी, विरूवा उत्पादन, वृक्षरोपण र निजी तथा कृषि वनः हालसम्मको सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशाः डि.व.का. कपिलवस्तु (गौतमबुद्ध) | |
| **१०:४० देखि १०:५०** | वन उद्यम विकासःसिकाई, समस्या, चुनमौती र आगामि कार्यदिशा | |
| **१०:५० देखि ११:००** | परियोजनामा सामाजिक सुरक्षाः सिकाई, समस्या, चुनौति र आगामी कार्यदिशा | |

| | | |
|---|---|---|
| **११:०० देखि ११:१०** | समृद्धिका लागि वन कार्यक्रमः अनुगमन, मुल्यांकन तथा सिकाई व्यवस्थापन | |
| **११:१० देखि ११:२०** | छलफल तथा सुझाव | |
| **११:२० देखि ११:४०** | **सत्राध्यक्षबाट टिप्पणी सहित सत्र समापन** | |
| **११:४० देखि १२:३०** | खाना | |
| **१२:३० देखि १३:३०** | **प्राविधिक सत्र (५) सत्राध्यक्षः** | |
| | खुला सत्रः वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी दोश्रो राष्ट्रिय गोष्ठी र डिभिजनल वन अधिकृतहरूको राष्ट्रिय गोष्ठीका लागि सुझाव संकलन<br>• गोष्ठीका लागि वन तथा वातावरण मन्त्रालयका लागि तोकिएको विषयवस्तु<br>• गोष्ठीका लागि वन निर्देशनालयको तर्फबाट तयार गर्नुपर्ने प्रस्तुतिको विषयवस्तु | |
| | छुटेको अन्य विषयहरू | |
| | **सत्राध्यक्षबाट टिप्पणी सहित सत्र समापन** | |
| **१३:३० देखि १४:३०** | समापन सत्र | |